# पहिलो परिच्छेद

## शोधपत्रको परिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **होमनाथ सुवेदीको उपन्यासकारिता** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

वि. सं. २०२५ मा भारतको दिल्लीबाट प्रकाशित हुने **हिमाल** (वर्ष १, अङ्क १, २०२५) पत्रिकामा 'अविवेक' शीर्षकको कथा प्रकाशित गरेर औपचारिक रूपमा नेपाली साहित्यमा पदार्पण गरेका होमनाथ सुवेदीका हालसम्म आठवटा उपन्यास, एउटा लोककथा सङ्कलन, एउटा गजलसङ्ग्रह, एउटा कथासङ्ग्रह र दुईवटा कवितासङ्ग्रह गरी जम्मा तेह्रवटा साहित्यिक कृतिहरूका साथै प्रशस्त फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् । लगभग चारदशकदेखि नेपाली साहित्यिक क्षेत्रमा संलग्न सुवेदीले यसको सम्बर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै साहित्य-साधनामा तल्लीन रहेका छन् । यस क्रममा उनका अद्यावधिक प्रकाशित उपन्यासहरूका बारेमा सामान्य चर्चा भए पनि समग्र रूपमा तिनको अध्ययन हुन नसकेको सन्दर्भमा सुवेदीका उपन्यासहरूको वस्तुगत, व्यवस्थित एवम् प्रामाणिक अध्ययन/समीक्षण गर्ने उद्देश्यसहित प्रस्तुत शीर्षकमा केन्द्रित रही कार्य अघि बढाउने क्रममा निम्न समस्याहरू देखिएका छन् :

(क) होमनाथ सुवेदीको औपन्यासिक पृष्ठभूमि केकस्तो छ ?
(ख) होमनाथ सुवेदीको औपन्यासिक यात्रा केकति चरणमा विभाजन गर्न सकिन्छ ?
(ग) होमनाथ सुवेदीका उपन्यासहरूमा केकस्ता प्रवृत्तिहरू रहेका छन् ?
(घ) होमनाथ सुवेदीका उपन्यासहरूमा प्रयुक्त विषय तथ्यकथ्यको स्रोत के हो ?
(ङ) होमनाथ सुवेदीको औपन्यासिक लेखनको निष्कर्ष एवम् वैचारिक पक्ष केकस्तो छ ?
(च) होमनाथ सुवेदीको जीवनदर्शन के हो ?

### १.४ अध्ययनको औचित्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य समस्याकथनमा उठेका समस्याहरूको समाधानका लागि सुवेदीको औपन्यासिक लेखनका प्रमुख मोडहरू, चरण विभाजन, प्रवृत्तिहरूको निर्धारण र परिचय, उनका औपन्यासिक कृतिहरूको समीक्षात्मक अध्ययन गर्दै समग्रमा उनको औपन्यासिक योगदानको मूल्याङ्कन गर्दै निष्कर्षसम्म पुग्नु रहेको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा समकालीन प्रतिभाहरूको अध्ययन अपेक्षित रूपमा कमै भएको पाइन्छ । विविध कारणवश ओझेलमा परेका स्रष्टाहरूका बारेमा शोधखोज एवम् प्रकाश पार्नु आवश्यक र महत्त्वपूर्ण कुरा पनि हो । होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा औपन्यासिकताको बारेमा सामान्य दिग्दर्शन गरिएको भए पनि समग्र रूमपा औपन्यासिकताको अध्ययन भएको पाइँदैन । त्यसबाहेक सुवेदीका उपन्यासका बारेमा सामान्य परिचयदेखि लिएर उपन्यासको एकपक्ष विशेषलाई मात्र समेटेर पनि सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ । प्रस्तुत शोधपत्रको तयारीका क्रममा जेजति सामग्रीहरू प्राप्त भएका छन् तिनलाई कालक्रमिक ढङ्गले यहाँ प्रस्तुत गरिएको छ :

शिवप्रसाद सत्याल 'पीठ'ले **मधुपर्क** (वर्ष १९, अङ्क ६, कार्तिक, २०४३) पत्रिकामा "...लोक जीवनका विविध पक्षको खोजीनीति गर्ने तथा समसामयिक प्रश्नमाथि वैचारिक लेख लेख्ने लेखकका रूपमा सुवेदी नेपाली पाठकबीच परिचित हुनुहुन्छ भन्दै सुवेदीको लेखकीय प्रवृत्तिका साथै **न्याउली** उपन्यासको सङ्क्षिप्त परिचय" दिएका छन् ।

पुस्तक परिचयका क्रममा सुधांशुले **समीक्षा** (माघ २३, २०४४) पत्रिकामा न्याउली उपन्यासको सामान्य चर्चा गर्दै यसलाई मनोविश्लेषणात्मक उपन्यासको कोटिमा राखेका छन् तर यस लेखमा **न्याउली** उपन्यासको मूलमर्म खुट्याइएको छैन ।

कुमुद देवकोटाले **गोरखापत्र** (जेठ ३०, २०४४) पत्रिकामा **रत्ना** उपन्यासले त्रिकोणात्मक प्रेममा संलग्न व्यक्तित्वको मानसिक उथलपुथलका साथै भौतिक सम्पन्नताले सिर्जेको मर्माहत वातावरणबीच बाँच्न कति कठिन हुँदो रहेछ भन्ने भावनात्मक अवस्थालाई अमूर्त शैलीद्वारा प्रस्तुत गर्ने प्रयास गरेको छ भन्ने कुरा चर्चा गरेका छन् । पुस्तक परिचय दिने उद्देश्यले लेखिएको यस लेखमा रत्ना उपन्यासको सर्वपक्षीय अध्ययन हुन सकेको छैन ।

समालोचक तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०५१) कृतिमा उपन्यासको ऐतिहासिक परिचय दिने क्रममा सुवेदीलाई क्रान्तिउत्तर युगका उपन्यासकारका रूपमा चिनाएका छन् ।

सुवेदीको सिर्जनात्मक गतिको चर्चा गर्दै तोयनाथ भट्टराईले **अन्तर्दृष्टि** (वर्ष ३, अङ्क १, फागुन–चैत, २०५१) पत्रिकामा होमनाथ सुवेदी व्यावहारिक र देशभक्तिपूर्ण सामाजिक परिवर्तनका अधिवक्ता हुनुहुन्छ भनेका छन् । साथै च्यौराली उपन्यासले वैचारिक धरातलमा गाभिएको मनोवाद र युगकै बहुपक्षीय विश्लेषण गरेको छ भन्ने कुरा उनले व्यक्त गरेका छन् ।

समालोचक ठाकुरप्रसाद पराजुलीले **धवलागिरिका सन्देश** (वर्ष १, अङ्क १, २०५२) पत्रिकामा '...सुवेदीका उपन्यास बौद्धिक दृष्टिले अध्ययनपूर्ण देखिन्छन् भन्दै सुवेदीका प्रकाशित उपन्यासहरूको समेत उल्लेख गरेका छन् ।

पुस्तक परिचयका क्रममा शिवप्रसाद सत्याल 'पीठ'ले 'विसङ्गतिबोधका अनुभवहरू' लेख **मधुपर्क** (वर्ष २८, अङ्क ७, २०५२) पत्रिकामार्फत द्यौराली उपन्यासका प्रमुख प्रवृत्तिहरू खुट्याउने प्रयास गरेका छन् ।

अशोक सुवेदीले **हिमालय टाइम्स** (साउन २३, २०५३) पत्रिकामा होमनाथको शिक्षा, कर्म, साहित्य र समाजको सेवाका बारेमा सामान्य चर्चा गरेका छन् ।

धवलागिरि अञ्चलको साहित्यिक परम्पराको चर्चा गर्ने क्रममा समालोचक ठाकुरप्रसाद पराजुलीले **धवलागिरिका कथाहरू** (२०५३) कृतिको भूमिकामा होमनाथ सुवेदी अमेरिका प्रवासमा रहेर पनि नेपाली भाषा र साहित्यप्रति घनिष्ट आस्था राख्ने राष्ट्रवादी लेखक हुन् । यसमा सुवेदीका प्रकाशित कृतिहरूको नाम, विदेशबाट उनले दिएको योगदान र उनको व्यक्तित्वबारे थोरैमा धेरै भनिएको छ ।

अशोक सुवेदीले **नौलो बिहानी** (वर्ष १, अङ्क ३–४, २०५४) पत्रिकामा सुवेदीका प्रकाशित कृतिहरूका बीज र प्रेरणाका बारेमा सामान्य चर्चा गरेका छन् ।

बुद्धिप्रसाद सुवेदीले **श्रीसूर्य** (मङ्सिर २६, २०५४) पत्रिकामा सुवेदीको सेवा र साहित्यमा सामाजिक, सांस्कृतिक, बौद्धिक र क्रान्तिकारी पात्रहरूले उहाँलाई चिनाएका छन् भन्ने कुरा सुवेदीको जीवनीको परिचयको क्रममा उल्लेख गरेका छन् ।

नेपाली साहित्यकारहरूको सङ्क्षिप्त परिचय दिने क्रममा घटराज भट्टराईले **नेपाली लेखक कोष** (२०५६) कृतिमा सुवेदीको परिचय दिँदै 'विदेशमा बसी चारचारवटा उपन्यास प्रकाशित गरी नेपाली वाङ्मयको सेवामा जुट्ने सुवेदीको सेवा प्रभावकारी बन्दै जानेछ भनेका छन् ।

बालकृष्ण शर्माले **होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व** (२०५६) स्नातकोत्तर शोधपत्रमा स्वभुक्त र परभुक्त जीवनका अनुभवहरूलाई भाषा र शैलीका माध्यमबाट औपन्यासिक घटनाको बुनोट गर्ने सुवेदी राष्ट्रवादी, मनोवैज्ञानिक, प्रगतिशील र बौद्धिक उपन्यासकार हुन् भनेका छन् ।

वरिष्ठ साहित्यकार तथा समालोचक गोपाल पराजुलीले **गरिमा** (वर्ष २४, अङ्क ३, फाल्गुण, २०६२) पत्रिकामा सुवेदीका बारेमा चर्चा गर्दै 'राष्ट्रिय भावनाले ओतप्रोत मानवीय मनोजगत्को यथार्थ चित्र उतार्न सफल भन्दै नेपाली भाषाबाट विश्वमानवको विचार दिनसक्ने स्रष्टाका रूपमा सुवेदीको चर्चा गरेका छन् ।

समालोचक गोविन्दराज भट्टराईले **उत्तरआधुनिक ऐना** (२०६२) कृतिमा विदेशमा रहेर पनि नेपाली साहित्यमा कलम चलाउने स्रष्टाहरूको लहरमा होमनाथ सुवेदीको नाम उल्लेख गरेका छन् ।

भानुभक्त पोखरेलले **आप्रवासका सुसेली** (२०६३) मा सुवेदीलाई प्रवासमा रहेर पनि नेपाली भाषासाहित्यको विकास, उत्थान र प्रचारप्रसारमा सहयोग पुऱ्याउने उद्देश्यद्वारा स्थापित अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको स्थापनामार्फत नेपाली भाषासाहित्य तथा संस्कृतितर्फ अमेरिकाबासी नेपालीहरूको जातीय चेतनाको विकासमा जागरूकता ल्याउने व्यक्तिका रूपमा चिनाएका छन् ।

समालोचक कुमारप्रसाद कोइरालाले **गरिमा** (वर्ष २५, अङ्क १२, मङ्सिर, २०६४) पत्रिकामा **यमपुरीको महल**को चर्चा गर्दै अमेरिकामा बसेर नेपाली साहित्यलाई विश्वभरिका नेपाली पाठकनेर पुऱ्याउने कार्यमा सुवेदीको महत्त्वपूर्ण योगदान दिएको कुरा उल्लेख गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले **चिरिएको मुटु २०६४**) को भूमिकामा सात समुद्रपारि विदेशी भूमिमा बसेर पनि विगत लामो समयदेखि नेपाली साहित्यको सेवामा क्रियाशील रहेका होमनाथ सुवेदीका सिर्जन धर्मितको मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

समालोचक गोविन्दराज भट्टराईले **यमपुरीको** महल (२०६४) को भूमिकामा विविध कारणले ओझेलमा परेका होमनाथ सुवेदीद्वारा रचित **यमपुरीको महल**लाई प्रथम मौलिक नेपाली डायस्पोरिक उपन्यास भनेका छन् । यसमा सुवेदीलाई फरक दर्शनशक्ति भएका स्रष्टाका रूपमा चर्चा गरिएको छ ।

समालोचक राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०६४) कृतिमा सामाजिक यथार्थवादी स्रष्टाहरूको प्रवृत्ति तथा तिनका प्रकाशित औपन्यासिक कृतिहरूको उल्लेख गर्ने क्रममा होमनाथ सुवेदी र उनका उपन्यासहरूको नामोल्लेख गरेका छन् ।

ज्ञानुवाकर पौडेलले **सेता गाजल** (२०६४) को भूमिका होमनाथ सुवेदीलाई सुदूर विदेश अमेरिकामा बसेर नेपाली भाषा र साहित्यलाई ज्यादै माया गर्ने र संसारभरि नै छरिएर रहेका आप्रवासी नेपालीहरूबीच नेपाली भाषा र साहित्यको संस्थागत विकास गराउन सधैँ समर्पित र सचेष्ट व्यक्तित्वका रूपमा चिनाएका छन् ।

यसप्रकार होमनाथ सुवेदीका बारेमा पुस्तक परिचय, कोश र ऐतिहासिक तथा साहित्यसिद्धान्त विषयक पुस्तकहरूका साथै पत्रपत्रिकामा सङ्केतात्मक र सूचनात्मक अध्ययन गरिएको भए पनि समग्र औपन्यासिकताको बारेमा विस्तृत, व्यवस्थित र प्रामाणिक अध्ययन भएको देखिँदैन । यथार्थमा सुवेदीका औपन्यासिक वैशिष्ट्यहरू अझै पनि ओझेलमा परेका देखिन्छन् । पूर्वअध्येताहरूको अध्ययन अपेक्षित रूपमा न्यून देखिएकाले त्यस सम्बन्धमा अझ विस्तृत अध्ययनतर्फ प्रस्तुत शोधपत्र उन्मुख रहेको छ ।

## १.६ अध्ययनको औचित्य र उपयोगिता

वि. सं. २०२५ सालदेखि साहित्यिक क्षेत्रमा प्रवेश गर्ने सुवेदीले वि. सं. २०४३ सालमा पहिलोपटक औपन्यासिक कृति प्रकाशित गरेका छन् । २०४३ सालदेखि हालसम्म विभिन्न समयमा प्रकाशित भएका आठवटा उपन्यासहरूका बारेमा पूर्वअध्येताहरूले दिएका सूचना र सङ्केतहरू पर्याप्त नहुनुका साथै तिनको व्यवस्थित र विस्तृत अध्ययन नभएको परिप्रेक्ष्यमा पहिलोपटक उनको उपन्यासिकताको व्यवस्थित र सुनियोजित तबरले तथ्यपरक अध्ययन गरिएको हुँदा यो शोधपत्र स्वतः औचित्यपूर्ण छ । नेपाली उपन्यास साहित्यमा ओभ्केलमा परेका स्रष्टाको योगदानका साथै उनका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूलाई पनि मार्ग निर्देशन हुने देखिन्छ । तसर्थ होमनाथ सुवेदीको उपन्यासकारितालाई चिनाउँदै नेपाली उपन्यासमा उनको योगदानको मूल्याङ्कनसमेत गरिएकाले प्रस्तुत शोधपत्रको औचित्य र उपयोगिता दुबै पुष्टि भएको छ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र होमनाथ सुवेदीको उपन्यासकारितामा सीमित रहेको छ । यसमा उनका औपन्यासिक लेखनका विविध मोड र चरणहरू तथा औपन्यासिक वैशिष्ट्यको अध्ययन गरिएको छ । यस शोधपत्रमा सुवेदीका हालसम्म प्रकाशित उपन्यासहरूभन्दा भिन्न विधाका कृतिहरूको अध्ययन गरिएको छैन । यस क्रममा उनका वि. सं. २०४३ देखि २०६४ सालसम्मका प्रकाशित आठवटा उपन्यासहरू समाविष्ट रहेका छन् ।

## १.८ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधपत्रको तयारीका निम्ति पुस्तकालीय अध्ययनलाई सामग्रीसङ्कलनको मूल आधार बनाइएको छ । यसै क्रममा उपन्यासकार, उनका परिवार तथा उनका सम्पर्कमा आएका विद्वान्, मित्र एवम् सहकर्मीहरूसँग पनि आवश्यकीय सूचना लिइएको छ । यसका अतिरिक्त उनका विषयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित सूचनात्मक अध्ययन पनि अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

## १.९ शोधविधि

यस शोधकार्यलाई व्यवस्थित र वस्तुगत रूपमा प्रस्तुत गर्नका लागि सङ्कलित सामग्रीलाई स्थापित सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिका साथै समालोचनात्मक नवीन मान्यताको समेत उपयोगद्वारा विश्लेषण गरिएको छ । यस क्रममा औपन्यासिक अध्ययनका लागि समीक्षात्मक, विवेचनात्मक र विश्लेषणात्मक दृष्टिकोण अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि निम्न परिच्छेदहरूमा विभाजन गरी निम्नलिखित शीर्षक दिइएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | उपन्यासको सिद्धान्त र इतिहास |

| | | |
|---|---|---|
| तेस्रो परिच्छेद | : | होमनाथ सुवेदीको जीवनी र व्यक्तित्व |
| चौथो परिच्छेद | : | उपन्यासको यात्रा र चरण विभाजन |
| पाँचौं परिच्छेद | : | होमनाथ सुवेदीका औपन्यासिक कृतिहरूको अध्ययन |
| छैटौं परिच्छेद | : | नेपाली उपन्यासको विकासमा होमनाथ सुवेदीको योगदान |
| सातौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

अन्त्यमा सन्दर्भग्रन्थसूची राखिएको छ ।

प्रस्तुत परिच्छेदहरूलाई पनि आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी होमनाथ सुवेदीको उपन्यासकारिताको प्राप्ति, अप्राप्तिहरूका बारेमा अध्ययन तथा विश्लेषण गर्दै शोधपत्र तयार पार्दा प्रयोग भएका सन्दर्भग्रन्थ र पत्रपत्रिकाहरूको छुट्टाछुट्टै सूची समेत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# उपन्यासको सिद्धान्त र इतिहास

## २.१ उपन्यासको सङ्क्षिप्त परिचय

'उपन्यास' शब्दले सङ्केत गर्न सक्ने रचनाविशेषका स्वरूपहरू र तिनका लक्षणहरू देखिने रचनाहरू अठारौँ शताब्दीभन्दा पहिलै नै देखापरेका छन् । पूर्वीय साहित्यको इतिहास हेर्दा संस्कृत, प्राकृत र अपभ्रंश कालपछि आधुनिक भाषाहरूमा साहित्यसिर्जना हुन थालेपछि मात्र उपन्यासको आधुनिकस्वरूपको विकास हुन थालेको पाइन्छ । त्यसैले आधुनिक मान्यताका आधारमा उन्नाइसौँ शताब्दीभन्दा पहिले पूर्वीय उपन्यासलेखनपरम्परा शून्य जस्तै रहेको छ । पश्चिममा पनि उपन्यासलेखनको प्रारम्भ अठारौँ शताब्दीमा मात्र भएको पाइन्छ । यसरी हेर्दा अन्य विधाका तुलनामा उपन्यासलेखनपरम्पराको अवधि त्यति धेरै छैन तर पूर्वपश्चिम दुबैतिर उपन्यास लेखिनु पूर्वका आख्यानबहुल रचनाहरूमा भने उपन्यासका तत्त्वहरू विकीर्ण अवस्थामा रहेको पाइन्छ ।

उप+नि+अस्+घञ् (अ) बाट उपन्यास शब्दको व्युत्पादन हुन्छ । सामान्यतः उपन्यास शब्दको अर्थ 'नजिकमा राख्नु' भन्ने हुन्छ । पूर्वीय साहित्यमा 'उपपत्ति कृतो ह्यर्थ उपन्यास प्रकीर्तितः' भनेर कुशलपूर्ण अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भन्ने गरिएको पाइन्छ । पाश्चात्य साहित्यमा उपन्यासलाई बुझाउन प्रयोग हुने नोवेल (Novel) शब्दको अर्थ नोवेलस (Novallows वा नोभेल्ला (Novella) रहेको पाइन्छ । यसको सामान्य अर्थ समाचारलाई सङ्केत गर्ने अथवा घटनालाई समाचारका रूपमा सम्प्रेरित गर्नु भन्ने रहेको छ । जसको सामान्य अर्थ घटनालाई समाचारका रूपमा सम्प्रेषित गन[१] भन्ने हुन्थ्यो तर आज आएर उपन्यासको अर्थगत उपयोगिता अर्कै भएको छ । घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुतिविशेषसमेतको आख्यानात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ ।[२] वर्तमान सन्दर्भमा गद्यात्मक आख्यानको जीवनसापेक्ष प्रस्तुतिका रूपमा उपन्यासलाई बुझ्न सकिन्छ । उपन्यास जीवनको पूर्णकदको तस्बिर हो अझ कलात्मक प्रस्तुतिमा आउने हुनाले जीवनभन्दा बढ्ता साझा जीवनको प्रतिच्छाया हो ।[३] अन्य विधाका तुलनामा उपन्यासको कलाकारिता कम दुर्गुणयुक्त मानिन्छ  अर्थात् सानोतिनो खोटले गर्दा सम्पूर्ण औपन्यासिक कलाको अस्वीकार हुँदैन ।

## २.२ उपन्यासको विकास

---

[१] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, ते. सं., (काठमाडौँ : साझा प्रकाशन, २०५३), पृ. १५।

[२] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दो. सं. (काठमाडौँ : साझा प्रकाशन, २०६४), पृ. ५ ।

[३] गोपाल राय, **उपन्यासका शिल्प**, (पटना : बिहार हिन्दी ग्रन्थ अकादमी, ई. १९७३), पृ. ४ ।

उपन्यासको विकासक्रमलाई हेर्दा पाश्चात्य उपन्यासलेखन-परम्पराबाट यसको थालनी गर्नु पर्ने देखिन्छ । पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको प्रारम्भ अठारौँ शताब्दीबाट भएको हो ।[४] अतिरञ्जना र अतिकल्पनालाई त्याग्दै मानवीय जीवनका यथार्थ पक्षहरूलाई कलात्मक रूपमा प्रकाश गर्न थालिएपछि आधुनिक उपन्यासको प्रारम्भ भएको हो । पश्चिममा उपन्यासले आधुनिक रूप अठारौँ शताब्दीमा प्राप्त गऱ्यो । यसको पृष्ठभूमिमा ग्रिक सभ्यता र समग्र पाश्चात्य सभ्यताका धरोहर मानिने होमरका **इलियड** र **ओडिसी** महाकाव्यहरू रहेका छन् । त्यसबाहेक यहुदीहरूको आचारग्रन्थ **ओल्डटेस्टामेन्ट** र क्रिश्चियनहरूको धार्मिकग्रन्थ **न्यु टेस्टामेन्ट** (बाइबल) हरूको भूमिका पनि उपन्यासको विकासमा महत्त्वपूर्ण रहेको पाइन्छ । ईसाको प्रारम्भतिर आइपुग्दा रोम र ग्रिसमा चर्चित इसपनीतिकथाहरू पनि पाश्चात्य उपन्यासका विकासका निम्ति उदाहरणीय छन् । त्यसपछि देखिएका भर्जिलको **एनिड** र दाँतेको **डिभाइन कमेडी** पनि आख्यानात्मक रचना भएकाले[५] उपन्यासको प्रारूप निर्माणमा यिनको सहयोग पुगेको छ । पाश्चात्य साहित्यमा मध्यकालको पूर्वार्द्धमा खासै साहित्यिक उन्नति नभए पनि विविध स्रोतबाट सङ्कलित रचनाहरूमा आख्यान तत्त्व रहेको पाइन्छ ।[६] पुनर्जागरण कालमा सङ्कलित इटालेली कथाहरूलाई नोबेला भन्ने गरिएको[७] पाइन्छ । यसको उदाहरणस्वरूप बोकासियोको **डेकामेरन**का कथाहरूलाई लिन सकिन्छ ।[८]सयओटा कथाहरूको सङ्ग्रह रहेको **डेकामेरन**को योगदान पाश्चात्य आख्यान विकासमा उल्लेखनीय रहेको पाइन्छ । यसकै प्रभावमा आएर फान्स, स्पेनलगायत युरोपेली देशहरूमा आख्यानात्मक गद्यलेखनप्रति अभिरुचि बढेको पाइन्छ । यसपछि विभिन्न विद्वान्हरू गद्यमा नवीन मान्यता स्थापना गर्न विविध प्रयोगतर्फ उन्मुख रहेको पाइन्छ । यसैक्रममा ई १७१९ मा ड्यानियल डिफोको **रबिन्सन क्रुसो** प्रकाशित भयो जसलाई आधुनिक उपन्यासको प्रवर्तक कृति मानिन्छ ।[९] कृतिमा पाठकलाई विश्वासयोग्य बनाएको, यथार्थ कल्पना भएको, सूक्ष्म वर्णन भएको र मानवविषय भएकाले नै यसलाई आधुनिक उपन्यास मानिएको हो ।[१०]

पश्चिममा आधुनिक उपन्यास आरम्भ भएपछि यसलाई विकसित तुल्याउने क्रममा स्यामुअल रिचर्डसनको **पामेला** (ई. १७४०), हेनरी फिल्डिङको **जुसेफ अन्ड्रान्स** (ई. १७४२) आदि उपन्यासबाट पाश्चात्य साहित्यमा आधुनिक उपन्यासको विकास हुँदै गएको पाइन्छ । त्यसकै निरन्तरता स्वरूप पश्चिममा आजसम्म पनि नवीन प्रवृत्तिका साथ उपन्यासलेखन अघि बढिरहेको छ ।

## २.३ पौरस्त्यमा

---

[४] विलियम बाइज बाटर र एलिजाबेथ जे. सटउड (संम्पा.), **कोलम्बिया इन्साइक्लोपिडिया**, (न्युयोर्क : कोलम्बिया युनिभर्सिटि प्रेस, ई १९५६), पृ. १४१९ ।

[५] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ.९ ।

[६] **द वर्ल्ड बुक इन्साइक्लोपेडिया**, भाग २, (लन्डन : फिल्ड इन्टरप्राइजेज, एजुकेसन कर्पोरेसन, कपीराइट, ई. १९९६), पृ. ७६३) ।

[७] **ऐजन**, पृ. ७६३ ।

[८] बिलियम बेन्टन र हेलेन हेमिङ्वे बेन्टन, सं., **द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**, भाग १३, (शिकागो : द युनिभर्सिटि अफ शिकागो, कपीराइट, ई. १९८१), पृ. २७७ ।

[९] द वर्ल्ड बुक इन्साइक्लोपेडिया, **पूर्ववत्**, पृ. ७६३ ।

[१०] **ऐजन**, पृ. ७६३ ।

पूर्वीय साहित्यको आदिस्रोतका रूपमा संस्कृत वाङ्मयका इतिहास पुराण, उपनिषद् तथा ब्राह्मण ग्रन्थ हुँदै प्राचीन ग्रन्थ ऋग्वेदसम्म पुग्न सकिन्छ । उपन्यासमा आख्यानतत्त्व मूल रूपमा रहने हुँदा पनि यसको आदिस्रोत ऋग्वेदलाई मान्न सकिन्छ । आधुनिक मान्यताका दृष्टिकोणले पूर्वमा १९ औँ शताब्दीसम्म कुनै उपन्यास नलेखिए पनि प्राचीन ग्रन्थ **ऋग्वेद**मा कथावस्तु, पात्र र कथोपकथन भेटिन्छ ।[११] **ऋग्वेद**भित्र रहेका यमयमीका संवाद, पुरुरवा-उर्वसीका संवादले[१२] यसमा आख्यान रहेको पुष्टि हुन्छ । त्यसैगरी **ब्राह्मणग्रन्थ** र **उपनिषद्**हरूमा हरिश्चन्द्रको कथा एवम् याज्ञवल्क्य र मैत्रेयीका कथा पनि भेटिन्छन् ।[१३] पौराणिक ग्रन्थहरू **रामायण** र **महाभारत** महाकाव्यात्मक कृतिहरू छन् । यिनमा प्रशस्त आख्यानहरू विकीर्ण अवस्थामा रहेका छन् । संस्कृत भाषामा लेखिएका वाणभट्टको **कादम्बरी**, दण्डीको **दशकुमारचरितम्**, सुबन्धुको **वासवदत्ता**लगायतका थुप्रै ग्रन्थहरूको उपजीव्यका रूपमा **रामायण** र **महाभारत** नै रहेका छन् । यसरी नै यास्कको **निरुक्त** र पतञ्जलिको **महाभाष्य**मा परिनिष्ठित गद्यको नमुना पाइन्छ ।[१४] सुबन्धुको प्रथम गद्यकाव्य **वासवदत्ता** देखापरेपछि पूर्वीय साहित्यमा गद्यले काव्यभाषाको रूप लिएको देखिन्छ । यहीँबाट नै संस्कृतसाहित्यमा गद्यसाहित्यिक परम्पराको थालनी हुन्छ ।[१५] त्यसपछि देखापरेको गुणाढ्यको **बृहत्कथा**मा लोकाख्यानमूलक मानव कथा छ [१६] भने विष्णु शर्माको **पञ्चतन्त्र** पनि नीतिकथाको नमुना हो । यसै गरी लोकप्रिय कथाकृतिका रूपमा **हितोपदेश** आउँछ । यसमा कथाभित्रै नीतिलाई छद्म रूपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त **कथासरित्सागर**, **बेतालपच्चिसी**, **सहस्ररजनी**जस्ता कृतिहरू पनि आख्यानयुक्त रचनाका रूपमा आएका छन् । यसरी हेर्दा वैदिक कालदेखि **ब्राह्मणग्रन्थ**, **उपनिषद्** र **पौराणिक** ग्रन्थहरू हुँदै लौकिक साहित्यमा आइपुग्दा आख्यानले रचनाको अभिन्न अङ्गको रूप लिएको पाइन्छ ।

आधुनिक आर्यभाषाहरूको जन्मसँगै पूर्वीय साहित्यमा आख्यानको विकास र पाश्चात्य साहित्यको प्रभावमा तीव्रता आएको पाइन्छ । जियोभानी बोकासियोको **डेकामेरन्** तथा डिफोको **रबिन्सन क्रुसो**को प्रभाव बढ्न थालेपछि पूर्वमा पनि आख्यानले नयाँ फड्को मार्न थालेको पाइन्छ । यसैक्रममा बङ्गाली उपन्यासकार बङ्किमचन्द्र चट्टोपाध्यायको **राजमोहन वाइफ** (ई. १८५६) अङ्ग्रेजी भाषामा प्रकाशित भएको पाइन्छ । यसलाई पश्चिमको नोवेलकै पर्याय मानेर लेखिएको पहिलो पूर्वीय उपन्यास[१७] मानिएको छ । यसबाहेक चट्टोपाध्यायकै अन्य तेह्रवटा उपन्यास बङ्गला भाषामा प्रकाशित भएका पनि छन् ।[१८] त्यसपछि बङ्गाली हुँदै हिन्दी साहित्यमा प्रवेश गरेको उपन्यासलेखनपरम्पराले नवीन प्रवृत्ति र रूप ग्रहण गर्दै अगाडि बढेको पाइन्छ । यसै क्रममा बीसौँ शताब्दीबाट नेपाली साहित्यमा पनि आख्यानप्रबल भएका वा अनूदित उपन्यासलेखनको परम्परा सुरु भएको छ ।

---

[११] रणवीर रांग्रा, **हिन्दी उपन्यासमे चरित्रचित्रणका विकास**, (दिल्ली : भारती साहित्य मन्दिर, ई. १९६१), पृ. ११० ।

[१२] गोपीकृष्ण शर्मा, **संस्कृत साहित्यको रूपरेखा**, दो. सं. (काठमाडौँ : अभिनव प्रकाशन, २०५६), पृ. २५-२६ ।

[१३] रणवीर रांग्रा, **पूर्ववत्**, पृ. ११० ।

[१४] गोपीकृष्ण शर्मा, **पूर्ववत्**, पृ. १७७ ।

[१५] **ऐजन**, पृ. १७८ ।

[१६] **ऐजन**, पृ. १७८-१७९ ।

[१७] प्रतापचन्द्र प्रधान, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, (दार्जिलिङ : दीपा प्रकाशन, २०४०), पृ. १० ।

[१८] **ऐजन**, पृ. १० ।

## २.४ नेपाली उपन्यासको विकासक्रम

राजनीतिक रूपमा नेपालको एकीकरणसँगै नेपाली भाषाले केन्द्रीयताको अवस्था प्राप्त गर्दै जान लागेको पाइन्छ । एकीकरणपश्चात् नै नेपाली भाषामा लामालामा आख्यानहरू लिपिबद्ध हुन थालेको पाइन्छ । मूलतः उपन्यास आख्यानात्मक भएकाले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा आख्यानको उद्भवसँग उपन्यासको पनि आरम्भ भएको मान्न सकिन्छ । यसरी हेर्दा  संस्कृत भाषाबाट नेपाली भाषामा अनूदित शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** (वि. सं. १८२७) नेपाली साहित्यको पहिलो आख्यानात्मक स्वरूप हो ।[१९] शक्तिबल्लभ अर्यालको **विराटपर्व**बाट सुरु भएको नेपाली उपन्यासपरम्परा विभिन्न मोड र चरणहरू पार गर्दै वर्तमान अवस्थासम्म आइपुगेको छ । नेपाली उपन्यासको विकासक्रम वा चरणहरूको बारेमा विद्वान् तथा समीक्षकहरूबीच मतैक्यको स्थिति नभए पनि आरम्भबिन्दु भने सबैले वि. सं. १८२७ को **महाभारत विराटपर्व**लाई मानेका छन् । त्यसकारण यही गद्यकृतिबाट नेपाली उपन्यासको विकासको थालनी भएको मान्न सकिन्छ । भाषा, लेखनशैली, उद्देश्य र प्रस्तुतिलाई आधार मान्दै नेपाली उपन्यासको इतिहासलाई निम्न तीन कालखण्डमा विभाजन गर्न सकिन्छ :

**(क) वि. सं. १८२७ देखि १९४५ सम्म प्राथमिक काल**

**(ख) वि. सं. १९४६ देखि १९९० सम्म माध्यमिक काल**

**(ग) वि. सं. १९९१ देखि हालसम्म आधुनिक काल**

### २.४.१ प्राथमिक काल

नेपाली उपन्यासपरम्परामा वि. सं. १८२७ मा शक्तिबल्लभ अर्यालद्वारा अनूदित **महाभारत विराटपर्व**बाट प्राथमिक काल आरम्भ हुन्छ ।[२०] ११८ वर्षको अन्तरालमा फैलिएको नेपाली उपन्यासको प्रथमरचरणका आख्यानहरू मूलतः संस्कृतबाट र आंशिकमा अङ्ग्रेजीबाट पनि अनूदित भएका छन् । **विराटपर्व**पछि वि. सं. १८३३ मा भानुदत्तले अनुवाद गरेको **हितोपदेश मित्रलाभ** नेपाली उपन्यासपरम्परामा देखापरेको महत्त्वपूर्ण कृति हो । यसै गरी शक्तिबल्लभ अर्यालकै **हास्यकदम्ब** (वि. सं. १८५५) र भनावीदत्त पाण्डेको  **मुद्राराक्षस** (वि. सं.१८९० तिर) पूर्णतया आख्यानात्मक कृति हुन् । दण्डीको **दशकुमार चरित** (वि. सं. १८७५),  **कृष्णचरित्र** तथा वाणभट्टको **कादम्बरी**  पनि आख्यानतत्त्व भएका कृति हुन् ।[२१] त्यसै गरी कतिपय प्राथमिक कालीन आख्यानहरू अङ्ग्रेजी भाषाबाट पनि नेपालीमा अनूदित छन् । यिनमा सेरामपुरको **बाइबल** (वि. सं. १८८४), पादरी गङ्गाप्रसाद प्रधानको **नेपाली बाइबल** (वि. सं. १९४०) आदि अङ्ग्रेजीबाट नेपालीमा अनूदित आख्यान हुन् ।[२२] आख्यानअन्तर्गत कथाक्षेत्रमा देखापरका अन्य कृतिहरूमा **बहत्र सुधाको कथा**, **बेताल पञ्चविंशतिका**, **स्वस्थानी व्रतकथा**, **मुन्सीका तीन आहान** आदि रहेका छन् ।

---

[१९] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (काठमाडौँ : साझा प्रकाशन, २०४६), ७७ ।

[२०] (क) कृष्णचन्द्रसिंह प्रधान, **पूर्ववत्**, पृ.  २२ ।
(ख) राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ३५ ।
(ग) कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ७७ ।
(घ) मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्य संक्षिप्त इतिहास**,  ते. सं., (काठमाडौँ : साझा प्रकाशन, २०४६), पृ. ७३ ।

[२१] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. ११६ ।

[२२] शरद्चन्द्र शर्मा भट्टराई, **माध्यमिक नेपाली गद्याख्यान**, (काठमाडौँ : ने. रा. प्र. प्र., २०५०), पृ. ८७ ।

प्राथमिककालीन आख्यानपरम्परा उपन्यासगत आकार प्राप्तिका हिसाबले महत्त्वपूर्ण तथा मौलिककता दृष्टिले नवीन छैन तर अनुवाद रूपान्तरण तथा आख्यान लेखनतर्फ अभिरुचि जगाउने हिसाबले प्राथमिक काल महत्त्वपूर्ण देखिन्छ । अनुवाद नै भए पनि कथासूत्रप्रक्रिया, गद्यशैली र आख्यानविधानका दृष्टिले यस्ता कृतिहरूको उपन्यास विकासमा महत्त्वपूर्ण योगदान रहेको छ ।[२३]

## २.४.२ माध्यमिक काल

उर्दू, फारसी तथा अरबी साहित्यबाट प्रेरित र प्रभावित भई नेपाली भाषामा रोमाञ्चकारी साहित्यको सिर्जना हुनु नै माध्यमिक कालको थालनीको लक्षण हो ।[२४] हरिकृष्णद्वारा रचित तथा शिवदत्त शर्माद्वारा अनूदित **वीरसिक्का** (वि. सं. १८४६) बाट नेपाली साहित्यमा मनोरञ्जनात्मक धाराको प्रवेश भएको हो ।[२५] यो कृति उपन्यास नै त होइन तर आख्यानको निर्माणको कोशेढुङ्गो चाहिँ हो ।[२६] नेपाली साहित्यमा मनोरञ्जनात्मक धारा, अतिरञ्जनात्मक धारा र तिलस्मीस्वरूपको लेखन माध्यमिक कालको मूल औपन्यासिक धाराका रूपमा स्थापित भएको पाइन्छ ।[२७] चिरञ्जीवी पौडेलको **प्रेम सागर** (वि. सं. १९५०), **सुखार्णव** ( वि. सं. १९५७) का साथै नरदेवद्वारा प्रकाशित **नलोपाख्यान** (वि. सं. १९५९) ले **वीरसिक्का**को गतिलाई टेवा पुऱ्याएका छन् । हिन्दी उपन्यास **नरेन्द्र मोहनी**लाई सदाशिव शर्माद्वारा (वि. सं. १९६२ मा) अनुवाद गरिएपछि नेपाली उपन्यासमा तिलस्मी प्रवृत्तिको प्रवेश हुन्छ ।[२८] यसै गरी गङ्गाधर शास्त्रीको **सर्वसङ्ग्रह** (वि. सं. १९५३), देवकीनन्दन खत्रीको **चन्द्राकान्ता पहिलो भाग** ( वि. सं. १९५६), पारसमणि प्रधानको **विलायत यात्रा** (वि. सं. १९७६) जस्ता हिन्दी स्रोतका आख्यान पनि यसै समयमा देखा परेका हुन् ।[२९]

माध्यमिककालीन उपन्यासको विकासमा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । कतिपय पत्रिकाहरूमा उपन्यासको धारावाहिक प्रकाशनको लहर चल्छ । **गोरखापत्र** (वि. सं. १९५८), **उपन्यासतरङ्गिणी** (वि. सं. १९५९), **सुन्दरी** (वि. सं. १९६३ ) जस्ता [३०] पत्रिकामार्फत नेपाली उपन्यासले प्रकाशनको अवसर प्राप्त गरेका छन् । वि.सं. १९५९ मा **उपन्यासतरङ्गिणी**मा प्रकाशति सदाशिव शर्माको **महेन्द्रप्रभा** नै पहिलो मौलिक नेपाली उपन्यास हो । मध्यमिककालीन अन्य उपन्यासहरूमा गरिशबल्लभ जोशीको **वीरचरित्र** (वि. सं. १९६०), **प्रारब्धदर्पण** (वि. सं. १९६७), वेदनाथ आचार्यको **दयाकी भावी** (वि. सं. १९७९), पद्‌भनाभ सापकोटाको **जीवनचरित्र** (वि. सं. १९७३), रामप्रसाद सत्यालको **महासती अनुसूया** (१९८५) र अम्बालिका देवीको **राजपूत रमणी** (१९८९) आदि रहेका छन् । यी उपन्यासहरूमध्ये **दयाकी भावी** (वि. सं. १९७९), **महासती अनुसूया** र **राजपुत रमणी** यी उपन्यासहरूलाई

२३ प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. ११७ ।

२४ **ऐजन**, पृ. ११८ ।

२५ कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ७९ ।

२६ मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **पूर्ववत्**, पृ. १०२ ।

२७ कृष्णचन्द्रसिंह प्रधान, **पूर्ववत्**, पृ. ४० ।

२८ **ऐजन**, पृ. ४३ ।

२९ राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ.४२ ।

३० मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **पूर्ववत्**, पृ. १०६ ।

नेपालीउपन्यासपरम्पराको आधुनिक कालका निम्ति सबभन्दा पुराना र माध्यमिक कालका निम्ति सबैभन्दा नयाँ लाग्ने सङ्क्रमणकालीन उपन्यासकृतिहरूका रूपमा लिन सकिन्छ ।[३१]

माध्यमिककालीन नेपाली आख्यानले संस्कृत स्रोतभन्दा अन्य स्रोततर्फ ढल्कने अवसर पाएको देखिन्छ । यथार्थमा भन्दा धार्मिक, आदर्शवादी, रोमान्सवादी, औपदेशिक प्रवृत्तितर्फ माध्यमिक कालका उपन्यासहरू उन्मुख भएका छन् । नारीलाई भोगविलासको साधन मान्ने र नायिका प्राप्तिका लागि हत्या, षडयन्त्र गर्ने घटना यस अवधिका आख्यानमा देखापर्दछन् ।[३२] यही अवधिमा नै लामा आख्यानलाई खण्डमा विभाजन गर्ने प्रयत्नका साथै चम्पूशैली क्रमशः त्याग गरेर गद्यको प्रयोग गर्न प्रवृत्ति पनि पाइन्छ ।[३३]

**वीरसिक्का**बाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा **महेन्द्रप्रभा** (वि. सं. १९५९), **वीरचरित्र** (वि. सं. १९६०), **राजपूत रमणी** (वि. सं. १९८९) हुँदै अगाडि बढेको छ । प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरू धारावाहिक रूपमा पत्रिकामा प्रकाशित हुँदै जान्छन् । अतिरञ्जित कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काइमा अभिमुख हुने प्रवृत्ति माध्यमिक कालका उत्तरवर्ती उपन्यासहरूमा पान्इछ । स्रोतगत विस्तार र विषयगत विविधता फैलँदै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर माध्यमिककालीन आख्यानवृत्त वा उपन्यासले प्राप्त गरेका छन् ।

## २.४.३ आधुनिक काल

नेपाली उपन्यास साहित्यमा आधुनिक कालको प्रवर्तक समयबिन्दुका बारेमा विद्वान् तथा समीक्षकहरूबीच एकमत पाइँदैन । साहित्यिक विकासका पृष्ठभूमिलाई नियाल्दा कुनै समयविन्दुमा प्रकाशित साहित्यिक कृतिविशेषले कुनै वाद वा प्रणालीको सटीक तवरले स्थापना वा व्याख्या गरेको पाइँदैन । परम्परागत चिन्तनको जगमा उभिएर अधुनातन नवमूल्य र प्रवृत्तिहरूलाई आत्मसात् गर्न खोज्ने कृतिहरूको आधारमा आधुनिकता सिद्ध गर्न सकिन्छ । परिवर्तनशील समाज, नवीन चिन्तनप्रणाली र नयाँ पर्यावरणमा दृश्यमान समकालीन तथ्यहरूलाई साहित्यका सन्दर्भमा कृतिमा सन्निविष्ट गर्दै जानुमा आधुनिकता निहीत देखिन्छ । यसरी हेर्दा आधुनिकता भनेको निश्चित समयबिन्दुमा बाँधिने कुरा नभई यो त समाज, मानवीय चिन्तनको विकास र व्यापकतासँगै गतिशील रहने देखिन्छ ।

नेपाली उपन्यास साहित्यको आधुनिक कालको प्रवर्तन सम्बन्धमा समीक्षक भानुभक्त पोखरेलले वि. सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती** उपन्यासलाई आधुनिक मानेका छैनन् । आदर्श र नीतिशिक्षामा जोड दिइकाले **रूपमती** यथार्थपरक छैन भन्दै वि. सं. १९९३ मा प्रकाशित रूपनारायण सिंहको **भ्रमर**बाट उनी आधुनिक कालको सुरुआत भएको मान्दछन् ।[३४] **रूपमती**ले आदर्शको प्रबलता, काल्पनिक तत्त्वको सहाराजस्ता परम्परालाई छाड्न नसकेका कारण आधुनिक मान्न नसकिने भन्दै **भ्रमर**ले आधुनिक कालको सुरुआत गरेको तर्क अघि सारिएको पनि पाइन्छ । कतिपय विद्वान्हरूले **रूपमती**बाटै आधुनिकताको सुरुआत भएको भन्दै **रूपमती**लाई पहिलो आधुनिक उपन्यास मान्ने आधारहरू प्रस्तुत गरेको पाइन्छ । तिनका

---

[३१] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ६७ ।

[३२] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. १२५ ।

[३३] शरद्चन्द्र शर्मा, भट्टराई, **पूर्ववत्**, पृ. २६० ।

[३४] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य** (विराटनगर : २०४०), पृ. १९३ ।

अनुसार पाश्चात्य नोवेल को प्रभाव पर्नु, सामाजिकयथार्थ पाइनु, परिवेशगत चेतना पाइनु, मानवीय मूल्यको अन्तर्भाव पाइनु, विषय र शैलीमा विविधता पाइनु आदि कुराहरू रहेका छन् ।[३५] नेपाली उपन्यासपरम्परामा औपन्यासिक शिल्पद्वारा परवर्ती स्वरूपलाई दिशानिर्देश गर्न खोज्ने पहिलो कृतिका रूपमा **रूपमती** देखिएको छ । यसले पुराना रूढिवादी विचारधारा र संस्कारग्रत सामाजिक मान्यताप्रति व्यङ्ग्य गर्दै स्वप्नील जगत्का अतिभौतिक, अतिरञ्जनात्मक तथा अतिकाल्पनिक तत्त्वहरूलाई हटाई नेपाली उपन्यास धरातलमा नयाँ आयाम थपेको छ ।[३६] वास्तवमा **रूपमती** उपन्यास प्राथमिककालीन नीतिमूलक, माध्यमिक कालीन, जासुसी, तिलस्मी आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित छ । त्यसकारण यसले सामाजिक धरातलमा सम्भाव्य र स्वाभाविक घटनाको संयोजन गरेको छ । मानवीय चरित्र, वस्तुयथार्थ, द्वन्द्व, कुतूहलता र सामान्य बोलीचालीको भाषाप्रयोग गरेर आधुनिक ढाँचाको प्रथम प्रयोग **रूपमती**ले पाइन्छ । प्रस्तुत उपन्यासमा नेपाली समाजमा हुँदै आइरहेको बुहारीमाथिको सासुको हैकमपूर्ण व्यवहारलाई चित्रित गरिएको बुहारी भएपछि सासु, देवरको लाञ्छनना सहनु पर्ने र देउरानी, जेठानीका बीचमा हुने कलह, वैमनस्यताजस्ता समाजका यथार्थ पक्षहरूलाई टिपेर प्रस्तुत गरिएकाले यो यथार्थपूर्ण देखिन्छ ।  बुहारी हुनु त **रूपमती**जस्ती भन्ने आदर्श स्थापना गर्न खोजिएकाले यो आदर्शोन्मुख यथार्थवादी उपन्यास हो ।

यसरी **रूपमती** (वि. सं. १९९१) देखि सुरु भएको नेपाली उपन्यासको आधुनिक काल विभिन्न समयमा विभिन्न प्रवृत्तिलाई आत्मसात् गर्दै आजको अवस्थासम्म गतिशील छ । नेपाली उपन्यासहरूमा हालसम्म देखिएका प्रवृत्तिगत भिन्नताको आधारमा वि. सं. १९९१ देखि वर्तमानसम्मको नेपाली उपन्यासलेखन प्रवृत्तिलाई मोटामोटीमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(१) आदर्शोन्मुख यथार्थवादी
(२) स्वच्छन्दतावादी धारा
(३) सामाजिक यथार्थवादी
(४) आलोचनात्मक यथार्थवादी
(५) मनोविश्लेषणात्मक
(६) विसङ्गतिवादी
(७) अस्तित्ववादी
(८) समाजवादी यथार्थवादी
(९) नवचेतनामूलक/उत्तरआधुनिक (?)

## २.४.३.१ आदर्शोन्मुख यथार्थवादी

वस्तु जस्तो छ त्यसलाई त्यसै रूपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । समाजमा जे छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात् जस्तो हुनुपर्दछ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन, मर्यादा र अनुसरणीय गुणहरूलाई नै व्यापक अर्थमा आदर्श भनिन्छ ।[३७] मानवसमाज र यथार्थ परिवेशलाई आधार

---

[३५] मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **पूर्ववत्**, पृ. १०५ ।

[३६] प्रतापचन्द्र प्रधान, **पूर्ववत्**, पृ. १२७ ।

[३७] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ६३ ।

बनाएर लेखिएको उपन्यास जब आदर्शको कन्द्रीय निष्कर्षमा टुङ्गिन्छ त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ ।[३८] नेपाली उपन्यासपरम्परामा रूद्रराज पाण्डको **रूपमती**बाट आदर्शोन्मुख यथार्थवादी लेखनको सुरु हुन्छ ।[३९] मोहनबहादुर मल्लको **उजेली छाया** (वि. सं. २००८), **पञ्चायत** (वि. सं. २०१०) **समयको हुरी** (वि. सं. २०१५), अच्छा राई 'रसिक'को **लगन** (वि. सं. २०१२), भुवनेश्वर कोइरालाको **सत्यसन्देश** र **विधुवा जीवन** (वि. सं. २०१३), लीलाध्वज थापाको **मन** (वि. सं. २०१४), इन्द्र सुन्दासको **मङ्गली** (वि. सं. २०१५) आदि यस धाराका उपन्यासहरू हुन् ।[४०]

समयगत दृष्टिले यस धारामा धेरै लेखकहरू देखिएका छन् । वि. सं. २००३ सम्म यो धारा प्रमुख धाराका रूपमा रहेको र त्यसपछि अन्तर्धाराका रूपमा अघि बढेको पाइन्छ । यस धारा वा प्रवृत्तिका उपन्यासमा सामाजिक विषयको प्राधान्य रहेको छ भने नारी जीवनका दुःख, पीडा उद्घाटन गर्दै नारीले अपनाउनु पर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् ।[४१] उपन्यासमा सम्प्रेषणीयताको ख्याल गरेर सरल र बोलीचालीको भाषाप्रयोग गरिएको पाइन्छ । सामाजिक यथार्थलाई वस्तुका रूपमा ग्रहण गरेर त्यसैको आधारमा आदर्शवादी शिक्षा यस धाराका उपन्यासले दिन खोजेका छन् ।

## २.४.३.२ स्वच्छन्दतावादी नेपाली उपन्यास

मानिसका व्यक्तिगत अनुभवलाई सहज र स्वच्छन्द ढङ्गबाट व्यक्त गर्ने काम स्वच्छन्दतावादले गर्दछ । तार्किकता र बौद्धिकताका विपरीत कल्पना र भावावेगमाथि विशेष जोड दिने कलात्मक प्रवृत्तिविशेष स्वच्छन्दतावाद हो ।[४२] अतीतोन्मुख तथा रहस्यवादी दर्शनका रूपमा बुझ्न सकिने स्वच्छन्दतावादको मूल मर्म यथार्थदेखि पलायन हुँदै उन्मुक्त कल्पनामा विचरण गर्नु रहेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा रूपनारायण सिंहको **भ्रमर** (वि. सं. १९९३) देखि स्वच्छन्दतावादी धाराको अभ्यत्थान भएको हो ।[४३] यसबाहेक शिवकुमार राईको **डाकबङ्गला** (वि. सं. २०१३), समीरण प्रियदर्शीको **पोखिएको जीन्दगी** (वि. सं. २०२८), हिरण्य भोजपुरेको **छिटेन** (वि. सं. २०५४), होमराज आचार्यको **निर्दोष कैदी** (वि. सं. २०५४) आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् ।

## २.४.३.३ सामाजिक यथार्थवादी उपन्यास

समाजमा भएगरेका कुराहरूलाई तटस्थ रूपमा प्रस्तुत गर्ने मान्यता सामाजिक यथार्थवादी मान्यता हो । मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै प्रस्तुत

---

[३८] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ९८ ।

[३९] कृष्णचन्द्रसिंह प्रधान, **पूर्ववत्**, पृ. ७७ ।

[४०] **ऐजन**, पृ. ८ ।

[४१] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. १०१ ।

[४२] डा. कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका केही प्रमुख वाद**, (काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., २०३८), पृ. १९ ।

[४३] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ८४ ।

गर्ने साहित्यिक मूल्यमान्यता सामाजिक यथार्थवाद हो ।[४४] लैनसिंह वाङ्गदेलको **मुलुक बाहिर** (वि. सं. २००४) सामाजिक यथार्थवादी धाराको पहिलो नेपाली उपन्यास हो ।[४५] वाङ्देलका **माइतघर**(वि. सं. २००४), **लङ्गडाको साथी** (वि. सं. २००८), **रेम्ब्रान्ट** (वि. सं. २०२३), लीलबहादुर छेत्रीको **बसाइँ** (वि. सं. २०१४), **अतृप्त** (वि. सं. २०२६), **ब्रह्मपुत्रको छेउछाउ** ( वि. सं. २०४३), केशवराज पिँडालीको **बाँच्ने एउटा जीन्दगी** (वि. सं. २०४३), राजेश्वर देवकोटाका **आवर्तन** (वि. सं. २०४१), **पूर्वकथा** (वि. सं. २०४३), **उत्सर्ग प्रेम** (वि. सं. २०४४) र सुस्मिता नेपालका **एकान्त पनि रून्छ** (वि. सं. २०५३), **मेरा छातीका कोलाजहरू** (वि. सं. २०५५) आदि यस धाराका उपन्यासहरू हुन् ।[४६] सामाजिक यथार्थवादी धारा वि. सं. २०१० सालसम्म प्रमुख धाराका रूपमा र त्यसपछि अन्तर्धाराका रूपमा प्रवाहित छ । नेपाली उपन्यासपरम्परामा सबैभन्दा बढी उपन्यास सामाजिक यथार्थवादी धारामा लेखिएको पाइन्छ । यस धाराका उपन्यासले समाजका मध्यम वर्ग र निम्न वर्गीय जीवनका यथार्थलाई प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवादी उपन्यासहरू तीव्र गद्यात्मक स्वरूपका छन् । **बसाइँ** यस धाराको सशक्त कृतिका रूपमा आएको छ भने **माइतघर** र **लङ्गडाको साथी** यस धाराका अन्य प्रमुख उपन्यासहरू हुन् । यसरी समाजका यथार्थपक्षहरूलाई विभिन्न कोणबाट हेर्ने र तिनलाई औपन्यासिकता प्रदान गर्ने प्रवृत्ति यिनमा पाइन्छ । यस धाराका उपन्यासमा लेखकीय दृष्टि समाजको वस्तुगत द्रष्टाका रूपमा व्यक्त भएको पाइन्छ ।

## २.४.३.४ आलोचनात्मक यथार्थवादी उपन्यास

सामाजिक विसङ्गतिमा अडेको चिन्तनप्रणालीलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । क्रान्तिकारी र श्रमिकहरूले चलाएका आन्दोलनहरूमा अनेक भ्रमजाल विछ्याएर त्यसलाई निष्क्रय तुल्याउने पुँजीवादी चाल चिर्नु यसको उद्देश्य रहेको हुन्छ ।[४७] यथास्थितिप्रति पूर्ण विमति राख्दै त्यसभित्रका समाजविरोधी तत्त्वहरूको तीव्र आलोचना गर्ने साहित्यलाई प्रगतिशील साहित्य भन्न सकिन्छ । यस किसिमका लेखनलाई प्रकारान्तरमा आलोचनात्मक यथार्थवादी लेखन भनिन्छ ।

नेपाली उपन्यासपरम्परामा सामाजिक यथार्थवादपछिको लेखनप्रवृत्तिको रूपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको **लङ्गडाको साथी**ले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्ने थालेको पाइन्छ । यस धाराअन्तर्गत लेखिएका उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको **को अछूत** ? (वि. सं. २०१७), हृदयचन्द्रसिंह प्रधानका **स्वास्नीमान्छे** (वि. सं.२०११) र **एकचिहान** (वि. सं. २०१७), खड्गबहादुर सिंहको **विद्रोह भाग १** (वि. सं. २०११) र **विद्रोह भाग २** (वि. सं. २०१३), शिवकुमार राईको **डाकबङ्गला** (वि. सं. २०१३), जगदीश घिमिरेका **लिलाम** (वि. सं.२०३७) **साविती** (वि. सं. २०३२), रमेश विकलका **सुनौली** (वि. सं. २०३१), **अविरल बग्दछ इन्द्रावती** (वि. सं. २०४०) आदि आलोचनात्मक यथार्थवादी उपन्यास हुन् ।[४८]

---

[४४] डा. कुमारबहादुर जोशी, **पूर्ववत्**, पृ. ६३ ।

[४५] कृष्णचन्द्रसिंह प्रधान, **पूर्ववत्**, पृ. ९८ ।

[४६] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. १०२ ।

[४७] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. १८७ ।

[४८] **ऐजन**, पृ. १९० ।

पुँजीवाद शक्तिप्रतिको विरोध, निन्दा र कटु आलोचना मात्र आलोचनात्मक यथार्थवादको मौलिकताका रूपमा देखिन्छ । नयाँ तर अपरिभाषित मान्यता र जीवनपद्धतिको स्थापना गर्नु पर्ने र तथ्यको उद्घाटन गर्नु पर्ने क्रान्तिकारी स्वच्छन्दतावादी स्वर पनि आलोचनात्मक यथार्थवादमा पाइन्छ । वर्गीय समाजमा देखिने समस्याको आन्तरिक विसङ्गतिलाई चिरफार गरेर देखाउन र तिनका अन्तरतहका समष्टि पक्षलाई छर्लङ्ग्याउन यो धारा सक्षम देखिँदैन । यसरी यथास्थितिप्रतिको विमति र त्यसले जन्माउन सक्ने विकृतिको विरोध गर्ने काम आलोचनात्मक यथार्थवादी स्रष्टाहरूमा पाइन्छ ।

## २.४.३.५ मनोविश्लेषणात्मक उपन्यास

मानवीय व्यवहारको अध्ययन गर्ने क्रममा अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञानलाई मनोविज्ञान भन्ने गरिएको पाइन्छ । मान्छेका मनस्तत्त्वका अन्तर्तहमा रहेका अपरिभाष्य र अनेकतम पत्रहरू, कोण तहहरूमा सुषुप्त अवस्थामा रहेका अतृप्तिजन्य उत्सुकता र इच्छाहरूको प्रस्तुति गर्ने क्रममा मनोविज्ञानले आफूलाई समर्पित गरेको छ ।[४९] साहित्यका सन्दर्भमा पात्र वा चरित्रका अन्तर्मनका कुण्ठा, विषाद, अतृप्ति, इच्छावृत्ति तथा आकाङ्क्षाहरूलाई अध्ययन वा सिर्जनाका माध्यमबाट प्रस्तुत गर्ने सिद्धान्तविशेषलाई मनोविश्लेषणात्मक सिद्धान्तका रूपमा चिन्न सकिन्छ । मानवीय क्रियाकलापहरूको प्रेरक तत्त्व मानिएको कामवृत्ति, मानवजीवनका मूल प्रवृत्तिहरू, मानसिक तह र विभिन्न किसिमका ग्रन्थिहरूका माध्यमबाट चरित्रको उद्घाटन गर्ने काम मनोविश्लेषणात्मक उपन्यासले गर्दछ । संवेगात्मकताका हिसाबले नेपाली उपन्यास साहित्यमा वि. सं. २०१५ साल पूर्वका हृदयचन्द्रसिंह प्रधान, लैनसिंह वाङ्देल र तुलसीराम कुँवरका उपन्यासहरूमा मनस्थितिको पातलो प्रयोग भइसकेको पाइन्छ । यसरी नै लीलबहादुर क्षेत्री, लीलाध्वज थापा र दौलतविक्रम विष्टका उपन्यासले पनि यस दिशामा केही मद्दत पुऱ्याएको देखिन्छ । मनोविश्लेषणको विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यासका रूपमा गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (वि. सं. २०१६), आएको छ । विजय मल्लको **अनुराधा** (वि. सं. २०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (वि. सं. २०२५), **सुम्निमा** (वि. सं. २०२७), तारिणीप्रसाद कोइरालाको **सर्पदंश** (वि. सं. २०२६), वानिरा गिरीको **शब्दातीत शान्तनु** (वि. सं. २०५६), नकुल सिलवालको **तेस्रो पाइला**(वि. सं. २०४५) आदि उपन्यासहरू मनोविश्लेषणात्मक उपन्यासहरू हुन् ।

## २.४.३.६ विसङ्गतिवादी उपन्यास

सर्वत्र असङ्गति र विसङ्गत अवस्था नै जीवनजगत्को मूल भूत कुरा हो भन्ने मान्यता विसङ्गतिवाद हो । पहिलो र दोस्रो विश्वयुद्धमा भएको नरसंहार, विध्वंश र अव्यवस्थितिले मूल्यहीन अवस्थामा पुगेको मानवजीवनको यथार्थलाई साहित्यका सन्दर्भमा विसङ्गतिवादी धाराले प्रस्तुत गरेको पाइन्छ । विश्वपरिवेशमा देखिने गरेका राजनीतिक प्रतिबद्धता र व्यवहारिकताबीचको विसङ्गति, मानवीय इच्छा-आकाङ्क्षाबाट जन्मेको विसङ्गतिलाई यस धाराले आत्मसात् गर्दछ ।  त्यसरी नै जन्म, युवावस्था, वृद्धावस्था एवम् रूग्णता आदि

---

[४९] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २४५ ।

कारणबाट जन्मेको विसङ्गति, भूत र वर्तमान एवम् जीवनचक्रका विविध विसङ्गत अवस्थालाई समेत विसङ्गतिवादले प्रस्तुत गरेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (वि. सं. २००८) ले सङ्केत गरेको विसङ्गतिवादी धारालाई ठोस रूपमा इन्द्रबहादुर राईको **आज रमिता छ** ( वि. सं. २०२१) उपन्यासले स्थापित गरेको पाइन्छ । विसङ्गतिवादी परम्परामा लेखिएका अन्य नेपाली उपन्यासहरूमा पारिजातको **शिरीषको फूल** (वि. सं. २०२२), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (वि. सं. २०२४), **बालुवामाथि** (वि. सं. २०२८), **डापी** (वि. सं. २० ), पिटर जे कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (वि. सं. २०३४), सरुभक्तको **पागलबस्ती** (वि. सं. २०४८), ध्रुव सापकोटाको **विखण्डित** (वि. सं. २०५७) आदि उपन्यासहरू पर्दछन् ।

जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति दिन शिल्पशैलीमा क्रमबद्धता अस्वीकार गर्नु विसङ्गतिवादी लेखनको वैशिष्ट्यका रूपमा देखिएको छ ।

## २.४.३.७ अस्तित्ववादी उपन्यास

मान्छेको वैयक्तिक जीवनलाई नूतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन चाहने सिद्धान्त अस्तित्ववाद हो ।[५०] अन्य चिन्तनप्रणालीका तुलनामा यो अन्तर्मुखी चिन्तनप्रणाली हो । सुकरात र सेन्ट अगस्टिनजस्ता प्राचीन पाश्चात्य चिन्तकहरूका चिन्तनमा पनि वस्तुको भावसत्ता पहिल्याउने प्रयत्न गरिएको पाइनाले पनि अस्तित्ववाद अभौतिक दर्शन हो र यो पुरातन समयदेखि चल्दै आएको चिन्तन प्रणाली हो ।[५१] राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक आदि विविध विसङ्गतिका कारणबाट जन्मिने विसङ्गतिवादसँग यसको नजिकको सम्बन्ध रहेको देखिन्छ ।

नेपाली उपन्यासपरम्परामा पारिजातको **शिरीषको फूल** (वि. सं. २०२२) बाट अस्तित्ववादी उपन्यास लेख्न थालिएको पाइन्छ । अस्तित्ववादी अन्य नेपाली उपन्यासहरूमा पारिजातको **महत्ताहीन** (वि. सं. २०२५), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (वि. सं. २०२४), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (वि. सं. २०२५), **सुम्निमा** (वि. सं. २०२७), सरुभक्तको **पागलबस्ती** (वि. सं. २०४८), **तरुनी खेती** (वि. सं. २०५२) र **समय त्रासदी** (वि. सं. २०५८) आदि देखिएका छन् ।

अस्तित्ववादीहरूले व्यक्तिगत सत्ता, व्यक्तिका जटिल समस्या, व्यक्तिको स्वतन्त्रता वैयक्तिक दायित्व, व्यक्तिगत विशिष्टताजस्ता विषयलाई महत्त्व दिएको पाइन्छ । यो दर्शन बौद्धिक हुँदाहुँदै पनि दिग्भ्रमित तुल्याउने ठानिने हुनाले केही अस्पष्टताका बीचमा पनि फस्टाउँदै गएको पाइन्छ । युवा बौद्धिक समुदायका बीचमा लोकप्रिय भए तापनि समष्टिमा यसलाई सङ्घर्षभन्दा पलायनतिर अभिमुख भएको दर्शनको रूपमा लिने गरेको पाइन्छ ।

## २.४.३.८ समाजवादी यथार्थवादी उपन्यास

आलोचनात्मक यथार्थवादको तहबाट उन्मुक्त भएपछि समाजवादी यथार्थवादको स्थापना हुन्छ । सृजना क्षेत्रमा समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादको विकसित रूपमा

---

[५०] डा. कुमारबहादुर जोशी, **पूर्ववत्**, पृ. ११३ ।

[५१] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ३३० ।

स्थापित भएको विचारधारा हो ।[५२] मान्छे जतिजति आफ्ना वरिपरिका प्राकृतिक वातावरणलाई आफ्नो पक्षमा रूपान्तरण गर्दै जान्छ । त्यतित्यति नयाँ र अज्ञात भण्डारमा नवीन तथ्य प्राप्त गर्दै र त्यसलाई समाजको अनुकूल आकृतिमा रूपान्तरित गर्दै जाने प्रवृत्ति नै प्रगतिवाद हो ।[५३] प्राविधिक शब्दमा यसलाई समाजवादी यथार्थवाद भन्नु उपयुक्त देखिन्छ ।[५४] समाजवादी यथार्थवादमा सुदृढ भविष्यप्रति विश्वास गरिने हुँदा उक्त भविष्य प्राप्तिका निम्ति सङ्घर्ष गर्ने गतिशील व्यक्तिहरू नै यस किसिमका रचनाहरूमा पात्र वा चरित्रका रूपमा उपस्थापित हुन्छन् । समाजवादी यथार्थवादमा सौन्दर्यशास्त्रीय कला स्वाभाविक र अयान्त्रिक रूपमा प्रयुक्त हुन्छ । लेखक वा स्रष्टा आफूले आत्मसात् गरेका सचेतन एवम् ऐतिहासिकतावादी चिन्तनबाट कलाको सृजना गर्दछ भने त्यस्ता कलामा समाजवादी यथार्थवाद प्रबल रूपमा देखापर्दछ ।[५५]

नेपाली साहित्यमा अनौपचारिक र स्वतस्फूर्त रूपमा समाजवादी यथार्थवादी लेखनको प्रारम्भ वि. सं. २००७ सालअघि नै भएको पाइन्छ । औपचारिक रूपमा यस चिन्तनको प्रारम्भ २००७ सालपछि मात्र भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली साहित्यमा आजसम्म पनि समाजवादी यथार्थवाद पूर्ण रूपमा स्थापित हुन सकेको छैन ।[५६] नेपाली साहित्यमा समाजवादी यथार्थवादी उपन्यासका रूपमा लिन सकिने उपन्यासमा मुक्तिनाथ तिमल्सिनाको **को अछूत ?** (वि. सं. २०११), हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (वि. सं. २०११), खड्गबहादुर सिंहको **विद्रोह भाग १** (वि. सं. २०११), र **विद्रोह भाग २** (वि. सं. २०१३), डी. पी. अधिकारीको **आशमाया** (वि. सं. २०२५) र **धर्ती अझै बोल्दैछ** (वि. सं. २०२७), खगेन्द्र सङ्गौलाको **चेतनाको पहिलो डाँक** (वि. सं. २०२७), **आमाको छटपटी** (वि. सं. २०३४), पारिजातका **तोरीबारी बाटा र सपनाहरू** (वि. सं. २०३२), **पर्खाल भित्र र बाहिर** (वि. सं. २०३५), रमेश बिकलको **अबिरल बग्दछ इन्द्रावती** (वि. सं. २०४०), भाष्करका **बन्दी आवाज** (वि. सं. २०४६), **हाँडीका कनिका** (वि. सं. २०४५) र **अमरबस्ती** (वि. सं. २०५३), घनश्याम ढकालका **गाउँभित्र** (वि. सं. २०४७), **रातो आकाश** (वि. सं. २०..) **आहुतिको नयाँ घर** ( वि. सं. २०..), **स्खलन** (वि. सं. २० ), नारायण ढकालका **सहरतन्त्र** (वि. सं. २०५०), **इर्फान अली** (वि. सं. २०५१) तथा **दुर्भिक्ष** (वि. सं. २० ) आदिलाई लिन सकिन्छ । मान्छेका संस्कारमा जरा गाडेर बसेका विविध प्रकारका विसङ्गतिहरूलाई समाजवादी यथार्थवादी रचनाले उखेलेर फ्याक्नुपर्ने वस्तुका रूपमा ठम्याएको हुन्छ । रूढि र भ्रमजाललाई चिर्न सक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण, जीवन र जगत्लाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचनाजस्ता कामको थालनी हुनु पर्ने कुरामा यसले जोड दिएको छ । समाजवादी यथार्थवाद संस्कार, धर्म र विश्वासप्रतिको जातिपाती र छुवाछुतका भेदभावप्रतिको, परिमार्जनवादी चिन्तन पद्धति हो ।[५७]

## २.४.३.९ नवचेतनामूलक उपन्यास

---

[५२] **ऐजन**, पृ. ४२३ ।

[५३] अर्न्स्ट फिसर, **कलाकी जरुरत**, (दिल्ली : राजकमल प्रकाशन, सन् १९९०), पृ. ८८ ।

[५४] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. १८४ ।

[५५] निनु चापागाई, **यथार्थवादी रचना : दृष्टि र विवेचना**, (दिल वरदान-महिम चापागाईं : २०५१), पृ. ७३ ।

[५६] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ४२२ ।

[५७] राजेन्द्र सुवेदी **पूर्ववत्**, पृ

आधुनिक युगको महाकाव्य भनिने उपन्यासमा महाआख्यानको समाप्तिको घोषणासँगै परिवर्तनशील रूप र सन्दर्भ देखिन थालेको पाइन्छ । त्यसैले समकालीन उपन्यासमा आजको मानिसले जसरी जीवनयापन गर्दैछ त्यस्तै किसिमको वस्तु तथा काव्यिक सौन्दर्यको निर्माण हुन थालको पाइन्छ । महाआख्यानको अन्तको घोषणासँगै आख्यानतन्तु र आख्यानप्रबन्ध क्षीण तथा विभग्न अवस्थामा रूपान्तरित हुन थालेको पाइन्छ । त्यसकारण अहिले आख्यानका ठोस र सपाट ढाँचा प्रायः समाप्त भएको पाइन्छ । वर्तमान सन्दर्भमा विवस्तुता, विपात्रता, विकथनात्मकता, विपरिवेशात्मकता, विवैचारिकता, विसांस्कृतिकता र विमिथकीयताजस्ता मूल्यहरूको समायोजन भएको सृजनात्मक लेखनलाई अपेक्षित सत्य बनाइएको छ ।[५८] अहिले साहित्यसिद्धान्तसम्बन्धी पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजको साहित्यसिद्धान्त भनेको विविध प्रकारका चिन्तनले बनेको इन्द्रेणीवृत्त हो ।[५९] किनकि त्यहाँ भाषाको, मस्तिष्कको, इतिहासको, संस्कृतिको, समाजको विश्लेषण गर्ने वा हेर्ने नयाँ दृष्टिकोण प्रस्तुत गरिएको हुन्छ । आज नेपाली साहित्यका अनेकखाले पूर्वधारणामा परिवर्तन आइरहेको पाइन्छ । आजका धेरै रचनामा विषयवस्तु, शैली, संरचना र सार अपरिचित तत्त्व जस्तै भएर आउन सक्छन् । त्यसैले अहिलेको एउटा उपन्यासभित्र कुनै चरित्रले गीत गाउन सक्छ, कविता रच्न सक्छ । नाटकीयता प्रस्तुत गर्न सक्छ । अझ चिठीपत्र नलेखेर इमेल पठाउन सक्छ, एसएमएस पठाउँछ । ससानो भिडियो क्लिप र नक्साहरू राखेर... ।[६०] अघिका वाराणसी, कलकत्ता, दार्जिलिङ्ग, सिलगढीजस्ता सयौ स्थापित साहित्यिक केन्द्रहरू आज टाढाटाढाका अमेरिका, बेलायत, जापान, रसिया, हङ्कङ्गलगायत संसारका अनेक मुलुकतिर सर्दैछन् । अहिलेको समालोचकले परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र नपुग्ने देखिन्छ । प्रायजसो कृतिहरूमा अन्तर्विषयक प्रवृत्ति वा बहुलवादी प्रवृत्ति देखिने गरेको हुँदा समालोचक पनि बहुआयामिक हुनु पर्ने देखिन्छ । अहिलेको कृतिलाई परम्परागत साहित्यसिद्धान्त हेरेर मात्र पुग्दैन किनभने साहित्यसिद्धान्त नै अहिले हजार आँखा भएको डोको जस्तो भएको छ । जसमा एउटा प्वालबाट हेर्दा आंशिकता मात्र फेला पर्दछ । त्यसका प्रत्येक प्वालबाट हेरिसकेपछि मात्र कृतिका बारेमा ठहर गर्न सकिन्छ । त्यस कारण अहिलेको समालोचक बहुआयामिक हुनु पर्ने देखिन्छ ।

नेपाली साहित्यमा यसखाले नवीन लेखनप्रवृत्तिलाई नवचेतनामूलक प्रवृत्ति[६१] वा उत्तरआधुनिकता पनि भनिएको पाइन्छ ।[६२] उत्तरआधुनिकता भनेको एउटा खास प्रवृत्तिविशेष मात्र नभएर हामी बाँचेको सिङ्गो समयको लक्षण वा वर्तमान काललाई[६३] बुझ्न सकिन्छ । उत्तर आधुनिकतावादले बहुकेन्द्रवादलाई मान्यता दिने हुँदा यस प्रकारका सिर्जनाहरूमा हेपिएका, छुट्याइएका, सीमान्तीकृत तथा आजसम्म नसोचेका कतिपय सन्दर्भहरूलाई उधिन्ने काम गरेको पाइन्छ ।

नेपाली उपन्यासपरम्परामा ध्रुवचन्द्र गौतमका **फूलको आतङ्क** (वि. सं. २०२५), **जेलिएको** (वि. सं. २०६२), तेजराज खतिवडाको **सर्वजा** (वि. सं. २०६०) र नारायण वाग्लेको

---

[५८] **ऐजन**, पृ ४९७ ।

[५९] गोविन्दराज भट्टराई, **उत्तरआधुनिक ऐना**, (काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६२), पृ. १ ।

[६०] गोविन्दराज भट्टराई, भूमिकाखण्ड-५, **पूर्ववत्** ।

[६१] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. ४९७-४९८ ।

[६२] गोविन्दराज भट्टराई, **पूर्ववत्**, पृ. ३१ ।

[६३] **ऐजन**, पृ. ३६ ।

**पल्पसा क्याफे** (वि. सं. २०६१) लाई जस्ता उपन्यासहरूलाई नवचेतनामूलक वा उत्तरआधुनिकतावादी चिन्तनमा आधारित रहेर सृजना गरिएका प्रतिनिधि उपन्यासका रूपमा लिन सकिन्छ ।

नेपाली उपन्यासलेखनपरम्परामा शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व**देखि सुरु भएको लामा आख्यानलेखनको परम्पराले रुद्रराज पाण्डेको **रूपमती**मा निहीत आधुनिक पक्षहरूको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्वपरिवेशमा देखिने नवीनचिन्तन प्रणालीहरूलाई आत्मसात् गर्दै नेपाली उपन्यास साहित्य जीवन्त एवम् गतिशील अवस्थामा अघि बढिरहेको छ ।

# तेस्रो परिच्छेद

# होमनाथ सुवेदीको जीवनी र व्यक्तित्व

## ३.१ होमनाथ सुवेदीको जीवनी

### ३.१.१ जन्म र पैत्रिकस्थिति

उपन्यासकार होमनाथ सुवेदीको जन्म वि.सं. २००४ पौष १४ गते सोमबार पौष शुक्ल द्वितीयाका दिन पिता जिम्मावाल मुखिया हरिलाल उपाध्याय र माता तुलसीदेवीका ज्येष्ठ सुपुत्रका रूपमा धवलागिरि अञ्चलअन्तर्गत म्याग्दी जिल्लाको ताकममा भएको थियो । उनका पुर्खाहरू वि. सं. १५४५-५० का बीचमा कर्णालीको जुम्लाबाट बसाइँ सरेर ताकमको भूमिमा आएको बुझिन्छ ।[६४] उनका पुर्खाहरू पहिलेदेखि नै कुलीन ब्राह्मण परिवार भएकाले धर्मकर्म, शीक्षादीक्षा, सामाजिक-सांस्कृतिकपरम्परा, कुलवृत्ति र आदर्शका हिमायती भएको बुझिन्छ । मल्ल राजकुलसँग सम्बन्धित भएकाले पहिले उनीहरूले पूजापाठ मात्र गर्ने काम गर्दै तर पछि गएर खेतीपाती र पशुपालन गरी जीवन निर्वाह गर्न थालेको देखिन्छ ।[६५] होमनाथ सुवेदीका वृद्ध प्रपितामह रत्नाखर सुवेदी संस्कृतका विख्यात विद्वान् थिए । उनले **चाणक्यसङ्ग्रह**को नेपालीमा अनुवाद गरेको हस्तलिखित पाण्डुलिपि फेला परेको छ[६६] भने प्रपितामह हरिलाल सुवेदी पनि संस्कृतका राम्रै ज्ञाता भएको बुझिन्छ । सुवेदीका पिता हरिलाल सुवेदी प्रतिष्ठित जिम्मावाल मुखिया भएकाले ताकममा मात्र नभई धवलागिरी अञ्चलभरि नै यिनी परिचित छन् । उनी संस्कृतका ज्ञाता भएका र फलित ज्योतिषमा सिद्धि प्राप्त गरेका मानिन्छन् । हरिलाल सुवेदी आँटिला र साहसी स्वभाव भएका व्यक्ति हुन् भन्ने कुरा बाग्लुङको बलेवामा स्थापनाको लागि प्रस्तावित विद्यालयलाई बलेवा पैयुँपाटा पाठशालाको नामबाटै ताकममा सञ्चालन गर्नाले पनि यसको पुष्टि हुन्छ । उनी सफल घोडचढी हुनाका साथै सामाजिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्रमा सक्रिय रहने गरेको पाइन्छ । होमनाथ सुवेदीका मातापिता आफ्नो कुलपरम्परामा चलिआएको चालचलन र मर्यादालाई ख्याल राख्ने हुँदा आफ्ना सन्तानलाई पनि परम्परागत कूलधर्मको अनुसरण गर्न प्रेरित गर्थे । मातापिताको आफ्ना सन्तानप्रतिको उत्तरदायित्वबोधका कारण होमनाथ, उनका कनिष्ठ भाइ ऋषिनाथ तथा बहिनी लक्ष्मीदेवीले पारिवारिक मायाममता, शिक्षादीक्षा र संस्कारकर्मबाट वञ्चित हुनु नपरेको बुझिन्छ । पितापुर्खादेखिकै सन्तुलित मध्यमवर्गीय पारिवारिक वातावरणले पनि उनलाई आजका स्थितिमा आइपुग्न सजिलो भएको

---

[६४] **सुवेदी वंशावली**, (काठमाडौं : सुवेदी कल्याण प्रतिष्ठान, २०६३), पृ. १०१ ।

[६५] उपन्यासकारबाट प्राप्त जानकारी ।

[६६] **सुवेदी वंशावली**, **पूर्ववत्**, पृ. २७१ ।

हो । सुवेदीमा पिताको महत्त्वाकाङ्क्षी प्रवृत्ति र आँटिलो स्वभाव तथा माताको आदर्श र उदार व्यक्तित्वको छाप सानैदेखि पर्दै आएको देखिन्छ ।

### ३.१.२ बाल्यकाल

वैवाहिक जीवनको लामो समयसम्म सन्तानप्राप्ति नभएकाले तीर्थ, व्रत, दान, धर्म गरेका[६७] हरिलालको चौबीस वर्षको उमेरमा ज्येष्ठ पुत्ररत्नस्वरूप होमनाथको जन्म भएको हो । जन्मकुण्डलीअनुसारको नाम हुमनाथ भए पनि सार्वजनिक रूपमा होमनाथ नामले परिचित यिनलाई हजुरआमाले प्रेमपूर्वक हरि भनी बोलाउने गरेको बुझिन्छ । हजुरआमा भद्रकलाबाट प्रचुर स्नेह प्राप्त गरेका होमनाथको बाल्यकाल मातापिताको मायाममताका साथ ताकममा व्यतीत भएको पाइन्छ । गाउँका प्रतिष्ठित मुखियाका छोरा भएकाले सुवेदीको बाल्यकाल सुखसन्तोषपूर्वक बितेको छ । यसै गरी सुवेदीले मावलीतर्फबाट पनि प्रशस्त स्नेह र सरक्षण प्राप्त गरेका हुन् । घरमा रहँदाको बाल्यकाल सुखपूर्वक बितेको भए पनि अध्ययनको निम्ति घरबाहिर रहँदा भने सामान्य रूपले बिताउनु परेको कुरा स्वयम् सुवेदी बताउँछन् । उनले बाल्य जीवनका क्रीडा, मनोरञ्जन, रमाइला पक्षहरूलाई प्राथमिकता दिने क्रममा साथीभाइसँग हेलमेल गर्ने, खेलकुदमा भने घोडा चढ्न पनि मन पराउने गरेको बुझिन्छ । आफ्नो परम्परा र कुलधर्मलाई संरक्षण गर्न चाहने घरपरिवारमा जन्मेर पनि वैयक्तिक रूपमा परम्परागत धार्मिक मूल्य र मान्यताप्रतिको वितृष्णा सुवेदीमा सानैदेखि रहेको देखिन्छ । धर्म, समाज र परम्पराप्रतिको आफ्नो दृष्टिकोणलाई उनले अङ्कुर (२०५३) मा उपन्यासमा गरेका छन् ।

यसरी उनको बाल्यावस्था घरमा रहँदा सुखसन्तोष र लाडप्यारमा बितेको भए पनि घरबाहिर रही अध्ययन गर्ने क्रममा भने सामान्य अवस्थामा बितेको देखिन्छ । बाल्यकालीन अनुभवहरूलाई सुवेदीले आफ्ना रचनाहरूमा अभिव्यक्त गरेका छन् भने कतिपय बाल्यकालीन घटनाले उनलाई सृजनोन्मुख पनि बनाएका छन् ।

### ३.१.३ शिक्षादीक्षा

होमनाथ सुवेदीको अक्षरारम्भ वि. सं. २०१० सालमा ६ वर्षको उमेरमा गाउँकै पाठशालामा पं. नरकान्त पौडेलबाट भएको थियो ।[६८] सुवेदीले प्रारम्भिक शिक्षा अनौपचारिक रूपमा पाएको देखिन्छ । वि. सं २०११ मा बलेबा पैयुँपाटा पाठशाला ताकममा स्थापित भएपछि उनले गाउँमै शिक्षा लिन थालेको बुझिन्छ । सोह्र वर्षको उमेरसम्म अनौपचारिक तबरले संस्कृतमूलको कर्मकाण्डोपयोगी शिक्षा प्राप्त गरेका छन् । यसै क्रममा उनले बाग्लुङको रातमाटा, बलेवा र थन्थाप, म्याग्दीको अर्थुङे र बेनी, पर्वतको कुस्मामा समेत विभिन्न गुरुहरूबाट शिक्षा लिएको देखिन्छ । वि. सं. २०२० चैत्र १ गते परिवारको सल्लाह र स्वीकृतिबिना नै केही साथीहरूसँग मिलेर होमनाथ प्रथमपटक काठमाडौँ आएका थिए ।[६९] काठमाडौँ आएपछि उनले रानीपोखरी प्रधान पाठशालामा अध्ययन गरी प्रथमा उत्तीर्ण गरेको पाइन्छ । प्रचलित परम्परामा एक्कासी परिवर्तन ल्याउनु पर्छ भन्ने विद्रोही विचार बोक्ने सुवेदीले डिग्री प्राप्त गरेर केही गर्न चाहन्थे भने उनको परिवार परम्परावृत्ति धान्ने बाटोमै लाग्न प्रेरित

---

[६७] उपन्यासकारबाट प्राप्त लिखित जानकारी ।

[६८] **ऐजन** ।

[६९] बुद्धिप्रसाद सुवेदीबाट प्राप्त जानकारी ।

गर्दथ्यो । यसले गर्दा उनको पारिवारिक संरचनामा मनमुटाउको स्थिति आउन थालेको थियो ।[७०] रानीपोखरीबाट प्रथमासम्मको अध्ययन उत्तीर्ण गरेपछि वि. सं. २०२२ साल जेठ २२ गते केही साथीहरूसँग यिनी अध्ययनको निम्ति भारतको मथुरामा गएको बुझिन्छ । वृन्दावनमा बसेर अध्ययन गरेपछि वाराणसेय सं विश्वविद्यालयबाट वि. सं. २०२३ मा पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरी वि. सं. २०२५ मा उत्तरमध्यमा तह पनि उत्तीर्ण गरेका छन् ।[७१] यसै समयदेखि उनी रचनात्मक र सङ्गठनात्मक क्रियाकलापसमेतमा सक्रिय हुन थालेको पाइन्छ । वि. सं. २०२४ सालमा पूर्वमध्यमा र वि. सं. २०२६ मा उत्तरमध्यमा तह अङ्ग्रेजी विषय लिएर उत्तीर्ण गर्नाले सुवेदीको अध्ययन क्षेत्र संस्कृतका अतिरिक्त अङ्ग्रेजी विषयमा पनि विस्तृत बन्न पुगेको देखिन्छ । यसै क्रममा सुवेदीले भोपाल युनिभर्सिटि, मध्यप्रदेशबाट वि. सं. २०२५ मा हाइयर सेकेन्डरी स्कुलको प्रमाणपत्रस्तरीय परीक्षा पनि उत्तीर्ण गरेका छन् । वाराणसेय सं वि. वि.बाट २०२७ मा शास्त्री तह उत्तीर्ण गरेपछि अध्ययनप्रतिको उनको रुचि झन् बढ्दै गएको देखिन्छ । यसपछि वि. सं. २०२९ सालमा काठमाडौँ आएर स्नातकोत्तर तहको अध्ययन प्राइभेट रूपमा नेपाली विषयमा उत्तीर्ण गरेका उनले त्रि. वि. बाटै वि. सं. २०३६ सालमा बी. एड् को तालिम पनि पूरा गरेका छन् ।[७२] अमेरिका प्रवासपछि पनि उनले भाषासाहित्यसम्बन्धी कोर्श पुरा गरेका छन् भने Isotope Ir-192and Au -192 Gold assembly and handling and radiation safety training पनि पूरा गरेको देखिन्छ ।

यसरी हेर्दा सुवेदीले संस्कृत माध्यमबाट शास्त्रीसम्म र नेपालीबाट स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ । अतिरिक्त रूपमा अङ्ग्रेजीबाट पूर्वमध्यमा र उत्तरमध्यमा तह उत्तीर्ण गर्नाका साथै बी. एड् सम्मको अध्ययन पूरा गरेका छन् । विभिन्न खाले पारिवारिक र आर्थिक समस्या झेल्नु परे पनि समस्यासँग जुझ्दै पूरा गरेको स्नातकोत्तर तहसम्मको अध्ययनले उनको जीवनमा ठूलो प्रभाव पार्नाका साथै उनका कतिपय दार्शनिक चेत शिक्षाबाटै निर्मित भएका देखिन्छन् ।

## ३.१.४ वैवाहिक जीवन र सन्तान

८ वर्षको उमेरमा व्रतबन्ध संस्कार गरिएका होमनाथ सुवेदीको विवाह दस वर्षको उमेरमा सिङ्गा गा. वि. स. निवासी पं. जीवनाथ पौडेल र उनकी धर्मपत्नी अमृतादेवी पौडेलकी प्रथम सुपुत्री नन्दादेवीका साथ भएको थियो ।[७३] दस वर्षको उमेरमा वैदिक विधिपूर्वक विवाह बन्धनमा बाँधिएका सुवेदीकी धर्मपत्नीको उमेर विवाह गर्दा साढे दस वर्षको भएको बुझिन्छ । होमनाथ सुवेदी र नन्दादेवी सुवेदीका दुई छोरा र एक छोरी रहेका छन् । सुवेदीका प्रथम सन्तानका रूपमा पुरुषोत्तम सुवेदीको जन्म वि. सं. २०२७ जेठमा भयो । प्रमाणपत्र तहसम्म नेपालमै अध्ययन गरेका उनले अमेरिकाको जर्ज मेसन युनिभर्सिटि फियर फ्याक्स, भर्जिनियाबाट कम्प्युटर विज्ञानमा एम्. एस्. सम्म अध्ययन गरेका छन् भने उनको विवाह लक्ष्मण सत्याल र श्रीमती उषा सत्यालकी छोरी कल्पना सत्यालका साथ भएको देखिन्छ । हाल उनका २ छोरा पुकार र सागर तथा छोरी कविता रहेका छन् । यसैगरी होमनाथ सुवेदीका

---

[७०] उपन्यासकारबाट प्राप्त जानकारी ।

[७१] **ऐजन ।**

[७२] **ऐजन ।**

[७३] **ऐजन ।**

कान्छा छोरा प्रकाश सुवेदीको जन्म वि. सं. २०२९ पुषमा भएको हो । उनले कम्प्युटरबाट एम्. एस्. र कम्प्युटेसनल साइन्समा पी. एच्. डी. हासिल गरेको बुझिन्छ । उनको विवाह दिवाकर आचार्यकी छोरी दया आचार्यका साथ भएको छ भने उनका छोराहरू आकाश, आलोक तथा छोरी प्रिया रहेका छन् । यसैगरी होमनाथ सुवेदीको तृतीय सन्तानको रूपमा कल्पना सुवेदीको जन्म वि. सं. २०३४ मा भयो । उनले जर्ज मेसन युनिभर्सिटिबाट बी.एस्. (नर्सिङ विषयमा) उत्तीर्ण गरेकी छिन् । उनको विवाह शिवप्रसाद सत्यालका छोरा बासु सत्यालका साथ अमेरिकाबाटै भएको छ । उनका सन्तानहरूमा छोरा विकल्प र छोरीहरू मेधा र सपना छन् । होमनाथ सुवेदीका सम्पूर्ण परिवार भर्जिनिया, अमेरिकामा बस्दै आएका छन् । सुवेदीले छोराछोरीको विवाह वैदिक विधि र अमेरिकाको अदालतीय विवाहविधि (Court Marriage) दुबैको समन्वयबाट सम्पन्न गरेको बुझिन्छ । होमनाथ अमेरिकामा रहँदा सन्तानका साथ ताकममा रहेकी नन्दादेवीले घरव्यवहार हेर्नाका साथै अन्य काममा समेत प्रशस्त सहयोग गर्ने गरेको बुझिन्छ । २०४७ सालमा सम्पूर्ण परिवारलाई अमेरिका झिकाएपछि भने सुवेदीको दाम्पत्य जीवन सुखपूर्वक बितेको पाइन्छ । आफ्नो दाम्पत्य जीवनमा कहिल्यै रुखो र न्यास्रोपनको अनुभव गर्नु नपरेको सुवेदी बताउँछन् । हाल उनका छोराछोरीहरू सबैजना आआफ्नो पेसामा लागेका छन् । होमनाथ सुवेदीले पनि अमेरिकामै रहेर सत्ताइस वर्षदेखि जागिरे जीवन व्यतीत गरिरहेका छन् ।

## ३.१.५ पेसा

होमनाथ सुवेदीले औपचारिक अध्ययनपश्चात् कर्मक्षेत्रमा प्रवेश गरी जागिरे जीवन व्यतीत गर्न थालेको देखिन्छ । उनले अहिलेसम्म विभिन्न समय र स्थानमा गरेका सेवाको निम्नानुसार उल्लेख गर्नु वाञ्छनीय देखिन्छ :

### ३.१.५.१ प्रज्ञाप्रतिष्ठानको सेवा

सुवेदीले जागिरे जीवनको सुरुआत वि. सं. २०३० मङ्सिर १० गतेदेखि नियुक्त भएर लोकसंस्कृति सहायक पदमा रही तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा सेवा गर्न थालेको पाइन्छ ।[७४] यस प्रतिष्ठानमा उनी २०३१ असार ३१ गतेसम्म बहाल रहेको देखिन्छ । प्रज्ञाप्रतिष्ठानमा रहँदा उनले लोकसाहित्य र संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् । खासगरी उनले म्याग्दी जिल्लाका कुइनेमङ्गले, मल्कवाङ, मुना, मुदी, ठाडाखानी, गुर्जाखानी आदि भेगमा छरिएर रहेका छन्त्याल र मगर जातिको लोकसाहित्यको स्थलगत भ्रमणद्वारा अध्ययन गरी नेपाली साहित्यका पाठकसामु प्रस्तुत गरेका छन् । सुवेदीलाई यस क्षेत्रमा लाग्ने प्रेरणा, सल्लाह र सहयोग गर्ने काम ठाकुरप्रसाद पराजुलीबाट भएको बुझिन्छ । सुवेदीले प्रज्ञामा रहँदा यसको सेवा मात्र नभई नेपाली लोकसाहित्यका क्षेत्रमा पनि उल्लेख्य कार्य गरेका छन् । प्रज्ञामा उनको जागिर छोटो अवधिको भए पनि त्यो कार्य उनलाई साहित्यतिर उन्मुख गराउनमा उल्लेखनीय रहेको देखिन्छ ।

### ३.१.५.२ जनक शिक्षा सामग्री केन्द्र, पाठ्यक्रम विकास केन्द्र र रेडियो शिक्षा शिक्षक तालिम केन्द्रको सेवा

---

[७४] ऐजन ।

वि. सं २०३१ श्रावण १ मा नियुक्त भएर २०३५ साल श्रावण ३१ गतेसम्म जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा नेपाली भाषा लेखकका रूपमा रहेर सुवेदीले नेपाली भाषाको सेवा गरेका हुन् ।[७५] यस संस्थामा उनी ४ वर्षसम्म नेपाली भाषा साहित्यको पाठ्यपुस्तक तयारीको काममा लागेको देखिन्छ । त्यसैगरी उनले वि. सं. २०३५ भदौ १ देखि २०३६ फागुन १ गतेसम्म पाठ्यक्रम विकास केन्द्र, हरिहर भवन पाटनमा पाठ्यक्रम विशेषज्ञका रूपमा पनि सेवा गरेको देखिन्छ ।[७६] जागिरे जीवनको सुरुदेखि नै भाषासाहित्यको सेवामूलक संस्थामा जागिर खाएर भाषासाहित्य र संस्कृतिको क्षेत्रमा उल्लेखनीय काम गरेको भए पनि उनले एउटै संस्थामा स्थायी रूपमा काम गरेको देखिँदैन । त्यसपछि सुवेदीले नेपाली भाषा शिक्षण प्रशिक्षक भएर वि. सं. २०३६ चैत्रदेखि रेडियो शिक्षा शिक्षक तालिम केन्द्रमा प्रवेश गरे ।[७७] यस केन्द्रमा रहँदा पनि उनले विविध रचनात्मक एवम् सङ्गठनात्मक कार्यहरू गर्दै आएको देखिन्छ । जागिरकै क्रममा उनी नेपाली टोलीको नेतृत्व गर्दै २०३८ भदौ १५ गते संयुक्त राज्य अमेरिकामा रेडियो लिपि लेखनसम्बन्धी तीनमहिने तालिमका लागि छानिएर गए । यो घटना नै सुवेदीको जीवनमा देखिने प्रमुख मोड हो । रेडियो लिपिलेखनको तालिमअवधि पूरा भएपछि नेपाल नफर्किकन अमेरिकामै रहेका सुवेदीले नेपालको जागिर राजिनाम गरेर उहीको सेवा आरम्भ गरेको देखिन्छ ।

### ३.१.५.३ अमेरिका प्रवेशपछिको जागिर

वि. सं २०३८ भदौमा रेडियो लिपि लेखनसम्बन्धी तालिमका लागि अमेरिका पुगेका सुवेदीको तीन महिनापछि अर्थात् डिसेम्बर दस तारिखका दिन प्रवेशाज्ञा (Visa) को म्याद सकियो । नेपाली तालिम टोलीको नेतृत्व गर्ने स्वयम् सुवेदीले आफ्नो जिम्मामा रहेका सबै कागजात तालिकमा भाग लिन गएका अर्का सदस्य गजेन्द्र श्रेष्ठलाई दिएर आफू अमेरिकामै बस्ने निधो गरे । उनलाई अमेरिकामै बस्नका निम्ति भाष्कर, गोविन्द शर्मा, अच्युत श्रेष्ठ, क्रिस आदिले मद्दत गरेको बुझिन्छ ।[७८] सुरुका दस-प्रन्ध दिन जति मित्र अच्युत श्रेष्ठको घरमा बसैकै अवस्थामा उनले बेस्ट मेडिकल इन्टरनेसनल स्प्रिङफिल्डमा सह-प्रबन्धक (ल्याब टेक्निसियन) पदमा रही सेवा गर्ने अवसर प्राप्त गरे । अहिले उनी सो संस्थामा सत्ताइस बर्से जागिरे जीवन व्यतीत गरिरहेका छन् ।

### ३.१.५.४ सङ्घ-सङ्गठनमा आबद्धता

होमनाथ सुवेदी सानैदेखि साहसी, निडर र चञ्चले स्वभावका भएकाले विभिन्न खेलको नेतृत्व लिने, कक्षाको नेतृत्व लिने, सांस्कृतिक कार्यक्रममा भाग लिने र जस्तोसुकै काम गर्न पनि पछाडि नपर्ने स्वभावका थिए ।[७९] साथीहरूको बीचमा केही गरेर देखाउनु पर्छ भन्ने भावना बोक्ने भएकाले विद्यार्थी अवस्थादेखि नै आफूलाई विभिन्न रचनात्मक एवम्

[७५] **ऐजन ।**

[७६] **ऐजन ।**

[७७] **ऐजन ।**

[७८] **ऐजन ।**

[७९] बालकृष्ण शर्मा, **होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित शोधपत्र) त्रि. वि., कीर्तिपुर, २०५६, पृ. ७ ।

सङ्गठनात्मक कार्यमा सहभागी गराउँदै आएको पाइन्छ । भारत प्रवासमा रहँदा उनी अध्ययनका निम्ति त्यहाँ पुगेका अन्य नेपाली विद्यार्थीहरूको सङ्गठनमा प्रत्यक्ष रूपमा संलग्न भएका थिए । यसै सिलसिलामा दिल्लीबाट प्रकाशित हुने **हिमाल** साहित्यिक पत्रिकाको प्रकाशनका निम्ति उनले सक्दो सहयोग गरेका छन् । **हिमाल** पत्रिकामा 'अविवेक' शीर्षकको कथा प्रकाशित गरी आफ्नो साहित्यिक यात्राको थालनी गरेका सुवेदीले साहित्यकारहरूसँग चिनिने मौका पाएका छन् । वृन्दावनमा रहँदा 'नेपालको भविष्यबारे चर्चा' (२०२५) शीर्षकमा गरिएको परिचयात्मक छलफलमा सहभागी भएर उनले विद्यार्थी जीवनबाटै राजनीतिलाई हेर्ने अवसर प्राप्त गरेका छन् ।[८०] यसै समयमा उनी वृन्दावनमा रहेको नेपाली विद्यार्थी सङ्घको अध्यक्ष र दिल्लीमा रहेको नेपाली छात्र सङ्घको सङ्गठन मन्त्री पनि भएका छन् । नेपाली विद्यार्थी सङ्घको अध्यक्ष पदमा रहँदा उनले **रचनासङ्ग्रह** नामक साहित्यिक पुस्तिकाको सम्पादन र प्रकाशन पनि गरेका छन् । यसमा उनको 'तृतीय विश्वयुद्ध' नामक निबन्ध सङ्गृहीत छ । दिल्लीमै रहँदा गौहत्या विरुद्धको आन्दोलनमा लागेको अभियोगमा वि. सं. २०२४ कार्तिकमा पन्ध्र दिन दिल्लीको केन्द्रीय कारागारमा सुवेदीले जेलसजाय भोगेका थिए । यसरी भारतमा रहँदा उनी विभिन्न सम्मेलन र गोष्ठीहरूको आयोजना गरी समसामयिक विषयमा चिन्तन गर्ने, सङ्घ-सङ्गठनको नेतृत्व पङ्क्तिमा रहेर सेवा गर्ने र विभिन्न आन्दोलनमा सहभागी भई सत्यको पक्षमा लड्नेजस्ता विविध गतिविधिमा संलग्न भएको बुझिन्छ ।

भारतबाट फर्कँदा सुवेदीको अध्ययन पूरा भएको थिएन । यसै क्रममा उनीभित्र परम्पराभिन्न स्वभावको विकास भएकाले विद्रोही चेतनाले पनि ठाउँ लिन थालेको थियो । उनमा सोझासाझा जनताको पक्षमा व्यक्तिगत रूपमा आवाज उठाउने र तत्कालीन पञ्चायती व्यवस्थाप्रति असहमति जनाउने व्यक्तिगत चाहना पनि बढ्न थालेको बुझिन्छ । यही अवस्थामा उनलाई परिवारबाट छुट्टी भिन्न हुनुपरेको थियो भने स्नातकोत्तर तहको पढाइ पूरा गर्ने इच्छा अर्कोतर्फ थियो । पञ्चायती व्यवस्थाको बिरोधमा लागेकाले उनी वि. सं. २०२६ आसार १ गते मुस्ताङमा पक्राउ परे । यस क्रममा उनलाई दाना, बेनी, बाग्लुङ र पोखराका कारागारमा श्रावण २८ गते सम्म राखिएको थियो ।[८१] यसैगरी सुवेदीले अन्नपूर्ण पुस्तकालय स्थापनाका लागि प्रमुख भूमिका निर्वाह गरेका छन् । पुस्तकालय स्थापना गर्दाका घटनाहरूलाई उनले **अङ्कुर** उपन्यासमा कलात्मकताका साथ प्रयोग गरेका छन् । विभिन्न सामाजिक तथा साहित्यिक संस्थाहरूमा रहेर काम गर्न चाहने होमनाथ सुवेदीले यस क्षेत्रमा गरेका कार्यहरूको विवरण निम्नानुसार रहेको छ :

(१) अन्नपूर्ण पुस्तकालय ताकम, म्याग्दीको संस्थापक अध्यक्ष ।

(२) धवलागिरि जनक्लव काठमाडौँको संस्थापक अध्यक्ष ।

(३) म्याग्दी साहित्यिक समाजको सल्लाहकार (२०५४ मा सुवेदी नेपाल आएको अवस्थामा) ।

(४) ए. एन्. एस् (America Nepali Society) बासिङ्टन डि. सी. को उपाध्यक्ष तथा नेपाली भाषा समितिको अध्यक्ष भई 25 Years of ANS video documentary को निर्माण कार्यबाट; समाजसेवीको इतिहास निर्माणबाट

---

[८०] उपन्यासकारबाट प्राप्त लिखित जानकारी ।

[८१] **ऐजन** ।

सकारात्मक भावना विकास गर्न तथा अमेरिकामा नेपाली भाषा लेख्ने लेखाउने र भिडियोहरू बनाउनतिर अग्रणी भूमिका खेलेको ।

(५) ए. एन्.एस्. (Associatin of Nepalise in the America) को डी. सी. सम्मेलनको उपाध्यक्ष भई नेपाली संस्थाहरूबीच 'Partnership' रहनु पर्छ भन्ने सशक्त धारणा अघि सारेको ।

(६) अखिल भारतीय अमेरिकी सङ्गठन यु.एस्.ए.को मुखपत्रको सम्पादन गरेको र त्यसमा नेपाली भाषासाहित्यलाई विशेष पृष्ठ दिने काम प्रारम्भ गरेको ।

(७) ए. एन्. एस्. (America NEPALI Society) डी.सी. को मुखपत्रमा नेपाली भाषासाहित्यलाई सधैँ विशेष पृष्ठ छुट्याउने परम्परा बसालेको ।

(८) Nepalrese America Concil को प्रथम विधानमा हस्ताक्षरकर्तामध्ये एक ।

(९) अन्तर्राष्टिय नेपाली साहित्य समाजको संस्थापक अध्यक्ष रही यसका सबै तह र पक्षमा काम गरिसकेको र हाल त्यसको Board of Trustee को अध्यक्ष ।

(१०) **अन्तर्दृष्टि** साहित्यिक त्रैमासिक पत्रिकाको प्रधान सम्पादक रही पत्रिका प्रकाशन गरेको ।

(११) **धवलागिरि** साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादन गरेको ।[८२]

### ३.१.५.५ विदेशयात्रा

मानिस चेतनशील प्राणी भएकाले नयाँनयाँ कुराहरू सिक्न र त्यसलाई ग्रहण गर्न चाहन्छ । त्यसैगरी देशाटनका माध्यमबाट नयाँ ठाउँको आर्थिक, सामाजिक, सांस्कृतिक आदि कुराहरू प्रति पनि ऊ जिज्ञासु रहन्छ । जागिरको सिलसिलामा होस्, अध्ययनको अथवा पर्यटनको क्रममा होस् भ्रमण आखिरमा उद्देश्यमूलक देखिन्छ । होमनाथ सुवेदीले स्वदेशका प्रायः प्रसिद्ध स्थलहरूको भ्रमण गरेको बुझिन्छ । विदेशभ्रमण विद्यार्थी कालदेखि नै भारतबाट सुरु भएको हो । उनले भारतका प्रमुख सहरहरूमा दिल्ली, बम्बइ, मद्रास, कलकत्ताका साथै वाराणसी र वृन्दावनको भ्रमण गरेका छन् । त्यसबाहेक उनले हिन्दुहरूको पवित्र तीर्थस्थल, बद्रीनाथ, केदारनाथ, जगन्नाथ, हरिहरक्षेत्र, बिहार, बाबाधाम, गङ्गासागर, रामेश्वरम् कन्याकुमारी, द्वारका, आगरा, कुरुक्षेत्र, प्रयाग, गङ्गोत्तरी, यमुनोत्तरी एवम् बेङ्कटेश्वरको पनि भ्रमण गरेका छन् ।[८३] यसैगरी अमेरिकाको जागिरे जीवन एवम् स्थायी वसोवासको क्रममा सुवेदीले अमेरिकाका प्रायः सबै राज्यको भ्रमण गरेका छन् । यसबाहेक उनले हङकङ, थाइल्यान्ड, टोकियो र सिङ्गापुरको पनि अल्पकालीन यात्रा गरेको बुझिन्छ ।[८४]

### ३.१.५.६ पुरस्कार तथा सम्मान

भाषा, साहित्य र समाजसेवा तर्फको रुचि सुवेदीभित्र विद्यार्थी कालदेखि नै रहेको पाइन्छ । स्वदेश तथा विदेशमा रहेर नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थानमा योगदान

---

[८२] **ऐजन** ।

[८३] होमनाथ सुवेदी, 'हिमालय देखि सागरसम्म' **अन्तर्दृष्टि**, (वर्ष ५ र ६, अङ्क १ र २, २०५५) पृ. २४ ।

[८४] उपन्यासकारबाट प्राप्त लिखित जानकारी ।

गर्दै आएका सुवेदीले आफ्नो योगदान बमोजिम सम्मान, पुरस्कार तथा अभिनन्दन प्राप्त गरेका छन् । हालसम्म सुवेदीले प्राप्त गरेका सम्मान र पुरस्कारहरू निम्नानुसार रहेका छन् :

(१) **अङ्कुर** (२०५३) उपन्यासका लागि रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार वि. सं. २०५४ ।
(२) वि. सं. २०५४ फाल्गुण १६ गते रत्न श्रेष्ठ पुरस्कार गुठीद्वारा बाग्लुङमा स्वागत तथा अभिनन्दन ।
(३) धवलागिरि जनक्लब, सनातन धर्म सेवा समिति, अन्नपूर्ण पुस्तकालय र आमा समूहद्वारा संयुक्त रूपमा २०५४ सालमा ताकम, म्याग्दीमा अभिनन्दन ।
(४) अखिल नेपाली अमिरिकी सङ्गठन (Association of Nepalese in the America) को सन् १९९७ मा बोस्टनमा भएको सम्मेलनमा ताम्रपत्रद्वारा सम्मानित ।
(५) The International society of poets (ISP) awarded mr. subedi with "Poet of The Merit Award Medal" and " Outstanding achievement in poetry Silver Award Cup" on The 17th Day of August 2003 during International Society of Poet Summer Convention and Symposium in Washington D. C.
(६) Asocialion of Nepalese in the America र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) एरिजोना नभाडा शाखाद्वारा अखिल नेपाली अमेरिकी सङ्गठन (क्श्) को सम्मेलन क्षेत्र फिनिक्स एरिजोनामा जुलाई २ सन् २००४ का दिन नेपालबाहिर रही गर्दै आएको नेपाली भाषा-साहित्यको सेवा तथा चौध वर्षअघि अन्तर्राष्ट्रिय स्तरको संस्था अनेसासको स्थापना गर्न र नेपाली भाषासाहित्यलाई विश्वमा चिनाउन अग्रगामी भूमिका खेलेको सम्मानमा ताम्रपत्रमा अङ्कित नेपालबाहिरका नेपाली साहित्यका अग्रज (Pioneer of Nepali literatune in the Nepali Diaspora") को पदवी प्राप्त ।
(७) वि. सं. २०६२ मा सूर्यनारायण पुरस्कार (म्याग्दी) प्राप्त ।
(८) अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज तथा NRNA साहित्यिक महोत्सव आयोजक समिति, NRNA तेस्रो विश्वसम्मेलनद्वारा सोल्टी होटल, काठमाडौँमा अक्टोवर १४, २००७ का दिन, नेपाली डायस्पोरामा गरेको साहित्यसिर्जनाको सर्वोत्तम योगदानको लागि ई. सं. २००७ को प्रथम अनेसास डायास्पोरा नृपध्वज कार्की नेपाली साहित्य पुरस्कार प्राप्त ।
(९) **अप्रवासका सुसेली** कवितासङ्ग्रहका लागि १० नोभम्बर २००७ अनेसास रोहिणी शर्मा धवलागिरि अञ्चल उत्कृष्ट पुस्तक पुरस्कार ससम्मान प्राप्त ।

### ३.१.५.७ लेखनको थालनी

कुनै पनि स्रष्टाले सिर्जना गर्दा उसका कारण रूपमा व्यक्तिगत घटना, राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति, समाज, संस्कृति एवम् परम्परागत मान्यताले भूमिका खेलेका हुन्छन् । अर्थप्राप्ति, मानवीय उन्नति, परहित आत्म सन्तुष्टि वा नयाँ विचारको प्रसार आदि उद्देश्यका कारण नै स्रष्टा सिर्जनामा प्रेरित भएको पाइन्छ ।

होमनाथ सुवेदीको लेखनको सुरुआत विद्यार्थी अवस्थामा छँदादेखि भारतको नयाँ दिल्लीबाट प्रकाशित हुने **हिमाल** पत्रिकामा सुवेदीले 'अविवेक' शीर्षकको प्रथम कथा प्रकाशित

गराएका छन् ।[८५] सत्र अनुच्छेदमा संरचित त्यस कथामा सासुबुहारीका मनोमालिन्यलाई सरल शैलीमा प्रस्तुत गरिएको छ । कथालेखनबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका सुवेदीले त्यसपछि निबन्ध विधामा कलम चलाएका छन् । पहिलो पुस्तकाकार कृतिका रूपमा नाटक र दोस्रो कृतिका रूपमा महाकाव्य रचना गरे पनि सुवेदीको पहिलो प्रकाशित कृति भने **न्याउली** (२०४३) उपन्यास हो ।

साहित्यिकलेखनको झन्डै चार दशकको यात्रा गरेका सुवेदीले प्रारम्भमा फुटकर लेखन र प्रकाशनमा सीमित रहेको पाइन्छ तर अमेरिका प्रवेशपछिको अवधिमा भने उनको लेखन उर्वरशील रहेको देखिन्छ । नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका सुवेदीका साहित्यिक कृतिहरू नेपाल र अमेरिका दुबै ठाउँबाट प्रकाशित हुँदै आएका छन् ।

## ३.१.५.८ लेखनमा प्रभाव र प्रेरणा

होमनाथ सुवेदीको पारिवारिक पृष्ठभूमि हेर्दा साहित्यिक वातावरणयुक्त देखिँदैन । प्रारम्भमा उनले संस्कृत साहित्यका विभिन्न पुस्तकहरू रघवंश, किरातार्जनीयम्, हितोपदेश, लघुसिद्धान्त कौमुदी आदिको अध्ययन गरेका छन् । चिन्तनशील व्यक्ति भएकाले सुवेदीमा साहित्यप्रतिको लगाव बढ्दै गएको पाइन्छ । व्यक्तिगत रूपमा उनले बद्रीप्रसाद रिजालबाट साहित्यतर्फ लाग्ने प्रेरणा प्राप्त गरेका थिए । रिजालले विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलाप गराउनाका साथै कथा र कविता पनि लेख्न सिकाउँथे ।[८६] राष्ट्रिय स्तरमा उनी सम, देवकोटा र हृदयचन्द्रसिंह प्रधानबाट प्रभावित देखिएका छन् । दार्शनिक तहमा मूलतः कार्लमार्क्सबाट र अंशतः सार्त्र र कामुबाट पनि सुवेदी प्रभावित देखिन्छन् ।[८७] घरपरिवार, त्यस वरपरका घटना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाचक्र, सामाजिक, आर्थिक र शैक्षिक स्थितिहरूबाट पनि सुवेदी प्रशस्त प्रभावित हुन्छन् । उनले भारतमा अध्ययन गर्ने क्रममा प्रवासमा साहित्यिक वातावरण सिर्जना गर्नको निम्ति नेपाली विद्यार्थीहरूको सङ्गठननिर्माण गरेका छन् । त्यसमा उनले समकालीन साथीहरूसँग मिलेर साहित्यसिर्जना गर्न थालेको पाइन्छ । सुवेदीलाई लोकसाहित्यतर्फ लाग्ने प्रेरणा र सुझाउ ठाकुरप्रसाद पराजुलीबाट प्राप्त भएको बुझिन्छ । समाजमा व्याप्त विकृति र विसङ्गतिका कारण जन्मिने कुण्ठा र नैराश्यका साथै विद्रोही चेतनाको उपजका रूपमा उनका साहित्यिक रचनाहरूको सिर्जना भएको पाइन्छ ।

सङ्क्षेपमा समाज, स्वघटित जीवन र परघटित जीवनका विविध घटनाबाट उनको साहित्यिक क्षेत्र प्रेरित र प्रभावित रहेको पाइन्छ । त्यसैगरी दर्शन, समसामयिक विश्वपरिवेश, साहित्यकार, दार्शनिक तथा अस्तित्ववादी चेतनाबाट पनि सुवेदी प्रभावित देखिन्छन् ।

## ३.२ होमनाथ सुवेदीको व्यक्तित्व

## ३.२.१ पृष्ठभूमि

---

[८५] होमनाथ सुवेदी, 'अविवेक' **अन्तर्दृष्टि**, (वर्ष १, अङ्क १, २०५५) पृ. ४२ ।

[८६] उपन्यासकारबाट प्राप्त जानकारी ।

[८७] **ऐजन** ।

व्यक्तित्व वंशपरम्परागत जैविक-वृत्ति पुञ्जका रूपमा सिर्जित हुन्छ र शिक्षादीक्षा, सङ्गति र वातावरणका आलोकबाट आर्जित अनुभवद्वारा समृद्ध बन्दछ ।[८८] व्यक्तित्वको अर्थ एकरूपता र अनुरूपताको निर्माण हो । व्यक्तिले आफ्नो आन्तरिक स्वरूपलाई दृढ बनाउने क्रममा प्रत्येक परिवर्तित स्थितिमा प्रतिभाको स्पष्ट गहन छाप छोडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने त्यो शक्तिसत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना दृष्टिकोण राख्न अभिप्रेरित गरेको हुन्छ । यही व्यक्तिभित्र निहीत प्रतिभाले नै व्यक्तित्वलाई चिनाएको हुन्छ ।[८९] समाजमा उसले देखाएका गति, प्रवृत्ति र आचरणका साथै उसका रुचि र स्वभावबाट पनि उसको व्यक्तित्व निर्माण भएको हुन्छ । कुनै पनि व्यक्तिको सहज तथा स्वाभाविक गुणले उसको व्यक्तित्व निर्माण गर्दछ भने सिर्जनशील एवम् सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको निर्माण गर्दछन् ।

भौतिक रूपमा होमनाथ सुवेदी ५ फिट २ इन्च अग्ला, मझौला आकृतिका, उच्च ललाट, तेजस्वी आँखा, मिलेको नाक, सम्याइएको तिलचामले केशराशि, लामो तथा गोलो मुखमण्डल, गहुँगोरो वर्ण भएका व्यक्ति हुन् ।[९०] सदैव हँसिला र चनाखा देखिने सुवेदीका लाम्चिला आँखा, पातलो आँखी भौँ साथै दाह्रीजुँगा सफाचट गरिएको अनुहार र सलक्क परेको नाकमाथि लगाइएको चस्माले उनको भौतिक व्यक्तित्व प्रभावशाली र आकर्षक देखिन्छ । भौतिक दृष्टिले सुवेदी जेजस्ता रहे पनि वैचारिक र बुद्धितत्त्वका दृष्टिले उनी उच्च देखिन्छन् । उनी सरल, निश्छल, मिलनसार, सहयोगी र स्वाभिमानी प्रकृतिका छन् । उनको बोलीमा मिठास र व्यावहारिक मृदुताका साथै सौहार्द पाइन्छ । आफ्नो कारणले कसैलाई दुःख नपुगोस् भन्ने उनको अभीष्ट रहेको बुझिन्छ । अन्धपरम्परा, सांस्कृतिक विकृति र विसङ्गतिको नाङ्गो रूपको सदैव चर्को विरोध गर्ने सुवेदी उच्च विचारमा आस्था राख्छन् । उनी आफ्नो भाषा-संस्कृति, रीतिरिवाज र राष्ट्रियता पृष्ठपोषक हुन् भन्ने कुरा उनका कृतिहरूबाट पनि पत्ता लाग्दछ ।

## ३.२.२ व्यक्तित्वका विविध रूप र होमनाथ सुवेदी

होमनाथ सुवेदीको जीवनीको अध्ययन गर्दा उनका विभिन्न व्यक्तित्व देखापर्दछन् । सुवेदीको व्यक्तित्वनिर्माणमा विविध घटना र परिवेशले पनि धेरथोर भूमिका निर्वाह गरेका छन् । उनको समग्र जीवनीलाई केलाउँदा निम्नलिखित व्यक्तित्व देखिएका छन् :

(१) सामाजिक व्यक्तित्व
(२) भाषिक एवम् शैक्षिक व्यक्तित्व
(३) साहित्यकार व्यक्तित्व
(४) लोकसाहित्यका अध्येता र सङ्कलक
(५) सम्पादक/पत्रकारिता
(६) अन्य

## ३.२.२.१ सामाजिक व्यक्तित्व

सामाजिक जीवनयापनका क्रममा समाजसँग सम्बद्ध भएर आउने विषयहरूमा सामाजिक हित र कल्याणको कामना गरेर निस्वार्थ भावले काम गर्दै जाँदा व्यक्तित्वको सामाजिक व्यक्तित्व बन्दै जान्छ । होमनाथ सुवेदीमा उनका पिताको समाजसेवी व्यक्तित्वको

---

[८८] रमा शर्मा, (सम्पा.) 'मोतीरामको व्यक्तित्व र योगदान' **मोतीस्मृति ग्रन्थ**, (काठमाडौँ : नेपाली शिक्षा परिषद्, २०३९), पृ. ३९ ।

[८९] दशरथ ओझा, **समीक्षाशास्त्र**, (दिल्ली : राजपाल एन्ड सन्स, सन् १९७५), पृ. ३१ ।

[९०] बालकृष्ण शर्मा, **पूर्ववत्**, पृ. ३२ ।

छाप परेको पाइन्छ । उच्चशिक्षा अध्ययनका निम्ति भारतको मथुरा, वृन्दावनमा पुगेका सुवेदीले त्यहाँका नेपाली छात्रहरूलाई सङ्गठित गरी उनीहरूको हकहितका लागि सङ्घर्ष गर्न थालेको बुझिन्छ । अध्ययनपश्चात् आफ्नो गाउँ फर्केपछि सुवेदीले त्यहाँ हुने सामाजिक कार्यहरूमा संलग्न भई त्यहाँको चेतनाको स्तर उकास्ने काम पनि गर्न थालेको पाइन्छ । गाउँघरमा रहँदा विकासात्मक कामहरूमा आफूलाई अग्रसर बनाएरका सुवेदी समाजसेवीका रूपमा चिनिएका छन् । त्यसै गरी काठमाडौँमा जागिरे जीवन व्यतीत गर्ने क्रममा विभिन्न सङ्घसंस्थासँग आबद्ध भएका सुवेदी अमेरिकामा रहेर सामाजिक सङ्घसंस्थामा संलग्न भई काम गर्दै आइरहेका छन् । सुवेदीले नेपाल र नेपाली भाषासाहित्यप्रति ठूलो गुन लगाएका छन् । अमेरिकामा उनी अहिले आप्रवासीका हैसियतले बस्दै आएका भए पनि स्वदेशी भाषासाहित्य र संस्कृतिको पनि सेवा गर्दै आइरहेका छन् ।

## ३.२.२.२ भाषिक एवम् शैक्षिक व्यक्तित्व

होमनाथ सुवेदीले वि.सं २०३० मङ्सिर १० गतेदेखि प्रज्ञा प्रतिष्ठानमा जागिर खान थालेका हुन् । उनले वि. सं. २०३० देखि २०३८ सालको अवधिमा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, पाठ्यक्रम विकास केन्द्र र रेडियो शिक्षा शिक्षण तालिम केन्द्रमा रहेर भाषा र वाङ्मयको सेवा गरेका छन् । आफूमा अन्तर्निहित शैक्षिक ज्ञान र भाषिक विवेकले गर्दा भाषालेखक, पाठ्यक्रम विशेषज्ञ, भाषाशिक्षण प्रशिक्षकका रूपमा सेवा गर्ने अवसर सुवेदीले पाएको बुझिन्छ ।

## ३.२.२.३ साहित्यकार व्यक्तित्व

साहित्यकार व्यक्तित्व सुवेदीको प्रमुख तथा प्रभावशाली व्यक्तित्व हो । **हिमाल** (२०२५) साहित्यिक पत्रिकामा प्रकाशित 'अविवेक' कथाबाट यिनले साहित्यिक लेखनको सुरुआत गरेका हुन् । उनका **रचनासङ्ग्रह** (२०२६) मा 'तृतीय विश्वयुद्ध' निबन्ध र **माधुर्य** (२०३०) मा 'विकासको मूल' कविता प्रकाशित छन् । पुस्तकाकार कृतिका रूपमा सुवेदीका हालसम्म १४ वटा कृति प्रकाशित भैसकेका छन् । अन्य थुप्रै कृतिहरू प्रकाशोन्मुख रहेको पनि बुझिन्छ । सिर्जनशील व्यक्तित्व सुवेदीले गद्य र पद्य दुवैतर्फ कमल चलाएका छन् । उनका प्रकाशति कृतिहरूमा उपन्यास, कथा, निबन्ध तथा लोककथाको सङ्कलन रहेका छन् । **सेतो गाजल** ( २०६४) शीर्षकमा गजलसङ्ग्रह पनि प्रकाशित छ । सुवेदीलाई साहित्यकार व्यक्तित्वका उभ्याउने उनका हालसम्म प्रकाशित कृतिहरूको विवरण निम्नानुसार रहेको छ :

| क्र. सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | प्रकाशक | प्रकाशन स्थान |
|---|---|---|---|---|---|
| १ | **न्याउली** | उपन्यास | वि. सं. २०४३ | नन्दादेवी मङ्गला प्रकाशन | काठमाडौँ |
| २ | **रत्ना** | उपन्यास | वि. सं. २०४३ | नन्दादेवी मङ्गला प्रकाशन | काठमाडौँ |
| ३ | **त्रिमूर्ति** | उपन्यास | वि. सं. २०४४ | नन्दादेवी मङ्गला प्रकाशन | काठमाडौँ |
| ४ | **नजर** | उपन्यास | वि. सं. २०४४ | नन्दादेवी मङ्गला प्रकाशन | काठमाडौँ |
| ५ | **वीणा** | उपन्यास | वि. सं. २०४५ | नन्दादेवी मङ्गला प्रकाशन | काठमाडौँ |
| ६ | **चौराली** | उपन्यास | वि. सं. २०५१ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |
| ७ | **छन्त्यालको** | लोककथा | वि. सं. २०५२ | अनेसास, वासिङ्टन डी. | अमेरिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | **छेउछाउबाट** | | | सी. | |
| ८ | **अङ्कुर** | उपन्यास | वि. सं. २०५३ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |
| ९ | **प्रवासी स्वर** | कवितासङ्ग्रह | वि. सं. २०५५ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |
| १० | **ताकम-दर्पण (सहलेखन)** | गाविस प्रोफाइल | वि. सं. २०५५ | ताकम गाविस | म्याग्दी |
| ११ | **अप्रवासका सुसेली** | कवितासङ्ग्रह | वि. सं. २०६३ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |
| १२ | **सेतो गाजल** | गजलसङ्ग्रह | वि. सं. २०६४ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |
| १३ | **यमपुरीको महल** | उपन्यास | वि. सं. २०६४ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |
| १४ | **चिरिएको मुटु** | कथासङ्ग्रह | वि. सं. २०६४ | अनेसास, वासिङ्टन डी. सी. | अमेरिका |

यस प्रकार सुवेदीले संयुक्तलेखनबाहेक हालसम्म १३ वटा पुस्तकाकार कृतिहरू प्रकाशित गरिसकेका छन् । यिनमा साहित्यका अधिकांश विधाहरू समेटिएका छन् । सुवेदीका यी कृतिहरूमा विचारतत्त्व र मनोवैज्ञानिक तत्त्वको प्रयोग भएको छ। मानवीय मूल्य र मान्यताको स्थापनानाका निम्ति अस्तित्वको खोजी गर्नु सुवेदीको प्रमुख लक्ष्य हो । उनको साहित्यसिर्जनाको उद्देश्य भनेको दमनको निषेध र स्वतन्त्रतावरणको विकल्प रोज्न पाउनु रहेको छ । साहित्यलेखनका झन्डै चारदशकमध्ये दुई दशकभन्दा बढी अवधिमा सुवेदीको लेखनी बढी सक्रिय रहेको देखिन्छ। आजको मान्छेको जीवनभोगाइका विविध रूप र आप्रवासी नेपालीहरूको स्वदेशप्रतिको मायाममतालाई उपन्यासभित्र कहीँ न कहीँ स्थान दिँदै आएका सुवेदीले उत्तरवर्ती चरणमा यसैलाई वैचारिक केन्द्रबिन्दु बनाउन खोजेको आभास हुन्छ । चेतनप्रवाह पद्धति ( सुवेदीको भनाइमा वाष्पसंचेतना पद्धति), स्वप्न पद्धति र पूर्वदीप्ति पद्धतिको प्रयोगले गर्दा आजको मान्छेको मानसिक अवस्थालाई यथार्थ रूपमा प्रस्तुत गरेको पाइन्छ । साहित्यिक लेखनका क्रममा सुवेदीको वैचारिक निकटता द्वन्द्वात्मक भौतिकवादतर्फ रहेको भए पनि आफ्ना कृतिहरू (उपन्यास) मा उनले आदर्शवाद र द्वन्द्वात्मक भौतिकवादबीच पर्याप्त अन्तर्द्वन्द्व सिर्जना गरेका छन् । यसैगरी उनको लेखनकलाको आन्तरिक सौन्दर्यचेतका रूपमा सत्यमा प्रयोगवादी विश्वास, पदार्थवादी दर्शन, समाजवादी अर्थव्यवस्था, भौतिकवादी-अस्तित्ववादी जीवनचिन्तन, मार्क्सवादीपरम्परामा प्रतिबद्धतामूलक बहुदलवादी राजनैतिक विचारधारा, विकासवादी क्रान्तिकारी संस्कृति र साहित्यको नवीनतम प्रयोगको अनुलेप रहेको देखिन्छ।[९१]

## ३.२.२.४ लोकसाहित्यका अध्येता र सङ्कलक

नेपाली लोककथाको सङ्कलन र अध्ययन-अनुसन्धानमा होमनाथ सुवेदीको स्थान उल्लेखनीय छ । लोकसाहित्यमा रुचि राख्ने सुवेदीले २०३० सालमा प्रज्ञा प्रतिष्ठानमा

[९१] गोपाल पराजुली, (सम्पा.), **गरिमा साक्षात्कार, (गरिमा)** (वर्ष २४, अङ्क ३, पूर्णाङ्क २७९, फागुन, २०६२), पृ १३४ ।

लोकसंस्कृति सहायक भई कार्य गर्न थालेपछि यिनले म्याग्दी जिल्लाको दुर्गम गाउँवस्तीहरूमा छरिएर रहेका छन्त्यालहरूको बारेमा अध्ययन-अनुशीलन गरेका छन् । उनले छन्त्यालहरूको जातीय पहिचानलगायत विविध पक्षहरूका अनुसन्धानात्मक लेखहरू पनि प्रकाशित गराएका छन् । **रूपरेखा** (२०३२) मा 'छन्त्याल जाति : एक परिचय' शीर्षकको लेख प्रकाशित गराएका सुवेदीले **धवलागिरि**, **श्रीसूर्य**, **अन्तर्दृष्टि** र **चौराली** पत्रिकामा विविध लोकसंस्कृतिमूलक लेखहरू प्रकाशित गरेका छन् । अमेरिकी प्रवासमा पनि उनले पच्चीस वटा कथाहरूको सँगालो **नेपाली लोककथा : छन्त्यालको छेउछाउबाट** (२०५२) प्रकाशित गरेका छन् । यसरी सुवेदी लोकसाहित्यको अध्येता र सङ्कलकका रूपमा पाठकसामु परिचित छन् ।

### ३.२.२.५ सम्पादक/पत्रकारिता

होमनाथ सुवेदीको व्यक्तित्व सम्पादन/पत्रकारिताको क्षेत्रसम्म पुगेको छ । नेपाली भाषासाहित्य र संस्कृतिको विकासमा टेवा पुऱ्याउने उद्देश्यबाट प्रेरित भई विभिन्न समय र स्थानमा रहेर सुवेदीले पत्रपत्रिका पनि सम्पादन गरेका छन् । भारतप्रवासमा रहँदा छात्रसङ्घको अध्यक्षको हैसियतले उनले **रचनासङ्ग्रह** (२०२६) साहित्यिक पुस्तिका सम्पादन गरेका छन् । काठमाडौँमा रहँदा धवलागिरि जनक्लबबाट प्रकाशित हुने **धवलागिरि** पत्रिकाको पनि सुवेदीले सम्पादन गरेका छन् । त्यसैगरी सुवेदीले रेडियो शिक्षा शिक्षक तालिम परियोजनााबाट प्रकाशित हुने **बुलेटिन**को पनि सम्पादन गरेका छन् । अमेरिका बस्न थालेपछि उनले त्यहाँ अखिल नेपाली अमेरिकी सङ्गठनको मुखपत्रका रूपमा निस्कने **ANA / ANS** न्युजलेटरको प्रधान सम्पादक भई नेपाली साहित्यसम्बन्धी लेखरचना प्रकाशित गर्न थालेका छन् । यसका अतिरिक्त उनले अनेसासबाट प्रकाशित हुने **अन्तर्दृष्टि** (२०४८) त्रैमासिक साहित्यिक पत्रिकाको पनि प्रधान सम्पादक भई काम गरेका छन् । यसमा उनका कथा, कविता, निबन्ध, समीक्षालेखनका साथै समाचारमूलक लेखहरू पनि प्रकाशित हुँदै आएका छन् ।

यसरी स्वदेश तथा विदेशमा रहेर विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गर्ने सुवेदीले आफूलाई सम्पादक व्यक्तित्वका रूपमा स्थापित गराएका छन् ।

### ३.२.२.६. अन्य

होमनाथ सुवेदीका उपर्युक्त व्यक्तित्वबाहेक उनका व्यक्तित्वका अन्य केही उल्लेखनीय पक्षहरूलाई पनि समेट्न सकिन्छ । साथीभाइहरूलाई लेख्न र पढ्न प्रेरणा दिने सुवेदी सामूहिक सहयोगबाट कुनै पनि कुराको कडी पत्ता लगाउन सकिन्छ भन्ने विचार राख्दछन् । विभिन्न सङ्घसंस्थाको गठनमा सक्रियता देखाउने उनले नेतृत्व तहमा पुगेर संस्थालाई निश्चित दिशानिर्देश गर्न चाहन्छन् । यदाकदा सुवेदीले आफूलाई राजनीतिमा संलग्न गराएको कुरा पनि अध्ययन गर्दा थाहा लाग्छ । खासमा उनी अध्ययनशील र भ्रमण प्रिय देखिन्छन् । जागिरे जीवन बिताउने क्रममा 'बेस्ट मेडिकल इन्टरनेशनल'मा सहप्रबन्धक रहेका सुवेदीले आफूलाई ल्याब-टेक्निसियनका रूपमा पनि चिनाएका छन् ।

यसरी हेर्दा होमनाथ सुवेदीको व्यक्तित्व प्रतिभाशाली तथा बहुआयामिक युक्त छ भन्न सकिन्छ ।

## चौथो परिच्छेद
## औपन्यासिक प्रवृत्ति र चरण विभाजन

### ४.१ पृष्ठभूमि

नेपाली साहित्यमा 'अविवेक' (वि. सं. २०२५) शीर्षकको कथाको प्रकाशनबाटसाहित्यिक यात्रा आरम्भ गर्ने होमनाथ सुवेदीले उपन्यास, कविता, कथा, निबन्ध, गजल आदि विधामा कलम चलाउँदै आएका छन् । त्यसबाहेक उनले नेपाल तथा अमेरिकाका विभिन्न स्थानबाट प्रकाशित हुने पत्रपत्रिकाहरूमा विविध विधाका लेखरचनाहरू, समसामयिक लेखहरूका साथै थुप्रै लेखकका विभिन्न विधाका कृतिहरूमा भूमिकालेखन पनि गर्दै आएका छन् ।

### ४.२ होमनाथ सुवेदीका औपन्यासिक प्रवृत्तिहरू

नेपाली साहित्यको लेखनकार्यमा लगभग चारदशकदेखि होमनाथ सुवेदी समर्पित रहँदै आएका छन् । उनले विविध विधामा कलम चलाएका भए पनि मूलतः उनी उपन्यासकार हुन् । सुवेदीका हालसम्म प्रकाशित तेह्रवटा कृतिहरूमध्ये आठवटा उपन्यास मात्र हुनाले पनि यसको पुष्टि हुन्छ । विविध वस्तु, शिल्प तथा वैचारिकतालाई प्रश्रय दिएर लेखिएका **न्याउली** (२०४३), **रत्ना** (२०४३), **त्रिमूर्ति** (२०४४), **नजर** (२०४३४), **वीणा** (२०४५), **चौराली** (२०५१), **अङ्कुर** ( २०५३) **र यमपुरीको महल** (२०६४) उपन्यासहरूका आधारमा होमनाथ सुवेदीका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गर्न सकिन्छ । यी उपन्यासहरूको अध्ययनबाट उनका प्रवृत्तिहरू निम्नानुसार देखिन्छन् :

#### ४.२.१ सामाजिक यथार्थवादी

समाजमा जनुकुरा जस्तो अवस्थामा छ त्यसलाई त्यसै रूपमा प्रस्तुत गर्ने साहित्यिक मान्यता सामाजिक यथार्थवाद हो ।

होमनाथ सुवेदीको उपन्यासलेखनमा पाइने मूल प्रवृत्ति सामाजिक यथार्थ हो । उनका प्रकाशित धेरैजसो उपन्यासहरूले सामाजिक यथार्थलाई प्रतिबिम्बित गर्ने प्रयास गरेका छन् । शिक्षित भएर पनि विभिन्न किसिमका परिवन्दका कारण एउटी ग्रामीण महिलाले आफ्नै जेठाजुबाट भोग्नुपरेको पीडा, अत्याचार, सामाजिक लाञ्छनालाई **न्याउली** उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसरी नै प्रजातन्त्रप्राप्ति पछि पनि न्यायप्रणालीमा विद्यमान अविवेकीपन र अदूरदर्शितालाई **न्याउली** उपन्यासले देखाउन खोजेको छ । प्रजातान्त्रिक व्यवस्थामा सामन्तवादी प्रवृत्तिको हालीमुहाली र अर्थोपार्जनको निम्ति विदेसिनु पर्ने नेपालीहरूको यथार्थलाई पनि **न्याउली**ले प्रस्तुत गरेको छ । **रत्ना** उपन्यासले समाजमा सौता भन्ने कुरा कति भयानक हुन्छ र

कसैको निहित स्वार्थमा एकीकृत पारिवारिक संरचना कसरी दुर्घटित अवस्थामा पुग्न सक्छ भन्ने कुरा देखाउन खोजेको छ । क्रान्तिमार्फत् साम्यवादको स्थापना गर्न चाहने विद्रोहीहरू विरोधी तत्त्वका प्रपञ्चमा जेलिएर छिन्नभिन्न भई पलायनसमेत हुनपुगेको यथार्थलाई पनि यहाँ दर्साइएको छ । यसमा सौताभयबाट आतङ्कित नारीको मनोदशा प्रस्तुत गरिएको छ । नारीहरूले आफ्नो सर्वस्व सुम्पिएर अनन्यभावले प्रेम गर्दा पनि तिरस्कृत हुनु पर्ने विद्यमान अवस्था र महिलाहरूलाई अवला ठानेर हेप्ने स्वार्थी पुरुषप्रवृत्तिलाई **वीणा** उपन्यासले समेटेको छ । समाजमा व्याप्त रूढीवादी एवम् परम्परागत मान्यताका पक्षपातीहरू र नवचिन्तनका पक्षधरहरूका बीचको अन्तः एवम् बाह्य सङ्घर्षलाई **अङ्कुर** उपन्यासमा देखाइएको छ । सनातनका रूपमा मानिँदै आएको रूढ आदर्शका पक्षपोषक र नवचिन्तन एवम् जागरणका पक्षपाती किशोरवयका मानिसहरूका बीचको वैचारिक मतभेद, पुस्तान्तरगत वैचारिक भिन्नता तथा आफ्नो वर्ग एवम् अस्तित्वरक्षाका लागि तिनले गरेको सङ्घर्षलाई **अङ्कुर** उपन्यासले समेटेको छ । शिक्षित भएर पनि देशको बेरोजगारपूर्ण स्थिति एवम् विभिन्न कारणले बिदेसिनु पर्ने नेपालीहरूको वर्तमान यथार्थलाई **यमपुरीको महल**मा प्रस्तुत गरिएको छ यसमा आप्रवासी वा अवैध कामदारका रूपमा अमेरिकामा रहेका नेपालीहरूको जीवनभोगाइको यथार्थ र तिनका मनोदशालाई जीवन्त रूपमा चित्रण गरिएको छ ।

यसरी होमनाथ सुवेदीका अधिकांश उपन्यासहरूमा सामाजिक यथार्थलाई वस्तुका रूपमा चयन गरिएको पाइन्छ । समाजमा विद्यमान आर्थिक असमानता, राजनीतिक अस्थिरता, सांस्कृतिक विचलनशीलताजस्ता पक्षहरूका साथै विभिन्न कारणहरूले विदेसिनु पर्ने नेपालीहरूको सामाजिक यथार्थलाई सुवेदीका उपन्यासहरूले आत्मसात् गरेका छन् । यसबाहेक विश्वका राष्ट्रहरू अनेक ध्रुवमा बाँडिएको यथार्थलाई पनि सुवेदीका उपन्यासले सन्दर्भित गरेका छन् ।

## ४.२.२ विद्रोही चेतना

यथास्थितिबाट मुक्ति चाहने साहित्यलाई प्रगतिशील साहित्य भनिन्छ । यथास्थितिप्रति पूर्ण असहमति व्यक्त गर्ने र त्यसभित्रका समाजविरोधी तत्त्वहरूको तीव्र आलोचना गर्ने साहित्य प्रगतिशील साहित्य हो ।[९२]

होमनाथ सुवेदीको औपन्यासिक लेखनमा विद्रोही चेतनाले मूलस्वर प्राप्त गर्न खोजेको छ । उपन्यासकारले प्रायजसो मुख्य चरित्रलाई शिक्षित तथा दार्शनिक चिन्तकका रूपमा उपस्थापित गरेका छन् । उनीहरूलाई समाज, अर्थ, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय राजनीति, दर्शन तथा विविध विषयका चिन्तकका रूपमा प्रस्तुत गरिएको पाइन्छ । प्रकारान्तरमा चरित्रहरू विश्वपरिवेशका ज्ञाता एवम् दर्शन र चिन्तनमा अग्रणी रहे पनि तिनको प्रस्तुतिमा अपेक्षाकृति रूपमा स्वाभाविकताको निर्वाह हुन नसकेको देखिन्छ ।

सुवेदीको प्रथम प्रकाशित **न्याउली** उपन्यासमा सामाजिक, रीतिरिवाज, ईश्वर एवम् परम्परागत मान्यता र रूढिप्रतिको विरोधमा न्याउलीका आलोचनात्मक स्वरहरू प्रकट भएका छन् । आर्थिक एवम् शैक्षिक दृष्टिले आफूभन्दा सम्पन्न भए पनि सुनसरीका सामु नझुक्ने र आफ्नो अधिकारप्राप्तिको निम्ति सौता र श्रीमान्को प्रतिकार गर्ने रत्नाको बोली र व्यवहारमा प्रगतिशील विचारले प्रश्रय पाएको छ । **त्रिमूर्ति** उपन्यासका गोपाल, गुना र सुन्तुका चरित्रहरूमा पनि विद्रोही चेतना रहेको देखिन्छ । नाताले यिनीहरू आमाछोरा बाबुछोरी भए पनि

---

[९२] राजेन्द्र सुवेदी, **पूर्ववत्,** पृ. १८४ ।

आफूहरूबीचको प्रेमभावलाई यिनले अमर राख्न चाहन्छन् । **त्रिमूर्ति**का मुख्य चरित्रहरू सामाजिक विधि निषेधको तहदेखि माथि उठेर अराजकतामा बाँच्न खोजेका छन् । आफूहरू बीचको सम्बन्ध समाजलाई अपाच्य हुने हुँदा समाजमा हीन भएर बस्नु भन्दा बरू निर्वासनलाई रुचाउने **त्रिमूर्ति**को कथाले विद्रोहको सङ्केत गर्दछ । त्यसै गरी **नजर** उपन्यासले नामशेष पात्र 'म' को स्वतन्त्रताप्रतिको आकाङ्क्षा, त्यसको प्राप्तिको निम्ति उसले अङ्गीकार गरेको हत्यावृत्तिले पनि विद्रोहको सङ्केत गरेको छ । 'म' पात्रले कसैको एउटा सूक्ष्म नजरलाई पनि परवशताको द्योतक मान्दछ । त्यसकारण सामाजिक वैमनस्यता र घातप्रतिघातबाट विरत भएको उसले एकान्तवास रोज्छ तर त्यहाँ पनि आफ्नो रेखदेखको नाममा गरिएको निगरानीले बेचैन बनाउँदै लगेपछि नायकले सहोदर नौ भाइहरूको हत्या गरेको छ । 'म' पात्रले कस्तो प्रकारको स्वतन्त्रता चाहेको हो त्यसको खोलुवा नभए पनि स्वतन्त्रताप्राप्तिका निम्ति उसले जीवनभर सङ्घर्ष गरेको छ । यसकारण **नजर**लाई विद्रोहचेत प्रबल भएको उपन्यासको कोटिमा राख्न सकिन्छ । **अङ्कुर** उपन्यासको नायक कैलासको चरित्र पनि विद्रोही प्रवृत्तिको छ । बाबुकै भए पनि गलत कुरो गलत हो, दुश्मन कै भए पनि सही सही नै हो भन्ने कैलासले आफ्ना मातापिता, काका तथा माननीयहरूसँग विद्रोह गरेको छ । **अङ्कुर**को कथा परिवारकेन्द्री भए पनि त्यसमा पुरातन विचारलाई प्रश्रय दिनेहरू र नवचिन्तनका पक्षपातीहरूका बीचको शीतयुद्धलाई प्रस्तुत गरिएको छ । उपन्यासको अन्ततिर दुबै पक्षका बीचमा प्रकट रूपमा नै द्वन्द्वको स्थिति उत्पन्न भएको छ । नवचिन्तन र जागरणको पक्षपाती कैलासले पुरातन विचारमाथि विमति राख्दै नवीन चिन्तनको स्थापन गर्न खोजेको छ । त्यसलै उसको चरित्रमा सुरुदेखि नै विद्रोही चेतनाले ठाउँ पाएको छ । यसबाहेक **चौरा**ली उपन्यासको नामशेष 'म' पात्रका चरित्रमा र **यमपुरीको महल**को प्रेममा पनि विद्रोही चेतना प्रबल रहेको छ । यसरी हेर्दा होमनाथ सुवेदीका सबैजसो उपन्यासहरूमा विद्रोही चेतनाले प्रश्रय पाएको देखिन्छ । औपन्यासिक चरित्रहरूले समाजभित्रको अव्यवस्थितिलाई समाधान गर्ने दिशामा दीर्घ चिन्तन नगरेको भए पनि समाजमा व्याप्त विकृत र त्यसबाट उत्पन्न हुने दुष्प्रवृत्तिको तिनीहरूले भण्डाफोर गर्न चाहन्छन् । यसै क्रममा कतिपय चरित्रहरू आक्रोशपूर्ण भावमुद्रामा क्रियान्वित भएको पनि पाइन्छ । चरित्रका स्वच्छन्द प्रकृतिका क्रान्तिकारी प्रवृत्तिलाई समग्रमा आलोचनात्मक यथार्थवादको कोटिमा राख्न सकिन्छ ।

### ४.२.३ आप्रवासी चेतना

कुनै पनि कारणले आफ्नो जन्मभूमि छाडेर अन्य स्थानमा वा मुलुकमा बस्न बाध्य समुदायलाई वर्तमान सन्दर्भमा डायास्पोरा वा आप्रवास भनिन्छ । युद्ध, प्राकृतिक प्रकोप, राजनीति आदि कारणहरूका साथै स्वेच्छापूर्वक र साहसिक कार्यप्रदर्शनको आकाङ्क्षाजस्ता विभिन्न कारणहरूले मानिस विदेसिने गर्छ । त्यसरी आफ्नो मूल थलो छोडेर भाग्ने वा विदेसिने समुदायमध्ये कोही युद्धबन्दी हुन्छन् भने कोही शरणार्थी, दास, सैनिक, विद्यार्थी वा अन्य बन्दीहरू पनि हुन्छन् । यसरी विभिन्न कारणहरूले मानिसलाई स्वदेशबाट विमुख गराइरहेको पाइन्छ । तिनीहरू आफ्नो मूलथलोमा फर्केर आउन नसक्नु एउटा लामो, अनिर्णयको अवस्था हो । समयक्रमसँगै बिदेसिएकाहरूले आफू रहेको ठाउँमा एउटा ससानो समाज निर्माण गर्दछन् जसलाई आप्रवास वा प्रकारान्तरमा डायास्पोरा भनिएको पाइन्छ । वर्तमान अवस्थामा विज्ञान र प्रविधिको विकासले सञ्चार, ज्ञान तथा आवागमनमा सुगमता प्रदान गरेको छ । त्यसकारण अहिले एउटा भौगोलिक सीमान भित्रै पनि अनेकौँ डायास्पोरा बन्न थालेको पाइन्छ । नेपालमा रहँदा नै सामाजिक तथा सम्पादक व्यक्तित्वका रूपमा होमनाथ सुवेदी परिचित छन् । वि. सं.

२०३८ सालपछिको अमेरिकाको प्रवासी जीवनमा समेत यिनी नेपाली भाषासाहित्यको योगदानमा उत्तिकै सक्रिय रहेको पाइन्छ । अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाजको स्थापना गर्नाका साथै यिनले आफ्नै सम्पादनमा **अन्तर्दृष्टि** साहित्यिक पत्रिकाको प्रकाशनको आरम्भसमेत गरेका छन् । प्रस्तुत पत्रिकाले विदेशी भूमिमा रहेर नेपाली भाषासाहित्यको सेवा मात्र गरेको नभई अमेरिकालगायतका मुलुकमा छरिएर बसेका नेपालीहरूलाई सङ्गठित गर्ने कामसमेत गरेको छ । आप्रवासमा पनि स्वदेशको चालचलन र रिवाजलाई प्रश्रय दिन चाहने सुवेदीले त्यहाँका हरेकजसो सामाजिक क्रियाकलापमा आफूलाई सरिक गराएर आफ्नो सामाजिक व्यक्तित्वलाई पनि उचाइ प्रदान गरेका छन् ।

आप्रवासीय चेतनाको झल्को दिने कृतिहरू अन्य भाषाका साहित्यको तुलनामा नेपाली साहित्यमा नगण्य मात्रामा प्रकाशित छन् । नेपाली साहित्यका अन्य विधामा यस प्रकारका सृजनाहरू पाइए पनि औपन्यासिक क्षेत्रमा होमनाथ सुवेदीको **यमपुरीको महल** नै आप्रवासीय ( डायास्पोरिक) चेतना अन्वित प्रथम नेपाली मौलिक उपन्यासका रूपमा आएको छ । त्यसो त सुवेदीकै **रत्ना** उपन्यासमा पनि आप्रवासी चेतनाको प्रयोग गरिएको पाइन्छ । त्यसमा बेलायतमा पढ्न गएको कर्ण सुनसरीको सुनको जन्तरप्रति आकर्षित भएको छ । यस उपन्यासमा बेलायतको बाह्य सभ्यताको वर्णनमा अमेरिकाको भूमिगत मार्ग र सडकको प्रक्षेप गरेको पाइन्छ । बेलायतको सन्दर्भमा 'स्थायी वर्क पर्मिट'लाई उपन्यासकारले 'मानवीय मनोकामना पूरा गर्न सक्षम दुनियाँको कुनै पनि सौन्दर्यको प्रतिद्वन्द्वितामा नहार्ने सुनसरीको सुनको जन्तर'मा प्रक्षेपण गरेका छन् । वास्तवमा कर्णले चाहेको सुनसरीको अमूल्य जन्तर नै अमेरिकाको सन्दर्भमा ग्रीनकार्डको प्रतीक हो । यसै गरी **नजर** उपन्यासले स्वतन्त्रताको अन्वीक्षण गर्ने क्रममा मानवीय पीडालाई औपन्यासीकरण गरेको छ भने **द्यौराली**मा एउटा जीवन नै आप्रवास बनेको छ । यसमा सामाजिक व्यवहारजन्य घात-प्रतिघातबाट विरत भएको नायकले एकान्त बास रोज्छ तर समय बित्दै जाँदा उसलाई एकान्तवास पनि अर्थहीन लाग्न थालेपछि समाज निर्वासन स्विकारेको 'म' पात्रले एकान्तवासलाई राजेको छ । विसङ्गतिपूर्ण भए पनि नायकले द्यौरालीको सङ्घर्षमय जीवन जिउन चाहन्छ । त्यसकारण उकालो, ओरालो र तेर्सो बाटो हुँदै ऊ आफ्नो गन्तव्य तिर उन्मुख हुन्छ तर दुर्भाग्यवश उसको जीवन गन्तव्यमा नपुग्दै यात्रापथमा टुङ्गिन्छ । त्यस बेला उसलाई लाग्छ : 'यो जिन्दगी रहरहरूको कहरबाहेक केही रहेनछ' । त्यसपछि सुवेदीको पछिल्लो उपन्यास **यमपुरीको महल** कतिपय दृष्टिले उल्लेख्य रहे पनि यसको एउटा सशक्त पक्ष हो (डायास्पोरिक) आप्रवासीय चेतना । नेपालमा बस्ने साहित्यकारहरूले नेपालभित्रै रहनेहरूका बारेमा लेखिएका साहित्य पढ्दै आएको सन्दर्भमा प्रस्तुत उपन्यासले पहिलोपटक नेपालबाहिर रहेका नेपालीहरूको जीवनभोगाइका यथार्थ र तिनका मनोदशाका बारेमा पाठकलाई नयाँ कुरा बताएको छ ।

डायास्पोरा वा आप्रवासीय चेतनाको सम्बन्ध भय, चिन्ता, अपरिचितता र अन्त्यमा असुरक्षा चेतनासँग रहेको हुन्छ जसलाई मोटामोटीमा अभिघात सिद्धान्त भन्न सकिन्छ । **यमपुरीको महल**को नायक प्रेम वास्तवमा आप्रवासीय चेतनाको प्रतिनिधित्व गर्ने चरित्रका रूपमा आएको छ । उसमा भौगोलिक, ऐतिहासिक र सांस्कृतिक विच्छिन्नताको भय एकातिर रहेको छ भने अर्कातिर सांस्कृतिक चेतनाको द्वैध वृत्तिले मनोवैज्ञानिक रूपमा पनि उसलाई पीडा दिइरहेको हुन्छ । स्वदेशमा रहँदा कसैको प्रतिवाद गर्न पछि नहट्ने प्रेम अमेरिका पुगेपछि प्रहरीसँग लुक्दै हिँडिरहेको छ । अमेरिकामा हप्तौँसम्म लुकेर बस्नुपर्दा उसलाई आफ्नो देश, श्रीमती, छोराछोरीहरू र आफन्तको सम्झना आइरहन्छ । स्वदेश र स्वजनसँगको विछोडको पीडा र अमेरिकामा बेवारिसे भएर खान नपाई भोकभोकै बाँच्नुपर्दाको वेदनाले प्रेम दुःखित छ ।

लुक्दै हिँड्नु पर्ने अवस्थाको प्रेमलाई हीरा नामक भारतीय मूलकी महिलाले जागीर लगाइदिएर आफ्नै घरमा खाने बस्ने व्यवस्था समेत गरिदिन्छे तर प्रेमको अन्त्य अवस्थामा नाङ्गो भाते भन्दै थुकेर हिँड्नुले हीराको दयाभित्र पनि स्वार्थ लुकेको देखिन्छ । अमेरिकामा बाउन्न वर्षसम्म हीरा र भरतको चाकडी गर्दा पनि प्रेमले ग्रीन कार्ड प्राप्त गर्न सक्दैन । न त स्वदेशमा वा अमेरिकामा नै उसले महल निर्माण गर्न सक्छ । जीवनभरको आफ्नो कमाइ साथमा केही नहुँदा प्रेमलाई आफ्नो जीवनदेखि नै घोर घृणा हुन्छ । घरपरिवारले आफूभन्दा पैसालाई महत्त्व दिएको र आफू स्वयम् हीराको नोकर तथा यौनदासका रूपमा रहनुपर्दाको पीडाले प्रेम विच्छिन्न भएको छ । आफ्नो अन्तिम अवस्थासम्म हीरा र भरतको प्रिय हुने प्रयास गर्दैमा बिताएको प्रेमलाई अनौठो रोगले गाँज्दै लान्छ र अस्पतालमा भर्ना हुन्छ । मृत्युसँग सङ्घर्ष गरिरहेको प्रेमका निम्ति रगतको आवश्यकता पर्छ । सहयोग पुऱ्याउनाको सट्टा भरतले उसलाई नोकरीबाट निकालिदिन्छ । हीराले पनि नाङ्गो, भाँते भन्दै थुकेर भरतको पछि लागेपछि तिनीहरूप्रतिको प्रेमको बाँकी विश्वास पनि रित्तिएर जान्छ । त्यसपछि स्वदेश, आफ्नो मालिक, प्रेमिका सबैतिरबाट निःसहाय र विच्छिन्न अवस्थामा पुगेको प्रेम मृत्युलाई पर्खेर बस्न बाध्य हुन्छ । आफ्नो मृत्युभन्दा अघि एकै क्षण भए पनि नेपाल फर्कन चाहने प्रेमको इच्छा पूरा हुँदैन । यसरी हेर्दा प्रेमले मातृभूमि छोडेर अमेरिका बस्दा पाएका दुःख, कष्ट, वेदना, भय, चिन्ता, एकाकीपन, असफलता, अनिश्चितता, स्वदेश र स्वजनसँगको विछोडको पीडा आदि पक्षहरू र तिनबाट निर्मित चेतनालाई उपन्यासले देखाएकाले **यमपुरीको महल** आप्रवासीय चेतनामा आधारित रहेर लेखिएको उपन्यासका रूपमा देखापर्छ ।

होमनाथ सुवेदीको उपन्यासलेखनमा मौलिकता प्रदान गर्ने दिशामा आप्रवासीय चेतनागत प्रवृत्तिले अहम् भूमिका खेलेको छ । उपन्यासबाहेक सुवेदीका फुटकर कविता, गजलदेखि कवितासङ्ग्रह र कथासङग्रहसमेत आप्रवासी चेतनामा अन्वित रहेका छन् ।

## ४.२.४ अस्तित्ववादी प्रवृत्ति

मान्छेको वैयक्तिक जीवनलाई नूतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिस्थापित तुल्याउन चाहने सिद्धान्त अस्तित्ववाद हो ।[९३] अन्य चिन्तनप्रणालीका तुलनामा यो अन्तर्मुखी प्रवृत्तिको चिन्तनप्रणाली हो ।

होमनाथ सुवेदीका उपन्यासहरूमा आस्तित्विक चेतना प्रबल रूपमा रहेको पाइन्छ । प्रायजसो उपन्यासका मुख्य चरित्रहरू आफ्नो 'स्व' को खोजीमा चिन्तित हुँदै त्यसको प्राप्तिमा प्रयत्नशील रहेको पाइन्छ । उपन्यासकारले आफ्ना उपन्यासहरूमा मानिसहरूमा मृतसम्बन्धको नभई जीवित जिम्मेदारीको अर्थवहन गर्नको निम्ति पात्रहरूलाई दार्शनिक रूपमा उभ्याएका छन् । त्यसैले उनका चरित्रहरू जीवित कामका लागि लड्दछन् र जिउँदो जीवनको अर्थ खोज्ने क्रममा आफ्नो अस्तित्व प्रमाणित गरेर देखाउन चाहन्छन् ।

सुवेदीको दोस्रो प्रकाशित उपन्यास **रत्ना**की प्रमुख पात्र रत्नामा अस्तित्वचेत प्रबल रूपमा रहेको छ । आर्थिक तथा शैक्षिक दृष्टिले समेत उपन्यासमा सुनसरीको स्थान रत्नाको भन्दा उच्च देखिन्छ । सौताका रूपमा रहेकी सुनसरीका सामु उसले आत्मसमर्पण गरेकी छैन । दोस्रो विवाह गरेर नेपाल फर्किएपछि कर्ण र सुनसरीले रत्नालाई अत्याचार गर्न थाल्दछन् । सौता र श्रीमान्को सामु आफू एकली भए पनि रत्नाले आफ्नो स्वाभिमान बाचय राख्छे । आफूप्रतिको सौता र श्रीमान्को ताडनाको प्रतिवाद गरेर रत्नाले आफ्नो 'हुनु' को प्रमाण दिन

[९३] डा. कुमारबहादुर जोशी, **पूर्ववत्**, पृ. ११३ ।

खोजेकी छे । कर्ण र सुनसरीसमेतले आफूप्रतिको अत्याचारी र हेपाहा प्रवृत्तिलाई बढाउँदै लगेकोमा सङ्घर्ष गरेरै भए पनि रत्नाले आफ्नो अस्तित्व कायम गरेकी छे । यसै गरी **त्रिमूर्ति**को युयुत्साभाव मत्युलाई हाँक होइन बरू आत्मोपलब्धिको प्रतिकूलन व्यवस्थाप्रति विद्रोहको ब्रेथ हो भन्ने भनाइलाई पनि आस्तित्विक चेतनाको प्रबलताका रूपमा हेर्न सकिन्छ । **नजर** उपन्यासको अनाम नायक आफूमाथि कसैको नजर परेको देख्न चाहँदैन । ऊ पारमाणविक स्वतन्त्रताको लिप्सु रहेको देखिन्छ । त्यसैले कसैको एक सूक्ष्म नजर पनि उसको लागि परवशता र आतङ्कको कारण बन्दछ । प्रस्तुत उपन्यासमा मानवीय स्वतन्त्रताका सीमाहरूको अनुशीलन गरिएको छ । सुवेदीको अर्को उपन्यास **घ्यौराली**मा जिजीविषा र कर्मशीलताको पर्यवलोकन गरिएको छ । यसमा नामशेष 'म' पात्रले सामाजिक व्यवहारबाट दिक्क भएर एकान्तवास रोज्छ । पन्ध्र वर्षसम्म एक्लै नदीको किरानामा बस्दा उसलाई त्यसमा पनि आत्मवञ्चनाबाहेक केही नरहेको जस्तो लाग्छ । त्यसैले विसङ्गतयुक्त भए पनि उसलाई आफ्नै घ्यौराली र मानव समाज उपयुक्त लाग्छ र ऊ आफ्नो घ्यौरालीतर्फ उन्मुख भएको हुन्छ । यसले पनि 'म' पात्रले पलायन हुन भन्दा सङ्घर्षपूर्ण जीवन जिउन चाहेको देखिन्छ । त्यसरी नै **अङ्कुर** उपन्यासको नायक कैलासका क्रियाकलापहरू समाजका बुढापाकाहरूको दृष्टिमा सत्र बर्से किशोरका तुजुक ठहरिए पनि उसले भने समाजमा नयाँ काम गरेर आफ्नो अस्तित्व प्रमाणित गर्न चाहेको छ । उसले समाजमा चेतनाको उज्यालो छर्न र नवचिन्तनको ढोका खोल्ने आफ्नो उद्देश्यसम्म पुग्न साम, दान आदि नीति अपनाएको छ । आफ्नो अस्तित्व प्रमाणित गर्न नसक्ने 'म' 'म' नै होइन भन्ने कैलास लक्ष्य प्राप्तिका लागि प्रत्यत्नशील रहेको देखिन्छ । यसरी नै आफूलाई अगतिलो भन्ने गाउँको ठालु मदनबहादुरलाई **यमपुरीको** महलको प्रेमले थप्पड हान्न सकेकोमा गर्व गर्छ । ऊ अमेरिकामा पनि साथीभाइ वा अन्य व्यक्तिसँग प्रतिवाद गर्नमा पछि परेको छैन । 'आज प्रत्येक मान्छे हामीहरू अरूहरूको प्रतिवाद गर्न प्रतिबद्ध छौँ'[९४] भन्ने उपन्यासकारको भनाइमा आस्तित्विक चेतना टड्कारो रूपमा देखिएको छ ।

यसरी सुवेदीका प्रत्येक जसो उपन्यासमा मानवीय अस्तित्वमा देखिने सङ्कट र त्यसको निवारणमा छट्पटिएको चरित्रको संवेदनाले ठाउँ पाएको देखिन्छ । सुवेदीका सम्पूर्ण उपन्यासको सारतत्त्वका रूपमा धनी र गरिबबीचको दुरीलाई कम गरेर मानव मात्रले दमनको निषेध र विकल्पको वरण गर्न पाउनु पर्ने अभीष्ट रहेको देखिन्छ ।

### ४.२.५ नवचेतनावादी प्रवृत्ति

वर्तमान सन्दर्भमा सिद्धान्त भनेको अन्य विषयको खोजद्वारा प्रमाणित धेरै समीक्षाहरूको समीक्षा तथा अनेक चिन्तनहरूको चिन्तन भएकाले यो एक विषयक आरेखीय संरचना वा चिन्तन नभई अन्तरविषयक संवाद हो ।[९५] अहिले साहित्यसिद्धान्त भन्नाले विविध विषयमा लेखिएका वा सोचिएका र असीमित विचार बोकेका कृति हुन् भन्ने कुरा बुझिन्छ । यसअन्तर्गत मानवशास्त्र, कला, इतिहास, फिल्मी अध्ययन, भाषाविज्ञान, दर्शन, राजनीतिशास्त्र, विज्ञान अध्ययन, मनोविश्लेषण आदि विविध पक्षहरूमध्ये जुनसुकै भए पनि नवीनतम विचारहरू पर्दछन् ।[९६] भाषासाहित्यको सेवाप्रतिको रुचिका कारण होमनाथ सुवेदीले विदेशी विद्वान्

---

[९४] होमनाथ सुवेदी, **यमपुरीको महल**, (अमेरिका : अनेसास, २०६४), पृ. १५२ ।

[९५] गोविन्दराज भट्टराई, **पूर्ववत्**, पृ १ ।

[९६] **ऐजन** ।

साहित्यकारहरूसँगको नियमित भेटघाट, छलफल र साक्षात्कारलाई निरन्तरता दिँदै आएका छन् । यसबाट उनले नयाँ अनुभव प्राप्त गर्नुका साथै पाश्चात्य साहित्यिक वातावरणमा घुलमिल हुने अवसर पाएका छन् । उनका उपन्यासहरूमा नेपाली समाजसँग सम्बन्धित विषय वा समस्याहरूले स्थान पाएका भए पनि कतिपय सन्दर्भमा औपन्यासिक चरित्रहरूले विश्वमानवको प्रतिनिधित्व गरेको पाइन्छ । समकालीन नवचिन्तनमा मौलिक विचारको समन्वय गरेर सुवेदीले उपन्यास सृजना गर्न खोजेको देखिन्छ । मानवीय जीवनको विसङ्गति र अवस्थितिलाई सङ्केत गर्नको निम्ति अपनाइने अन्तर्विषयक प्रवृत्तिका साथै क्रमभङ्गताको स्थिति सुवेदीका उपन्यासहरूमा पनि पाउन सकिन्छ । स्वाभाविकतावश र प्रयोगशीलताका कारण पनि आफ्ना उपन्यासलाई नयाँ आयाम दिन सुवेदी प्रयासरत देखिन्छन् । उनको प्रथम प्रकाशित उपन्यास **न्याउली**ले समाज, संस्कृति, मनोविज्ञान र जीवनजगत्का विविध पक्षहरूलाई समेटेको छ भने मूलतः सामाजिक विषयवस्तुमा आधारित समस्याकेन्द्री **रत्ना** उपन्यासमा प्रेमको प्रतीकद्वारा राजनैतिक क्षितिजको पर्यवेक्षण गरिएको छ । **रत्ना**को सम्पूर्ण कथानक मुख्यपात्रका चिठीपत्र, दैनिकीहरू र संस्मरणमा अन्वित रहेको छ भने कतिपय औपन्यासिक सन्दर्भहरूलाई चित्रात्मकता प्रदान गर्ने कोशिस समेत गरिएको छ । त्यसै गरी उपन्यासमा मुभीक्यामेराको प्रसङ्ग र मनोणुवीक्षण यन्त्रको प्रसङ्ग पनि आएको छ । यसै गरी रत्ना र सुनसरीका बीचमा वाक्प्रतिबन्धको अवस्था विद्यमान रहेकाले आफ्ना कुरा रेकर्ड गरेर अर्कोसम्म सम्प्रेषण गर्ने प्रसङ्गमा पनि प्रयोगशीलता देखिन्छ । लघुआकारको वीणा उपन्यासमा उच्च र निम्नवर्गको प्रेमसम्बन्धलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्न खोजिएको छ । खण्डित मानवता र स्वार्थी प्रवृत्तिको प्रस्तुतिका निम्ति उपन्यासमा कुकुरलाई उपस्थापित गरिएको छ । यसमा मरेको सिनू कुकुरले चैतन्यजस्तै भएर मानवीय व्यवहारका विविध पक्षको अनुशीलनात्मक चिन्तन गरेको छ । चरित्र र अनुभूतिहरूको घनत्वका लागि उपन्यासमा अध्याय र अनुच्छेद एवम् प्रसङ्गका असङ्गतिहरू जानेरै नखुलाइएका र अस्पष्ट पारिएका छन् । त्यसबाहेक कुनैकुनै ठाउँमा दोहोरिएका वाक्य र अपूर्ण शब्दको पनि प्रयोग गरिएको छ । फोन, स्वप्न, खोर, बाथटब, नर, पशु, यात्रा, शवमध्ये एउटाको एकालाप वा प्रसङ्गबाट नजानिँदो गरी अर्काको एकालाप वा प्रसङ्ग सुरु भएको छ । कतिपय ठाउँमा एउटै वाक्यमै पनि वचन, लिङ्ग र पुरुषको वैषम्यद्वारा दुबैका अभिव्यक्तिमा घनत्व प्रदान गर्न खोजिएको छ । यसरी नै उपन्यासमा एउटै अनुच्छेदमा असङ्गत तवरले विविध प्रसङ्गहरू, दृश्यहरू आउनुका साथै स्थान, काल र चरित्रहरूमा क्रमको अभाव देखिन्छ । त्यसरी चेतनप्रवाह, प्रत्यवलोकन र उपप्रत्यवलोकनद्वारा जटिल अवस्थाको सृजना गर्न खोजिएको छ । **चौराली** उपन्यासले प्रेम र जीवनका विविध पक्षहरूलाई प्रस्तुत गर्न खोजेको छ । मानवीय जीनवका अनेक लक्ष्य चौरालीको गन्तव्यमा पुग्न सङ्घर्षशील प्राणी मान्छेको अनन्त इच्छा वृत्तिहरूतर्फ उपन्यासले सङ्केत गरेको छ । मान्छेका चाहना अनन्त भए पनि तिनको अपरिपूर्णतामा नै जीवनको अन्त्य हुन्छ भन्ने शाश्वत चिन्तनलाई नवीनताका साथ प्रस्तुत गरिएको छ । साथै यसमा मानवीय कर्मशीलतालाई पनि प्रस्तुत गरिएको छ । समाज, यौनमनोविज्ञान र जीवनजगतका विविध पक्षलाई **अङ्कुर** उपन्यासले प्रस्तुत गरेको छ । यसमा पात्रको मनोदशालाई द्वन्द्वात्मकता प्रदान गर्नाका अतिरिक्त मानवीय अहम्भाव र अतृप्त मनोग्रन्थिहरूको पनि विश्लेषण गरिएको छ । चरित्रहरूको उचाइ, तौल जस्ता भौतिकपक्षको पनि उल्लेख गर्दै युगीन नेपाली समाज र विश्वको समकालीन स्थितिलाई उतार्ने प्रयास उपन्यासले गरेको छ । यसै गरी सुवेदीको पछिल्लो उपन्यास **यमपुरीको महल**ले आप्रवासी नेपालीहरूको सन्त्रस्त, अनिश्चित र भ्रमपूर्ण

जीवन तथा तिनको मनोदशालाई उद्घाटन गर्न खोजेको छ । मञ्चीय पात्रका रूपमा प्रेम मात्र उपस्थित छ भने उपन्यासको परिवेशमा नेपाल र अमेरिका दुबैतिरका विभिन्न ऋतुहरू र हिमपातसहितको अवस्थालाई उपस्थापित गरिएको छ । यसमा पश्चिम नेपालको स्थानीय भाषाका साथै अमेरिकी आप्रवासी नेपालीहरूले प्रयोग गर्ने भाषाको पनि प्रयोग गरिएको छ । उपन्यासमा यथार्थ र स्वप्नका जाग्रत र सुषुप्तिका, सचेतन र अवचेतनका तह छुट्याएर प्रस्तुत गरिएको छ । संरचनाका दृष्टिले यसलाई संरचनाहीन संरचनात्मक उपन्यास भन्न सकिन्छ भने विकीर्ण अवस्थामा रहेको कथ्यमा सपनाका तहतह, सम्झनाका तहतह र तलातला रहेका छन् । पूर्वदीप्ति र पश्चदीप्ति पद्धतिको प्रयोग गरिएको यस उपन्यासमा वाप्पसञ्चेतना पद्धति वा चेतनप्रवाह पद्धतिको प्रयोग गरिएको छ । यसमा आन्तरिक एकालापीय शैली, विधामिश्रण तथा पराऔपन्यासिक प्रवृत्ति पनि रहेको देखिन्छ ।

दुई दशकभन्दा लामो अवधिदेखि नेपाली उपन्यासलेखन एवम् प्रकाशनमा होमनाथ सुवेदी सक्रिय रहँदै आएका छन् । उनका हालसम्म प्रकाशित उपन्यासहरूमा समाज, राजनीति, अर्थ, दर्शन, यौनमनोविज्ञान तथा अपराधविज्ञानजस्ता पक्षहरूका साथै निर्वासित भावनाग्रस्त नेपालीहरूको मनोदशालाई पनि विषयवस्तका रूपमा समेटिएको पाइन्छ । प्रस्तुतिका दृष्टिले उनका उपन्यासहरू पत्र, दैनिकी, संस्मरण, वर्णनात्मक, विवरणात्मक तथा मनोवादात्मक प्रकृतिका रहेका छन् । उनका औपन्यासिक चरित्रहरू मानिसहरूमा मृतसम्बन्धको नभई जीवित जिम्मेदारीको अर्थवहन गर्दै जिउँदो जीवनको अर्थ खोज्ने प्रकृतिका छन् । पात्रहरूको मूल ध्येय दमनको निषेध र स्वतन्त्रतावरण गर्न पाउनु पर्ने रहेको छ । सुवेदीका उपन्यासमा प्रयुक्त परिवेश पात्रका मानसिक आरोह-अवरोहलाई खोतल्न; आन्तरिक यथार्थ तथा बाह्य पर्यावरणीय यथार्थलाई उद्घाटन गर्न सफल रहेको पाइन्छ । कथोपकथनको प्रयोगमा स्वाभाविकताको सम्पूर्ति हुन नसके पनि त्यसले औपन्यासिक सौन्दर्य तिरोहित भएको छैन । भाषाशैलीगत विविधता र नवचिन्तनका कारण सुवेदीको औपन्यासिक लेखन तिखारिँदै गएको देखिन्छ । वैचारिकताका दृष्टिले सुवेदीका उपन्यासहरू सशक्त भए पनि पात्रहरूको चारित्रीकरणले वैयक्तिक परिवृत्त नाघ्न नसकेकाले अपेक्षाकृत सफलता प्राप्त गर्न सकेको देखिँदेन । प्रकारान्तरमा पात्रको उद्देश्य वा लक्ष्य सार्वभौमिक एवम् सार्वजनीन समस्यासँग सम्बन्धित भए पनि तदनुरूप चारित्रिक विकास हुन सकेको छैन ।

यसरी हेर्दा सुवेदीले आफ्ना उपन्यासहरूमा प्रस्तुतिगत नवीनताका साथै संरचना, विषय, परिवेश, भाषाशैली तथा उद्देश्यमा नवीन आयाम थप्न खोजेको देखिन्छ । सामान्य घटना र वर्णनात्मक विवरणलाई स्वैरकल्पना, स्वप्नवत् तत्त्व, परिकथा र मिथकीय तत्त्वसँग मिसाएर प्रस्तुत गरिने पराऔपन्यासिकताको प्रयोग पनि यिनका उपन्यासहरूमा पाइन्छ । नेपाली उपन्यासलेखनको विषयवस्तु आयाम तथा शैलीशिल्पगत नयाँ सम्भावनालाई खोतल्दै अघि बढ्ने सुवेदीका उपन्यासहरू युगीन वस्तुयथार्थलाई समेट्न सफल छन् ।

## ४.३ होमनाथ सुवेदीका उपन्यासहरूको चरणविभाजन

नेपाली छात्रसङ्घ, दिल्ली (भारत) बाट प्रकाशित हुने **हिमाल** (वि. सं. २०२५) पत्रिकामा 'अविवेक' शीर्षकको कथाको प्रकाशनसँगै होमनाथ सुवेदीले आफ्नो साहित्यिक लेखनयात्रा सुरु गरेका छन् । उनले नेपाली साहित्यमा उपन्यास, कविता, कथा गजल, निबन्ध आदि विविध विधामा कलम चलाउँदै आइरहेका छन् । त्यसबाहेक उनले नेपाल तथा अमेरिकाका विभिन्न स्थानबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकाहरूमा विविध विधाका लेखरचनाहरू, समसामयिक

लेखहरूका साथै थुप्रै लेखकका विभिन्न विधाका कृतिहरूमा भूमिकालेखन पनि गर्दै आएका छन् ।

लगभग चारदशकदेखि नेपाली साहित्यको लेखनकार्यमा समर्पित होमनाथ सुवेदी मूलतः उपन्यासकारका रूपमा परिचित छन् । उनका हालसम्म प्रकाशित तेह्रवटा कृतिहरूमध्ये आठवटा उपन्यास हुनाले पनि यसको पुष्टि गर्दछन् । सुवेदीका हालसम्म प्रकाशित उपन्यासहरूमा **न्याउली** (२०४३), **रत्ना** (२०४३), **त्रिमूर्ति** (२०४४), **नजर** (२०४३४), **वीणा** (२०४५), **घौराली** (२०५१), **अङ्कुर** (२०५३) **र यमपुरीको महल** (२०६४) रहेका छन् ।

आधुनिक नेपाली उपन्यासको इतिहासमा वि. सं. २०४० को दशकको अवधिमा कलम चलाउने स्रष्टाहरू ध्रुवचन्द्र गौतम, प्रेमा शाह, रमेश विकल, सञ्जय थापा, कुमार ज्ञवाली, राजेश्वर देवकोटा, भीमचरण थापा, ध. च. गोतामे, केशवराज पिँडाली, मोदनाथ प्रश्रित, बेन्जु शर्मा, सरुभक्त, भरत जङ्गम, तारानाथ शर्मा, गणेश बराइली, पुण्य निरौला तथा भाष्करलगायत स्रष्टाहरूको लहरमा होमनाथ सुवेदीको उपन्यासलेखन तथा प्रकाशनको सुरुआत भएको छ । प्रवासमा रहेर पनि दुई दशकभन्दा बढी समयदेखि सुवेदीले नेपाली उपन्यासलेखन एवम् प्रकाशन  गर्दै आइरहेका छन् । सुवेदीले परम्परागत रूपमा प्रचलित सामान्य विषयलाई टिपेर उपन्यास लेख्न थालेका भए पनि वर्तमानसम्म आइपुग्दा उनको लेखनी परिपक्व भएको पाइन्छ । विगतदेखि वर्तमानसम्म प्रकाशित उनका उपन्यासहरूमा विभिन्न प्रकारका भिन्नता र नवीनता पाउन सकिन्छ । सुवेदीका हालसम्म प्रकाशित उपन्यासहरूलाई संरचना, प्रस्तुति, वस्तु, शिल्प तथा वैचारिकताका आधारमा निम्नानुसार चरणगत रूपमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

(क) प्रथमचरण वि. सं. २०४३ देखि २०४५ सम्म ।
(ख) दोस्रोचरण वि. सं. २०४६ देखि २०५३ सम्म ।
(ग) तृतीयचरण वि. सं. २०५४ देखि २०६४ सम्म ।

## ४.३.१ प्रथमचरण वि. सं. २०४३ देखि २०४५ सम्म

होमनाथ सुवेदीको उपन्यासलेखनको प्रथमचरणअन्तर्गत लिन सकिने उपन्यासहरूमा **न्याउली** (२०४३), **रत्ना** (२०४३), **त्रिमूर्ति** (२०४४), **नजर** (२०४३४), **वीणा** (२०४५) पर्दछन् । तीन वर्षको छोटो अवधिमा नै पाँचओटा उपन्यास प्रकाशित गराएका सुवेदीका उपर्युक्त उपन्यासहरूमा मानिसले समाजमा रहँदावस्दा भोग्नु पर्ने अत्याचारजन्य पीडा, घातप्रतिघात तथा सामाजिक विकृति र सांस्कृतिक अन्धरूढिलाई समेत विषयवस्तुका रूपमा ग्रहण गरिएको पाइन्छ । यसका साथै चेतनशील पात्रका मनमा उठेका कतिपय स्वतन्त्रतासम्बन्धी वैचारिक सन्दर्भहरूलाई समेत वस्तुका रूपमा चयन गरिएको पाइन्छ । प्रस्तुतीकरणका दृष्टिले सुवेदीका प्रथमचरणका उपन्यासहरू एकै किसिमका छैनन् । यिनीहरूमा सामान्य वर्णनात्मकतादेखि लिएर पत्रात्मक, दैनिकी तथा संश्मरणात्मक शैली पनि देखापरेको छ । **न्याउली**मा एउटी ग्रामीण शिक्षित नारीले आफ्नै जेठाजुबाट भोग्नु परेको अत्याचार, पीडा तथा उसको इच्छावृत्तिहरूको विकसनशील अवस्था र मनोकाङ्क्षाहरूको सफलतापूर्वक प्रस्तुत गरिएको छ भने सौताभयबाट आतङ्कित बनेकी रत्नाले विगत र भविष्यलाई समेत वर्तमानमा तानेर समग्रमा आफ्नै परिवारको दुर्घटित अवस्थाको चित्रण गरेकी छे आफैं द्रष्टा, भोक्ता र वक्ता बनेर । त्यसै गरी **रत्ना**मा निहीत सौतासौताको व्यवहारबाट दुर्घटित परिवारको अवस्थाभन्दा भिन्न चिन्तन गरिएको **त्रिमूर्ति**मा सौतासौताबीचको अति आदर्श रूपको प्रस्तुति गरिएको छ । यसमा

सामाजिक तहभन्दा माथि उठेर मानव निर्वासनलाई प्रस्तुत गरिएको छ । यसमा सौतायुक्त भए पनि मिलेर बसेको परिवारलाई देखाउँदै धनसम्पत्ति नै मनवीय सम्बन्धका बीचमा दरार उत्पन्न गर्ने तत्त्व हो भन्न खोजिएको छ । त्यसै गरी अनाम नायक 'म' पात्रले स्वतन्त्रता प्राप्तिका निम्ति जीवनभर गरेको सङ्घर्ष र एकान्तवासको चयन तथा त्यसमा पनि बाधा पुऱ्याउने सहोदर नौ भाइहरूको हत्या गरेर पनि पूर्ण स्वतन्त्रताको अनुभूति गर्न नपाएको सन्दर्भलाई **नजर**ले आत्मसात् गरेको पाइन्छ । पुरुषवर्गबाट श्रीहीन बन्न पुगेकी वीणा नामक नारी पात्रले खेप्नु परेको पीडा, अत्याचार तथा पुरुषहरूको स्वार्थी प्रवृत्तिबाट वाक्क भएर जीवनभर कुनै पुरुष-कुकुरको दर्शनसम्म नगर्ने प्रतिज्ञा गरे पनि पछि गएर मानवेतर प्राणी कुकरप्रति देखाएको व्यवहारले प्रेमको अनिर्वचनीयतालाई दर्साउन खोजेको छ **वीणा** उपन्यासले ।

होमनाथ सुवेदीका उपर्युक्त उपन्यासहरूमा चरित्रहरू र तिनका संवाद शैलीमा स्वाभाविकताको विकास हुन सकेको छैन । आफू माथिको अन्याय, अत्याचार र दमनको आक्रोशपूर्ण तवरले विरोध गरे पनि त्यसको स्थायी समाधानतर्फ चरित्रहरू उन्मुख भएको पाइँदैन । वैचारिकताका दृष्टिकोणले व्यक्तिगतभन्दा सामाजिक, आर्थिक, सांस्कृतिक तथा युगीन सन्दर्भहरूलाई समेटिए पनि प्रथमचरणका उपन्यासहरूमा चरित्रहरूले सार्वभौमिक, सार्वकालिक तथा सार्वजनीन समस्यालाई सम्बोधन गर्न खोजेका भए पनि तिनीहरू प्रायशः वैयक्तिक तहमै सीमित हुन पुगेका छन् । भाषाविन्यासगत दृष्टिले संस्कृतका तत्सम, तद्भव र स्थानीय बोलीचालीको भाषाका साथै अनेपाली शब्दहरूको प्रयोगका साथै संस्कृतका सूक्तिहरू, विभिन्न नेपाली उखानटुक्काहरूका साथै उपन्यासकारका आफ्ना केही चिन्तनमय सूक्तिहरू पनि यस चरणका उपन्यासमा पाइन्छन् ।

होमनाथ सुवेदीका प्रथमचरणका उपन्यासहरूले सामाजिक जीवनका विसङ्गति, अन्यायपूर्ण, सामाजिक व्यवस्था तथा शोषक र शोषित वर्गको उपस्थापना गर्दै त्यसखाले प्रवृत्तिको अन्त्यप्रतिको आफ्नो चिन्ता र आक्रोश व्यक्त गरेका छन् । औपन्यासिक शैलीशिल्प र कलात्मक सौन्दर्य प्राप्तिका दृष्टिले प्रथमचरणका उपन्यासहरू त्यति सफल नभए पनि यिनले उठाएका विचारहरू र तदनुकूलका विषयवस्तुका कारण उपन्यासकारको वैचारिक तथा दार्शनिक चिन्तनशीलता प्रस्ट हुन्छ । यस चरणका उपन्यासमा उठाइएका कतिपय विषयवस्तु वैचारिकता र दार्शनिकताले पूर्णता नपाए पनि भविष्यमा सफल उपन्यासकार बन्न सक्नेतर्फ भने यस चरणका उपन्यासहरूले पर्याप्त सङ्केत दिएका छन् । समग्रमा सुवेदीका प्रथमचरणका प्रकाशित उपन्यासहरूमा वैचारिकता, दार्शनिकता तथा क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्ति रहेको पाइन्छ । वस्तु, शिल्प तथा वैचारिकताका दृष्टिले यस चरणका उपन्यासहरूमा **रत्ना**, **नजर** र **वीणा** उल्लेखनीय रहेका छन् ।

## ४.३.२ दोस्रोचरण वि. सं. २०४६ देखि २०५३ सम्म

होमनाथ सुवेदीको औपन्यासिक लेखनयात्रामा दोस्रो चरणको आरम्भको सङ्केत **चौराली** (वि. सं. २०५१) ले गरेको छ भने त्यसलाई उचाइमा पुऱ्याउने काम **अङ्कुर** (वि. सं. २०५३) ले गरेको छ । प्रकाशनका दृष्टिकोणले **चौराली** सुवेदीको छैटौँ उपन्यास भए पनि यसमा धेरैजसो नवीन पक्षहरू रहेको पाइन्छ । प्रवासमा रहेर पनि नेपाली भाषासाहित्यको उन्नयनमा समर्पित संस्था 'अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाज' वासिङ्टन, डी. सी. अमेरिकाले प्रकाशन गरेको प्रस्तुत उपन्यासमा प्रकाशकीय मन्तव्यका साथै तोयनाथ भट्टराईको '**चौराली**लाई पाती' शीर्षकको आलोचनात्मक भूमिका पनि रहेको छ । यसका साथै उपन्यासकार स्वयम्ले पहिलो

पटक आफ्नो उपन्यासमाथि लेखकीय मन्तव्य प्रस्तुत गरेका छन् । पहाडी उकालो समाप्त भएपछि बटुवाहरूले वनदेवीलाई फूलपाती चढाएर विश्राम लिने ठाउँ चौरालीलाई उपन्यासकारले नेपाली सामाजिक यथार्थ र आरोहणको अनन्तताको प्रतीकका रूपमा उपस्थापित गरेका छन् । यसमा चौरालीको आरोहणको अनन्ततालाई समकालीन विश्वपरिस्थिति र सामाजिक, दार्शनिक तथा सांस्कृतिकजस्ता विभिन्न कोणबाट हेर्दै **चौराली**को चिन्तनलाई दार्शनिकता प्रदान गर्न खोजिएको छ । यसै गरी दोस्रो चरणमै प्रकाशित अर्को उपन्यास **अङ्कुर**ले यसलाई अझै उचाइमा पुऱ्याएको छ । रत्न श्रेष्ठ, पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (वि. सं. २०५३) बाट पुरस्कृत प्रस्तुत उपन्यासमा आदर्शवाद र भौतिकवादको बीचमा द्वन्द्व देखाई पछिल्लोप्रति समर्थन देखाइएको छ । यसमा सत्रबर्से किशोरवयको कैलासले सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि गर्नु परेको सङ्घर्ष तथा लक्ष्यप्रतिको उसको प्रतिबद्धतालाई सजीवताका साथ प्रस्तुत गरिएको छ । कैलासले प्राप्त गरेको सफलतालाई सामाजिक, सांस्कृतिक रूपान्तरणको कार्यमा पल्लवित नयाँ अङ्कुरको सन्दर्भसँग पनि उपन्यास जोडिएको छ । संरचना, प्रस्तुतिकरणको शिल्प, वस्तु तथा वैचारिकताका कारण पनि **अङ्कुर** सुवेदीको दोस्रो चरणको सशक्त औपन्यासिक कृति हो ।

**चौराली**ले विषयवस्तुको प्रस्तुतिभन्दा अनुभूति प्रक्षेपणमा ध्यान दिएको छ भने **अङ्कुर**मा नेपाली समाजमा व्याप्त विकृति, विसङ्गति र सांस्कृतिक क्रान्तिको चित्रणका साथै सत्रबर्से किशोरको सङ्घर्षशील स्वभाव तथा स्वतन्त्रप्रिय चाहनालाई मानववृद्धि र विकासका सन्दर्भमा रेखाङ्कित गरिएको छ । यी उपन्यासहरूमा प्रचलित सामान्य विषयवस्तुलाई युगीन सन्दर्भ र नवीन चिन्तनका साथ प्रस्तुत गरिएको छ । सुवेदीको दोस्रो चरणका उपन्यासका चरित्रहरू पनि चिन्तनशील र क्रान्तिकारी स्वभावका साथै निश्छल र मानवीय भावनाद्वारा अभिप्रेरित पनि छन् । पर्यावरणका दृष्टिले उपन्यासकारका अन्य उपन्यासको तुलनामा **चौराली** उत्कृष्ट छ । नदी, दोभान, पहाडी उकालो, चौराली, पाखो, पखेरो तथा गाउँबस्ती एवम् त्यहाँको चालचलन र बोलीव्यवहारको जीवन्त चित्रण गरिएको छ **चौराली** उपन्यासमा । यसै गरी **अङ्कुर**मा पनि पहाडी गाउँ र त्यहाँको परम्परा, रूढिवादी मान्यतामा हुर्केका, अन्धविश्वासी, ढोँगीहरू र नवचिन्तनका पक्षधरहरूका बीचको सङ्घर्षलाई सफलताका साथ प्रस्तुत गरिएको छ । **अङ्कुर**को प्रमुख चरित्र कैलासले आफ्नो उद्देश्यप्राप्तिको निम्ति गरेको प्रयास, लक्ष्यप्रतिको एकोन्मुखता तथा क्रान्तिकारी वैचारिक प्रवृत्तिले **अङ्कुर**लाई उचाइमा पुऱ्याएका छन् । आफ्नो उद्देश्य प्राप्तिमा तगारो बन्न कसैलाई पनि नछाड्ने कैलासले गतिशील चिन्तन एवम् निणार्यक भूमिका निर्वाह गरेको छ उपन्यासमा । उपन्यासमा पारिवारिक सन्दर्भमा कथा घुमको भए पनि त्यसैमा वर्गीय द्वन्द्वको सफल चित्रण गरिएको छ ।

यसरी हेर्दा सुवेदीको उपन्यासलेखनको दोस्रो चरणमा उपस्थापित चरित्रहरू उद्देश्यप्रति प्रतिबद्ध हुनाका साथै कर्मशीलता प्रति विश्वास राख्छन् । उद्देश्यप्राप्तिको मार्गमा आफ्नो पक्षपोषण गर्ने समूहको निर्मिति एवम् साम, दान आदि नीतिको अनुसरण गर्दै साङ्गठनिक कौशल प्रदर्शन गर्न समेत यस चरणका चरित्र सफल भएका छन् । भाषाशैलीगत नवीनता पनि यस चरणको उल्लेख्य पक्ष हो भने प्रथमचरणका उपन्यासमा निहीत भाषाको अपेक्षा नियमा परिमार्जन गरिएको छ भने चरित्रहरूको आक्रोशपूर्ण व्यवहारमा पनि तर्कसङ्गतता पाइन्छ । यसबाहेक चरित्रहरूको विकासमा ध्यान पुऱ्याइकाले तिनीहरू सहज र स्वाभाविक देखिन्छन् । प्रकृति, समाज तथा वातावरणको उचित संयोजनका साथै तिनीहरूको जीवन्त चित्रण पनि गरिएको छ । यस चरणका उपन्यासहरूमा क्षीण आख्यानमा पनि महाकथाको संयोजन एकातिर

भएको छ भने अर्कातर्फ वैचारिक तीक्ष्णतासमेत बढ्दै गएको पाइन्छ । यसरी वस्तु, परिवेश, भाषाशिल्प तथा वैचारिकतामा नयाँ आयाम थप्दै **चौराली** र **अङ्कुर**ले प्रथमचरणका कमजोरीलाई हटाउँदै लगेका छन् । यिनमा निहीत दार्शनिकताको विकास, चरित्रहरूको लक्ष्यप्रतिको एकोन्मुखता तथा चातुर्य एवम् तिनका व्यावहारिक तथा उचित निर्णय प्रक्रियाले दोस्रो चरणको औपन्यासिक सौन्दर्यप्राप्तिमा सहयोग पुऱ्याएको पाइन्छ ।

## ४.३.३ तृतीयचरण वि. सं. २०५४ देखि २०६४ सम्म

होमनाथ सुवेदीको औपन्यासिक लेखनयात्रामा तेस्रो चरणको सुरुआत गर्ने तथा यसलाई गरिमा प्रदान गर्ने उपन्यास **यमपुरीको महल** (वि. सं. २०६४) हो । 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज' वासिङ्टन, डी. सी. अमेरिकाद्वारा प्रकाशित प्रस्तुत उपन्यास सुवेदीका प्रकाशित उपन्यासहरूको लहरमा आठौं स्थानमा रहे तापनि यसमा निहीत विषय, संरचना, कथ्य, शिल्प तथा वैचारिकताका कारण समग्र नेपाली उपन्यासलेखन परम्परामा समेत यसले नयाँ आयाम थप्न सक्ने देखिन्छ । यसमा परम्परागत विषयवस्तुको चयन नगरेर अत्याधुनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशलाई समेट्न सक्ने विषयवस्तुको चयन गरिएको छ । आप्रवासी नेपालीहरूको सन्त्रस्त जीवन तथा तिनका मनोदशालाई विषयवस्तुका रूपमा समेटिएको छ । प्रस्तुत उपन्यासले उपन्यासकार स्वयम्को उपाख्यानलेखन तथा सम्पूर्ण नेपाली साहित्यको उपन्यासलेखन परम्परालाई तोड्दै विदेशमा आप्रवासी अथवा तेस्रो मुलुकको अवैध कामदारका रूपमा दोस्रो दर्जाको नागरिक भएर जीवन बिताउनु पर्ने नेपालीहरूको अन्योलपूर्ण एवम् अनिश्चित जीवनभोगाइ एवम् तिनका मनोयाथार्थिक पक्षहरूलाई जीवन्त रूपमा नवीन सन्दर्भसहित उद्घाटन गरेको छ **यमपुरीको महल**ले । संरचनाका दृष्टिले यो उपन्यास १८ वटा अध्याय र शीर्षकमा विभाजित रहेको छ भने उपन्यासमा यथार्थ र स्वप्नका, जाग्रत र सुषुप्तिका, सचेतन र अचेनाका तह छुट्याएर प्रस्तुत गरिएको छ । उपन्यासका अध्याय वा विषयहरू नौला र अर्थपूर्ण रहेका छन् । उपन्यासलाई जहाँ कहीँबाट पनि आरम्भ र अन्त्य गर्न सकिने हुँदा यसलाई संरचनाहीन संरचना भएको उपन्यास भन्न सकिन्छ । उपन्यासको कथानक विकीर्ण अवस्थामा रहेको छ भने कथ्यमा सपनाका तहतह, सम्झनाका तहतह र तलातला रहेका छन् । नायकको विभ्रान्त अवस्थामा कथानक अघि बढेको छ । चरित्रका दृष्टिले हेर्दा यो उपन्यास नवीन देखिन्छ । यसमा 'प्रेम' मात्र प्रत्यक्ष रूपमा देखिएको छ भने अन्य सबै चरित्रहरू उसको सम्झनामा अन्वित हुन पुगेका छन् । परिवेश र कार्यपीठिकाका दृष्टिले पनि यो उपन्यास नवीन छ । यसमा प्रेमको मानसिक परिवेशसँग सम्बन्धित भएर भौगोलिक, सामाजिक, सांस्कृतिक आदि पक्ष समाविष्ट भएका छन् तर पनि राखूदेखि अमेरिकासम्म प्रेमले भोगेका जीवनभोगाइका क्षणहरूमा उपस्थापित छ औपन्यासिक परिवेश । यसमा पूर्व र पश्चिम दुबैतिरका विभिन्न ऋतुहरू तथा हिमपातसहितको प्राकृतिक अवस्थाको चित्रण गरिएको छ । भाषागत दृष्टिले उपन्यास त्यति उल्लेखनीय नभए पनि शैलीगत दृष्टिले भने उल्लेखनीय देखिन्छ । उपन्यासको प्रमुख चरित्र प्रेमको मन र शरीर विभाजित छ । चेतन अवस्थामा ऊ राखूस्थित आफ्नै घरमा हुन्छ भने विभ्रान्त अवस्थामा अमेरिकामा विभिन्न ठाउँमा भ्रमण गरिरहेको हुन्छ । यसमा पूर्वदीप्ति र पश्चदीप्ति पद्धतिको पनि प्रयोग गरिएको छ । यसका साथै उपन्यासमा वाष्पसञ्चेतना पद्धति वा चेतनप्रवाह पद्धति आन्तरिक एकालापीय शैली, विधामिश्रण तथा पराऔपन्यासिक प्रवृत्ति पनि पाइन्छ । वास्तवमा **यमपुरीको महल**ले अमेरिकामा वा अन्य देशहरूमा आप्रवासी वा अवैध कामदारका रूपमा रहेका नेपालीहरूको त्रासद्, अनिश्चित एवम्

विच्छिन्न जीवन र तिनीहरूका मानसिकताको चित्रणलाई नै आफ्नो उद्देश्य बनाएको देखिन्छ । विभिन्न कारणले देश छाडेर विदेसिनेहरूको पीडादायी अनुभूति एवम् तिनीहरूको स्वदेशप्रतिको भावनालाई **यमपुरीको महल**ले जीवन्त रूपमा उपस्थापित गर्ने काम गरेको छ ।

यसरी हेर्दा दस वर्षको अन्तरालमा प्रकाशित होमनाथ सुवेदीको **यमपुरीको महल**ले उनको उपन्यासलेखनको तृतीय चरणको सुभारम्भ गर्नाका साथै नेपाली उपन्याससाहित्यमा पनि चिन्तनगत नवप्रवृत्तिको थालनीको आभास दिएको छ । पूर्ववर्ती उपन्यासलेखन परम्पराको जगमा उभिएर सुवेदीले **यमपुरीको महल**जस्तो नवीन चिन्तन तथा विषयसन्दर्भयुक्त उपन्यास नेपाली साहित्यलाई प्रदान गरेका छन् ।

प्रवासमा रहेर पनि झन्डै दुई दशकभन्दा बढी समयदेखि भाषासाहित्य तथा सामाजिक कार्यमा योगदान पुऱ्याउँदै आएका होमनाथ सुवेदीको औपन्यासिक लेखनको यात्रा विभिन्न घुम्ती र चरणहरू पार गर्दै वर्तमान अवस्थासम्म गतिशील रहेको छ ।

# पाँचौं परिच्छेद

# होमनाथ सुवेदीका औपन्यासिक कृतिहरूको अध्ययन

## ५.१ 'न्याउली' उपन्यासको अध्ययन

### ५.१.१ कथावस्तु

**न्याउली** उपन्यास होमनाथ सुवेदीको उपन्यासलेखनको प्रथम चरणमा प्रकाशित पहिलो सामाजिक उपन्यास हो । यसको लेखन वि. सं. २०४२ मा र प्रकाशन वि. सं. २०४३ सालमा भएको हो ।[९७]

पश्चिम नेपालको विकट पहाडी भू-धरातल भएको म्याग्दीको ताकम जफदीमा अवस्थित तीनतले धौलेघर यस उपन्यासको प्रमुख कार्यपीठिका भए पनि घटना स्मरणस्थल पोखराको कारागार हो ।

**न्याउली** उपन्यासको विषयवस्तु सामाजिक भए पनि मनोविज्ञानलाई समेत यसले आधार बनाएको छ । एउटी ग्रामीण नारीले भोग्नु परेको सामाजिक पीडा, अपहेलना, जालझेल, यौनशोषण, अस्मिताबोध तथा जेल जीवनजस्ता घटनावलीबाट औपन्यासिक कथावस्तु तयार भएको छ । धार्मिक आडम्बर र नैतिकताको खोलभित्र क्रुर र अनैतिक यौनाचार गर्ने प्रवृत्ति तथा अन्धविश्वासको पनि उपन्यासमा चर्चा भएको छ । परम्परा धान्न गरिने विवाह, आफन्तको विछोड, अभिभावकको तिरस्कार तथा यौनेच्छामा पर्न जाने बाधाजन्य विक्षिप्तता जस्ता घटनाहरू यसमा सम्मिलित भएका छन् । समाजभित्रै रहेर पनि खेप्नु पर्ने सामाजिक निर्वासन, आर्थिक भार थेग्न नसकेर विदेश पलायन हुनु पर्ने बाध्यता एवम् जीवनभोगाइका क्रममा उत्तरोत्तर जटिलतल भासमा गाडिन पुगिने वर्तमान सामाजिक सन्दर्भ र युगीन परिवेशलाई उपन्यासले देखाउन खोजेको छ ।

१३३ पृष्ठमा विस्तारित **न्याउली** उपन्यासमा परिच्छेद विभाजनको स्पष्ट सङ्केत नभए पनि सन्दर्भप्रसङ्गको परिवर्तनका क्रममा छाडिएको खाली ठाउँका आधारमा १५ परिच्छेदहरू रहेका छन् ।

### ५.१.२ कथानक

[९७] उपन्यासकारबाट प्राप्त जानकारीअनुसार यसको लेखन १ मार्च १९८५ देखि मे १२ १९८५ सम्म भएको हो ।

लामो समयको कारावास सजाय भोगसकेकी न्याउलीलाई पोखराको कारागारले छुटकारा पुर्जी दिएर मुक्त गर्न खोज्छ तर न्याउलीले यसलाई अस्वीकार गर्दै जेलभित्रै बस्न चाहन्छे । प्रहरीले जबर्जस्ती निकाल्न खोज्दा आवेशमा आएकी न्याउलीले प्रहरीलाई हँसियाले प्रहार गर्दा त्यो चोट मैतीका थाप्लामा बज्रिन पुग्छ । यसबाट क्रुद्ध भएका प्रहरीहरूले उसलाई नीलडाम पर्ने गरी कुट्छन् । त्यसपछि न्याउलीले आफ्नो जीवनकथालाई संस्मरणात्मक रूपमा मैतीलाई बताउन थाल्दछे ।[९८] जसअनुसार न्याउली अठार वर्षकी हुँदा मनसँग उसको विवाह भएको हुन्छ । अनेक सपनाहरू सजाएर मनकी दुलहीका रूपमा धौले घरमा प्रवेश गरेको न्याउलीको श्रीमान् विवाहकै रात बेपत्ता हुन्छ । मनको विवाह नै नगर्ने अडानको विपरीत घरको कामको लागि... जेठाजुको कामवासनको पूर्तिको लागि आफ्नो विवाह भएको भन्ने कुरा कमलामार्फत थाहा पाएकी न्याउलीको शरीर क्रोधले रन्किन पुग्छ । विवाहकै रात घर छाडेको श्रीमान्को फर्कने ठेगान नभए पनि आशाको त्यान्द्रोमा न्याउलीले दिन कटाउन थाल्छे । न्याउलीले आफ्नो सतीत्व जोगाउन धेरै प्रयत्न गरे पनि घरमा लोग्नेको अनुपस्थिति, चढ्दो बैंस तथा घरमा श्रीकृष्णको उपस्थितिका कारण पनि न्याउली प्रपञ्चमा जेलिँदै गइरहेकी हुन्छे । कालुको प्रेमयाचनालाई अस्वीकार गर्ने न्याउली ठूलेसँगको एकान्त मिलनमा सहभागी हुन खोज्दा त्यसमा श्रीकृष्णले व्यवधान पुऱ्याउँछ । श्रीकृष्णले 'खाल्टेपत्र' नामक भूमिगत पर्चा लेखाएर न्याउलीका विरुद्धमा झुटा आरोप एकातिर लगाउँछ भने अर्कातिर चढ्दो यौवनमा सतीत्व जोगाउन मुस्किल हुन्छ भन्दै न्याउलीलाई घरबाट निस्कन पनि बन्देज लगाइदिन्छ । दाजुको कठोर दबाब सहन नसकेर पलायन भएको मनकै सतीत्वमा बसेकी न्याउलीलाई सामाजिक बन्धनहरूले अर्को विकल्प छान्न दिँदैनन् । आफ्नै परिवारभित्रका तथा घातक सामाजिक बन्धनहरू चुँडाल्न खोज्ने न्याउली त्यसमा आफू असमर्थ भएको बुझ्रेपछि समाजभित्रबाट आफू निर्वासित भएको अनुभव गर्दछे । आफू जेठाजुद्वारा पूर्णतः चुसिएको अनुभव गर्न थाल्छे । तीर्थ, व्रत, धर्म सबै काल्पनिक हुन् भन्ने न्याउली आफू जे छु त्यही नै यथार्थ हो भन्दै अन्य पाखण्डबाट बच्न खोज्छे । धेरै समयपछि एकदिन न्याउली श्रावण महिनामा माइती भेट्न अर्थुङ्गे जान्छे । त्यसदिन आफ्नी आमाको मृत्युले न्याउलीलाई झन् खिन्न तुल्याएको छ । त्यही दिन पल्लाघरे कान्छीले पोइटोकुवा भन्ने सामाजिक लाञ्छना सहन नसकेर आत्महत्याको बाटो रोजेको कुराले न्याउलीलाई चिन्तित बनाउँछ । कसैले आक्षेप लगाउँदैमा आत्महत्या गर्नु कमजोरी हो भन्दै यसको प्रतिरोध जीवितै रहेर गर्न सकिन्छ भन्छे । आफ्नी आमाको मृत्युशोकमा डुबेकी न्याउलीलाई आफ्ना बाबु, दाजु, भाउजु तथा पल्लाघरे कान्छीको मृत्युले चिन्तनशील बनाएको छ । मृत्युवरण गर्नु पर्ने मानव जीवन नै उसलाई निस्सार लाग्छ । उसले मानवजीवनका तमाम आदर्शहरूलाई अर्थहीन ठान्छे । न्याउलीले चितामा आमाको लाससँगै आफ्नो लास पनि डढेको सम्झिन्छे । यही मानवजीवनको निस्सारताबोधका कारण त्यही दिन आफूलाई खोज्दै आइपुगेको जेठाजुसँग यौन क्रियामा सहभागी भएकी छे न्याउली । उसको दृष्टिमा सहावासको पनि कुनै रूप र अर्थ नभए पनि कर्मशील भएर एउटा संवेगको तरल तरङ्गमा तरङ्गिनुबाहेक अर्को उद्देश्य रहेको छैन । मनको जस्तै यौटा सानो टोयोटा कार होस् भन्ने चाहने न्याउली श्रीमान्को साहचर्य नपाए पनि आमा मरेको केही समयपछि जेठाजुका साथमा निरुद्देश्य ताकम नै फर्कन्छे ।

---

[९८] होमनाथ सुवेदी **न्याउली**, (काठमाडौं : नन्दादेवी मङ्गला प्रकाशन, २०४३), पृ. ५८ ।

विवाहको रात नै घर छाडी बेपत्तिएको मन १५ वर्षपछि घर फर्कन्छ । मनको प्रत्यावर्तनले न्याउलीलाई हर्षविस्मात् केही हुँदैन । ती दुईबीचमा केवल सामान्य कुराकानी मात्र हुन्छन् । मन फर्किएकाले श्रीकृष्णलाई सम्पत्तिको अंशवण्डाको अनि न्याउलीको बारेमा सुर्ता हुन्छ । त्यसैले उसले न्याउलीले सतीत्व नाश गरेको, कालुसित र ठूलेसित बिटुलिएकी अनि अर्कोपटक पल्ला घरको ठाइँला बासित सुत्छे भनेर कसैले 'खाल्टेपत्र' लेखिदिएको कुरा मनलाई बताउँछ । गाउँमा आफ्नो तजबीज नभएको भए न्याउलीले इज्जत फालिसकेकी र आफ्नै जोडबलले सबै कुरा दबाएर उनी मनकै सतीत्वमा छिन् भन्ने प्रमाणित गरेर आजसम्म जोगाएको छु भन्दछ । न्याउलीले धर्मनाश गरेकीले उसलाई वीर्यदान दिन हुन्न भन्दै यसो गरेमा कूल बिग्रने कुरा पनि श्रीकृष्णले भन्छ । न्याउलीलाई पोइल गएकी भन्ने पनि नपार्ने अनि तीनतले घरमै रहे पनि उसँग अस्पृश्य रहनु पर्ने सल्लाह दिन्छ ।

मन घरमा आएको तेस्रो राति ११ : ०० बजे न्याउली बिस्तारै मनको कोठामा जान्छे । मनको आँखामा मार्मिक पीडा छचल्किरहेको देख्दा उसका पनि आँखा डबडब हुन्छन् भने दुबैको हेराइमा पनि विगत झल्किए जस्तो भान हुन्छ । त्यसपछि मनले 'अपराधी म हुँ तिमी पवित्र छ्यौं' भनेर न्याउलीलाई भनिरहँदा श्रीकृष्णले दुबैको चियो गरिरहेको हुन्छ । आफ्नो दाजुबाट न्याउलीको बारेमा मनगढन्ते कुरा सुनेको मनले न्याउलीलाई सम्हाल्न सक्दैन । स्वयम् न्याउली नै सक्रिय भएर पतिको पुंसत्व जगाउन खोजे पनि कुनै हालतमा ऊ सफल हुँदिन । पति र पत्नी एउटै विस्तरामा सुत्दा पनि एउटाको रापले अर्कालाई जगाउँदैन भने त्यो रतिभन्दा ठूलो नरक केही हुँदैन भन्ने न्याउली प्रचण्ड कामोत्तेजनाले अन्धी बनेकी हुँदा अन्ततः क्रोधावेशमा आएर मनको लिङ्गच्छेदन गरिदिन्छे । पहिलेदेखि नै दुईजनाको क्रियाकलापको चियो गरेको दाजुलाई देखेर मन निश्चेष्ट प्रायः भैरहेको थियो भने मनको निःसहाय अनुहार देखेर न्याउली उद्विग्न भएकी हुन्छे तर उसलाई जेठाजुको गुप्त उपस्थिति भने थाहा हुँदैन । यति भएर पनि न्याउली भने मनलाई निष्क्रिय, जिउँदो लास भन्दै दुई टुक्रा परेर पनि छट्पट्टिन्न भन्दै आफ्नै संवेगमा बगिरहेकी हुन्छे । यसै क्रममा श्रीृकष्णको बञ्चरोको प्रहार मनको थाप्लामा पर्छ र ऊ त्यहीँ मर्छ । आफ्नै सहोदर भाईलाई अंश र वासनाको मोहका कारण स्पष्टीकरण दिने मौका समेत नदिई अमानवीय तवरले हत्या गरेको देखेर भयभीत भए पनि सोही बञ्चरो खोसेर न्याउलीले श्रीकृष्णको त्यहीँ हत्या गरिदिन्छे । आफू जिउनुको पनि कुनै अर्थ नदेखेकी न्याउलीले धौले घरमा आगो लगाई भाग्ने क्रममा काफलको रुख ढलेर थिच्छ र ऊ त्यही लड्छे । यसरी प्रहरीको फन्दामा परेर अदालत जाँदा पनि उसलाई गौरवको अनुभूति भएको हुन्छ । आफूलाई सम्हाल्न नसक्ने अकर्मण्य पतिको सतीत्वमा रहँदाको पीडा र पतिव्रता रहन नदिने अनि पोइल जान पनि नदिने श्रीकृष्ण दुबजना उसको नजरमा पतित नै देखिन्छन् । श्रीकृष्ण जस्तो शोषक अत्याचारीको हत्या गर्न सकेकोमा न्याउलीले गौरवान्वित महशुस गर्छे । षडयन्त्रको पर्खाल फोरेर न्यायमूर्तिको आसनमा ...अदालतमा जान लागेकोमा खुसी भएकी न्याउली आफूलाई जन्मकैद दिलाउने अदालती निर्णयबाट मर्माहत बनेकी छे । त्यसैले उसले न्यायाधीशलाई पनि श्रीकृष्णको रूपमा देखेकी हुन्छे । बेनीबाट पोखरा जेलचलान हुने क्रममा चाहेको खण्डमा भाग्न सक्ने न्याउलीलाई उसको अन्तस्करणले भाग्न नदिएपछि एक रात अर्मादीमा आधापेट खाएर चीसो भुइँमा सुत्छे भने भोलिपल्ट त्यही बास बसेका कर्मचारीको सानो झोला बोकिदिएर सँगसँगै पोखरातिर लाग्छे । कारागारमा पुगेर न्याउलीले आफू अपराधी भएको कुरा बताउँछे ।

पहिले त न्याउलीको अनुरोधलाई गिज्याउने पाले/प्रहरीले न्याउलीले ढिपी गर्न थालेपछि जेलरलाई बोलाउँछन् । अघिल्लो दिन देखि आफूसँगै आएको मान्छे अपराधी हुन सक्दैन भन्दा न्याउलीले बेनीबाट आफूलाई त्यहाँ पठाएको र प्रहरीहरू बीचैमा हराएको बताएपछि जेलरले न्याउलीलाई थुन्न आदेश दिन्छन् । न्याउलीले आफू खुला कारागारबाट बन्द कारागारमा तथा अदृश्य कारागारबाट दृश्य कारागारभित्र पसेको ठान्दछे ।

न्याउलीको सङ्घर्ष जेलबाहिर मात्र नभई जेलभित्र पनि निरन्तर गतिशील देखिन्छ । उसले कैद भुक्तान गरिरहेका विभिन्न किसिमका महिलाहरूलाई जम्मा गरी नारी जागरण अनि हक अधिकारका कुरा गर्न सुरु गर्छे । नारीहरूले भोग्नु परेको पीडा, सामाजिक, पारिवारिक शोषण तथा आर्थिक परनिर्भरता एवम् महिलाहरूका सम्बन्धमा पुरातन मानसिकताका बारेमा समेत आफ्नो धारणा व्यक्त गर्छे । जेलजीवनका सुरुका दिनहरूमा न्याउलीको नेतृत्व निर्विवाद रहे पनि समय बित्दै जाँदा आफ्नो हक अधिकारप्रति सचेत कैदी महिलाहरू आआफ्नै अडानमा दृढ देखिन्छन् । यसले गर्दा पहिलेदेखि नै सुरु भएको सुरुङ खन्ने कार्यले अपेक्षित गति लिन सकेको हुँदैन । यसै क्रममा एकदिन रेडियोले पोखरा कारागारमा सुरुङ खनेर कैदीहरू भागेको र महिला कैदीहरूले पनि सुरुङ खन्ने गरेको तर पत्ता लागि नसकेको कुरा बताउँछ । यतातिर महिलाहरूको बीचमा सुरुङ खन्ने विषयमा सहमति भए पनि कुन दिशातिर र कसरी खन्ने भन्ने कुरामा विवाद रहेको हुन्छ । यस्तैमा एक दिन जेल प्रशासनले न्याउलीलाई त्यहाँ राखिरहँदा पछि नराम्रो हुन सक्ने ठानेर छुटकारा पुर्जी थमाउन लाग्दा न्याउलीले त्यहीँ जेलमै बस्ने अड्डी लिन्छे । प्रहरीहरूले उसलाई जबर्जस्ती बाहिर निकाल्न खोज्दा आवेशमा आएकी न्याउलीले हँसिया प्रहार गर्छे । जुन मैतीका थाप्लामा लाग्छ । यसबाट प्रहरीहरूले न्याउलीलाई नीलडाम पर्ने गरी कुटछन् भने यही बिन्दुबाट न्याउलीले आफ्नो अतीत सम्झिन थालेकी छे । कथ्य समाप्त हुन्छ ।

## ५.१.३ पात्र/चरित्र

कथावस्तुसँग सम्बद्ध विविध कथानक तथा आख्यान तन्तुहरूलाई गति दिने माध्यम चरित्र हो । उपन्यासको चरित्र काल्पनिक रूपमा निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाह्य एवम् आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई प्रतिनिधित्व गरेको हुन्छ । यसर्थ पात्रहरूको सजीवता, स्वतन्त्रता तथा क्रियाशीलता उपन्यासको प्राण हो ।

**न्याउली** उपन्यासमा मानवीय तथा मानवेतर दुबैथरी चरित्रको उपस्थापन गरिएको छ । चरित्रविन्यासका दृष्टिले मानवीयअन्तर्गत पुरुषपात्रहरूमा श्रीकृष्ण, मन, कालु, न्याउलीको बाबु, दाजु, गान्टे माहिलो, लीलामणि, चिन्तामणि, ठूले, गोपाल पौडेल, त्रिविक्रम झकबहादुर, थमबहादुर छन्त्याल, जेलर, प्रहरीहरू आदि रहेका छन् । स्त्री पात्रहरूमा न्याउली, मैती, कैली, सेती, काली, मटुली, न्याउलीकी आमा, कमला, नीलकुमारी, सुन्तली, गङ्गा, जमुना आदि रहेका छन् । त्यसै गरी मानवेतर पात्रमा कुकुरका छाउरा, लाहुरी भैँसी, गोरु, गौँथलीको जोडी आदि सन्दर्भित भएका देखिन्छन् ।

यस उपन्यासमा न्याउली, श्रीकृष्ण र मनलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । यिनीहरूमध्ये न्याउलीसँग सम्बन्धित कथा मुख्य रूपमा रहेको छ । कथानकको केन्द्रीयता नामको पुनरावृत्ति, द्रष्टा/भोक्ता वक्तासमेत न्याउली नै भएकी हुँदा उसलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । श्रीकृष्ण र मनलाई पनि प्रमुख सहायक पात्रका रूपमा लिन सकिन्छ ।

यसबाहेक अन्य पात्रहरूको भूमिका न्यून भएकाले तिनलाई सहायक र गौण पात्रका रूपमा लिन सकिन्छ । उनीहरूले उपन्यासभित्र सम्पन्न गरेका कार्यव्यापार र भूमिकाले प्रमुख पात्रका क्रियाकलापलाई परिणाममुखी बनाउन धेरथोर भूमिका निर्वाह गरेको देखिन्छ ।

## ५.१.३ (क) न्याउली

**न्याउली** उपन्यासकी न्याउली प्रमुख चरित्र हो । ऊ चालीस बर्से प्रौढा महिला हो । उपन्यासको सुरुतिर व्यक्तिगत पात्रका रूपमा देखिए पनि औपन्यासिक गतिक्रमसँगै उसको व्यक्तित्व वर्गीय बन्न पुगेको छ । आठार वर्षको उमेरमा न्याउलीको बिहे मनसँग हुन्छ । विवाहकै रात श्रीमान् बेपत्ता भएपछि निराश्रय बनेकी न्याउली घरमा श्रीमान्को अभावको पीडा र जेठाजुको कामुकतापूर्ण हरकतहरूका कारण विक्षिप्त बन्न थालेकी छे । मनको घर फर्किने ठेगान नभएकाले मनको सतीत्वमा रहिरहनु न्याउलीलाई निरर्थक लाग्न थाल्छ । त्यसपछि ऊ श्रीकृष्णसँग गोप्य यौनक्रियामा संलग्न भएकी देखिन्छे । घरमा खेप्नु पर्ने सास्तीबाट त्राण पाउन माइतमा पुगेकी न्याउलीको त्यही दिन भएको आमाको मृत्युले झन् उसलाई निराश बनाएको छ । त्यसबाहेक आफ्ना बाबु, दाजुभाउजुको मृत्यु तथा पल्लाघरे कान्छीको आत्महत्याले उसमा सांसारिकता र यसका मूल्यमान्यताहरूप्रति वितृष्णाभाव देखिन्छ । निर्धालाई हेप्ने समाजका मान्छेहरूसँग जुध्न नसकेर आत्महत्याको बाटो रोज्ने पल्लाघरे कान्छी न्याउलीको दृष्टिमा आत्मबल नभएकी आइमाई हो भने समाजबाट भागेर भन्दा समाजभित्रै रहेर सङ्घर्ष गर्नुपर्ने विचार न्याउलीको रहेको छ । समाजको नजरमा पतिव्रता देखिए पनि भित्रभित्रै श्रीकृष्णसँग यौन क्रियामा संलग्न न्याउलीको श्रीमान् पन्ध्र वर्षपछि घर फर्कन्छ । मनको अनुपस्थितिमा घरमा जेजस्ता घटना घटेका भए पनि मन घर फर्किएपछि उसले न्याउलीको सहानुभूति पाएको छ । अंश र वासनाको लोभमा श्रीकृष्णले भाइको हत्या गरेपछि न्याउलीले पनि श्रीकृष्णको हत्या गर्छे । वास्तविक अपराधी तथा शोषक श्रीकृष्णलाई मारेर न्याउलीले गरिब, निमुखाहरूको भलो गरेको ठान्दछे । श्रीकृष्णजस्तो फटाहालाई तह लगाएर आफूले राम्रो काम गरेकी भए पनि अविवेकी अदालती निर्णयका कारण ऊ प्रजातान्त्रिक व्यवस्थाभित्रको न्यायालयप्रति असन्तुष्ट छे । उसले अदालतलाई स्वर्णिम पिँजडा भन्दै न्यायाधीशलाई श्रीकृष्णको रूपमा देखेकी छे । कैद भुक्तान गर्न पोखरा जाने क्रममा न्याउलीलाई भाग्नको निम्ति अनुकूल अवस्था प्राप्त हुन्छ तर बन्दीहरूसँगको भावनको साटासाद्वारा केही शितलता अनुभव होला भन्ने आशामा उसले जेल जीवन वरण गरेकी छे । खुला कारागार (समाज) मा रहेर सधैंभर पीडा बेहोर्नुभन्दा कैदी जीवन श्रेयस्कर ठान्ने न्याउली त्यहाँ भित्रको कलह, चोरी, वैमनस्यता तथा आफ्नै वर्गकाले खुट्टा तान्ने प्रवृत्ति देखेर दिक्क भएकी छे । न्याउलीले कारागारभित्रै नारी जागरणका कुरा गरेर महिलाहरूलाई एकत्रित गर्दै लगेकी छे । जेलभित्रबाट न्याउलीको सक्रियतामा सुरुङ खनेर भाग्ने योजनाअनुरूप उपन्यासमा सुरुङ खन्ने काम सुरु गरिएको छ तर महिलाहरूबीचको अन्तर्विरोधका कारण त्यो कार्य पनि अधुरो रहेको छ । आफूमा नेतृत्व शक्ति भए पनि सार्वभौम नेतृत्व दिन नसकेकोमा न्याउली आफैँसित रुष्ट छे । मौलिक पात्रका रूपमा देखिएकी न्याउलीले उपन्यासकारका विचार र चिन्तनलाई पाठक समक्ष प्रस्तुत गर्ने मुखपात्रको काम पनि गरेकी छे । त्यस कारण उसको चरित्र सहजभन्दा नियन्त्रित/निर्देशित देखिन्छ । न्याउली गतिशील चरित्र हो भने उसको अन्तर्मुखी चरित्रको चित्रणमा उपन्यासकार आकर्षित भएको देखिन्छ । उपन्यासकारले न्याउलीलाई समाज, संस्कृति, राजनीति र जीवनको विश्लेषकका रूपमा प्रस्तुत

गरेका छन् । यसरी हेर्दा न्याउली भौतिक जीवनमा आस्था राख्ने युगीन चापप्रतिचापबाट पीडित नारी पात्र हो ।[९९]

## ५.१.३ (ख) श्रीकृष्ण

**न्याउली** उपन्यासको दोस्रा मुख्य पात्र न्याउलीको राइँलो जेठाजु सुब्बा श्रीकृष्ण हो । उसले न्याउली र मनका जीवनमा मात्र नभएर सम्पूर्ण पारिवारिक संरचनामा प्रभाव पारेको छ । श्रीकृष्ण समाजमा सामन्तवर्गको प्रतिनिधित्व गर्ने खल पात्र हो । उपन्यासका प्रमुख मोड र दुर्घटना निम्त्याउन प्रमुख भूमिका खेल्ने श्रीकृष्ण आबद्ध र मञ्चीय पात्र हो । समाजमा विधुर, ब्रह्मचारी भनिएको ऊ नैतिकताको खोल ओढेर कुकर्म गर्ने दुराचारी पात्रका रूपमा आएको छ ।

श्रीकृष्णलाई उपन्यासमा विलासी, स्वार्थी, शोषक, क्रूरताको प्रतीक, यौनपिपासु[१००] व्यवहार कुशल, रकमी[१०१] भाइमारा, लुटाहा कन्सुत्ले प्रवृत्तिको व्यक्तिका रूपमा देखाइएको छ । पतिव्रता धर्मको बखान गर्दै परपुरुषको दर्शनसम्म गर्न हुन्न भन्ने तर न्याउलीप्रति आकृष्ट भएर उसको पतिव्रत नष्ट गर्ने श्रीकृष्ण ढोँगी पात्र हो । विभिन्न प्रपञ्च रचेर उसले न्याउलीलाई स्वच्छन्द रूपमा समाजमा घुलमिल हुन नदिई उसको सतीत्व लुट्ने काम गरेको छ । दाजुको अत्याचार खेप्न नसकेर विवाहकै रात वेपत्ता भएको मन पन्ध्र वर्षपछि घर फर्कँदा अंशवण्डा र न्याउलीको वासनाका कारण सहोदर भाइको हत्या गर्ने श्रीकृष्ण यथास्थितिवादमा जोड दिने चरित्र हो । तथाकथित समाजको नेतृत्व लिएको श्रीकृष्ण परम्परागत र धार्मिक आडम्बरभित्र बाँचेको छ । ऊ वर्गीय र गतिशील चरित्रका रूपमा उपस्थापित छ ।

## ५.१.३ (ग) मन

न्याउलीको लोग्ने मन नायकका रूपमा लिन सकिने निरीह र हीनग्रन्थियुक्त चरित्रका रूपमा उपस्थापित चरित्र हो । उसले उपन्यासमा शोषित/पीडित पक्षको प्रतिनिधित्व गरेको छ । आर्थिक भार तथा दाजुको कठोर अत्याचारी प्रवृत्तिका कारण वैवाहिक प्रथम मधुरात्रिलाई समेत वेवास्ता गर्दै ऊ बेपत्तिएको छ । दाजुको करकापमा विवाह गर्न मञ्जुर भएको मनलाई घरको धनसम्पत्ति चलाउने अधिकार हुँदैन । आफ्ना ससाना इच्छापूर्ति गर्न समेत असमर्थ भएको विवशताबोधबाट ऊ घरबाट पलायन भएको छ । पन्ध्र वर्षपछि घर फर्किएको मनलाई श्रीकृष्णले न्याउलीका आचरणका सम्बन्धमा अतिरञ्जित कुरा गरेपछि ऊ झन् निराश र अन्तर्मुखी बन्दै गएको छ । उपन्यासमा मनको चरित्रविकास राम्ररी हुन सकेको छैन । सामान्यतः देश/विदेश घुमेर फर्कने मानिस बुझक्कड हुनु पर्नेमा मनमा खासै परिवर्तन आएको देखिँदैन । बाहिर देख्दा सुट, टाई र ब्रिफकेस लिएर फर्केको भए पनि वैचारिक तहमा मनको स्थिति पहिलेकै अवस्थामा रहेको देखिन्छ । बी. बी. सी. मा न्युज पढ्ने जागिरको लागि जुत्ता बजार्दै होला भनेर न्याउलीले भन्नुले ऊ शिक्षित भएको थाहा लाग्दछ । घर फर्किएको तेस्रो रातसम्म न्याउलीको कोठामा जान हिच्किचाउनु, ऊसँग बोल्न डराउनु, दाजुका कुरा काट्न नसक्नु आदि कारणले मनको देखावटी रूपमा परिवर्तन देखिएको भए पनि बौद्धिक धरातल

---

[९९] बालकृष्ण शर्मा, **पूर्ववत्**, पृ. ६९ ।

[१००] **न्याउली**, **पूर्ववत्**, पृ. ४५ ।

[१०१] **ऐजन**, पृ. ५१ ।

फराकिलो नभएको महशुस हुन्छ । एकातिर न्याउलीका वासना र अर्कातिर श्रीकृष्णको अंशवण्डाको जालको सिकारमा परेको मन सहोदर दाजुको हातबाट मर्न पुगेको छ । 'एउटा सानो पक्की घर, दुई छोरा, एक छोरी र एउटा चिटिक्क परेको टोयोटा कारको चाहना राख्ने'[१०२] मन आफ्ना पीरमर्का एवम् आकाङ्क्षाहरूलाई खुलस्त पार्न नसक्ने सरल, पीडित र लाछी चरित्र हो । ऊ स्थिर, व्यक्तिगत र बद्धपात्र पनि हो ।

उपन्यासमा अन्य पात्रहरू पनि देखापर्छन् । तिनीहरूले मानवजीवनका विविध यथार्थहरूलाई उद्घाटन गर्दै मूल कथ्यलाई नै टेवा दिएको देखिन्छ । उपन्यासमा न्याउलीका आमा, बाबु, दाजुभाउजुको मृत्यु तथा पल्लाघरे कान्छीको आत्महत्याले मानवजीवनको मरणशीलता र यसका प्रकारहरूको चित्रण गरेको छ । यसै गरी न्यायाधीशले वास्तविक पीडित पक्षको पहिचान नगरी हचुवाको भरमा फैसला गर्ने अदालतीय प्रणालीको प्रतिनिधित्व गरेको छ । सन्तू, नीलकुमारी, सुन्तली, गङ्गा, जमुना आदि पात्रहरूले नारीले नारीकै खुट्टा तान्ने प्रवृत्तिप्रति औँल्याएका छन् । त्यसै गरी काली र सेतीबीचको झगडाले आफ्नो अस्तित्व जोगाउन अरूसँग भिड्नु पर्ने अस्तित्ववादी चेतको वकालत गरेको छ ।

## ५.१.४ परिवेश

उपन्यासभित्र प्रयोग गरिने विभिन्न ठाउँ, युग र समयसमेतको प्रयोगलाई औपन्यासिक परिवेशको रूपमा लिन सकिन्छ । अर्को शब्दमा भन्दा उपन्यासमा पात्रहरूले कार्यव्यापार सम्पन्न गर्ने पृष्ठभूमि तथा समय र स्थानलाई नै पर्यावरण/कार्यपीठिका भन्न सकिन्छ । कुनै काम हुनका लागि उपयुक्त स्थान उपन्यासको कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो ।[१०३] यसरी प्रयोग गरिएको परिवेशले उपन्यासको विश्वसनीयता, पात्रहरूलाई यथार्थता र लेखकको जीवनदृष्टिसमेतलाई स्पष्ट पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

**न्याउली** उपन्यासको प्रमुख कार्यपीठिका पश्चिम नेपालको पहाडी भू-धरातल भएको म्याग्दी जिल्लाको ताकम जफदीमा अवस्थित तीनतले धौले घर हो । घटना स्मरणस्थल भने पोखराको कारागार हो । उपन्यासले सुरुमा आञ्चलिकता ग्रहण गर्न खोजे पनि उत्तरोत्तर रूपमा सार्वभौमिक परिवेश ग्रहण गरेको देखिन्छ । खास गरी म्याग्दीका बेनी, दरबाङ्ग, अर्थुङ्गे, द्यौराली, बादिकाको धारो, बराहथान, बाग्लुङ र पोखरा उपन्यासले लिएका स्थान हुन् भने नेपथ्यमा दाङखोला, कालीगण्डकी, मङ्गला, कार्कीनेटा, गलेश्वर, अमेरिका आदिको उल्लेख भएको छ । एउटा गाउँलाई आधार मानेर सामाजिक शोषण, अन्याय, अत्याचार र सहरमा जागरणको स्वर देखाइएकाले परिवेश जीवन्त देखिन्छ । आफ्नै वनपाखा, पहरा र छहराहरूको दृष्टान्त दिएर लेखकले आफ्नो परिवेश र समाजको मुकुण्डोलाई कुनै डर नमानी उठाइदिएका छन् ।[१०४]

उपन्यासकारले न्याउलीको चौध वर्षको उमेरदेखि चालीस बर्से उमेरसम्मको छब्बीस बर्षको समयावधिलाई समेटेको छ । उपन्यासको सम्पूर्ण कथ्यलाई न्याउलीले स्वगत कथनद्वारा तीन घण्टाको अवधिमा अभिव्यक्त गरेकी छे । यसभित्र अङ्कित समाजलाई हेर्दा वि. सं. २०१०

---

[१०२] **ऐजन**, पृ. ५५ ।

[१०३] राजेन्द्र सुवेदी, **पूर्ववत्** पृ. २५ ।

[१०४] 'न्याउली' **रारा** साप्ताहिक (श्री ५ वीरेन्द्र ४२ औँ जन्मोत्सव विशेषाङ्क, २०४३) पृ. १०१ ।

देखि ०३०/३५ सम्मको नेपालको स्थितिलाई अनुमान गर्न सकिन्छ । यसको समाज परम्परागत तथा सामन्ती संस्कारले किचिएको छ । तत्कालीन नेपाली समाजमा व्याप्त विभेदकारी समाजिक अवस्था, आर्थिक असमानता, विदेसिनु पर्ने बाध्यता, धार्मिक आडम्बर र नैतिकताको पतनशीलताजस्ता कुराहरूलाई उपन्यासले उठाएको छ । सामन्ती ठालुहरूको हेपाहा प्रवृत्ति तथा चेतनशील व्यक्तिहरूले पनि स्वतन्त्रातको उपभोग गर्न नपाई उल्टै विभिन्न फन्दामा जेलिएर जीवन गुजार्नु पर्ने मार्मिक अवस्थालाई उपन्यासले उठाएको छ ।

समाजमा वर्गविभेदको स्थिति, शोषक र शोषितहरूबीचको सङ्घर्ष **न्याउली** उपन्यासमा पाइन्छ । उपन्यासमा श्रीकृष्ण, न्यायाधीश, प्रहरीहरू शोषक पक्षका देखिन्छन् भने न्याउली, मन, मैती, सेती, काली, पल्लाघरे कान्छी आदिले शोषित पक्षको प्रतिनिधित्व गरेका छन् । उपन्यासभित्र श्रीकृष्ण सामन्ती संस्कार र सोचाइ भएको धार्मिक आडम्बरयुक्त पात्रका रूपमा उपस्थापित छ । ऊ नैतिकताको आवरणमा नारी अस्मिता लुट्दै हिँड्ने मानिस हो । ऊ आफ्नो परिवारका सदस्यहरूलाई मात्र होइन सम्पूर्ण समाजका नरनारीहरूलाई आफ्नो हैकममा राख्न सफल देखिन्छ । देखावटी रूपमा सतीत्वको महत्त्व बताएको भएपनि भित्री रूपमा भाइबुहारी तथा गाउँले छोरीचेलीहरूको अस्मिता लुट्ने, त्यसैगरी अंश र वासनाको लोभमा सहोदर भाइको हत्या गर्ने ऊ स्वार्थी चरित्र हो । न्यायाधीशको अविवेकी फैसलाले प्रजातान्त्रिक व्यवस्थाभित्रको अदालतले वास्तविक पीडित पक्षको पहिचान नगरी हचुवाको भरमा निर्णय गर्ने तत्कालीन न्यायप्रणालीमा विद्यमान अवस्थालाई इङ्गित गरेको छ ।

उपन्यासको अर्को पक्षमा न्याउली, मनजस्ता निरीह पात्रहरू जो शिक्षित भएर पनि कोही छलकारी प्रपञ्चमा जेलिएर त कोही आर्थिक भारवहन गर्न नसकेर विदेश पलायन हुन वा निर्वासित हुन बाध्य छन् । **न्याउली** उपन्यासभित्रका मानिसहरू शोषकका जाली व्यवहारसँग परिचित भएर पनि अर्काको पीडालाई आत्मसात् गर्दै छट्पटाउन नसक्ने मूकदर्शक मात्र देखिन्छन् । कुनै नारीले विधवा भएर पनि परपुरुषको इच्छा गर्न नपाइने, सौभाग्यसूचक गहना/कपडा त्याग्नु पर्ने, पोइटोकुवाको लाञ्छना सहनुपर्ने, विधवा भएकैले अलच्छिनी हुनुजस्ता धार्मिक अन्धरूढिमा विश्वास गर्ने सामाजिक अवस्था उपन्यासमा देखिन्छ । महिलाहरूले नै आफ्ना समवर्गीयहरूको खुट्टा तान्ने परिपाटीलाई पनि उपन्यासमा देखाइएको छ । समाजको चित्र उपन्यासभित्र देख्न सकिन्छ । प्रकृतिचित्रणका दृष्टिले पनि उपन्यास पठनीय छ । यसमा प्रकृतिको मानवीकरण गरिनाका साथै वस्तुगत प्रकृति पनि चित्रित छ । सामान्य ग्रामीण परिवेशमा उपन्यास उभ्याइए पनि न्याउलीले भागेको समाज र परिवेश सार्वभौमिक र सार्वजनीन देखिन्छ ।

## ५.१.५ भाषाशैली

अभिव्यक्ति सम्पेषणको सशक्त माध्यम भाषा हो । यसको अभावमा मानवीय व्यवहार असम्भव प्रायः देखिन्छ । उपन्यासका सन्दर्भमा यसका तत्त्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्न, सामान्य कार्यमा तथा भाव अभिव्यक्तिको माध्यमका रूपमा भाषाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अन्य साहित्यिक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा उपन्यासमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग गरिन्छ । यसको भाषामा धेरथोर विचलन हुन्छ जसबाट नयाँ कुरा अभिव्यञ्जित हुन सक्छ तापनि कवितामा जस्तो अत्यधिक भाषिक विचलन उपन्यासमा हुँदैन । कुनै पनि उपन्यासकारले औपन्यासिक तत्त्व बनेर आएका मूल विषय, घटना, कथावस्तु, चरित्र आदि सामग्रीहरूलाई कसरी प्रस्तुत गरेको छ भनेर हेर्नु नै त्यसको

शैली हो । उपन्यासकारहरूका बीचमा आफ्नो पृथक् पहिचान दिन खोज्ने निजत्वको विशिष्ट रूपलाई प्रकारान्तरमा शैली भनिन्छ । प्रस्तुतीकरणमा नवीनता नभएमा जस्तोसुकै घटनाले पनि पाठकको मन छुन सक्दैन । त्यसैले अरूभन्दा पृथक् देखिने बहानामा नवीन शैलीको निर्माण भएको हुन्छ । कतिपय विद्वान्हरूले भाषाशैलीलाई औपन्यासिक तत्त्वहरूको सूचीमा नराखे तापनि कृतिको सम्प्रेषणीयता र निजत्वको विशिष्ट पहिचान बोक्न सक्ने हुँदा उपन्यासको निम्ति भाषाशैली महत्त्वपूर्ण मानिन्छ ।

भाषाशैलीका दृष्टिले **न्याउली** उपन्यासमा वस्तु, स्थान र चरित्रअनुकूलको भाषाप्रयोग गरिएको छ । केही भाषिक तथा व्याकरणिक विचलन रहेको यस उपन्यासमा पात्रका आचरण, व्यवहार, बौद्धिकता आदिले भाषिक कमजोरीको बचाउ गरेका छन् । संस्कृत तत्सम शब्दहरू शातत्य, मुदित, मृत्तिका, दुष्कर, देवदार, कुचकुम्भ आदिको प्रयुक्तिका साथै फिकर, फरेब, खोमेनी आदि अङ्ग्रेजीइतर अनेपाली शब्दहरूको पनि उपन्यासमा प्रयोग गरिएको छ । त्यसैगरी प्रोपोगण्डा, गिनिपिग, रेडिएसन, थ्रिपिस, न्युरोसिस आदि अङ्ग्रेजी शब्दहरू तथा स्थानीय ग्रामीण भेगका शब्दप्रयोगले उपन्यासको भाषिक महत्त्व देखिन्छ ।

होमनाथ सुवेदीका उपन्यासहरूमा मूलतः शास्त्रीयतामूलक संस्कृतका सूक्तिहरूका साथै लोकाख्यानमूलक नेपाली उखानटुक्काहरूको प्रयोग पनि यथेष्ट रूपमा गरिएको छ । यसबाहेक सुवेदीले आफ्ना उपन्यासहरूमा कतिपय चिन्तनमय (वैयक्तिक) कथनको प्रयोग पनि गरेको पाइन्छ । 'सेवा हि परमोधर्म', 'ऐभाँति कन्या वर दीर्घमायुः' जस्ता संस्कृतका सूक्तिहरूका साथै 'जो जान्ने उही दोबाटोमा हग्ने', 'लोकले नदेखे पाप लाग्दैन' जस्ता उखानटुक्काहरूको प्रयोगले भाषिक सरसता थपेको छ । यसै गरी उपन्यासमा स्थानीय भाषिकाको प्रयोग पनि गरिएको छ । जस्तै : मुलीओछ्यान, टाडो, छिनो, डहरो, सिकुवा, सीठा, खाल्टेपत्र आदि । उपन्यासमा सरल, संयुक्त र मिश्र तिनै प्रकारका वाक्यविन्यास गरिए पनि सरल वाक्यको प्रयोग अधिक छ । भाषामा व्यङ्ग्यात्मकता पाइन्छ । समग्रमा औपन्यासिक भाषा वस्तु, चरित्र र परिवेश अनुकूल रहेको छ । न्याउलीले आफ्नो जीवनकथालाई वर्णनात्मक शैलीमा मैतीलाई बताएकी छे । त्यसको निम्ति उपन्यासमा पूर्वावलोकन पद्धतिको प्रयोग पनि गरिएको छ ।

## ५.१.६ द्वन्द्व

औपन्यासिक तत्त्वहरूमा द्वन्द्वको स्थान महत्त्वपूर्ण छ । कृतिमा उपन्यस्त पात्रहरूको वैचारिक मतभेदका कारण यसको सिर्जना हुन्छ । वास्तवमा रचनामा प्रयुक्त जीवनको अन्तर्जटिलताको सूचक हो द्वन्द्व । मूलतः द्वन्द्वलाई तीन भागमा वर्गीकृत गर्न सकिन्छ । तिनीहरूमध्ये मान्छेका बाह्यजीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व, मान्छेमान्छेसँगका विषमताका कारणले दुबैमा वैमनस्य जन्माउने द्वन्द्व र मान्छेको आफैँभित्र देखा पर्ने तनावमूलक द्वन्द्व ।[१०५] पात्रहरू बहिर्मुखी छन् र उनीहरूको क्रियाकलाप यान्त्रिक किसिमको छ भने त्यो द्वन्द्व बाह्य जगत्का असङ्गतिका कारणले जन्मेको हुन्छ । यो साधारण कोटिको द्वन्द्व हो । त्यसै गरी मान्छेमान्छेको अन्तर र बाह्य असङ्गतिका कारणले उद्भूत द्वन्द्व अन्तर र बाह्य दुवैखाले द्वन्द्व हो । यो द्वन्द्व स्थितिशील र गतिशील पात्रका उपस्थितिबाट जन्मिन्छ । यो दोस्रो र विशेष कोटिको द्वन्द्व हो । पात्रको आफैँभित्रको (आन्तरिक) द्वन्द्व तेस्रो

[१०५] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २४ ।

तथा उत्कृष्ट कोटिको द्वन्द्व हो । यस्तो द्वन्द्वमा पात्र आफैँभित्र छटपटिन्छ र कहिलेकाहीँ त विक्षिप्तताको शिकार बन्न पनि सक्छ ।

द्वन्द्वका दृष्टिले **न्याउली** उल्लेखनीय छ । यसमा पात्रको मनमा असङ्गत उत्पन्न भई सिर्जना हुने आन्तरिक द्वन्द्व पाइन्छ तापनि बाह्य द्वन्द्व पनि सशक्त बनेर आएको छ । खास गरी भौतिकवादी विचार बोक्ने न्याउली र परम्परागत मान्यताको पक्षपोषक श्रीकृष्णका बीचमा द्वन्द्व बढ्दै जाँदा त्यसले बाह्य द्वन्द्वको रूप लिएको मात्र होइन; उपन्यासमा मारकाटको स्थिति उत्पन्न भएको छ । यहाँ **न्याउली** उपन्यासमामा देखिएको आन्तरिक र बाह्य द्वन्द्वको चर्चा गर्नु वाञ्छनीय देखिन्छ ।

### (क) आन्तरिक द्वन्द्व

प्रस्तुत उपन्यासको आन्तरिक द्वन्द्वमा न्याउलीको मनोद्वन्द्व प्रमुख रहेको छ । आफ्नो इच्छाविपरीतको विवाह, बिहेकै रात श्रीमान्को घरबाट पलायन, यौन चाहनाको सम्पूर्तिमा बाधा, घरमा जेठाजुको कामाशक्तिपूर्ण बोली र व्यवहार आदि कारणले शिक्षित तथा संवेदनशील न्याउलीमा आन्तरिक द्वन्द्व बढ्दै जान्छ । त्यसमाथि श्रीकृष्णको जाली व्यवहार, आफ्नो सतीत्वमाथि आक्षेप लगाइएको 'खाल्टेपत्र' प्रकरणले पनि उसको मानसिक द्वन्द्व बढ्दै गएको छ । एकातिर न्याउली जेठाजुको षडयन्त्रपूर्ण दमनचक्रममा पिल्सिएकी छे भने अर्को तर्फ प्रबल यौनचाहनाले गर्दा घर फर्कने ठेगान नभएको मनको सतीत्वमा रहनु व्यर्थ ठानेर उसमा तनाब बढेको छ । त्यसकारण शारीरिक तृष्णा शमनको निम्ति उसले आन्तरिक रूपमा श्रीकृष्णलाई वरण गर्छे । जेलजीवनमा आफ्नो नेतृत्व क्षमतामाथि प्रश्न उठ्दै जाँदा पनि न्याउलीको मानसिकता उल्झनमा फँसेको छ । त्यसैगरी उपन्यासमा न्याउलीको लोग्ने मनको हीनताबोधजन्य मानसिक द्वन्द्व पनि यस सन्दर्भमा उल्लेखनीय छ ।

### (ख) बाह्य द्वन्द्व

प्रस्तुत उपन्यासमा आन्तरिक द्वन्द्वको तुलनामा बाह्य द्वन्द्व कमजोर जस्तो देखिए पनि अप्रत्यासित घटनाबाट दुईजनाको मृत्यु समेत भएकाले बाह्य द्वन्द्व पनि उल्लेख्य रहेको छ । मानसिक रूपमा कमजोर भए पनि सङ्कटापन्न अवस्थामा न्याउली कर्तव्यबाट च्युत भएकी छैन । निरीह, डरपोक र हीनभावनाग्रस्त आफ्नो भाइलाई अंश र वासनको लोभमा परेर हत्या गर्ने न्याउलीले श्रीकृष्णको हत्या गरिदिन्छे । त्यसै गरी जेल सजायबाट मुक्त गरिएकी न्याउलीले त्यहीँ जेलमै रहने ढिपी गरिरहँदा प्रहरीहरू र उसका बीचमा पनि द्वन्द्व भएको छ । उपन्यासमा शोषित पक्षका महिलाहरूबीचको अन्तद्वन्द्वलाई सेती र कालीको झगडाले पुष्टि गरेको छ । यसरी हेर्दा उपन्यासमा आन्तरिक तथा बाह्य दुबैखाले द्वन्द्वको सिर्जना भएको भए पनि बाह्य द्वन्द्वको अपेक्षा आन्तरिक द्वन्द्व सशक्त रहेको देखिन्छ ।

## ५.१.७ विचार

नेपाली समाजले शताब्दीयौँदेखि अन्याय, अत्याचार तथा शोषणको मार खेप्दै आइरहेको छ । देखावटी धर्म र आडम्बरले धार्मिक आस्थामाथि प्रश्न उठ्न थालेको छ । समाजको आँखामा ब्रह्मचारी र धर्मवेत्ता भनेर चिनिनेहरू नै नारी अस्मितामाथि धावा बोली रहेका छन् । यस्ता पाखण्डी, स्वार्थी र आडम्बरीहरूका विरुद्ध तथा नारीहरूको उन्मुक्ति र कल्याणका निम्ति गतिशील जनमत तयार पार्नु उपन्यासको उद्देश्य देखिन्छ । परम्पराको नाममा बाँचेको विकृतिबाट उन्मुक्ति पाउन र स्वतन्त्र जीवन वरण गर्नका लागि मनोविज्ञानको पनि सहायता

लिइएको छ । उपन्यासमा मानवीय स्वतन्त्रतालाई चिन्तनको बिन्दु बनाइएको छ । "जीवनलाई नै चरम मृत्यु" भन्ने दार्शनिक अवधारणा राख्ने नारीपात्रको सम्पूर्ण कथावस्तुको नेतृत्वले दिएको नयाँ सामाजिक दृष्टि[१०६] यस उपन्यासले अँगालेको छ । नेपालमा प्रजातन्त्र आए पनि वास्तविक रूपमा जनतासम्म यसको पहुँच नरहेको अवस्था, शिक्षित र चेतनशील वर्गलाई विभिन्न बहानामा दिइने ताडना तथा राष्ट्रमा नारीहरूको खस्किएको सामाजिक, आर्थिक र राजनीतिक स्थिति आदि पक्षहरूलाई सम्बोधन गर्दै यो उपन्यास सिर्जना भएको देखिन्छ । देशमा प्रजातान्त्रिक शासन पद्धति कायम भए पनि वास्तविक पीडित तथा शोषित जनताहरू न्यायको उज्यालोबाट वञ्चित हुनु परिरहेको अवस्थामा वर्गीय संचेतना र नारी आवाजलाई सशक्त बनाउनकै लागि पनि प्रगतिशीलता वैचारिक क्षेत्र बन्न पुगेको छ । आफ्नो अधिकारप्रति सचेत व्यक्तिहरूले समाजमा ठालु भनिने सुब्बा र मुखियाहरूको रूखो व्यवहार र हेपाहा प्रवृत्तिका साथै झुट्टा आरोप लगाएर दण्डित गर्ने तत्कालीन व्यवस्थाका विरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार उपन्यासमा व्यक्त छ । उपन्यासले सामाजिक, आर्थिक, राजनीतिक र लैङ्गिक विभेदको अन्त्य भएमा मात्र समाज सुधार हुने विचार व्यक्त गरेको छ । नारीहरूलाई खेलौना ठान्ने र विभिन्न बहानामा उनीहरूको शोषण गर्ने तथाकथित ठालुहरूको नीच चरित्रका विरुद्ध उपन्यासमा सशक्त विचार व्यक्त गरिएको छ । उपन्यासका ठाउँठाउँमा न्याउलीका माध्यमबाट विचारसूत्रहरूको प्रस्तुति गरिएको छ । युगीन आतङ्क तथा परवशताको विरोधजस्ता कुराहरूको चिन्तन पनि गरिएको छ । 'अभावबोध नै मूल्यनिर्धारणको मापदण्ड हो ।'[१०७] कठोर सङ्घर्ष यदाकदा घातक हुन्छ तापनि मानवीय सन्तुष्टिको अधिकतम जीवन्तता पनि यसैमा निहीत हुन्छ ।[१०८] जीवन एउटा निसार वस्तु हो ।[१०९] चिन्ताका मूल कारण पुरुष हुन्[११०] आदि चिन्तनमय सूक्तिहरू उपन्यासभरि छरिएका छन् ।

जीववैज्ञानिक दृष्टिले यौनिक स्वच्छन्दतालाई प्रश्रय दिने विचार अनुचित नदेखिए पनि प्रस्तुत उपन्यासका सन्दर्भमा त्यो उपयुक्त देखिँदैन । समाजको विषमताजन्य लौहदुर्ग तोडेर अग्रगामी परिवर्तनको आकाङ्क्षा राख्ने न्याउलीको उद्देश्य समयान्तरमा परपुरुषसँग संसर्ग गर्ने इच्छासम्म मात्र सीमित रहेको देखाइनुले उपन्यासको वैचारिक पक्षलाई कमजोर तुल्याएको छ ।

समग्रमा मानवजीवनलाई सुन्दर बनाउन सामाजिक, आर्थिक, राजनीतिक, लैङ्गिक स्वतन्त्रताको आवश्यकता हुनुपर्ने र साम्राज्यवादी हैकमको अन्त हुनुपर्ने विचार यसमा पाइन्छ । उपन्यासकारले आफ्ना सामाजिक, आर्थिक, धार्मिक, दार्शनिक आदि विचारहरूको सम्प्रेषणको निम्ति नै न्याउलीलाई सामान्य शिक्षित ग्रामीण महिलाको अवस्थाबाट अन्तर्राष्ट्रिय परिस्थितिको ज्ञातासम्म पुऱ्याएको आभास हुन्छ ।

## ५.१.८ कथोपकथन

होमनाथ सुवेदीद्वारा लिखित **न्याउली** (२०४३) उपन्यासमा प्रयुक्त चरित्रहरूले दुईवटा फरकफरक विचारको प्रतिनिधित्व गरेका छन् । युगीन विचारधाराबाट प्रभावित भौतिकवादी

---

[१०६] शिवप्रसाद सत्याल 'पीठ', 'स्वयंवरित शारीरिक दण्डको कथा' **मधुपर्क**, (वर्ष १९, अङ्क ६, कार्तिक २०४३), पृ. १३३ ।

[१०७] **न्याउली**, पूर्ववत्, पृ. ५८ ।

[१०८] **ऐजन**, पृ. ५९ ।

[१०९] **ऐजन**, पृ. ७३ ।

[११०] **ऐजन**, पृ. ११३ ।

विचारको प्रतिनिधित्व न्याउलीले गरेकी छे भने अर्कातिर उसको जेठाजु श्रीकृष्णले तथाकथित अध्यात्मवादी तथा रूढिवादी परम्परा अँगाल्ने सामन्ती चरित्रको प्रतिनिधित्व गरेको छ । पूर्वदीप्ति पद्धतिमा लेखिएकाले उपन्यास एकालापीय जस्तो लाग्छ । सुरुसुरुमा उपन्यास एकालापीय जस्तो देखिए पनि यसका कतिपय संवादहरू छोटाछरिता हुनाका साथै सङ्कथनात्मक प्रवृत्तिका पनि छन् । उपन्यासमा चरित्रअनुकूलको भाषिक प्रयोग छ । न्यायाधीश र न्याउलीका बीच भएको एउटा संवादको उदाहरण :

प्रश्न आयो मलाई म तर्सिएँ -
'तिम्रो नाम के हो ?'
'म ।'
'तिम्रो नाम के हो ऽऽऽ ?'
'म ।'
मेरो जवाफ सुनेर सारा गलल्ल हाँसे ।
'तिम्रो घर कहाँ छ ?' उपेक्षापूर्वक सोधे ।
'किन ?'
'तिम्रो घर कहाँ छ ?' उनले सिंहगर्जना गरे ।
'म भित्रै छ ।' मेलै आत्मविश्वास साथ उत्तर दिएँ ।[१११]

उपर्युक्त संवादमा शिक्षित तर शोषित न्याउलीको दार्शनिकता झल्किएको छ । यसले उपन्यासलाई रोचक र पठनीय बनाएको छ ।

## ५.२ 'रत्ना' उपन्यासको अध्ययन

होमनाथ सुवेदीको उपन्यासलेखनको प्रथम चरणमा प्रकाशित दास्रो औपन्यासिक कृति हो **रत्ना** । यसमा सौताभयबाट सृजित रत्नाको मानसिकता तथा सौतासँग घट्न सक्ने सम्भावित भविष्यत्कालीन दुर्घटनापूर्ण अवस्थालाई अतीतलाई समेटेर प्रस्तुत गरिएको छ । एउटी सरल, सहृदय र पतिभक्त नारीका जीवनमा सौता भन्ने कुरा कति घातक हुन्छ भन्ने कुरालाई विषयवस्तुका रूपमा ग्रहण गरिएको छ । नारी जीवनमा आउन सक्ने सम्भावित खतरालाई पुरुषहरूले कसरी वेवास्ता गर्दै धन वा यौनलिप्साका कारण उनीहरूमाथि सौता हाल्न पनि पछि पर्दैनन् भन्ने कुरालाई उपन्यासमा देखाउन खोजिएको छ । यसबाहेक उपन्यासमा राजनीति, दर्शनशास्त्र, अर्थव्यवस्था, मनोविज्ञान आदि पक्षहरू विषयवस्तुमा गाँसिन आएका छन् । उपन्यासले प्रेमको प्रतीक र बिम्बद्वारा समसामयिक राजनीतिलाई पनि समेट्ने काम गरेको छ । चतुष्कोणात्मक प्रेममा संलग्न कर्ण, रत्ना, सुनसरी र सुन्दरका माध्यमबाट उपन्यासकारले क्रमशः बहुदलीय व्यवस्था, समाजवाद, पुँजीवाद र अवसरवादलाई चित्रण गरेका छन् । यसमा विषयभन्दा विचार र अनुभूतिको घनत्व देखापरेको छ । विषयवस्तु पुरानै भए पनि संरचनात्मक नवीनता भने उपन्यासको उल्लेख्य पक्ष हो ।

## ५.२.१ कथानक

**रत्ना** उपन्यासको कथा क्षीण छ । यसको कथा रत्ना, कर्ण र सुनसरीको दैनिकी तथा कर्ण, रत्ना, सुनसरी र सुन्दरका पत्रहरूमा आधारित छ । उपन्यासको कथानक अनुसार : बनारसको दशाश्वमेधघाटमा रहेको आफ्नो काकाको डेरामा बसेकी रत्नाले दोस्रो विवाह गर्ने

---

[१११] **ऐजन**, पृ. ८१/८३ ।

कर्णको पत्र पाएपछि गङ्गामा हेलिएर आत्महत्या गर्न चाहन्छे तर केशवले उसलाई आत्महत्या गर्नबाट बचाउँछ । त्यसपछि रत्नाले सौताका कारण भविष्यमा आफ्नो परिवारमा घट्न सक्ने सम्भावित घटनालाई संयोजित गरेर रत्नाले उपन्यास लेख्न थाल्दछे । जसअनुसार रत्ना अठार वर्ष र कर्ण एक्काइस वर्षको उमेरका अवस्थामा छँदा कर्ण काराबासमा रहेको हुन्छ भने कर्णलाई भेट्न जाँदा लुकाइराखेको माला लगाइदिएर रत्नाले त्यहीँ नै कर्णलाई स्वयम्बर गर्दछे । कर्णसँग एउटै क्याम्पसमा पढ्ने मात्र नभई दुबैको विचारले एकापसमा मेल खाने हुँदा परिवारको स्वीकृतिबिना नै रत्नाले यस्तो निर्णय गरेकी हुन्छे । कर्ण र रत्नाका बीचमा अनेक किसिमका व्यवधानहरू आउँछन् तर उनीहरूले समाजबाट भागेर होइन जुधेर नै बाँच्ने प्रण गरेका हुन्छन् । रत्ना दरबार हाइस्कुलकी सामान्य शिक्षिका हुन्छे भने कर्ण वीर अस्पतालमा स्वास्थ्य सहायकको जागिरे हुन्छ । विद्यार्थी अवस्थामा छँदै परिवर्तनको सपना बोकेर विभिन्न जुलुसमा सरिक भएका यिनीहरूले प्रहरीहरूबाट बच्न विभिन्न ठाउँमा आश्रय लिन पुग्छन् । यसैबीच उच्च शिक्षा अध्ययनका लागि कर्णले बेलायत जाने अवसर पाएपछि ऊ बेलायततर्फ लाग्छ भने रत्ना विछोडमा छट्पटिन थाल्छे । कर्णको बालसखाका रूपमा रहेको सुन्दरले कर्ण बेलायत गएपछि रत्नालाई सहयोग पुऱ्याउँछ भने ऊ रत्नाप्रति आकर्षित पनि देखिन्छ । रत्नालाई सहयोग गर्न चाहने कर्ण आफूलाई समाजसेवी भनाउन चाहन्छ । उसले बेलायतमै रहेकी डाक्टर सुनसरीका पति र छोरीको पनि हेरचाह गर्छ । सुन्दरले पत्रमार्फत सुनसरी र कर्णको घरको हालखबर दिँदै जान्छ । कर्ण र सुनसरीलाई बेलायतमा भेट्ने वातावरण पत्रमार्फत सुन्दरले नै बनाइदिन्छ । रत्नालाई कसैले केही गर्न नसक्ने/लक्ष्मण रेखा काट्न नसक्ने कुरा सुन्दरले कर्णलाई पत्रमार्फत बताउँछ । छोरी र श्रीमान्को मृत्यु भएको खबर सुन्दरमार्फत थाहा पाएर चिन्ताग्रस्त भएकी सुनसरी आफ्नी साथी अनिता कहाँ गएको बेला कर्णसँग भेट हुन्छ । सुनसरीसँग भेट भए पछिका सुरुसुरुतिर कर्णले त्यति वास्ता नगरे पनि समयक्रमसँगै ऊ सुनसरीको जन्तर (धन) र डिग्री (शिक्षा) देखेर त्यसप्रति लोभिन्छ । कर्णले रत्ना र आफ्नो लक्ष्यप्राप्तिको माध्यम/साधन सुनसरी हुन सक्ने कुरा ठान्छ । ऊ एकातिर त्नासँगका बाचा कसम सम्झेर तड्पिन्छ भने अर्कोतर्फ सुनसरीको जन्तर र डिग्रीबाट आकर्षित पनि हुन्छ । उसले रत्नालाई विभिन्न किसिमका आश्वासन दिन्छ । अप्रत्यक्ष तवरले आफू सुनसरीप्रति आकृष्ट भएको जनाऊ दिन्छ । रत्नाको विगतको क्रान्तिकारी व्यक्तित्वको स्मरण गराउँदै 'विष सभा दरिद्रस्य' भन्ने बुढापाकाको उक्तिअनुसार पनि आफूले केही गर्नु पर्ने कुरा बताउँछ । एकातिर सुनसरीको जन्तर र डिग्रीको मोह अर्कातिर रत्नाको निश्छल, अनुपम, आत्मीय व्यवहारले कर्णलाई द्विविधाग्रस्त बनाउँछन् । कर्णले रत्नालाई तिमीप्रति प्रतिबद्ध छु भने पनि सुनसरीप्रति पनि आकर्षित भएको त्यतिबेला थाहा पाउँछ जतिबेला उसको अचेतनले नै सुनसरीलाई देख्न तथा उसको सामीप्य पाउन चाहेको थाहा हुन्छ । सुनसरीसँग प्रणय याचना गर्न वा रत्नामै समर्पित हुने भन्ने बारेमा धेरै विचार गरेपछि कर्णले सुनसरीको जन्तरले मलाई किनिदिन्छ वा जन्तरलाई मैले किनेँ भनेर सुनसरीसँग बिहे गर्ने निर्णय गर्दछ । सुनसरीले पनि कर्णसँग 'रत्नाको निम्ति तन, मन र धन सबै समर्पण गर्नेछु' भने पनि कसैलाई नदबाइकन को माथि उठेको छ ? भन्दै आफ्नो सम्पन्नताभित्र रत्नाजस्ती तीनवटी भान्से राख्न सकिन्छ भन्ने अहङ्कारवश कर्णसँगै बिहे गर्ने निर्णयमा पुग्दछे । सुन्दरमार्फत कर्णको सुनसरीसँग बिहे हुने कुरा सुनेकी रत्नाले सुरुमा विश्वास गर्न नसकेपनि स्वयम् कर्णले आफूहरू त्रिभुवन विमानस्थलमा उत्रँदा लिन आउनु भन्ने पत्र पठाएपछि भने रत्ना कर्णप्रति क्रुद्ध भएकी छे । त्यसपछि उसले कर्णलाई गाली गरेर नेपाल नै नफर्किनु, बेलायतकै नेपालीलाई पनि आफ्नो

अनुहार नदेखाउनु भन्छे । आफ्नो मञ्जुरीबिना विवाह गर्ने कर्ण नै होइन भन्ने रत्नाको ठहर हुन्छ । दोस्रो विवाह गर्ने निर्णय गरेको कर्णलाई गाली गर्दै रत्नाले पत्र लेख्छे । यसको प्रत्युत्तर कर्णले पनि रिसाएरै दिन्छ तर अर्को पत्रमा रत्नाजस्तै महान् हृदयी महिलाहरू जो साम्यवादको स्थापनाद्वारा लाखौँलाख मानिसहरूलाई एकै समुदायमा मिलाउने उद्देश्य लिएका हुन्छन् । कर्णले सुनसरीजस्ती विधवा निराश्रय महिलालाई स्थान दिनु पर्ने आशयको पत्र लेख्छ। कर्ण र सुनसरी विवाहपश्चात् नेपाल फर्किएपछि रत्नाले बेलायत जानुअघिको कर्ण र फर्किएपछिको कर्णमा धेरै भिन्नता पाउँछे । दास्रो विवाहपश्चात् कर्ण सुनसरीको वशवर्ती जस्तो देखिन थाल्दछ । शारीरिक तथा मानसिक रूपले पनि ऊ सुनसरीलाई कष्ट पुऱ्याउन चाहन्न । उता रत्नालाई भने उनीहरूले दिनपरदिन निरङ्कुश व्यवहार गर्न थाल्छन् । रत्ना भने असह्य अस्तित्वबोधले छटपटिँदै जान्छ । एक मनले रत्ना त्यो घर छोडेर बाहिरबाट सङ्घर्ष गर्न चाहन्छे तर अर्को मनले त्यही घरमै रहेर सुनसरीलाई तह लगाउन र कर्णलाई पाठ सिकाउन नसक्ने म रत्ना नै होइन पनि भन्छे । आफ्नो जन्तर र डिग्रीको सामु रत्नाले हीनताबोध गर्ने कुरामा आशावादी रहेकी सुनसरी रत्नाको स्वाभिमानपूर्ण व्यवहार, हीनत्वबोधको अभाव, अर्थपूर्ण अभिव्यक्ति तथा सफल व्यावहारिकताबाट हैरान बन्दै जान्छे । यसरी दुई सौताबीच शीतयुद्ध चलिरहन्छ भने कर्ण अन्तर्मुखी स्वभावको बन्दै जान्छ । श्रीमतीहरूको झगडालाई नियन्त्रण गर्नाको साटो पलायन हुँदै उनीहरूको् चित्रपूजा (फोटो) गर्न थाल्दछ । दुई श्रीमती मिलाएर राखेमा समन्वयवादी विचारधाराले प्रश्रय पाउँछ भन्ने अभिव्यक्ति दिने कर्ण दोस्रो विवाह गरेपश्चात् श्रीमतीहरूको कलहलाई साम्य पार्नुको साटो झन् अकर्मण्य बन्दै जान्छ । उसले दुईवटीलाई मिल्न आग्रह गर्दै तिनको फोटोलाई साक्षात् देवीहरू सम्झेर पूजा गर्न थाल्छ । दुब्लो, पातलो र क्षयग्रस्त भएको कर्णको स्वास्थ्य दिनदिनै बिगँदै जान्छ । आफ्नै साथी सुन्दरको घृणा, तिरस्कार र अपहेलना सहनुपर्दा र सुन्दरले बिना सङ्कोच सुनसरीसँग हिमचिम बढाइरहँदा समेत कर्ण त्यसलाई नजरअन्दाज गर्न विवश हुन्छ । एकातिर रत्ना र सुनसरीको शीतयुद्ध वाक्प्रतिबन्ध हुँदै लुछालुछको स्थितिमा पुगिसकेको हुन्छ भने अर्कातिर सुनसरी र सुन्दरका बीचमा बढ्दै गएको रहस्यमय साठगाँठका कारण पनि त्यस घरमा सम्भावित अनिष्टको सङ्केत देखा पर्दछन् । कर्णको आशक्तता र रत्नाको निरीहताको फाइदा उठाएर अवसरवादी सुन्दर कर्णको बारम्बराको निषेधपछि पनि त्यस घरमा जानेआउने गरिरहन्छ । कर्णले सुनसरीलाई अनैतिक साँठगाँठ गर्ने कुलटा भन्दा जन्तर र डिग्रीको मोहमा तिमीले मलाई रत्नामाथि ल्याउन हुन्छ भने मैले सुन्दरलाई रोज्न किन नपाउने ? भन्दै ठाडो जबाफ फर्काउँछ । यसै क्रममा रत्ना र सुनसरीका बीचमा भनाभन हुन थालेपछि दुबैजनाको बीचमा लछारपछार हुन थाल्छ । सुनसरी र रत्नाको बीचमा लछारपछार चलिरहँदा कर्णको बन्दुकको गोलीबाट सुन्दरको मृत्यु हुन्छ । आफ्नो अभीष्ट सुन्दरको मृत्यु भएकाले सुनसरीले कर्णलाई खुकुरीले छप्काउँछे भने रत्नालाई पनि प्रहार गर्न झम्टिन्छे । रत्नाले पनि सुनसरीको हातको खुकुरी खोसेर उसैको खोपडीमा प्रहार गर्छे र केही क्षणमा नै त्यहाँ तीनवटा लाश थुप्रिन्छन् । रत्नामाथि अत्याचार गरेकाले आफू रत्नाकै हातबाट मर्नु पर्नेमा अन्यथा हुन गएकोमा कर्णले खेद व्यक्त गर्दछ । सुनसरीसँग बिहा हुनुभन्दा पूर्वको अवस्थाको सक्कली कर्णकै रूपमा उसले रत्नासँग जीवन बिताउन चाहन्छ । आफूले गरेको भूलको लागि कर्णले रत्नासँग माफी पनि माग्छ । रत्नाको हातबाट पुनर्जीवनको आशा राखेको कर्णले ऊबाट नवजीवन प्राप्त गर्दछ । त्यसपछि विदेशबाट घर फर्किएको कर्णलाई खुशी हुँदै रन्नाले स्वागत गर्दछे । सुन्दर वेशभूषा र अनुहारमा आफ्नो अघिल्तिर रहेको कर्णलाई तन्मय भएर एकहोरो स्वागत गरिरहेकी रत्नालाई दशाश्वमेधघाटस्थित डेरामा उसको काकाले

बोलाउँदा रत्ना झस्किन्छे । त्यसपछि उसको स्वप्न भङ्ग हुन्छ र कर्णद्वारा प्रेषित पत्र पढ्न थाल्छे । कथानक यहीँ टुङ्गिन्छ । यहाँ उपन्यासकारले स्वप्न पद्धतिका आधारमा कथानक अघि बढाएको देखिन्छ ।

## ५.२.२ पात्रविधान

पात्रविधानका दृष्टिले हेर्दा **रत्ना** सशक्त उपन्यास हो । यसमा कर्ण, रत्ना, सुनसरी र सुन्दर मुख्य पात्रका रूपमा उपस्थापित छन् । यिनीहरूमध्ये पनि कर्ण र रत्नालाई क्रमशः नायक र नायिका मान्न सकिन्छ । सुनसरी र सुन्दर प्रमुख सहायक पात्रका रूपमा चित्रित छन् । यस अतिरिक्त उपन्यासमा प्रमुख पात्रहरूका स्मरणमा आएका केशव, माधव, काका, महेश, भरत, अमृतजङ्ग, शेखरबहादुर, सुरेश, डा. फणीन्द्र, डेभिड, कमल गुरुङ, नारायण, राजु, प्रहरी आदि पुरुषपात्रहरू र अनिता, कमला, प्रमिला, केशव प्रसाइँकी छोरी, सुनसरीकी छोरी विदेशी महिला आदि नारी पात्रहरू पनि छन् । यिनीहरूलाई गौणपात्रका रूपमा लिन सकिन्छ । उपन्यासमा यिनीहरूको खास भूमिका नदेखिएकाले प्रमुख पात्रहरूका चरित्र उद्घाटनमा यिनीहरू सहयोगी देखिन्छन् । कर्ण र रत्ना स्वप्नद्रष्टाका रूपमा उपस्थित छन् । उपन्यासले व्यक्तिमनका गहिराइसम्म पुगेर मानसिक उतारचढावहरूको गहिरो अध्ययन गरेको छ । पात्रहरूका बीचमा धेरै वाद-संवाद नभए पनि प्रमुख पात्रहरूको दैनिकी लेखन उनीहरूको मानसिक अन्तर्द्वन्द्व र चारित्रिक वैशिष्ट्य प्रतिपादनमा सहायक सिद्ध भएको देखिन्छ । प्रमुख पात्रहरूको चरित्रचित्रणले **रत्ना** उपन्यासका कतिपय पक्षहरूलाई उद्घाटन गर्ने हुँदा यहाँ तिनको चरित्रचित्रण गरिन्छ ।

### ५.२.२ (क) रत्ना

रत्ना उपन्यासकी केन्द्रीय चरित्र र नायिका हो । ऊ उपन्यासकी लेखिका मात्र नभएर घटनाहरूको भोक्ता पनि हो । लेखकीय विचारलाई संवहन गर्ने रत्नाको निर्माणमा उपन्यासकारको आदर्श रहेको छ । रत्ना सभ्य एवम् सम्पन्न परिवारमा जन्मिएकी शिक्षित महिला हो । उसले दरबार हाइस्कुलमा अध्यापन पनि गर्छे । समाजको आमूल परिवर्तन गर्नका निम्ति क्रान्तिकारी सपना देख्ने रत्ना साथीहरूमा भएको मतान्तरका कारण अल्पमतमा हुँदाहुँदै पनि निर्भीक भएर अघि बढ्ने साहसी महिला हो । एउटै क्याम्पसमा पढ्ने कर्णसँग विचार पनि मिल्ने हुँदा दुबैजनाको गन्धर्वशैलीको विवाह हुन्छ । बिहेको केही समयपछि उच्च शिक्षा अध्ययन गर्न बेलायत पुगेको कर्णले रत्नासँगका आदर्श दाम्पत्यजीवनका कुरा र वचनबद्धतालाई वेवास्ता गर्दै जाँदा ऊ पीडित भएकी छे । कर्ण बिदेसिएपछि सुन्दर कुनै न कुनै रूपमा रत्नाको सहायक भएको छ भने रत्नाले पनि उसको सहयोगलाई नकार्न सक्दिन । सरल र सुशिक्षिता रत्ना क्रान्तिमार्फत समाजको आमूल परिवर्तन गर्न चाहने समाजवादकी प्रतीक हो तर विडम्बना ! लोग्नेले सौता हाल्ने निर्णय गरेपछि उसका मानसिक तहमा भयङ्कर उथलपुथल सुरु हुन्छ । त्यसपछि दुर्घटनाग्रस्त सम्भावित भविष्यलाई विगतसहित वर्तमानमा संयोजन गरेर उपन्यास लेख्न थाल्छे । उसले कर्णलाई आफ्नो बनाएर आफू 'हुनु'को स्वलाई बचाउन खोजे पनि त्यसमा असफल भएकी छे । "वास्तवमा ऊ जीवनको असङ्गत घटनाहरूको दुर्घटना हो र कथैकथाकी प्रतिमूर्ति हो ।"[११२] रत्नाले कर्णलाई अनन्य रूपमा विश्वास गर्छे र भन्छे । आफ्नो सल्लाह बेगर उसले सौता हाल्न सक्दैन अन्यथा त्यसो गर्ने कर्ण नै होइन । सुनसरीका कुरामा लागेर कर्णले

---

[११२] **ऐजन**, पृ. १२७ ।

आफूलाई अत्याचार गरे पनि कर्णप्रति रत्नाको सहानुभूति हुन्छ । रत्ना सहनशील र क्षमाशील हुँदाहुँदै पनि अरूबाट धोका पाएपछि रत्नाले "सहिष्णुता पाप हो... धोका हो ...सहनै हुन्न ...केवल दमनकारीहरूको हतियार हो ।"[११३] भन्न थाल्दछे । रत्नामाथि सौता हालेर अत्याचार गरे पनि उसको विनयशीलता, वाक्पटुता र सूक्ष्मदृष्टिको क्षमताबाट कर्ण अत्यन्त प्रभावित छ । अन्यायको विरुद्ध केवल मौनता दासताको अर्को रूप हो भन्ने रत्ना सौतासँगको एकता कहिल्यै सम्भव नहुने ठान्छे । सौताको रूपमा सुनसरीको त्यस घरमा प्रवेश हुनामा उसको शत्रुको हात रहेको रत्नाले आशङ्का गर्छे । कर्ण र आफ्नो जीवनमा विघटनको स्थिति सिर्जना गर्नमा प्रमुख दुश्मनद्वारा सुनसरी सौताको 'पेनिट्रेसन' (अन्तःप्रवेश) हो भन्ने रत्नाले ठानेकी छे । सौता र श्रीमान्को अगाडि आफूलाई रुसी बोल्सेभिक पार्टीको स्थितिसँग दाँज्नुले पनि ऊ अध्ययनशील छे भन्ने थाहा लाग्दछ । रत्नाले शोषित वर्गको प्रतिनिधित्व गरे पनि निजी वैशिष्ट्यका कारण ऊ व्यक्तिगत चरित्र हो । परिस्थितिअनुसार चल्नसक्ने ऊ गतिशील चरित्र हो । "रत्ना आङ्तकत्रयीबाट थिचिएकी छे । सुन्दर पुँजीगत आङ्तक हो, कर्ण हो वैयक्तिक भूल, सुनसरी अतिसमाजीकरणकी खतरा हो । यी सबैले मिलेर रत्नामाथि बम बर्साएका छन् ।"[११४] कहिलेकाहीँ रत्ना बहिर्मुखी प्रवृत्तिकी देखिए पनि उसको चरित्र अन्तर्मुखी प्रवृत्तिबाट निर्मित छ । रत्नाको निर्माणमा उपन्यासकारको आदर्श रहेकाले ऊ निर्देशित पात्र हो ।

## ५.२.२ (ख) कर्ण

**रत्ना** उपन्यासको नायक हो कर्ण । ऊ शिक्षित तथा विद्वान् पनि छ । विद्यार्थी अवस्थामा उसले क्रान्तिमार्फत तथाकथित राज्य व्यवस्थामा परिवर्तन ल्याउन खोजेको देखिन्छ । उच्चशिक्षा अध्ययनार्थ बेलायत पुगेपछि ऊ सुनसरीको डिग्री र जन्तरको लोभमा फस्छ र रत्नामाथि सौता हाल्ने निर्णय गर्दछ । सुनसरीसँग विवाह गर्नु पूर्व कर्णले धेरै सोचेको भए पनि अन्तमा रत्ना र आफ्नो सुखी जीवनको प्राप्तिमा सुनसरी तथा उसको जन्तर साधन हुनसक्ने ठानेर सुनसरीलाई अङ्गीकार गर्दछ । दुई श्रीमती दुई चरण हुन सक्छन् ...दुई सौता मिलेर बसेको परिवार देखाउन सके समन्वयवादी विचारधाराले पश्रय पाउँछ भन्ने कर्णको विचार छ । क्रान्तिमार्फत सर्वहारा वर्गको हित अनुकूल हुने काम गर्ने प्रण गरेको कर्ण बेलायत पुगेपछि नितान्त वैयक्तिक चरित्रका रूपमा देखिएको छ । ऊ भन्छ : "उड्ने महल बनाउँला... कार्पेटले आँगन बिछ्याउँला...सबै परिवारलाई पैसैपैसालमा सुताउँला ।"[११५] दोस्रो विवाह गरे तापनि दुबै सौतालाई मिलाएर समन्वय गर्छु भन्ने कर्ण अन्यमनस्क जस्तै बन्न पुग्छ । उसलाई कट्टर बामपन्थी रत्ना र कट्टर दक्षिणपन्थी सुनसरीको मिलन गराउन खोज्नु भनेको समन्वयवादी विचार भए पनि यो कुरा आत्महीन जस्तो लाग्छ । सुनसरीको अहङ्कारी तथा दमनकारी प्रवृत्तिका सामु कर्ण नतमस्तक हुन्छ । समयक्रमसँगै कर्णमा रहेको बहिर्मुखी प्रवृत्ति बिस्तारै अन्तर्मुखी प्रवृत्ति परिवर्तित भएको छ । सुनसरी ठूलाबडाकी छोरी र शिक्षित भएकीले रत्नाभन्दा उसको मूल्य रहेको ठान्ने कर्ण उसका आग्रह पूरा गर्नुमा आफ्नो मूल्य रहेको ठान्छ । आफ्नो अत्याचारी व्यवहारले रत्नाको आत्मसम्मानमा ठेस पुऱ्याउने कुराको उसले हेक्का राख्दैन । कर्णले दुबै श्रीमतीलाई साक्षात् देवी सम्झेर तिनका चित्र (फोटो) पूजा गर्दै मिल्नको निम्ति

[११३] **ऐजन**, पृ. २४४ ।

[११४] गोपाल पराजुली, **गरिमा साक्षात्कार**, (**गरिमा**), (वर्ष २४, अङ्क ३, पूर्णाङ्क २७९, फागुन २०६२) पृ. १३१ ।

[११५] **रत्ना**, **पूर्ववत्**, पृ. ६१ ।

आग्रह गर्छ । नारीहरूलाई भोग्य साधनका रूपमा रहेको भए पनि कतैकतै उसले नारीको स्थान आदर्शृ गृहिणीका काम, कर्तव्य र नारी थिचोमिचोका बारेमा चिन्तन गरेको छ । क्षयग्रस्त र अपाङ्ग बन्दै गएको कर्ण "मेरा देवी छन् ...ती दिव्य होइनन् साक्षात् छन् ... म सदा पूजा गर्छु ..."[११६] भन्छ ।

कर्णले बारम्बार निषेध गर्दा पनि उसको अशक्तताको फाइदा उठाएर सुन्दरले कर्णको घरमा आउनेजाने गरिरहन्छ । यसबाहेक सुनसरीसँग बढ्दै गएको रहस्यमय साठगाँठ तथा आफ्नै सामुन्ने सुन्दर र सुनसरीका बीचमा चुम्बन प्रतिचुम्बन समेत हुन थालेपछि असह्य भएर कर्णले बन्दुकद्वारा सुन्दरको हत्या गर्दछ । आफू पनि सुनसरी मारिएपछि रत्नाको हातबाट मर्ने इच्छा राखेको कर्ण सुनसरीका हातबाट मर्नुपर्दा खिन्न हुन्छ । कर्णले आफ्नो गल्तीका लागि रत्नासँग माफी पनि माग्छ । वास्तविक रूपमा आफ्नो सहयोगी नारी रत्ना नै भएको कुरा पनि कर्णले व्यक्त गर्छ ।

यसरी उपन्यासकारले कर्णको चरित्रलाई अनुकूल-प्रतिकूल-अनुकूल प्रवृत्तिको देखाएका छन् । कर्णमा वर्गीय चेतना भए पनि निजी विशेषताले उछिनेको हुँदा ऊ व्यक्तिगत र गतिशील चरित्र बन्न पुगेको छ । उसका दैनिकीहरू उच्च बौद्धिक धरातलमा आधारित छन् । दैनिकीको स्वरूप हेर्दा ऊ चरम मनोद्वन्द्वमा फसेको देखिन्छ । कर्णले आधुनिकता, सभ्यता, धर्म, वर्ण, सम्प्रदाय, जीवनजगत्, सत्यासत्य, प्रगति नियति, मानवता राजनीतिका बारेमा गहन चिन्तन गरेको छ । वैयक्तिक भूलका कारण उसले दुबै पत्नीबाट तिरस्कृत भई अत्यन्त दयनीय स्थितिको सामना गर्नुपरको छ । उपन्यासको पूर्वार्द्धमा देखिएको कर्णको उच्चताग्रन्थि हीनत्वग्रन्थिमा परिणत हुदै गएको देखिन्छ । कर्णका दैनिकीहरू उच्च बौद्धिक धरातलका भए पनि कतिपय दैनिकीहरू तथा रत्नालाई पठाइएका पत्रहरूलाई हेर्दा कर्णको चाहनामा व्यावहारिकता झल्किदैन । अतः दार्शनिक व्यक्तित्वका चापप्रतिचापबाट उसको चरित्र निर्मित छ भन्न सकिन्छ ।

## ५.२.२ (ग) सुनसरी

सुनसरी विधवा डाक्टर हो । श्रीमान् र छोरीको देहावसानले उसमा मानसिक आघात पर्न गएको छ । उसले नयाँ दाम्पत्यजीवनको निम्ति सुन्दरमार्फत कर्णसँग प्रेम गर्न थाल्छे । विधवा विवाहका पक्षमा उभिएर ऊ सामाजिक संरचनामा परिवर्तन ल्याउन चाहने देखिएकी छे तर उपन्यासमा पुँजीगत आतङ्क फैलाउनुको साथै उसले अतिसमाजीकरणको खतरा पनि निम्त्याएकी छे । सुनसरी रत्नाको सौभाग्यहरण गर्ने पात्रका रूपमा पनि देखिन्छे । आफूसँग रहेको धन र डाक्टरीको आडमा सबैलाई वशमा पार्न सकिन्छ भन्ने भ्रम सुनसरीले पालेकी छे । यसै कारण ऊ आफ्नो व्यक्तित्वका अगाडि रत्नालाई दाँज्दै भन्छे : "मेरो सम्पन्नताभित्र विचरी एउटी होइन तीनवटी भान्से राख्न सकिन्छ ।"[११७] कसै न कसैलाई नअँठ्याइकन कोही ठूलो बन्न सक्दैन भन्ने सुनसरी प्रकटमा कर्णसँग भन्छे : "म रत्नाकी सौता बनैँ भने पनि मेरो तन, मन र धन उनैको सुख र शान्तिको लागि अर्पित हुनेछ । म उनमा समर्पित हुनेछु ।"[११८] विवाहपश्चात् नेपाल फर्किएपछि उसले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा रत्नालाई मानसिक ताडना दिनाका साथै

---

[११६] **ऐजन**, पृ. २१६ ।

[११७] **ऐजन**, पृ. ६८ ।

[११८] **ऐजन**, पृ. ९२ ।

लोग्नेमार्फत अत्याचार गर्न थाल्छे तर रत्नामा भएको निर्भयता, साहसी र निडर स्वभावबाट सुनसरी स्वयम् रीसले मुर्मुरिन्छे । घरायसी व्यवहारदेखि लिएर सामान्य कुरामा पनि सुनसरीले रत्नालाई हियाउने प्रत्यत्न गर्छे तर रत्नाको स्वाभिमानका अगाडि उसको केही चल्दैन । क्षयग्रस्त भएको कर्ण अपाङ्ग समेत बनेपछि सुनसरी बिस्तारै सुन्दरतर्फ लहसिन थाल्छे । दुबैजनाको बीचमा साँठगाँठ बढ्दै जान्छ । सुन्दर र सुनसरीका बीचको गोप्य साँठगाँठ तथा पारिवारिक द्वन्द्व चुलिँदै जाँदा रत्नाको हातबाट सुनसरीको मृत्यु हुन्छ ।

कर्णको अशक्त अवस्थामा सुन्दरसँग साँठगाँठ गर्न जानुले ऊ प्रतिकूल चरित्रका रूपमा उभिएकी देखिन्छे । सुनसरीमा राष्ट्रिय चेतना पनि छ । उपन्यासको प्रमुख मोड सिर्जना गर्नामा उसको ठूलो भूमिका छ । सुनसरीले समाजको प्रगति चाहेर पनि आफूलाई पूर्णतः समाजसुधारका रूपमा उभ्याउन सकेकी छैन । यसरी हेर्दा सुनसरी पुँजीगत आतङ्ककी प्रतीकका रूपमा उपस्थापित देखिन्छे ।

## ५.२.२ (घ) सुन्दर

प्रमुख सहायक पात्रका रूपमा उपस्थित सुन्दर सहयोगी भैकन पनि स्वार्थी र अवसरवादी चरित्रका रूपमा उपस्थापित भएको छ । आफू कसैको मित्र बन्दै नबने बनेपछि ज्यान गए नछोड्ने भन्ने सुन्दर साथी कर्णको पत्नी (भाउजु) को हैसियतले रत्नाको सहयोगीका रूपमा पनि देखिएको छ । त्यसबाहेक धेरैपटक रत्नाप्रतिका आफ्ना वासनात्मक अभिव्यक्ति प्रकट गरेको छ । यसै गरी कर्ण अशक्त भएपछि उसको अशक्तता र रत्नाको निरीहताको फाइदा उठाउँदै सुन्दरले सुनसरीसँग साँठगाँठ बढाउँदै लान्छ । सर्वहारावर्गको क्रान्तिको सपना बोकेको युवक विदेशमा पढ्नलाई 'सिफारिस' गरिनु र त्यहाँ पुगेर आफ्नी पत्नीको वियोगमा तड्पिएको उसलाई "यो राष्ट्र र रत्नाको बारेमा चिन्ता गरेर समय बरबाद नगर्नू अन्यथा तिमीले पनि सतीको श्राप बेहोर्नु पर्नेछ"[११९] भन्नु, त्यसैगरी अर्को ठाउँमा कर्णलाई सम्बोधन गर्दै "फिकर नगर यहाँ भाउज्यु मेरै काखमा हुनुहुन्छ । कुनै रावणले लक्ष्मणरेखा काट्न सक्दैन ... तिमी विश्वास गर । परी लोकमा न्युड डान्स र हार्डड्रिक्समा निमग्न भएर...।"[१२०] भन्ने सुन्दरको भनाइभित्र स्वार्थ लुकेको देखिन्छ । यस्तै किसिमको आशङ्का रत्नाको पनि छ । ऊ भन्छे : "सौतासौताको मेल कहिल्यै हुन्न । त्यसले प्रमुख दुश्मन दबाउन्न... बरू यस प्रकारको स्थिति सिर्जना गर्नमा प्रमुख दुश्मनद्वारा सुनसरी सौताको 'पेनिट्रेसन' (अन्तः प्रवेश) हो । जसबाट हाम्रो पारिवारिक क्रान्ति नष्ट भ्रष्ट होस् । हामी सर्वदाको लागि उठ्न नसकौं ।"[१२१] अतः कर्णको परिवार नष्ट भ्रष्ट हुनामा सुन्दरको भूमिका उल्लेखनीय देखिन्छ । यसरी सुन्दर बाहिर समाजसेवी र असल चरित्रको देखिए पनि भित्री रूपमा उसले खलनायकीय भूमिका निर्वाह गरेको छ ।

यी चारैवटा चरित्रहरूलाई एकै ठाउँमा उभ्याउँदा यिनीहरूले गरिब,धनी, बौद्धिक र पीडित वर्गको प्रतिनिधित्व गरेको देखिन्छ । पात्रहरूको वर्गीय भन्दा वैयक्तिक विशेषता प्रबल भएकाले वैयक्तिक चरित्रका रूपमा प्रस्तुत भएका छन् । पात्रहरूले आफ्ना कुरा अरूलाई व्यक्त गर्न नचाहे पनि दैनिकी लेख्ने हुँदा सबैको अन्तर तथा बहिर्विश्लेषण भएको छ । उपन्यासकारले चरित्रको बाह्य चित्रणमा भन्दा उनीहरूका आन्तरिक संवेग,मानसिक आरोह-अवरोह, आशा-

---

[११९] **ऐजन**, पृ. १०

[१२०] **ऐजन**, पृ.७ ।

[१२१] **ऐजन**, पृ. १०४ ।

निराशा, प्रतिशोध, क्रोध, ईर्ष्या, द्वेष, अहम्, हीनता र बेचैनीको राम्रो चिरफार गरेका छन् । रत्ना र कर्णलाई आदर्श चरित्रको रूपमा प्रस्तुत गरिएको भए पनि पात्रहरूको दैनिकीमार्फत लेखकीय धारणा, विचार र दृष्टिकोणहरूलाई पाठकसामु व्यक्त गर्न सकेको देखिँदैन । उपन्यासमा चरित्रहरूको माध्यमबाट मुलुकको तत्कालीन राजनीतिको सर्वेक्षण पनि गरिएको छ । बहुदलीय व्यवस्था, समाजवाद, पुँजीवाद र अवसरवादलाई क्रमशः प्रमुख पात्रको माध्यमबाट बिम्बात्मक रूपमा चित्रण गरेको पाइन्छ । उपन्यासले नारी चरित्रलाई महत्त्व दिएर समाजमा नारीको मूल्यमान्यता वर्चस्वको संरक्षणमा जोड दिएको छ । कथ्य, घटना र परिवेश अनुरूपका पात्रहरूको उपस्थितिबाट उपन्यासको चारित्रिक पक्ष सहज र स्वाभाविक बन्न पुगेको छ ।

## ५.२.३ परिवेश

उपन्यासको सुरु र अन्त्य बनारस दशाश्वमेधघाटबाट भए तापनि प्रमुख कार्यस्थल काठमाडौँ लाजिम्पाटस्थित एउटा घर हो । त्यसै गरी यसको सहायक कार्यस्थल बेलायतको लन्डन हो । पात्रहरूले काठमाडौँ उपत्यकाका कमलाक्षी, लैनचौर, टौदल, ठमेल, कमलपोखरी आदि ठाउँमा विचरण गरेका छन् । भौतिक सम्पन्नतायुक्त सहरी वातावरण प्रमुख कार्यपीठिकाको रूपमा आए पनि नेपाली पहाडी गाउँको वातावरणीय झझल्को समेत उपन्यासले दिन सकेको छ । नारीशोषण, आर्थिक दुरवस्था, पारिवारिक समस्या र विघटन, राजनैतिक उचारचढाव तथा पात्रका मनोभावको प्रस्तुति गर्न वातावरण उपयुक्त छ । उपन्यासकारले समाजिक रीतिथिति, रहनसहन, धर्मसंस्कृतिजस्ता बाह्यपक्षको निरूपणतर्फ भन्दा पात्रले भोगेको जीवनका जटिलता र युगीन पीडाहरूलाई यथार्थ रूपमा चित्रण गर्ने तर्फ रुचि राखेको देखिन्छ । नेपथ्यमा वर्णित नागार्जुन, त्रिशुली, हङकङ आदिले सुरम्य प्राकृतिक जगत्को उद्घाटनमा सहयोग पुऱ्याएका छन् । छहारी खोलालाई नायगरा फल्ससँग दाज्ने लेखकीय कौशलले उनको भ्रमणशील व्यक्तित्वको पहिचान दिएको छ । उपन्यासमा प्रयुक्त प्रजातन्त्रप्राप्तिको चाहना, वाक्प्रतिबन्ध, राज्यसत्ताको दुरुपयोग, अधिनायकवादी प्रवृत्ति, पुँजीगत आतङ्क, निरङ्कुशताजस्ता प्रसङ्ग र तदनुकूलका घटनावलीले वि. सं. २०४३ पूर्वको जीर्ण र अविकसित नेपालको राजनैतिक तथा प्रशासनिक युगलाई देखाउन खोजेको देखिन्छ । मूलतः रत्नाको औपन्यासिक वातावरण विश्वजनीन नै बन्नपुगेको छ । पूर्वावलोकन गरिएको समयलाई लिँदा यसले रत्ना र कर्णका किशोरावस्थादेखि वार्धक्यसम्मको करिब तीस बर्से समयलाई लिएको छ । बनारसको दशाश्वमेधघाटस्थित काकाको डेरामा बसेकी रत्नाले सम्पूर्ण उपन्यासको सङ्कथन तीन दिनमा गरेकी छे । उपन्यासकारले यसमा बाह्य परिवेशमा भन्दा पात्रका मानसिक परिवेशको चित्रणमा ध्यान दिएका छन् जसमा उनी सफल छन् ।

## ५.२.४ भाषाशैली

**रत्ना** उपन्यासमा तत्सम शब्दको अधिक प्रयोग र सुगठित वाक्यविन्यासले भाषिक रमणीयता उत्पन्न भएको छ । केही अप्रचलित अनेपाली शब्दका साथै अङ्ग्रेजी रोमन लिपिका वाक्य, वाक्यांश र शब्दहरूको प्रयोगले भाषिक पक्ष केही आलोच्य बने पनि विषयवस्तु, घटना र पात्रको चिन्तनक्षमताका कारण त्यसलाई स्वाभाविक ठान्न पनि सकिन्छ । नेपाली लोकोक्तिहरू 'जसको भैँसी उसको लठ्ठी', 'आफू त महादेव उत्तानो पर कसले देला वर', 'दूध निल्नु भात ओकल्नु' आदिको प्रयोगका साथै 'सहसा विदधीत न क्रियाम्', 'उदारचरितानां तु वसुधैव कुटुम्बकम्' 'वचने किं दरिद्रता...' आदि संस्कृतका सूक्तिहरूको प्रयोगले उपन्यास बढी आस्वाद्य

बनेको छ । विविध घटना र प्रसङ्गको पुष्टिको लागि बिम्ब, प्रतीक र अलङ्कारहरूले उपन्यास सजिएको छ । जस्तै : 'आजको मान्छेको जीवन रामायण र महाभारतको जस्तै छ', 'रत्ना एउटा राष्ट्र हो', 'जीवन सिरुको पातजस्तै छ' आदि । शिल्प संरचनाका दृष्टिकोणले हेर्दा यो परम्परित नेपाली उपन्यास अनुरूप छैन । यसको सुरु र अन्त्य एकै ठाउँबाट भएको छ । यसको बाह्य संरचना पनि त्यति सुगठित र सबल बन्न सकेको छैन । उपन्यास दैनिकी र पत्रशैलीमा संरचित छ । यसमा जम्मा ११८ वटा दैनिकीमध्ये रत्ना, कर्ण र सुनसरीका क्रमशः ५९, ५० र ९ वटा दैनिकी र ३५ वटा पत्रको प्रयोग गरी संरचनात्मक नवीनता दिने प्रयत्न गरिएको छ । उपन्यासको बाह्य संरचना समानुपातिक र संयोजित नभए पनि आन्तरिक संरचना भने सुगठित र सबल छ ।

## ५.२.५ द्वन्द्व

**रत्ना** उपन्यास द्वन्द्वले जेलिएको छ । यसभित्र वर्गीय द्वन्द्व, सौतासौता बीचको द्वन्द्व, वैयक्तिक आचरणका कारण उत्पन्न हुने मित्रहरूका बीचको आपसी द्वन्द्व तथा आन्तरिक द्वन्द्व गरी चार प्रकारका द्वन्द्वहरू जोल्ठिएका छन् । यिनीहरूको निम्नानुसार सङ्क्षेपमा चर्चा गरिन्छ ।

### (क) वर्गीय द्वन्द्व

अविवाहित हुँदादेखि नै रत्ना र कर्ण दुबैजनाले सर्वहारावर्गको पक्षमा आवाज बुलन्द बनाएको देखिन्छ । कर्ण आस्थाको बन्दी रहैकै अवस्थामा रत्नाले उसलाई बरमाला पहिराएकी छे । वैवाहिक जीवनपछि काठमाडौँका विभिन्न ठाउँमा डेरा सर्दै यिनीहरू राजनीतिक अभियानमा संलग्न रहेका छन् । यसैक्रममा रत्ना र कर्णले धेरैपटक सन्त्रासपूर्ण वातावरणमा प्रहरीबाट आफूहरूलाई लुकाउँदै आएको देखिन्छ । विद्यार्थी कालदेखि नै मुक्ति आन्दोलनमा लागेका कर्ण र रत्नाले सँगसँगै सङ्घर्ष गर्ने र मर्नु परे पनि सँगै मर्ने बाचा गर्दछन् तर कर्ण उच्चशिक्षा अध्ययनको निम्ति बेलायत गएपछि उनीहरूको त्यो अभियान तथा कसम शिथिल मात्र होइन नाष्टप्रायः भएको छ । रत्नाको बुझाइमा कर्णलाई उच्चशिक्षाको निम्ति सिफारिस गरेर बेलायत पठाइनुमा उसको पारिवारिक क्रान्ति नष्ट गर्ने मूल अभीष्ट लुकेको थियो । कतिपय औपन्यासिक घटनाले रत्नाको आशङ्कालाई पुष्टि गर्न खोजेको प्रतीत पनि हुन्छ । यसरी उपन्यासभित्र वर्गीय द्वन्द्वसम्बन्धी उल्लेख थोरै ठाउँमा भएको भए पनि त्यसको असर सम्पूर्ण उपन्यासभरि नै परेको छ ।

### (ख) सौतासौताबीचको द्वन्द्व

रत्नाको मानसिकता सौताभय र तज्जन्य पीडाबोधबाट सन्तप्त भएको हुँदा उद्वेलित छ । आफूमाथि सौता हाल्ने कर्णको पत्र पाएपछि ऊ सम्भावित दुर्घटनाग्रस्त भविष्यको आशङ्काले नराम्रोसँग बिथोलिएकी छे । संवेदनशील तथा स्वाभिमानी रत्नाको जीवनमा पुँजीवादी मानसिकता बोकेकी अहङ्कारी सुनसरी सौता बन्न आइपुग्नु उसको निम्ति सामान्य कुरा होइन । कर्णमाथिको आफ्नो एकाधिपत्यको हरण, एकाकी तड्पिनुको पीडाबोध तथा सुनसरीका तिरस्कारपूर्ण वाग्बाण एवम् व्यवहारले रत्ना बिथोलिनु असामान्य होइन । आफ्नो स्वाभिमानमा एकरत्ति पनि सम्झौता गर्न नचाहने रत्नालाई कर्णको प्रत्यक्ष/परोक्ष सहयोगमा सुनसरीले हियाउन खोज्नु पनि सौतेनी व्यवहारको अतिक्रमण होइन । डाक्टरी पेसा भएकी तथा धनसम्पन्न सुनसरीले सामान्य शिक्षिका रत्नाको मूल्यवत्तालाई स्विकार्न नचाहनु पनि अस्वाभाविक होइन । उता कर्ण भने दुबैलाई मिलाएर अघि बढ्नु पर्नेमा अकर्मण्य बन्दै जानुले

पनि दुबैका बीचमा द्वन्द्व बढ्दै जान्छ । सुनसरीका अत्याचारलाई उपेक्षापूर्वक नबोलेरै जितेकी रत्नाले असह्य पीडाबोधपछि मात्र जबाफ फर्काउने गरेकी छे तर सुनसरीलाई सह्य हुँदैन र परिणामस्वरूप दुबैका बीचमा लुछालुछसम्म हुन्छ । यसरी पीडितवर्गका भए पनि रत्ना र सुनसरी दुबैका बीचमा आन्तरिक तथा बाह्य दुबैखाले द्वन्द्व भएको छ ।

## (ग) मित्रहरूको चारित्रिक कारणले हुने आपसी द्वन्द्व

**रत्ना** उपन्यासमा बालसखाहरूका बीचमा पनि द्वन्द्व देखिन्छ । विद्यार्थी कालदेखि नै सुन्दरको चरित्र अवसरवादी भएको कुरा कर्णले व्यक्त गर्छ भने बूढ्ढ भए पनि अप्ठेरो पर्दा कर्णकै निर्णय सदर हुने गरेको सुन्दरले बताउँछ । वीर अस्पतालको स्वास्थ्य सहायकको जागिरे कर्णलाई 'सिफारिस' गराएर अध्ययनार्थ बेलायत पठाइनामा सुन्दरको अभीष्ट लुकेको हुनसक्छ । त्यसले कर्णप्रतिको उसको अघोषित द्वन्द्वको सङ्केत गर्दछ । खासगरी रत्ना र कर्णको सहभागिता सर्वहारा वर्गको मुक्ति आन्दोलनप्रति बढी रहेकाले पनि यसो हुनु असम्भव होइन । उता बेलायतमा रहेकी सुनसरीलाई पत्रमार्फत 'कर्ण बेलायतमा आएको र अर्दापर्दा काम लाग्ने भएको हुँदा खल्तीमा राख्नू' भन्ने सुन्दरको पत्रमा पनि केही अभीष्ट लुकेको देखिन्छ । सम्भवतः सुन्दरकै प्रपञ्चमा जेलिएर कर्णले रत्नामाथि सौता हाल्छ । त्यसपछि कर्ण अकर्मण्य मात्र होइन रोगी र असक्त समेत हुनपुग्छ । त्यसपछि सुन्दरले आफ्नो चरित्र देखाउँदै सुनसरीसितको आफ्नो उठबसलाई बाक्लो गराउँदै लान्छ । कर्णकै सामुन्ने सुनसरी र सुन्दरले चुम्बनको आदानप्रदान गर्दछन् । यस अवस्थामा उपन्यासमा प्रयुक्त 'कर्ण भूल हो' भन्ने कुरा सत्य देखिन आएको छ । बेलायत जानु पूर्वको क्रान्तिप्रतिको आफ्नो लगाब र जुन गरिमा थियो त्यो पूर्णतः नष्ट भएको कुरा बुझेर पनि व्यक्त गर्न कर्ण अक्षम छ । यसरी हेर्दा दुई मित्रबीचको द्वन्द्व चुलिँदै जाँदा कर्णको बन्दुकबाट निस्किएको गोलीद्वारा सुन्दरको मृत्यु हुन्छ । यही घटनासँगै दुई मित्रबीचको चिरन्तन घोषित/अघोषित द्वन्द्वको अन्त्य भएको छ ।

## (घ) चरित्रहरूको आन्तरिक द्वन्द्व

**रत्ना** उपन्यासमा द्वन्द्वको सबैभन्दा सबल पक्ष पात्रहरूको मनोद्वन्द्व हो । सबैभन्दा ठूलो र विकराल द्वन्द्व रत्नाको मानसिकतामा उब्जेको छ । आफ्नो पुरानो सहयोद्धा, पतिपरमेश्वर तथा अनन्य प्रेमी कर्णले आफूमाथि सौता हाल्ने खबरले पूर्णतः बेहोस भएर ब्युँझिएपछिको रत्नाको मानसिक स्थिति दयनीय बनेको छ । कर्णले आफूमाथि सौता हाल्ने पत्र पठाउँदा स्वाभिमानी रत्ना भित्रैदेखि बिथोलिएकी भए पनि पर्याप्त चेतनाको कारण सुन्दरको कामुक उपस्थितिका बाबजुद पनि ऊ तटस्थ रहेकी छ । कर्णले सौता हाल्ने निर्णय गरिसकेपछि रत्नाको मानसिक संसार पूर्णतः चक्कराउँदै द्वन्द्वशील देखिन्छ । कर्ण बेलायत पुगेपछि सुनसरीको डिग्री र जन्तरको लोभमा रत्नजस्ती रत्ना जो आफूलाई अनन्य सम्झिन्छे र क्रान्तिकी सहयोद्धा पनि हो; माथि सौता हालुँ वा के गरूँ ? को द्वन्द्वमा फसेको छ । कर्ण बौद्धिक र दार्शनिक चेतनायुक्त व्यक्ति हो। मानसिक रूपमा द्वन्द्वशील रहँदारहँदै पनि रत्ना र आफ्नो सफल दाम्पत्यजीवनमा सुनसरीको डिग्री र जन्तर माध्यम बन्न सक्ने भन्ने गलत बुझाइका कारण कर्ण पूर्णतः असफल भएको छ । यसले उसलाई आन्तरिक रूपमा चिमोटिरहे पनि प्रकटमा ऊ केही नभएझैं देखाउन चाहन्छ । कर्ण आफ्नो निम्ति उपयुक्त भए पनि घरमा उसकी श्रीमती छँदाछँदै सौताको रूपमा एउटी नारीमाथि अर्कीले पीडा थप्ने काम ठीक होइन भन्ने मानसिकता सुनसरीले बोकेको पाइन्छ । तापनि कर्णसँगको प्रेमका कारण उसले कर्णसँग बिहे गर्छे । रत्नाको स्वाभिमानको

अघिल्तिर आफ्नो डिग्री र जन्तरको प्रभाव अर्थहीन तवरले ओफेल पर्दा र आफ्नो सम्पन्नता एवम् हैकमको अगाडि रत्नाको स्वाभिमान टसको मस नहुँदा भने ऊ हैरान भएकी छे । त्यसमाथि आफ्नो क्लिनिकमा ल्याएको बिरामी समयमै उपचार नपाएर मरेपछि र त्यहाँ होहल्ला बढ्दै गएपछि निरीह बनेकी सुनसरीको मानसिक द्वन्द्व पनि कम पीडादायी छैन ।

यसरी **रत्ना** उपन्यासमा निहीत आन्तरिक द्वन्द्वले प्रमुख पात्रका जीवनका हरेक पक्षहरूमा फिजिँदै समष्टिमा उपन्यासको मूल कथ्यलाई नै द्वन्द्वशील बनाएको देखिन्छ ।

## ५.२.६ विचार

**रत्ना** उपन्यासमा विषयवस्तु भन्दा वैचारिक पक्ष सबल रहेको देखिन्छ । सौताभयबाट सिर्जित रत्नाको मनस्थिति र त्यसबाट आतङ्कित भएर उसले अतीत र सम्भावित दुर्घटनाग्रस्त भविष्यलाई समेत वर्तमानमा तानेर औपन्यासिक कथन गरेकी छे । उपन्यासकारले रत्नालाई राष्ट्रका रूपमा चित्रण गरेका छन् । यो कुरा रत्नाले 'म स्वयम् एक राष्ट्र हुँ । म भित्रै भएका आतङ्कत्रयीबाट मेरो राष्ट्र आक्रान्त छ'[१२२] भन्ने भनाइबाट पनि पुष्टि हुन्छ । **रत्ना** उपन्यासका प्रमुख चरित्रहरूले वैचारिक विभिन्नताको प्रतिनिधित्व गरेको देखिन्छ । यसरी हेर्दा 'रत्ना स्वयम् एक राष्ट्र हो, सुनसरी सौताको नाममा आजको आतङ्क हो, पुँजीपतिकी रखौटी, भयकी स्रष्ट्रा हो भने कर्ण भूल हो । कर्णमा भएका पुँजीगत आतङ्क, मानसिक दौर्बल्य, पाशविक यौनवृत्तिका विशाल शिलाखण्डहरूबाट रत्ना विस्थापित छे ।'[१२३] त्यसै गरी सुन्दर पुँजीगत आतङ्कका रूपमा देखिएको छ । सहयोगको आडमा अरूको परिवारभित्र अनधिकृत तवरले प्रवेश गरेर पारिवारिक एकतालाई भङ्ग गर्ने चरित्र हो सुन्दर । बेलायत पढ्न गएको कर्णलाई 'रत्ना र यो राष्ट्रका बारेमा चिन्ता नगर्नू अन्यथा तिमीले पनि सतीको श्राप बेहोर्नुपर्ला' भन्ने सुन्दर रत्नाको सहयोगी जस्तो देखिन चाहे पनि यथार्थमा ऊ रत्नाप्रति आकर्षित छ । उपन्यासकारले रत्ना र सुनसरीलाई सामाजिक अर्थव्यवस्थाको प्रतीकका रूपमा पनि लिएको देखिन्छ । रत्ना र सुनसरीलाई क्रमशः समाजवाद र पुँजीवादको प्रतीकका रूपमा उभ्याउँदै दुबैका बीचमा द्वन्द्व सिर्जना गरेर समाजवादका पक्षमा लेखकीय सम्मति प्रदान गर्ने अभीष्ट रहेको देखिन्छ । कर्णलाई बेलायतमा पढ्नको लागि सिफारिस गरिनु, सुन्दरले पत्रमा कर्णलाई प्रकारान्तरले पथभ्रष्ट हुन उक्साउनु, सहयोगको आडमा सुन्दरले रत्नालाई आफ्नो अनुकूल बनाउन खोज्नु, कर्णको जीवनमा सुनसरीको आगमन हुनु आदि घटनाहरूलाई रत्नाले आफ्नो पारिवारिक क्रान्ति तहसनहस बनाउन प्रमुख दुश्मनद्वारा प्रेरित षडयन्त्र हो भन्ने ठानेकी छे । यसरी हेर्दा प्रमुख पात्र कर्णको बेलायत गमनदेखि उसको पारिवारिक विघटनसम्म सुन्दरको भूमिका धेरै हदसम्म जिम्मेवार देखिन्छ । विद्यार्थीकालदेखि नै अवसरवादी मित्रका रूपमा परिचित सुन्दरको कपटी र षडयन्त्रपूर्ण व्यवहारलाई बेलैमा चिन्न नसक्दा कर्णको जीवन पीडादायी बन्नाका साथै सम्पूर्ण पारिवारिक संरचना ध्वस्त भएको छ ।

---

[१२२] **ऐजन**, पृ. २१८ ।

[१२३] गोपाल पराजुली, **गरिमा**, **पूर्ववत्** । पृ. १३१ ।

उपन्यासमा मूल रूपमा प्रेमको प्रतीक खडा गरेर राजनैतिक जीवनलाई स्पष्ट पार्नाका अतिरिक्त सौताविहीन नारीजीवनको कामना, शोषित, मजदुर तथा पीडित महिलाहरूको पक्षमा आवाज उठाउनु यसको लक्ष्य रहेको देखिन्छ । यसमा समाज, राजनीति, दर्शनशास्त्र, आर्थिक तथा विविध व्यावहारिक पक्षहरूलाई उद्घाटन गर्ने उखानटुक्काहरूले समेत यसको वैचारिकतालाई तीक्ष्णता प्रदान गरेका छन् । यसरी हेर्दा दर्शन, राजनीति, अर्थजस्ता समसामयिक विश्वपरिवेश माथिको उपन्यासकारको गहिरो चिन्तनको छाप परेको **रत्ना** उपन्यासको वैचारिक पक्ष सशक्त देखिन्छ ।

## ५.२.७ कथोपकथन

दैनिकी, तथा पत्र शैलीमा लेखिएको **रत्ना** उपन्यासमा एकालापीय सङ्कथनहरूका साथै कहीँकहीँ छिटफुट रूपमा संवादको प्रयोग पनि भएको छ । उपन्यासकारले चरित्रका कथोपकथनमा स्वाभाविकता एवम् जीवन्तता सृजना गर्न खोजेका छन् । यहाँ **रत्ना** उपन्यासभित्रका दुईवटा संवादखण्डहरूलाई निम्नअनुसार उद्धृत गर्न सकिन्छ :

बेलायतमा डाक्टरी पढ्दै गरेकी विधवा सुनसरीले कर्णलाई आफू बसेकै सोफामा बस्न आग्रह गर्दै भन्छे :

'यहाँ सवारी होस् ।'

'ठीक छ, ठीक छ ।'

'किन ? किरण बिना पहँलिएको यस धरतीको स्पर्श नगर्ने ? व्यङ्ग्यसाथ मुस्कुराइन् ।'

'होइन, स्वतः स्वर्णिम धातुलाई कलाई लगाउनु के आवश्यक छ र ? ।'[१२४]

त्यसै गरी रत्नामाथि कर्णले सौता हालिसकेपछि दुई सौताका बीचमा 'वाक् प्रतिबन्ध' लागू हुँदा जरुरी कुराहरू कागतको टुक्रामा लेखेर अभिव्यक्ति सम्प्रेषण गर्ने अवस्थाको एउटा उदाहरण :

'यो घरबाट कहिले निस्कदैछेस् ?'

'म यो घर बेच्दैछु । चाँडो बाटो तताओ ।' (सुनसरीको भनाइ)

'चाहे मुर्दा किन नहोस्, कर्णसित कुरा नगर् ।'

सुनसरीको भनाइमा रत्ना प्रतिवाद गर्छे :

'यो घर मेरो हो, जे हो यही हो मेरो । म कहिल्यै यस घरबाट निस्कुँला भन्ने सपना नदेख बरू कर्ण र यो जमिन दुबैमा मेरो पहिलो हक छ, तँ निक्लेर जा ।'[१२५]

# ५.३ 'त्रिमूर्ति' उपन्यासको अध्ययन

## ५.३.१ पृष्ठभूमि

**त्रिमूर्ति** होमनाथ सुवेदीको उपन्यासलेखनको प्रथम चरणमा प्रकाशित तेस्रो औपन्यासिक कृति हो । यसको लेखन वि. सं. २०४३ मा भए पनि प्रकाशन भने २०४४ मा भएको बुझिन्छ ।[१२६] **त्रिमूर्ति** उपन्यासको बीज **रत्ना** उपन्यासमा भेट्न सकिन्छ । सौताभयबाट चिन्तित भएकी रत्नाले दुर्घटनाग्रस्त भविष्यत्को सम्भावनालाई वर्तमानमा तानेर अस्तव्यस्त पारिवारिक

---

[१२४] **रत्ना**, **पूर्ववत्**, पृ. २४ ।

[१२५] **ऐजन**, पृ. २०९ ।

[१२६] उपन्यासकारबाट प्राप्त जानकारी ।

जीवन देखाउन खोजेकी छ; त्यसका विरुद्धमा यसको आधारभूमि खडा भएको छ । आफ्नो जीवनको अन्त्यतिर चित्रपूजामा संलग्न कर्णले सौतासौताबीच एकात्मभाव उत्पन्न गर्दै सौतासौता मिलेर बसेको परिवार देखाउन सके समन्वयवादी विचारधाराले मलजल पाउने कुरा व्यक्त गरेको छ । यस प्रकारका उद्गारहरूले **त्रिमूर्ति** उपन्यासको पर्याप्त विषयसङ्केत गरेका छन् ।

प्रस्तुत उपन्यास मूलतः सामाजिक विषयवस्तुमा केन्द्रित रहेको छ । साामजिक जीवनमा विद्यमान सौतासम्बन्धी धारणा, नारीपुरुषबीचको दाम्पत्यसम्बन्ध र प्रेमको अतिआदर्श रूपलाई उपन्यासले प्रस्तुत गरेको छ । यसमा **दाजुभाइ, दिदीबहिनी** उपन्यासका लेखक कुसुमाकार खनालले साझाको मञ्चमा उभिएर गोपाल, गुना र सन्तुको प्रणयगाथा र जीवनयात्राका विविध पाटाहरूको बारेमा वर्णन गरेको छ । त्रिमूर्तिको प्रणयगाथा र जीवनयात्राका बारेमा आफ्नो त्यही पूर्वस्मृतिलाई नख्खु जेलमा रहेको कुसुमाकरले राति सुतेको बेला अर्द्धचेतन अवस्थामा स्मरण गरेको घटनाबाट उपन्यासको कलेवर निर्माण गरेको छ ।

## ५.३.२ कथानक

प्रस्तुत उपन्यासको कथानकले करीव ३३ वर्षको समयावधि लिएको भए पनि त्यो क्रमोच्छेद अवस्थामा छ । **दाजुभाइ दिदीबहिनी** उपन्यासका लेखक कुसुमाकर खनालले जेलमा रहेको बेला एकै रातभित्र औपन्यासिक घटनाहरूको स्मरण गरेको छ । चेतनप्रवाह पद्धतिमा बगेको यसको कथानक तीन/चार घण्टाको अवधिभित्र शब्दाबद्ध भएको छ । उपन्यासको कथा अत्यन्त क्षीण छ । यसको कथानकअनुसार

कुसुमाकर खनाल र गुनाको सहवासबाट गोपालको जन्म हुन्छ । त्यतिबेला गुनाको उमेर अठार वर्षको हुन्छ भने कुसुमाकर खनाल चालीस/पैँचालीस वर्षका हुन्छन् । त्यसपछि दुबैजनाको वियोग हुन्छ । पछि गुना चौँतीस वर्षकी हुन्छे भने उसको छोरो गोपाल सोह्र वर्षको पुग्छ । आफ्नो नातासम्बन्धको बारेमा थाहा नभएका गोपाल र गुना अनजानमै भेट भएपछि दुबैको सहवास हुन्छ तर यी दुबैजनाको पनि वियोग हुन्छ । यी दुईजनाको संयोगस्वरूप सन्तू जन्मिन्छे । सन्तुको पनि गोपालसँग अनजानमै भेट हुँदा ती दुईबीचमा सहवास हुन्छ र प्रेमभाव पनि बस्छ । त्यसबेलासम्ममा गुनाको उमेर पचास वर्ष पुगेको हुन्छ । आफूहरूबीचको नाताको अनभिज्ञताको रहस्यभित्र गुना, गोपाल र सन्तुको प्रेमभाव अगाडि बढ्दै जान्छ । तिनैजना पतिपत्नी भएर सँगै बसे पनि यिनीहरूमध्ये एकले अर्कालाई चिन्दैनन् तर यिनीहरूको बीचमा सांसारिक नातापाताको सम्बन्ध भन्दा माथि दार्शनिक तहमा प्राकृतिक प्रेम मौलाएको हुन्छ । समय बित्दै जाँदा पछि कुसुमाकर खनालले यिनीहरू पतिपत्नी नभई आमाछोरा र बाबुछोरी भएको खुलासा गर्छन् जसलाई उल्लेख गरेर उनले **दाजुभाइ दिदीबहिनी** उपन्यास लेखेका हुन्छन् । त्यसपछि गोपाल, गुना र सन्तूहरू सामाजिक दृष्टिमा अपराधी ठहरिन्छन् तर पनि त्यो अमोघ प्रेमको बन्धनबाट पृथक् हुन सक्दैनन् । जेल तोडी भागेर र यो समाजबाट निर्वासनको जीवन बिताएर पनि सुखद् दाम्पत्यको लागि उनीहरू एकैसाथ मिलेर बस्छन् । यसै क्रममा सन्तूबाट एउटा शिशु जन्मन्छ जसको स्याहारसुसार गुनाले गर्छे । गोपाल, गुना र सन्तूको अमोघ प्यारको सागरको रूपमा शिशु कैलास देखिन्छ ।

## ५.३.३ चरित्र

चरित्रचित्रणका दृष्टिले गोपाल, गुना, सन्तू र कुसुमाकर खनाल यस उपन्यासका मूल पात्र हुन् । उपन्यासमा देखिने अन्य चरित्रहरूमा गुनाको घरमा तास खेल्न आउने भट्टचन, इन्द्रचोकमा भेट हुने विमल, फोनगर्दा भेट हुने बुढो आदि मञ्चीय देखिन्छन् भने जगदीश, बुद्धिराम, धने, कलानिधि, महेश, कैलास, खुमबहादुर आदि नेपथ्यमा रहेका गौण पुरुष पात्र हुन् । त्यसै गरी मीना, उषा, चम्पा, मन छन्त्याल र जुनेली गौण स्त्री चरित्र हुन् । यिनीहरूको स्वकीय चारित्रिक विशेषता नभई उपन्यासमा प्रसङ्गवश देखिएर यिनले मुख्य पात्रहरूको चारित्रिक विकासमा धेरथोर भूमिका निर्वाह गरेका छन् । यसको नायक गोपाल हो । नायिकाहरूमा गुना र सन्तु दुबैलाई लिन सकिन्छ । कुसुमाकर खनाल मुख्य सहायक पात्रका रूपमा उपस्थापित छ । औपन्यासिक मुख्यपात्रका रूपमा रहेका यिनीहरूको चारित्रिक वैशिष्ट्य उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

## ५.३.३ (क) गोपाल

**त्रिमूर्ति** उपन्यासको प्रमुख चरित्रका रूपमा गोपाल आएको छ । उसको केन्द्रीयतामा मूल कथानक र स्वरूपको निर्माण भएकाले गोपाल यसको नायक हो । पिताको स्नेह र आमाको ममतालाई जन्मैदेखि अनुभव गर्न नपाएको एकतीस/बत्तीस बर्से गोपालले आफ्नी आमाको प्रतिरूप गुनामा देख्न पुगी ऊसँगै दाम्पत्य सम्बन्ध गाँस्छ । त्यसैगरी उसले सन्तुमा छोरीको प्रतिरूप देखेको छ । जुवामा हारेको गोपालमा परपीडक प्रवृत्ति पनि छ । ऊ पटकपटक आत्मरति ग्रन्थिबाट पीडित भएको छ । उसले आत्मरतिमा आफू जङ्गबहादुरभन्दा कम नभएको अनुभव गरेको छ । उसका क्रियाकलापहरू अवचेतन र सामूहिक अवचेतन मनबाट सञ्चालित देखिन्छन् । एउटा मुखियाको जागिरको भरमा काठमाडौँको बसाइ अनि त्यसमाथिको पारिवारिक बोझका कारण गोपाललाई आर्थिक समस्याले सताएको देखिन्छ । उसलाई सङ्घर्षशील पात्रका रूपमा प्रस्तुत गर्न खोजिएको भए पनि ऊ पारिवारिक वृत्तबाट बाहिर निस्कन नसकेको अनुभव हुन्छ । गोपाल व्यक्तिगत र गतिशील चरित्र हो । ऊ मनोसामाजिक स्थितिबाट गुज्रनाका साथै मनोद्वन्द्वको शिकार पनि भएको देखिन्छ ।

## ५.३.३ (ख) गुना, सन्तू

**त्रिमूर्ति** उपन्यासको नायिकामा गुना र सन्तूलाई लिन सकिन्छ । गोपालको चाहना पूरा गर्नलाई र दाम्पत्यसम्बन्धलाई सुमधुर राख्नमा यिनी दुबैको महत्त्वपूर्ण भूमिका रहेको छ । सन्तूमा पितृरति ग्रन्थि रहेको छ । त्यसैले गोपालमा बाबुको प्रतिरूप देखेकीले नै उसले सोह्र बर्से कलिलो उमेरमै आफूभन्दा दोब्बर जेठो गोपालसँग प्रेमसम्बन्ध राख्न पुग्छे । त्यति मात्र नभई उसले गोपालसँग विवाह समेत गर्छे । गोपालको जीवनमा प्रवेश गरेपछि नयाँपनको सिर्जना गर्नतर्फ यिनीहरू आकर्षित भएको देखिन्छ । आर्थिक अभावग्रस्त भए पनि यिनीहरू कुनै असन्तुष्टि पोखेको पाइँदैन ।सन्तू र गुना व्यक्तिगत तथा स्थिर पात्रहरू हुन् ।

## ५.३.३ (ग) कुसुमाकर खनाल

खनाललाई उसको कार्यका आधारमा प्रमुख सहायक पात्रका रूपमा लिन सकिन्छ । गोपालमा अन्तर्भूत भएर प्रस्तुत भएको भए पनि यदाकदा खनाल स्वतन्त्र चरित्रका रूपमा उपस्थित भएको छ । ऊ उपन्यासकार पनि हो । कथा भन्ने क्रममा उसको अचेतन मस्तिष्क

सक्रिय रहेको छ । खनाल यौनकुण्ठाबाट पीडित मनोविकृत चरित्र हो ।सत्तरी बर्से उमेरको खनालले वृद्धावस्था यापन गर्दै जेल सजाय भोगिरहेको छ । उसले आफूलाई अतीतको औपन्यासिक घटनासँग साक्षात्कार गर्दै जाँदा उसका अहम् र मनोग्रन्थिको उपन्यासमा खोलुवा हुँदै गएको छ । ऊ वस्तु तथा घटनाको भोक्ता र द्रष्टा दुबै हो । उसको चरित्र स्वाभाविक नभई निर्देशित छ । उसले सिर्जनशील क्षमता भएका तर बाध्यता र पीडाको भुमरीभित्र जिउन विवश स्रष्टाहरूको प्रतिनिधित्व गरेको छ । बन्धनबाट मुक्तिको कामनामा मानवीय अन्तस 'म' को अन्वेषण र अस्तित्व स्थापनाका प्रयासहरू देखिए तापनि खनाल यथास्थितिबाट माथि उठ्न नसकेको स्थितिशील पात्र हो । भौतिक विचारधाराको अवलम्बन गर्ने मनोद्वन्द्वी चरित्रका रूपमा उसलाई लिइएको देखिन्छ ।

समग्रमा उपन्यासको चारित्रिक विशेषतालाई हेर्दा प्रायजसो पात्रहरू मनोसामाजिक धरातलमा उभिएका छन् । निम्न मध्यमवर्गीय जीवनयापन गर्ने पात्रका सामाजिक तथा आर्थिक समस्यालाई मनोव्यापारका माध्यमबाट प्रस्तुत गरिएको छ । उनीहरूका आत्मरति, पररति, पितृरति र मातृरति ग्रन्थिहरूलाई उद्घाटन गर्न मनोविज्ञानको सहयोग लिइएको हुँदा चरित्रहरू मूल रूपमा अचेतन मनद्वारा सञ्चालित छन् । भौतिक जीवनको चापबाट कम र मानसिक उतारचढावबाट बढी प्रभावित पात्रहरूको जीवनशैली उपन्यासमा देखाइएको हुन्छ । तिनीहरूले वर्गीय विशेषताको प्रतिनिधित्व नगरी व्यक्तिगत विशेषताहरूको प्रतिनिधित्व गरेका छन् । नेपाली समाजमा असामान्य लाग्ने सौतासौताको सम्बन्धलाई उपन्यासमा अति आदर्श रूपमा प्रस्तुत गरिएको छ । त्यसकारण **रत्ना** उपन्यासमा गरिएको सौतासौताबीचको सम्बन्धको यथार्थपरक चिन्तन **त्रिमूर्ति**मा पाइँदैन । त्यसकारण **त्रिमूर्ति**को चारित्रिक विन्यास र विकास सामाजिक यथार्थलाई नाघेर दार्शनिक तहमा पुगेको भन्न सकिन्छ ।

## ५.३.४ परिवेश

**त्रिमूर्ति** उपन्यासको कार्यपीठिका काठमाडौँ उपत्यकाको सेरोफेरो रहेको छ । **दाजुभाइ दिदीबहिनी** उपन्यासको सर्जक कुसुमाकर खनालले साझाको मञ्चबाट श्रोताहरूलाई औपन्यासिक परिघटना बताएको छ । औपन्यासिक घटनास्मरण स्थल नख्खु कारागार हो । उपन्यासले लिएको समय स्पष्ट नभएकाले सार्वकालिक भन्न सकिए पनि सामान्यतः यसले ३३ वर्षको अवधि समेटेको देखिन्छ । यिनै समयावधि बीचको घटनालाई खनालले जेलभित्र संस्मरणात्मक रूपमा तीन/चार घण्टाकै अवधिमा सकेको छ । उपन्यासको प्रमुख घटनास्थल काठमाडौँ क्षेत्रपाटीस्थित ज्याठा बहालमा रहेको चारतले घरको पनि भुइँतलाको डेरा हो । उपन्यासको घटना संयोजनको लागि चरित्रहरू कुसुलेचौर, इन्द्रचोक, ठमेल, डिल्लीबजार, पाटन, पुल्चोक, गौशाला, वसन्तपुर, लैनचौर, बौद्ध आदि स्थानमा पुगेका छन् । साथै नेपथ्यमा धरान, भैरहवा झापा, हेटौँडाको पनि उल्लेख गरिएको छ ।

न्यून वेतन भएका निम्नमध्यमवर्गीय परिवारलाई उपन्यासले समेटेको छ । यसले विधवाविवाह, बहुविवाहजस्ता कानुनले प्रतिबन्ध लगाएका पक्षहरूको पनि चित्रण गरेको छ । मूलतः अतृप्त यौनकुण्ठाबाट ग्रसित मानवमनलाई नै उपन्यासको परिवेश बनाएको छ । प्रकृतिको मानवीकरणका साथै विभिन्न किसिमका दमनबाट मुक्ति नपाएको नेपाली समाज पनि यसमा उपन्यस्त छ । धर्म, दर्शन तथा संस्कारगत स्वतन्त्रता युगौँदेखि च्यापिँदै आएकोले ती आधारशीलाहरूको खोजी गर्ने प्रयास पनि यसमा भएको छ । अर्को अर्थमा मानवले आदिम

युगदेखि नै परतन्त्रको पीडा सहँदै आएको भए पनि आनुवंशिक रूपमा आफ्नो स्वतन्त्रताको खोजी गर्दै आएको सन्दर्भलाई उपन्यासले समेट्न खोजेको छ ।

## ५.३.५ भाषाशैली

**त्रिमूर्ति**को भाषा वस्तु, चरित्र र परिवेश अनुकूल छ । पूर्ववर्ती न्याउली र रत्नाका तुलनामा यसको भाषा केही परिमार्जित छ । उखानटुक्काको प्रयोगका साथै जल्लाद, पनपि, बौछारजस्ता हिन्दीस्रोतका शब्दको प्रयाग पनि छ । भाषा संस्कृतमय भए पनि **रत्ना**को जस्तो क्लिष्ट छैन । जज, साइकियाट्रिक, क्रिज, टार्जेट आदि अङ्ग्रेजी शब्दका साथै कहीँ कतै पूर्णवाक्यहरूको पनि प्रयोग भएको छ । उपन्यासमा विविध स्वप्नबिम्ब र यौनप्रतीकका साथै अन्य सन्दर्भमा प्रयुक्त प्रतीक र बिम्बहरूले उपन्यास अलङ्कृत बन्न पुगेको छ । उपन्यासमा वर्णनात्मक, विश्लेषणात्मक, चित्रात्मक तीनैवटा पद्धतिको प्रयोग गरिएको छ । कतिपय घटना र पात्रका व्यावहारिक क्रियाकलापका सम्बन्धमा दृश्यात्मकता रहेकोले नाटकीयताको आभास पनि पाइन्छ । कतैकतै आदरार्थीमा बेमेल, वाक्यमा विचलन, स्थानगत त्रुटि देखिए पनि बिम्बात्मक भाषाले अन्य पक्षलाई उछिनेको छ । उपन्यास शब्दालङ्कार र अर्थालङ्कारले सजिएको छ ।

## ५.३.६ द्वन्द्व

**रत्ना** उपन्यासमा लुछालुछ गर्ने सौताहरू **त्रिमूर्ति**मा आइपुग्दा एउटाको दुखाइमा अर्कोले पीडाबोध गर्ने तहमा पुगेका पाइन्छन् । समन्वयवादी विचारलाई प्रश्रय दिन गोपाल आइपुगेको छ । गोपाल, गुना र सन्तूले सामाजिक व्यवस्थालाई नकार्दै परम प्रेमभावका कारण प्राकृतिक दर्शनका क्षेत्रमा उत्रिएर अराजकतामा बाँच्न खोजेका छन् । यिनीहरूको वास्तविक नातासम्बन्ध कुसुमाकर खनालबाट थाहा भएपछि असामाजिक एवम् परम्पराभिन्न यौन सम्बन्धको उद्घाटन गरेको आरोपमा कुसुमाकर खनाल जेलमा पर्छ भने गोपाल, गुना र सन्तूलाई पनि समाजले नकारात्मक रूपमा हेर्न थाल्छ । आफूहरूको प्रेमको प्राकृतिकता, रहस्यमयता अनि अभीष्टहरूको बारेमा जतिसुकै बुझाउन प्रयत्न गरे पनि गोपाल, गुना र सन्तू समाजका आखामा दोषी नै ठहरिन्छन् । त्यसपछि उनीहरू बरू समाजबाटै निर्वासित हुन्छन् तर तीनजना बीचको सम्बन्धलाई टुट्न नदिई झन् मजबुत पार्दै लगेका छन् । यसरी हेर्दा उपन्यासमा द्वन्द्वको स्थिति आएको भए पनि टरेर गएको छ ।

## ५.३.७ विचार

प्रस्तुत उपन्यासको मूल उद्देश्य/विचार भनेको दमनको निषेध गरी स्वतन्तताको वरण गर्नु रहेको देखिन्छ । "जीवनको सार तब हुन्छ जब मानिस दमनबाट मुक्तिको सास फेरेको अनुभव गर्छ"[१२७] भन्ने उपन्यासकारको टिप्पणी रहेको छ । मानवीय शरीरलाई खण्डखण्डमा विभक्त गरेर हेर्दा पनि मान्छेको 'म' जुन प्रमाणित हुन सकेको छैन; का बारेमा अध्ययन गर्दै उसको 'म' 'छु' वा 'हुँ' भन्ने अस्तित्वबोध पनि गरिएको छ । वर्तमानमा मानिस आफ्नो स्वामी आफैँ भएर पनि सामाजिक, आर्थिक, बौद्धिक र राजनैतिक शोषणबाट पीडित भएकोले विच्छिन्नताको अवस्था भोग्न विवश छ । मान्छेमान्छेका बीचमा मनमुटाव उत्पन्न गर्ने तत्त्व धन हो । त्यसैले गुना र सन्तूसँग पनि प्रशस्त धन भएको भए तिनीहरूको बीचमा पनि मनोमालिन्य हुने थियो भन्ने कुरा उपन्यासकारले देखाउन खोजेका छन् । "यो उपन्यास नाङ्गो

---

[१२७] होमनाथ सुवेदी, **त्रिमूर्ति**, (काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४४, पृ. ८१ ।

यौनको प्रदर्शनी होइन, एउटा मानवीय सहजवृत्तिको पूर्वापर स्पर्श गर्ने गवेषणात्मक दुस्साहस हो" भन्ने **त्रिमूर्ति**ले माया भन्ने कुरा धन र भोगमा सीमित नभई हृदयको स्पन्दनमा आधारित हुन्छ भन्ने कुरा देखाउन खोजेको छ । ब्रह्मा, विष्णु र महेश्वर, आत्मा, परमात्मा र जीव, स्वतन्त्रता, समानता र भ्रातृत्व, चेतन, अचेतन र समष्टि अवचेतन, प्रकृति-पुरुष र विकृति आदिमा **त्रिमूर्ति**को सम्भावना देखिए पनि प्रस्तुत उपन्यासमा तीनवटा पात्रलाई एउटाएउटा मूर्ति मानेर यसको नामकरण गरेको प्रतीत हुन्छ । उपन्यासको अर्को वैचारिक पक्ष नारी जीवनको चित्रण हो । नारी स्रष्टा अर्थात् जननी हुन् । प्रकृतिका रूपमा उनलाई वरण गर्दा सांसारिक नातासम्बन्धका माध्यमबाट गोपालजस्ता मातापिताहीनहरूका लागि सो सम्बन्ध राखेर आफ्नो दायित्व पूरा गरेकी हुन्छिन् । नारीहरू भोग्या मात्र हुँदैनन् । पूज्या पनि हुन्छन् भन्ने सन्देश गुना र सन्तुका माध्यमबाट व्यक्त गरिएको छ । मान्छेले प्रकृतिलाई तोडेर यन्त्रमा परिणत गरी दुर्घटना र त्रासलाई निम्त्याएको छ । मानिस प्राप्तिमा कहिल्यै सन्तुष्ट हुँदैन न त समाप्तिमा नै सन्तुष्ट हुन्छ । दुर्लभ वस्तुको खोजीमा भौँतारिदा भौँतारिँदै अप्राप्तिमै जीवन टुङ्गिन्छ भन्ने कुरा उपन्यासकारले प्रस्तुत गरेका छन् । प्रकृतिका ग्रन्थि र समाजका सौतात्मक त्रुटिको अन्तसङ्घर्ष नै यसको परिणति हो ।

## ५.३.८ कथोपकथन

सुवेदीको **त्रिमूर्ति** उपन्यासलाई कथोपकथनका दृष्टिले हेर्दा पूर्ववर्ती उपन्यासमा भन्दा यसमा केही बढी संवादहरू रहेको पाइन्छ । तुलनात्मक रूपमा संवादहरू सम्प्रेषणीय पनि छन् । सामान्यतः सुवेदीका उपन्यासमा कथोपकथन (संवाद) को कमी हुनामा औपन्यासिक चरित्रहरू प्रायः बौद्धिक तथा दार्शनिक चेतयुक्त हुनु नै कारण देखिन्छ । सुवेदीद्वारा उपन्यस्त चरित्रहरूले दोस्रो व्यक्तिसँगको संवादमा भन्दा मनोवाद वा आत्मकथनमा केन्द्रित भएका पाइन्छन् ।

रत्नामा विघटित अवस्थामा पुगेको कर्णको परिवार सौतायुक्त भए पनि **त्रिमूर्ति**मा एकाबद्ध भएको छ । दुबै सौतालाई मिलाएर समन्वयवादी विचारलाई प्रश्रय दिने कर्णको अभीष्ट उपन्यासका संवादहरू हेर्दा सामान्यस्तरको देखिए पनि तिनको मर्म बुझ्न पाठक केहीक्षण घोत्लिनु पर्ने हुन्छ । उदाहरणका लागि यसै उपन्यासको एउटा संवाद खण्डलाई उद्धृत गर्न सकिन्छ :

> "ढोका घरक्क उघारेर ऊ आयो ।
> 'को हो ?'
> 'म हु ।' उत्तर मेरै जस्तो लाग्यो
> उसले चोर औँला ठड्याएर ढोका खोल्दा नखोल्दै भन्यो '-यदि तिमीले यो पथ लियौ भने म तिम्रो खुट्टा भाँच्ने पहिलो व्यक्ति हुनेछु ।'
> 'यही त हाम्रा प्रगतिलाई अराजकता ठान्ने यथास्थितिवादीहरूको खूवी हो ।'[१२८] मैले जोडले भनेँ ।

उपर्युक्त संवाद-खण्ड दुईजना बीचको जस्तो लागे पनि गोपालको द्वैध मनोवृत्तिको एक अंश हो ।

## ५.४ 'नजर' उपन्यासको अध्ययन

---

[१२८] **त्रिमूर्ति, पूर्ववत्,** पृ. १४९ ।

## ५.४.१ पृष्ठभूमि

होमनाथ सुवेदीको उपन्यासलेखनको प्रथमचरणमा प्रकाशित चौथो औपन्यासिक कृति हो **नजर** । यो उपन्यास वि. सं. २०४४ सालमा प्रकाशित भएको हो । यसको लेखन **त्रिमूर्ति**भन्दा पछि भएको देखिन्छ ।[१२९] प्रस्तुत उपन्यासमा खास घटना नभए पनि नायकका मनमा उत्पन्न भएका स्वतन्त्रताकामी अनुभूतिहरूको व्याप्तिमा उपन्यासले आकार ग्रहण गरेको छ । सामाजिक निर्वासनको पीडा सहेको व्यक्तिका स्वतन्त्रताप्रति केकस्ता चिन्तन वा धारणा हुन्छन् भन्ने कुराको चित्रण उपन्यासमा भएको छ । साथै सामाजिक नियन्त्रण, दमन र परवशताले मानिसमा कस्तो कुण्ठा उत्पन्न हुन्छन् र ती कुण्ठाले उसलाई कसरी विकृतितर्फ धकेल्दछन् भन्ने कुरा पनि उपन्यासले आत्मसात् गरेको छ ।

## ५.४.२ कथावस्तु

**नजर** उपन्यासमा निश्चित र क्रमबद्ध कथा पाइँदैन भने भएको कथा पनि विशृङ्खलित र अत्यन्त क्षीण छ । मानव स्वतन्त्रताको मूलभूत अन्वेषण नै उपन्यासको कथावस्तुको बीज हो । सामाजिक जीवनमा हुने घातप्रतिघातका व्यवहारबाट दिक्क भएको नामशेष 'म' पात्रका मनस्थितिमा उत्पन्न अतीतका संस्मरणात्मक कथनबाट यसको निर्माण भएको छ । नायकमाथि परेका अरूहरूका नजरहरू र ती नजरहरूबाट स्वतन्त्र रहन उसले गरेका सङ्घर्षशील प्रयासहरूलाई केन्द्रबिन्दु बनाई उपन्यास अगाडि बढेको छ । नामशेष नायकले आफूमाथि नजर दिने (रखवारी गर्ने) आफ्ना नौवटा भाइहरूको पालैपालो हत्या गर्न पुग्दछ तर पनि उसको लक्ष्य प्राप्ति हुँदैन । 'म' पात्रले मृत्युभन्दा भयानक ठानेको परवशताको पीडाबाट उत्पन्न मानसिक कुण्ठाका साथै सामाजिक संरचनात्मक असमानता, वर्गभेद, प्रेम तथा हत्याजस्ता कुराहरू पनि कथ्यका रूपमा आएका छन् । नायकका नौ भाइहरूको काम भनेको दाजुमाथि निगरानी राख्नु हो तर यही निहुँमा 'म' पात्रले आफ्ना निरीह तथा कमजोर भाइहरूको हत्या गर्दछ । उपन्यासमा छुट्टै महत्त्व राख्ने कथाहरू त्यति छैनन् । विषयवस्तुमा आएका घटना र प्रसङ्गहरूले निश्चित परिणति प्राप्त गर्न सकेको देखिँदैन । प्रजातान्त्रिक समाजमा समेत स्वतन्त्र जीवन बाँच्न नपाएको स्थितिको उद्घाटन गर्न उपन्यास केही सफल छ । नायकका प्रेमिकाहरूसँगको प्रेमकथा पनि मूल वस्तुमा कसिन सकेको छैन । यसबाहेक उपन्यासमा राजनैतिक विषयवस्तुको गन्ध पनि भेटिन्छ । सामाजिक विकृति र विसङ्गतिलाई उधिन्दै समाजसुधारको सन्देश दिनेतर्फ विषयवस्तु अभिमुख देखिन्छ । प्रहरीको प्रसङ्ग र आगलानीको घटना एवम् नायकका स्वतन्त्रताप्रेमी आशावादी स्वरहरूसँगै कथानकको अन्त भएको छ । उपन्यास घटनाप्रधान भन्दा चारित्रिक व्यापारमा बढी कौतूहलपूर्ण देखिन्छ ।

## ५.४.३ चरित्र

चरित्रविन्यासका दृष्टिले हेर्दा **नजर** उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यसको नायक 'म' पात्र हो । जसलाई उपन्यासभित्र एक ठाउँमा विनोद भनिएको पाइन्छ ।[१३०] यही 'म' पात्र नै घटनाको द्रष्टा, भोक्ता र वक्ता पनि हो । अन्य पात्रहरूमा नायकका नौ

---

[१२९] उपन्यासकारबाट प्राप्त जानकारीअनुसार यसको लेखन जुलाई १०, १९८६ देखि अक्टुबर १२, १९८६ का बीचमा भएको हो ।

[१३०] होमनाथ सुवेदी, **नजर**, (काठमाडौं : मङ्गलादेवी प्रकाशन, २०४४), पृ. ९७ ।

भाइहरू क्रमशः माइलो, साइँलो, काइँलो, ठाइँलो, राइँलो, जन्तरे, मन्तरे, ठूलोकान्छो र कान्छो छन् । नायकका यी नौ भाइहरूको आफ्नो जेठो दाजुमाथि नजर दिनु (निगरानी राख्नु) बाहेक अन्य केही भूमिका छैन । आफ्नो स्वतन्त्रतामा बाधा पुऱ्याउने भाइहरूलाई मारेपछि एकपछि अर्को तला उक्लिने कार्यलाई नायकले सफलताका रूपमा लिएको छ । यसै गरी उपन्यासमा पूजा, अनिता, विजया, प्रतिभा, सुनिता, विद्या आदि नायकका कालान्तरका प्रेमिकाहरूको पनि उपन्यासमा नाम उल्लेख भएको छ । यिनीहरू पनि नायकको जीवनमा विसङ्गति ल्याउनमा कारक देखिन्छन् । यसबाहेक प्रहरीहरू, वेश्या, मेनेजर, मजदुर, प्रकाश मल्ल आदि मञ्चमा एकपटक मात्र देखिने पात्र हुन् । नायकको पिता दमनबहादुर र आमालगायत उसका स्मरणमा आएका अन्य पात्रहरू नेपथ्यमा रहेका छन् । यी सबै पात्रहरूको स्वकीय भूमिका नभई नायकको चारित्रिक विकासमा सहायक भएका देखिन्छन् । उपन्यासको मूल मर्म थाहा पाउन नामशेष 'म' पात्रको वैशिष्ट्यले सहयोग पुऱ्याउने हुँदा यहाँ त्यसको चरित्रचित्रण गर्ने प्रयास गरिन्छ :

## ५.४.३ (क) 'म' (नायक)

पैचालीस बर्से नामशेष नायक स्वतन्त्र जीवनयापन गर्न चाहने प्रगतिशील पात्र हो । अरूको दमन, एकाधिकार, स्वामित्व र प्रभुत्व नचाहने एउटा संवेगको पिण्डको रूपमा उसलाई लिन सकिन्छ । स्वतन्त्रतासम्बन्धी आफ्ना धारणाहरू ऊ यसरी व्यक्त गर्छ -

"स्वतन्त्रतालाई बाधा पार्ने अर्काको केवल सूक्ष्म एक नजर पनि मेरा लागि महान् परवशता र आतङ्क हो ।"[१३१] 'म' पात्रले स्वतन्त्र जीवन बिताउन चाहेको भए पनि यसको पृष्ठभूमि र लक्ष्य देखिँदैन । त्यसै गरी उसले चाहेको स्वतन्त्रता कस्तो प्रकारको हो ? त्यो पनि स्पष्ट छैन । 'म' पात्रको प्रवृत्तिबारे उपन्यासमा टिप्पणी गरिएको छ : "ऊ यति भावुक छ, यति पारमाणविक स्वतन्त्रताको लिप्सु छ कि उसले आफूलाई सुरक्षित नै पाउन्न अनि ऊ समाजलाई नै बहिष्कार गर्छ ।"[१३२] ऊ जीवनहीन भाषा, स्वरहीन यन्त्र, गतिहीन पवन र प्राणहीन मानवझैँ असङ्गतिमूलक प्रयत्नहरूको निरर्थक अभिव्यक्तिका रूपमा रहेर बाँचेको देखिन्छ । कसैको नजर आफूमाथि परेको देख्न नसक्ने नायकमा अपराधवृत्तिको विकास हुँदै गएको छ । यसै कारण ऊ आफ्ना सहोदर भाइहरूको समेत वीभत्स ढङ्गले हत्या गर्दछ । आभिजात्य संस्कृतिका विरुद्ध आवाज उठाउँदै शोषितहरूका पक्षमा आफूलाई उभ्याए पनि ऊ वर्गीय भन्दा व्यक्तिगत पात्रका रूपमा रहेको छ । निहत्था भाइहरूको हत्याबाट आफ्नो स्वार्थ पूरा गर्न चाहने कमजोर मनस्थितिको पात्रका रूपमा नायक देखिन्छ । उसको बौद्धिक स्तर आँकलन गर्न नसकिए पनि चिन्तनशील अध्येताको रूपमा लिन भने सकिन्छ । उपन्यासकारले उसको मानसिक अन्तर्तहको अध्ययन गर्ने क्रममा इडिपस कम्प्लेक्स, इलेक्ट्रा कम्प्लेक्स, ह्युमिलिएसनजस्ता कुराहरूको पनि चर्चा गरेका छन् । 'म' पात्रको चरित्रको बाह्य पक्षभन्दा आन्तरिक पक्षको उद्घाटनमा उपन्यास उन्मुख छ । ऊ अन्तर्मुखी स्वभाव भएको उपन्यासकारको मुखपात्र पनि हो । उपन्यासमा पात्रका प्रेमिकाहरूसँगको 'म' पात्रका असफल प्रेमको सन्दर्भ उल्लेख हुनाले पनि ऊ यौनकुण्ठाग्रस्त देखिन्छ । उपन्यासकारको बौद्धिक चिन्तनको बोझ बोक्न सक्ने पात्रका रूपमा

---

[१३१] **ऐजन**, पृ. ५ ।

[१३२] **ऐजन**, पृ. २ ।

नायक देखिएको छ । कतिपय औपन्यासिक घटना र प्रसङ्गहरूमा उपन्यासकारको आफ्नै काठमाडौँ बसाइको अनुभव र जीवनको रूपक गरिएको जस्तो पनि देखिन्छ ।

## ५.४.४ परिवेश

परिवेश चित्रणका दृष्टिले यो उपन्यास परिवेशप्रधान होइन । उपन्यासमा बाह्य परिवेश भने सापेक्ष रूपमा सशक्त नै मान्नुपर्दछ । औपन्यासिक घटनाको स्मरणस्थल काठमाडौँ भए पनि घटना घटेको ठाउँ पहाडी कन्दराको नदीका तीरमा अवस्थित एक घर हो । प्रजातन्त्रको प्राप्तिपश्चात् पनि मानिसहरूले स्वतन्त्रतापूर्वक जीवनयापन गर्न नसकिरहेको राजनैतिक इतिहासलाई उपन्यासले केही हदसम्म चित्रण गरेको छ । सामाजिक जीवनबाट उपेक्षित मान्छेहरूले आफ्ना इच्छाअनुसारको जीवन जिउन पाएका छैनन् । यसमा सामाजिकभन्दा वैयक्तिक स्वतन्त्रतालाई चित्रण गर्ने किसिमको परिवेश प्रस्तुत गरिएको छ । सामयिक दृष्टिले हेर्दा नायकका मनमा खेलेका कुराहरूलाई व्यक्त गर्न तीन घण्टाको अवधि उपन्यासले लिएको छ । उपन्यासले शरद ऋतुअन्तर्गतको कार्तिक महिनाको नवदुर्गाका नौ दिनलाई प्रमुखता दिएको छ तर पनि नायकले स्वतन्त्रताप्राप्तिका लागि जीवनभर सङ्घर्ष गरेको भन्नाले उपन्यास सार्वकालिक देखिन्छ । उपन्यासले दमनचक्रबाट मुक्त हुन नसकेको नेपाली ग्रामीण जीवनको झलक दिन खोजेको छ । उपन्यासमा प्रकृतिलाई कतै वीभत्स र भयावह रूपमा चित्रण गरिएको पाइन्छ भने कतै यसको मानवीकरण पनि गरिएको छ : “चौपट्ट गर्मी, पसिना चुहेका थिए । मैले ठानेँ शीतल हावा आउला तर त्यसो भएन । हावा त अचल अति उष्ण थियो, लाग्यो तात्ताता शिलाहरूले मेरा गालामा थप्पड हानिरहेछन् ।”[१३३] प्रकृतिको बिम्ब र प्रतीकीकरणमार्फत नायकका मनोदशा, विषयवस्तु तथा घटना आदिलाई प्रस्ट्याइएका उदाहरण उपन्यासभित्र प्रशस्त भेटिन्छन् । बन्धनबाट मुक्तिको कामना गर्ने आदिमदेखि वर्तमान समयसम्मको मानवीय आकाङ्क्षा प्रति पनि उपन्यासले दृष्टि दिएको छ । यसमा कतैकतै राजनीतिक परिवेश पनि आएको छ भने मूलतः नायकका अचेतन मनको अध्ययनलाई औपन्यासिक पटभूमि बनाइएको छ । मान्छे स्वतन्त्र भएर जन्मिए पनि सांसारिक बन्धन र विभिन्न परिस्थितिहरूले गर्दा स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउँदैन । विभिन्न प्रकारका प्रपञ्चहरूले मानवीय आकाङ्क्षामा तगारो लगाइदिन्छन् । आफ्नो स्वतन्त्रताका लागि मरिमेट्ने व्यक्तिले विभिन्न प्रकारका नियोजित षडयन्त्र र लाञ्छनाका साथै मानसिक ताडनासमेत भोग्नुपर्ने अहिलेको यथार्थ परिस्थितिलाई परिवेशका रूपमा चित्रण गरिएको छ ।

## ५.४.५ भाषाशैली

भाषाप्रयोगका दृष्टिले **नजर** उपन्यासमा तत्समबहुल एवम् वस्तु, घटना र परिवेशलाई चित्रण गर्न सक्ने भाषाको प्रयोग भएको छ । काल, सङ्गति र उचित अलङ्कारविधानका कारण भाषा प्राञ्जल र ग्राह्य बनेको छ । पात्रका अनुभूतिहरूलाई प्रस्तुत गर्न अङ्ग्रेजी शब्द, वाक्यांश र वाक्यको पनि प्रयोग गरिएको छ । त्यसै गरी उपन्यासका बीचबीचमा आउने कवितांशले काव्यिक आनन्द पनि प्रदान गरेका छन् । उपन्यासकारका चिन्तनलाई प्रस्तुत गर्न सक्ने भाषाको प्रयोगले गर्दा उपन्यास सजीव बन्न पुगेको छ । अनुभूतिको घनत्वको लागि परिच्छेद विभाजन

---

[१३३] **ऐजन**, पृ. ६१ ।

नगरीकन उपन्यासलाई गति प्रदान गरिएकाले परम्परागत पाठकहरू यसमा अल्मलिन सक्छन् । शैलीगत दृष्टिले हेर्दा यो उपन्यासको प्राप्तिका रूपमा देखिएको छ ।

## ५.४.६ द्वन्द्व

**नजर** उपन्यासको नायक (विनोद) ले नजरमुक्त हुनको लागि अनवरत रूपमा सङ्घर्ष गरे पनि त्यसबाट मुक्ति भने पाउँदैन । आफ्नो रखवारीको नाममा एकपछि अर्को भाइले नजर दिइरहँदा उसको रीसको सीमा नाघ्दछ र परिमाणस्वरूप आफ्ना नौ भाइहरूको पालैपालो हत्या गर्न पुग्दछ । यसरी हेर्दा उपन्यासमा नायकका भाइहरूसँग भएको द्वन्द्व बाह्य द्वन्द्व हो । यो द्वन्द्व द्विपक्षीय नभएर एकपक्षीय देखिन्छ । नायकका साहसका अगाडि भाइहरूका नजर धरासायी भएका छन् । दाजुको रखवारी गर्नु नै उनीहरूको मृत्युको कारण बन्न पुगेको छ । नायकको मनोद्वन्द्व भने उपन्यासमा सशक्त छ । यो नै प्रमुख द्वन्द्व पनि हो । नायकको मनमा उत्पन्न यही अन्तर्द्वन्द्वबाट नै उपन्यासको आधारभूमि खडा भएको छ । सहरिया कोलाहलबाट मुक्त हुन पहाडी कन्दरामा रहेको घरमा गुप्तबास बसेको नायकलाई त्यहाँ पनि भाइहरूले निगरानी गर्न छाड्दैनन् । यसरी रखवारीका नाममा एकपछि अर्कोले पालैपालो नजर दिँदा भने उसको मनोद्वन्द्व झन्झन् बढ्दै जान्छ र त्यसबाट विक्षिप्त बनेको नायकले शारीरिक र मानसिक रूपमा अशक्त भए पनि एकपछि अर्को गरी नौ भाइहरूको हत्या गरेको छ । यसरी द्वन्द्वका दृष्टिले **नजर** उपन्यासमा बाह्य द्वन्द्वभन्दा आन्तरिक मनोद्वन्द्व सबल रहेको देखिन्छ ।

## ५.४.७ विचार

प्रस्तुत **नजर** उपन्यास अत्यन्त क्षीण कथावस्तुमा उभिएको भए पनि यसको वैचारिक पक्ष सशक्त रहेको छ । मानिस स्वतन्त्र भएर जन्मन्छ तर सांसारिक प्रपञ्चहरूका कारण उसले स्वतन्त्रतापूर्वक जीवनयापन गर्न सकिरहेको हुँदैन तर पनि स्वतन्त्र तवरले बाँच्ने रहर भने उसमा जीवनभर रहिरहन्छ । सचेत प्राणी भएकाले स्वाभाविक रूपमा उसले कसैको दमन सहन चाहन्न । आफ्नो भाग्य र भविष्यको फैसला अरूले नभई स्वयम् व्यक्तिले गर्न पाउनुपर्ने कुरा यसमा उल्लेख गरिएको छ । स्वतन्त्रता भन्ने कुरा आकाशबाट वर्षने चीज होइन । यसका लागि सङ्घर्ष गर्नु पर्दछ भन्दै उपन्यासकारले स्वतन्त्रताको उद्बोधक तत्त्व दमनलाई मानेका छन् । यद्यपि यी दुबै विरोधी शक्ति हुन् तर पनि स्वतन्त्रताको जन्म, विकास र परिपूर्णताको लागि सबभन्दा मूल्यवान्, गतिवान् र छिटोछरितो ऊर्जा दमन हो भनेका छन् ।[१३४] प्रस्तुत उपन्यासको नायक 'म' सहरिया जीवनशैली र छलकपट तथा अन्तर्घात आदि कारणहरूबाट आजित भएर पहाडी कन्दरामा रहेको आफ्नै घरमा गुप्तवास बस्न थालेको छ । त्यहाँ पनि भाइहरूले आफ्ना हरेक क्रियाकलापको निगरानी गर्न थालेपछि आफ्नो स्वतन्त्रता हनन भएको ठानेर उसले सहोदर भाइहरूको पालैपालो हत्या गर्दछ । एक भाइको हत्या गरी नजरमुक्त भएको अनुभव गरे पनि तत्काल अर्को भाइ उपस्थित भई उसका क्रियाकलापको चियो गर्दा नायकले स्वतन्त्रताको अनुभूति गर्न पाएको छैन । कसैको अधीनमा नभई आफ्नै इच्छानुसार बाँच्न चाहने नायक सामाजिक, राजनीतिक तथा पारिवारिक रूपमा समेत स्वतन्त्र रहन चाहन्छ । ऊ भन्छ :

"म पूर्ण स्वतन्त्रता चाहन्छु !
यो मेरो खुला हाँक हो !

---

[१३४] **ऐजन**, पृ. १०९ ।

यो वरेण्य अपराधको निम्ति
अनिश्चित कालको लागि म कारावास चाहन्छु ।"[१३५]

त्यसै गरी अर्को ठाउँमा मानवीय स्वतन्त्रता प्राप्तिको मार्गमा तगारो बनेर उपस्थित हुनेहरूप्रति लक्ष्य गर्दै भन्छ :

"....तिम्रो 'अस्मिता' र 'अनन्यता' को
हुन् सीमा - 'अरूहरू' नै
चिरस्थायी स्वतन्त्रताको ।"[१३६]

आफ्नो वैयक्तिक अधिकार र अस्तित्व प्राप्तिका लागि सतत प्रयत्नशील रहे पनि नायकका सामु विसङ्गत जीवनको थुप्रो लागेको छ । उसले धेरैवटी प्रेमिकाहरूसँग प्रेम गरे पनि कसैले छाडेर जान्छन् भने कसैले धोका दिएका छन् । यसकारण नायकले आफू मरेपछि पनि कुनै प्रेमिकाले आफूलाई नजर नदिऊन् भन्ने आग्रह गर्दछ । स्वतन्त्रपूर्वक बाँच्न चाहने नायकको ईच्छाविपरीतका सामाजिक जीवनका असङ्गति र भाइहरूको निगरानी नै उसको बेचैनी र मनोरोगको कारण बनेको छ । ऊ भन्छ : "म माथिको दमनको निषेध र उपयुक्त विकल्पको वरणका लागि निरन्तर विद्रोह गरिरहेछु र यही विद्रोहको ज्वालाभित्र मेरो अस्तित्व मरमर गर्दछ ।"[१३७]

यसबाहेक उपन्यासभित्र मजदुरहरूका समस्या, कोठे राजनीतिज्ञहरूको सैद्धान्तिक बकवास, प्रहरीहरूभित्र हुने पदप्राप्तिको खिचातानी, निमुखालाई दुःख दिएर आनन्दित हुने ठालुहरूको चरित्र, विधवा समस्या, सतीत्वको बजार र देहव्यापार गर्नेहरूको आर्थिक दुरवस्थाका बारेमा पनि चर्चा गरिएको छ । औपन्यासिक समाजमा वर्गीय विषमता देखाइएको भए पनि त्यसले पूर्णता पाएको छैन । उपन्यासमा स्वतन्त्रता भन्ने वस्तुलाई सामाजिक, आर्थिक, राजनीतिक, दार्शनिक तथा मानसिक तहमा समेत खुट्याउन खोजेको देखिन्छ । मान्छे पूर्ण स्वतन्त्र छैन, उसलाई एकपछि अर्को परिस्थितिहरूले जेल्दै जान्छन् भन्ने दृष्टिकोण यसमा पाइन्छ । मूलतः समाजसुधारको चेतनालाई अगाडि सार्नु उपन्यासको प्राप्ति मान्न सकिन्छ । मानवीय स्वतन्त्रताको मूलभूत स्वरूपको अन्वीक्षण गर्नु यसको प्रमुख उद्देश्य रहेको देखिन्छ । उपन्यासकारको चिन्तनमा पाश्चात्य भौतिकवादी दर्शन एवम् पूर्वीय आत्मज्ञान तथा कर्मशीलताप्रतिको विश्वासका साथै सामाजिक संस्कारको आनुवंशिक प्रभाव परेको देखिन्छ ।

## ५.४.८ कथोपकथन

कथोपकथनका दृष्टिकोणले **नजर** सामान्य स्तरको उपन्यास हो । समाजबाट वाक्क भएको मूल पात्र 'म' को मनस्थितिमा उत्पन्न संस्मरणात्मक छालहरूबाट यसको निर्मिति भएको छ । अरूको सूक्ष्म एक नजर पनि सहन नसक्ने नायक ती नजरहरूबाट बच्न (स्वतन्त्र रहन) सङ्घर्षशील रहेको छ । उपन्यासमा संवादहीनताको स्थिति नभए पनि एकदमै कम संवाद रहेका छन् । परिच्छेद विभाजन नगरिएको यस उपन्यासमा नायकका आत्मालाप वा मनोवाद नै उपन्यासलाई अघि बढाउने आधार हुन् । यसै उपन्यासको एउटा उदाहरण निम्नानुसार दिन सकिन्छ :

'तिम्रो तलब कति ?'

---

[१३५] **ऐजन**, पृ. ११८ ।

[१३६] **ऐजन**, पृ. १२१ ।

[१३७] **ऐजन**, पृ. ८० ।

'१०००।-'
'ओभरटायम कति ?'
'५००।-'
'छ तिमीसँग चेक अहिले ?'
'के को ?'
'के को हुने तलबको ।'
'छ । मैले काँप्तै भनें ।[१३८]

उपर्युक्त संवाद खण्डमा स्वतन्त्रताको लिप्सु रहेको नायक आफ्नो मालिकसँगको संवादमा सन्त्रस्त मनस्थितिको देखिन्छ ।

## ५.५ 'वीणा' उपन्यासको अध्ययन

होमनाथ सुवेदीका प्रथम चरणका उपन्यासहरू प्रकाशित हुने क्रममा पाँचौँ स्थानमा रहेको उपन्यास हो **वीणा** । यसको लेखन वि. सं. २०४३ मा र प्रकाशन वि. सं २०४५ मा भएको बुझिन्छ । आयामका दृष्टिले सुवेदीका उपन्यासहरूमा **वीणा** सबैभन्दा सानो आकारको (पृष्ठ सङ्ख्याका अधारमा) रहेको छ । प्रस्तुत उपन्यासमा एउटी नारीले भोगेका समाज-निर्वासनका पीडा र मानव र मानवेतर प्राणीका बीचको प्रेमको सम्भावनालाई समावेश गरिएको छ । उपन्यासकी प्रमुख पात्र तथा नायिका भन्न सकिने वीणा पुरुषवर्गबाट श्री खोसिएकी असहाय नारी हो । स्वार्थी पुरुषसँगको सामीप्यमा रहनुभन्दा उनीहरूको मुखै नहेर्ने प्रतिज्ञा गरेर आफ्नै घरमा गुप्तवास बसेकी नारीको जीवनमा भतुवा कुकुरको आगमनपछिको उतारचढाव उपन्यासमा वर्णित छ । वस्तुको विन्यासमा भन्दा लेखकीय अनुभूति विस्तारमा औपन्यासिक धरातल अडेको छ । उपन्यासकी नायिका वीणाको क्रियाकलापको अध्ययन र अचेतन मनको कार्यव्यापार मानवेतर पात्र कुकुरका मस्तिष्कमा घटेको छ ।

### ५.५.१ विषयवस्तु

प्रस्तुत उपन्यासको विषयवस्तुमा कल्पनाप्रसूत प्रेम देखिन्छ भने त्यसलाई मनोसामाजिक धरातलले टेवा दिएको छ । उपन्यासको कथा मरेको सिनू कुकुरको लासमा स्वतः प्रतिबिम्बित भएको छ । उपन्यासमा कथालाई चेतनप्रवाह पद्धति अनुरूप अगाडि बढाइएको छ ।

### ५.५.२ कथानक

**वीणा** उपन्यासमा वस्तुविन्यासमा भन्दा अनुभूति विस्तारमा उपन्यासकार आकर्षित देखिएका छन् । उपन्यासको कथानक क्षीण र विकीर्ण अवस्थामा रहेको हुँदा यसलाई उपन्यासभित्र खोज्नुपर्ने स्थिति छ । उपन्यासमा छरिएको कथालाई समेट्दा मूल कथानक निम्नानुसार रहेको देखिन्छ ।

एउटी गाउँबाट सहर आएकी युवती काठमाडौँको त्रिपुरेश्वरमा मोटरसाइकल दुर्घटनामा पर्छे । मोटर साइकलले धक्का दिने युवकले नै उसको हेरचाह र सम्भार गर्दै जाँदा पछि गएर वीणाको घरजम सोही युवकसँग हुन्छ । तीन वर्षसम्म युवकसँग बिताएकी वीणा अप्रत्यासित रूपमा युवकले दोस्रो विवाह गरेपछि ताडित भएर घरबाट निर्वासित हुन्छे । पछि एक जना ज्यापूसँग घरजम बसाएकी वीणाले उसलाई आफ्नो तन, मन र धन सबै सुम्पिन्छे । वीणाको

---

[१३८] **ऐजन**, पृ. १०३-१०४ ।

सम्पत्तिका कारण तीन वर्षमै सम्पन्न भएको त्यो ज्यापू अरूका छोरीबुहारीतर्फ पनि आकर्षित हुन थाल्छ । दिनभरी रक्सी, रन्डी र बचेको समय जुवामा बिताउने त्यसले सानोतिनो कुरामा निहुँ खोज्दै वीणासँग भगडा गर्न थाल्छ । यसै क्रममा ज्यापूले 'परित्यक्ता' भन्दै विभिन्न लाञ्छना लगाउन थालेपछि वीणाले ज्यापूलाई छाडिदिन्छे र कुनै पनि पुरुष- कुकुरको मुखसम्म नहेर्ने सङ्कल्प गरेर गुप्तवास बस्छे । वीणाले त्यागिदिएपछि पहिलेकै अवस्थामा भरेको ज्यापूले वीणाको घरमा दूध ओसार्न थाल्छ । एकदिन ज्यापूसँगै एउटा भालेमाले कुकुर पनि पछि लागेर आउँछ । आफ्नो पिछा छुटाउन ज्यापूले त्यस कुकुरलाई पिटेको देख्दा वीणालाई कुकुरप्रति दया जाग्छ र उसले केही खानेकुरा दिन्छे । त्यसपछि वीणाको दया पाएको त्यो कुकुर दैनिकजसो निश्चित समयमा वीणाको घर अगाडि आउन थाल्छ भने वीणाले पनि आफैले मिहिनेत गरेर विविध खानेकुरा त्यसलाई दिँदै जान्छे । केही समयपछि आफ्नै घरमा खोर बताइदिएर कुकुरको रेखदेख गर्न थालेकी वीणाको कुकुरप्रति अनायासै प्रणयभाव विकसित हुँदै जान्छ । आफ्नो प्रतिज्ञाको विरुद्ध उसले कुकुरलाई स्पर्शसम्म गर्दिने । कुकुरले आफ्नो अन्नदाता तथा संरक्षिकाको सङ्कल्पविरुद्ध आफ्नो प्रणयभाव व्यक्त गर्न पनि सक्दैन । यसैक्रममा एक दिन वीणाको स्वास्थ्य तथा उन्नतशील मानसिकताको कामना गर्दै कुकुरले आत्महत्या गर्दछ । कुकुरले आत्महत्या नगर्दासम्म कुनै पुरुष कुकुरको स्पर्शसम्म नगर्ने आफ्नो प्रतिज्ञामा दृढ रहेकी वीणाले मरेको कुकुरलाई काखमा राखेर धेरैबेरसम्म रुन्छे । त्यसपछि लास नसडोस् भनेर घरको छैटौँ तलामाथिको 'बाथटब' (स्नान पुष्करिणी) मा तेलले भिजाएर पाँच वर्ष विताउँछे कुकुर मरेपछि वीणाभित्रको अचेतनमा रहेको प्रणयभाव चेतन तहमै प्रकटित हुन्छ र दुबै मिलनबिन्दुको खोजमा देखिन्छन् । यही सम्पूर्ण औपन्यासिक कथा मरेको सिनू कुकुरका मस्तिष्कमा अतीतको कहानी भएर अन्वित हुनपुगेको छ ।

## ५.५.३ चरित्रचित्रण

चरित्रविन्यासका दृष्टिले **वीणा** उपन्यासमा मानवीय र मानवेतर तथा स्त्री र पुरुष दुबैथरी पात्रहरू रहेका छन् । उपन्यासको प्रमुख पात्रका रूपमा वीणालाई लिन सकिन्छ । त्यसै गरी उपन्यासमा निर्वाह गरेको भूमिकाका आधारमा उसलाई नायिका मान्न सकिन्छ । अन्य चरित्रहरूमा युवक, ज्यापू, खनाल, श्याम कार्की, हाकिम, डाक्टर, तरकारी बेच्ने मानिस आदि पुरुष पात्र र सुनिता (नन्द) मनु, सासू आदि नारीपात्रहरू रहेका छन् । यसैगरी मानवेतर पात्रहरूमा कुकुर र बिरालो देखिएका छन् । युवककी दोस्री दुलही तथा उसका बाबुआमाको पनि नेपथ्यमा उल्लेख भएको छ । उपन्यासमा कुकुरले प्रमुख पात्रको काम गरेको छ । अन्य पात्रहरू भने सहायक र गौण भूमिकामा देखिएका छन् । यिनीहरूको स्वकीय चारित्रिक वैशिष्ट्य छैन । प्रस्तुत उपन्यासलाई बुझ्नको निमित्त वीणा र कुकुरको चरित्रचित्रण गर्नु वाञ्छनीय देखिन्छ ।

## ५.५.३ (क) वीणा

गहुँगोरो वर्णकी दुब्ली तथा पातलो शारीरिक संरचना भएकी छयालीस बर्से वीणा उपन्यासकी प्रमुख चरित्रका रूपमा देखिएकी नारीपात्र हो । युवकसँग प्रेम भएपछि त्यसैसँग घरजम गरेर बसेकी वीणा गाउँबाट सहर पसेकी छे । युवकसँगको दाम्पत्यमा रहँदा आफ्ना माइतीलाई उसले बिर्सेकी छे । युवकले अप्रत्यासित रूपमा अर्की स्वास्नी ल्याएपछि घर परिबारबाट उसलाई अनावश्यक ताना सुनाउन थालिन्छ । तीन वर्षसम्मको साहचर्यपछि यसरी एक्कासी युवकले दोस्रो विवाह गरेको मात्र नभई आफूलाई जहाँ जान पनि स्वतन्त्र रहेको भन्दै

उपेक्षापूर्वक त्यागेपछि ऊ घर छाडेर निस्कन्छे । त्यसपछि एकजना ज्यापूसँग प्रणयसम्बन्ध गाँसेर वीणाले उसैलाई आफ्नो तन, मन, धन सुम्पेकी छे । वीणाको सम्पत्तिका कारण तीन वर्षमै पुँजीपति बनेको ज्यापुले 'परित्यक्ता' को आरोप लगाएर विभिन्न बहानामा वीणासँग निहूँ खोज्न थाल्छ । ज्यापुको कृतघ्न व्यवहारबाट आजित भएर वीणाले ऊसँगको साहचर्य छोड्नुका साथै कुनै पनि पुरुष-कुकुरको स्पर्शसम्म नगर्ने प्रतिज्ञाका साथ दस वर्ष गुप्तवास बस्दछे । उपन्यासकारले वीणाका अचेतन मनका कार्यव्यापार र विसङ्गतिपूर्ण कुण्ठाहरूको अध्ययन गरेका छन् । पुरुषहरूको स्पर्शसम्म नगर्ने प्रतिज्ञा गरेकी वीणाले प्रतिज्ञाको पालना गर्न सकेकी छैन । अझ कुकुरलाई आश्रय दिने, बासस्थान बनाइदिने, टेलिफोन तथा कार उपलब्ध गराउने अनि कुकुरसँगै फोनमा कुरा गरिरहनुले पनि अचेतन तहबाटै उसका कुण्ठाहरूले निकास पाएको देखिन्छ । चेतन स्तरबाट कुकरलाई नछोए पनि कुकुरको जुठो थालीमा खाना खानुले वीणाको कुकुरप्रतिको आकर्षण प्रबल रहेको देखिन्छ । आफूलाई धोका दिने ज्यापु प्रत्येक दिन बिहान आफ्नो ढोकामा दूध बेच्न आउने गर्दा वीणालाई सन्तुष्टि प्राप्त भएको छ । आफूलाई अवहेलना गर्ने परिवार, श्रीमान् र समाजसँग सङ्घर्ष गरेर स्थापित हुनुको सट्टा समाजबाटै पलायन भएकीले वीणा निष्क्रिय चरित्रका रूपमा देखिएकी छे । समाजबाट टाढिएर रहेकी हुनाले उसमा वैचारिक तथा भावनात्मक सम्प्रेषणको अभाव देखिन्छ । यसै कारण ऊ क्रमशः कुण्ठित र अन्तर्मुखी बन्दै गएकी देखिन्छे । मरेको सिनू कुकुरलाई नसडोस् भनेर तेलमा डुबाई ५ वर्षसम्म कुरेर बस्नुमा उसको मानसिक कुण्ठा कारण देखिन्छ । भौतिक जीवन सम्पन्न भए पनि मानसिक रूपमा वीणाको जीवनस्तर कमजोर छ । उसका संवेग र वेदनाहरूले उपन्यासमा फैलने मौका पाएका छन् । वीणा पुरुषहरूबाट पाएको धोकैधोकाले आस्थाहीन भएकी नारी हो । त्यसकारण उसले सबै लोग्ने मान्छेलाई कुकरका श्रेणीमा झारेकी छे । वीणामा आन्तरिक तथा बाह्य द्वन्द्व सुरुदेखि अन्त्यसम्म देखापर्छ । बाह्य रूपमा उसको द्वन्द्व श्रीमान्, परिवार तथा समाजसँग रहेको छ यद्यपि यो मुठभेडको स्थितिमा पुगेको पाइँदैन । आन्तरिक रूपमा उसको द्विधा मनस्थिति नै द्वन्द्वको कारण बनेको छ । कुनै पुरुषको स्पर्श नगर्ने प्रतिज्ञा गरेकी वीणाले मरेको कुकुरलाई कारणमा राखेर रुनु र नसडोस् भनेर बर्सौं तेलमा डुबाएर राख्नुले उसमा वैचारिक द्वन्द्व रहेको देखिन्छ । वास्तवमा वीणाको जीवनमा कुकुरको आगमनपछि नै वैचारिक द्वन्द्व देखिन थालेको छ । कुनै पुरुष-कुकुरलाई नछुने भन्ने उसको प्रतिज्ञा केवल आवेगको रूपमा आएको अभिव्यक्ति थियो भन्ने कुरा उपन्यासको अन्त्यतिर देखाउन खोजिएको छ । वास्तवमा वीणाको चरित्रनिर्माणमा व्यक्ति चेतनाले प्रमुख भूमिका खेलेको देखिन्छ ।

## ५.५.३ (ख) कुकुर

**वीणा** उपन्यासमा महत्त्वपूर्ण चरित्रका रूपमा मानवेतर प्राणी कुकुर आएको छ । पशु भए पनि त्यसलाई मानवीय व्यक्तित्व प्रदान गरिएको छ । त्यस कारण ऊ घटनाको द्रष्टाका रूपमा प्रस्तुत भएको छ । उपन्यासमा देखिएको पाटे कुकुरले अन्य नेपाली कुकुरका तुलनामा छुट्टै महत्त्व राखेको पाइन्छ । कुकुरका बारेमा उपन्यासमा भनिएको छ :

"यो मानिसभन्दा बढी सोच्छ, रुन्छ, भुक्छ, सुत्दैन, चाँडो सिक्छ, त्यति नै चाँडो बुझ्छ र प्रतिक्रिया जनाउँछ । ...यसको अगाडि मुख खोल्नै हुन्न ।[१३९] वास्तवमा कुकुरको चरित्रनिर्माणमा उपन्यासकारको आदर्श रहेको प्रतीत हुन्छ । त्यसैले कुकुरले वीणासँग फोनमा कुराकानी गर्छ,

---

[१३९] होमनाथ सुवेदी, **वीणा**, (काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४५), पृ. १३ ।

मोटर चलाउँछ र अफिस पनि जान्छ । यसबाहेक चिन्तनशील बन्दै जीवनदृष्टिलाई पनि प्रस्तुत गर्दछ । कुकुरले आत्महत्या गरेपछि नसडोस् भनेर वीणाले सिनुलाई 'बाथटब'मा राखेको अवस्थामा त्यही सिनू कुकुरले चैतन्य जस्तै भएर वीणाको जीवनको र केही अंशमा आफ्नो जीवनको पनि पूर्वावलोकन गरेको छ । कुकुरमा पर्याप्त मानवीय संवेदना र भावना रहेका छन् । दूध बेच्ने ज्यापुको पछि लागेर आउने गरेको कुकुरले वीणाको घरमा आश्रय पाएपछि उनीबाट माया र स्नेहको आकाङ्क्षा पनि गर्दछ । यस क्रममा कुकुरका अचेतनका कुण्ठाहरू पनि प्रस्तुत भएका छन् । उपन्यासमा कुकुरका माध्यमबाट पर्याप्त मानवीय भावना जगाउन खोजिएको देखिन्छ । आश्रयदातालाई उपभोग्य साधनका रूपमा लिने प्रवृत्तिको प्रतिनिधित्व गरे पनि मानवीय ईच्छा आकाङ्क्षाको शाश्वत तथा सार्वभौम सत्यको उद्घाटन गर्ने क्रममा कुकुरमा यी भावना जागृत भएको देखिन्छ । साथै वर्तमान परिप्रेक्ष्यमा आफ्नो मालिकको सोझो चिताउनाको सट्टा कृतघ्न बन्दै गएको मानवीय प्रवृत्तिका बाबजुद कुकुरले आफ्नो आश्रयदाताको सोझो चिताएको देखिन्छ । यही कारणले नै पुरुषहरूबाट बारम्बर ठगिएकी वीणाको मानसिक तुष्टिका साथै उन्नतिशील स्वास्थ्यको कामना गर्दै कुकुरले आत्महत्या गरेको छ । वास्तवमा वीणाप्रति आफू अनुरक्त भएको देखाउँदै त्यसको प्राप्तिको लागि ज्यान दिएको आभास दिलाएर उनीभित्र रहेको पुरुषसँगको प्रतिशोधको भावनालाई कुकुरले बल दिन खोजेको छ । यसरी पुरुषहरूबाट ठगिएकी वीणालाई उनको माया पाउनको निम्ति आफू (पुरुष-कुकुर) ले ज्यान दिएको देखाएर थोरै भए पनि मानसिक सन्तुष्टि प्रदान गर्न खोज्ने कुकुर आदर्श चरित्रका रूपमा उपस्थापित छ ।

उपन्यासमा रहेका अन्य चरित्रहरूमा सुनिता छिमेकीको भूमिकामा खनाल सहयोगीका रूपमा मनू सहयोगी (साथी)का भूमिकामा देखिएका छन् । यीलगायत अन्य गौण चरित्रहरू पनि मूल पात्रका चारित्रिक विकासमा सहयोगी भएका छन् । किशोर अरूको यौवन अस्मिता लुटिसकेपछि बेवास्ता गर्ने स्त्रीलम्पटका रूपमा देखिएको छ । यसै गरी ज्यापू (युवक) स्त्रीलम्पटका साथै अरूको सम्पत्तिका कारण सम्पन्न बनेको भए पनि गलत आचरणका कारण पुनः विपन्न स्थितिमा पुगेको चरित्रका रूपमा उपस्थापित छ । उपन्यासको वस्तुअनुसार चरित्रविन्यास उपयुक्त देखिन्छ ।

## ५.५.४ परिवेश

प्रस्तुत उपन्यासमा परिवेशमा काठमाडौँ तथा यसका आसपासका क्षेत्र देखिएका छन् । घटनाको प्रमुख कार्यस्थल काठमाडौँको कुनै ठाउँमा रहेको छ तले घर हो । उपन्यासकारले सहरिया वातावरणको मात्र चित्रण नगरी ग्रामीण परिवेशको पनि झल्को दिएका छन् । उदासीन तथा व्यक्तिवादी सहरिया प्रवृत्ति, खस्कँदै गएका मानवीय मूल्य, स्वार्थी र अहम्पना नारीहरूले सहनु परेको लैङ्गिक भेदभावको पीडा र वेदनालाई प्रस्तुत गर्न उपन्यासको वातावरण अनुकूल देखिन्छ । यसमा एउटा मरेको सिनु कुकुरले २० मिनेटमै सम्पूर्ण घटनाको पूर्वावलोकन गरेको देखिन्छ । प्रत्यवलोकन उपप्रत्यवलोकनलाई समेत लिँदा औपन्यासिक कालावधि २५-२६ वर्षजति रहेको देखिन्छ । वास्तवमा **वीणा** उपन्यासको परिवेश कुनै स्थान र समयमा सीमित नरही सार्वभौम र सार्वजनीन देखिन्छ । उपन्यासकारले बाह्य परिवेशभन्दा चरित्रको मानसिक स्थितिको उद्घाटन गर्ने क्रममा उसका चिन्तनका आरोह-अवरोहहरू तथा मनोवृत्तिहरूको उद्घाटन गर्न खोजेको देखिन्छ । विकृति र विसङ्गतिको चपेटामा परेको नेपाली समाजको यथार्थ चित्रलाई उपन्यासकारले हाम्रा साम उपस्थित गरेका छन् । कुकुरका माध्यमबाट

उपन्यासकारले खण्डित मानवता र दुर्घटित जिन्दगीको चित्र उतारेका छन् । आजको मान्छेमा दया, माया, प्रेम, सद्भाव खस्किँदै गए पनि कुकुरजस्तो पशुमा आफ्नो मालिकको सोझो चिताउने प्रवृत्ति रहेको कुरातर्फ उपन्यासकारले सङ्केत गरेका छन् ।

## ५.५.५ भाषाशैली

सुवेदीका पूर्ववर्ती उपन्यासहरू जस्तै **वीणा** उपन्यासको भाषा पनि सामान्य स्तरको देखिन्छ । केही परिमार्जन गरिएको पनि देखिन्छ । उपन्यासमा तत्सम शब्दको प्रयोग कमै गरिएको छ र अङ्ग्रेजी भाषाका शब्द र वाक्यहरू पनि यदाकदा प्रयुक्त छन् । लोकोक्तिहरूको प्रयोग कम गरिएको छ । शैलीपक्षबाट हेर्दा यो अरूभन्दा भिन्न किसिमको देखापरेको छ । उपन्यासमा चरित्र र अनुभूतिको घनत्वको लागि अध्याय र अनुच्छेद, प्रसङ्गका असङ्गतिहरू जानेरै नखुलाइएको र अस्पष्ट पारिएको छ । त्यसै गरी कुनैकुनै ठाउँमा वाक्य र शब्दहरू अपूर्ण नै छोडिएको छ । यसरी नै फोन, स्वप्न, खोर, बाथटब, नर, पशु, यात्रा शब्दहरूमध्ये एउटाको एकालापबाट नजानिँदो पाराले अर्काको एकालाप सुरु भएको छ । कतिपय ठाउँमा एउटै वाक्यमा पनि वचन, लिङ्ग र पुरुषको विषमता उत्पन्न गरेर अभिव्यक्तिमा घनत्व प्रदान गर्न खोजिएको छ । त्यसै गरी एउटै अनुच्छेदभित्र पनि असङ्गत तवरले विविध प्रसङ्ग र दृश्यहरू आएका छन् । स्थान, काल र पात्रहरूमा क्रमको अभाव देखिन्छ भने चेतनप्रवाह, प्रत्यवलोकन र उपप्रत्यवलोकनद्वारा सङ्कुल अवस्थाको सिर्जना गर्न खोजिएको छ । मरेको सिनु कुकुरमा चेतना भरेर त्यसैका माध्यमबाट औपन्यासिक कथन गरिएको यो उपन्यास वाष्पचेतना प्रविधिअन्तर्गत नयाँ प्रयोग हो ।[१४०]

## ५.५.६ द्वन्द्व

होमनाथ सुवेदीका नारी चरित्रहरू कतैबाट आफू वा आफ्नो अस्मितामाथि दमन वा शोषण भएमा बलबुद्धिले भ्याएसम्म त्यसको प्रतिकार गर्ने क्रममा 'स्व' को समेत परवाह नराख्ने प्रकृतिका छन् । वीणा भने भिन्न चरित्रका रूपमा उपस्थापित छे । आफूबाट नाजायाज फाइदा उठाएर आफैलाई हेप्न स्वार्थी पुरुषसँग सङ्घर्ष गर्नाको सट्टा उनले पलायनको बाटो रोजेकी छे । उपन्यासमा बाह्य तथा आन्तरिक दुबैखाले द्वन्द्व संयोजित भए पनि तुलनात्मक रूपमा आन्तरिक द्वन्द्व नै सबल देखापर्छ ।

### (अ) आन्तरिक द्वन्द्व

वीणाको जीवनमा कुकुरको आगमनपछि मानसिक द्वन्द्वका तरङ्गहरू तरङ्गित हुन थालेका छन् । सुरुमा मानवताका कारण एउटा भुस्याहा कुकरलाई दयापूर्वक बासी रोटी फ्याँकि दिएकी वीणाको दैनिकीमा कुकुरको असामान्य चरित्रले प्रभाव पार्दै जान्छ । त्यसैले गर्दा कुकुरप्रतिको उसको आकर्षण नजादिँदो पाराले बढ्दै गएको छ । कुनै पनि पुरुष-कुकुरको स्पर्शसम्म नगर्ने प्रतिज्ञाको विरुद्ध वीणामा त्यस कुकुरप्रति अनायासै सहानुभूति दया, माया वा आकर्षण बढ्दै गएको छ । एकातिर कुकुरप्रतिको बढ्दो अनुरागलाई लत्याउन वीणालाई गाह्रो थियो भने अर्कातर्फ प्रतिज्ञाभङ्गको खतरा पनि त्यत्तिकै सबल थियो । यस्तो चरम मनोद्वन्द्वमा पुगेकी वीणाको अवस्थालाई कुकुरले पनि बुझेको छ । त्यसैले ऊ मालिक्नी (प्रेमिका) को आफूप्रति आकर्षण रहेको थाहा पाए पनि अनुमतिबेगर सुमसुम्याउने, काखमा लुटपुटिने काम

---

[१४०] गोपाल पराजुली, **पूर्ववत**, पृ. १३४

गर्दैन । उता वीणाले कुकुरप्रतिको आफ्नो प्रेमभावलाई रोक्न खोजे पनि उपन्यासमा अचेतनकै तहबाट यो प्रकट भैरहेको छ। यसबाट पनि वीणाको मनोद्वन्द्व चरम अवस्थामा पुगेको देखिन्छ । पुरुष-कुकुरद्वारा ठगिएकी वीणालाई आफ्नो (कुकुरको) आत्महत्याद्वारा मानसिक सन्तुष्टि दिने अभिप्रायले कुकुरले आत्महत्या गर्दछ तर उपन्यासमा भने स्थितिविपर्ययको अवस्था उत्पन्न भएको छ । जिउँदो छउन्जेल प्रतिज्ञाभङ्गको डरले कुकुरको स्पर्शसम्म नगरेकी वीणाले मरिसकेको सिनुलाई काखमा राखेर धेरै बेरसम्म रोइरहन्छे र नसडोस् भनेर पाँच वर्षसम्म बाथटबमा राखेर कुकुरप्रतिको आफ्नो प्रेमभाव दर्साउँछे । यसरी हेर्दा वीणाको उपन्यासमा मनोद्वन्द्व सबल देखिन्छ ।

**(आ) बाह्यद्वन्द्व**

पूर्ववर्ती न्याउली र रत्नाका तुलनामा वीणाको चरित्र पलायन उन्मुख देखिन्छ । प्रेम अथवा विवाहको बहानामा बारम्बार पुरुषहरूद्वारा ठगिएकी भए पनि तिनीहरूसँग बदला लिनुको सट्टा वीणा मध्यरातमा घर छाडेर निस्किएकी छे । आफ्नै सम्पत्तिका कारण सामान्य हैसियतबाट सम्पन्न भएपछि गाउँभरिका छोरीबुहारीको पछि लाग्ने ज्यापू युवकलाई पथभ्रष्ट हुनबाट रोक्नाको सट्टा वीणा ऊसँग पनि छुट्टिएर बसेकी छे । ऊ सङ्घर्ष गर्नुभन्दा वैगुनीलाई गुनले मार्ने भनेझैँ आफ्ना विरोधीलाई नबोलेरै मानसिक ताडना दिन चाहन्छे । घरपरिवारका सदस्यहरूको अनावश्यक ताना सुनाउनेहरू र आफ्नो हरेक काममा खोट देखाउँदै आक्षेप लगाउनेहरू विरुद्ध जवाफ फर्काउनाको सट्टा वीणा भित्रभित्रै तड्पिन्छे । आफू चुसिएको थाहा पाएर पनि प्रतीकार गर्न नसक्ने वीणाको मानसिक द्वन्द्वले उपन्यासमा कुनै हलचल पैदा गरेको छैन । यसरी हेर्दा उपन्यासका धेरै प्रसङ्गहरूमा द्वन्द्वको स्थिति विद्यमान रहेको पाइए पनि वीणाको निष्क्रियताका कारण त्यो प्रकट भएको छैन ।

## ५.५.७ विचार

वैचारिक दृष्टिकोणले प्रस्तुत उपन्यासमा मार्क्सवादी चिन्तन प्रमुख रूपमा रहेको देखिन्छ । उपन्यासकार आजका मजदुर भन्दा कृषि अवस्थाका दास बढी वेस थिए भन्ने पक्षमा देखिएका छन् । उनी आजको जटिल र यान्त्रिक जीवनमा भन्दा ऐतिहासिक जीवनमा विश्वास गर्दछन् । पुनर्जन्म, स्वर्ग, ईश्वर, नरक आदि पूर्वीय मान्यताप्रति उपन्यासकारको व्यक्ति चेतनाले पर्याप्त वितृष्णा जगाए पनि संस्कार र सामाजिक चेतनाले भने पच्छ्याइरहेको देखिन्छ । उनको स्वतन्त्रताप्रेमी व्यक्तित्व र चिन्तनशील क्षमता यसरी व्यक्तिएको छ : “निर्विकल्पता विच्छिन्नताको मूल हो , सविकल्पता स्वतन्त्रताको स्रोत हो, उग्रविकल्पता चाहिँ मानिसलाई कुकुरभन्दा पनि तल्लो श्रेणीमा उभ्याउने आतङ्क हो ।”[१४१]

उपन्यासकारले आफ्नो चिन्तन वा धारणालाई सोझै व्यक्त नगरी पात्रका माध्यमबाट प्रकट गर्ने हुँदा उनका चरित्रहरू चिन्तनशील देखिन्छन् । मानिसको खुट्टा तान्ने प्रवृत्तितिर सङ्केत गर्दै भनिएको छ : “उनी दुई पनि विरोधी दलकै नेता हुन् तर मेरो विरूद्ध भने दुबै के र सबै एकात्म हुन्छन् ।”[१४२] मान्छेले स्वतन्त्रताका लागि सङ्घर्ष गर्नु पर्छ भन्दै अगाडि भनिएको छ : “परवशताको निषेध मात्र पर्याप्त छैन बरू समुचित विकल्पको वरणप्रति तिमीमा त्यो समर्पणको सङ्कल्प तीव्र, तीक्ष्ण छैन । ....लाग्छ तिमीले जीवनको महत्त्वपूर्ण भागलाई दोधारे नै

---

[१४१] **ऐजन**, पृ. ३६ ।

[१४२] **ऐजन**, पृ. ७० ।

बनाएर बरवाद गरेकी छ्यौं ।"[१४३] उपन्यासमा फ्रायडीय मनोविज्ञानले पनि प्रविष्टि पाएको छ । कुकुरका स्वप्नहरू, अचेतनबाट उठेका वीणाप्रतिको प्रणयमूलक भावना तथा वीणाको रुवाइभित्रको यथार्थ मानसिक अतृप्त कुण्ठालाई बुझाउन सहायकसिद्ध भएका छन् । समग्रमा प्रेम भनेको मानवमनमा मात्र होइन मानव र मानवेतर प्राणीका बीचमा पनि हुन सक्छ केवल एकले अर्कालाई बुझ्ने कोसिस गर्नुपर्छ भन्ने धारणा उपन्यासकारको रहेको देखिन्छ । उनी भन्छन् : "यो उपन्यास कथा होइन, समग्रमा अनुभूतिको एक बिन्दु हो, एक जीवन हो - प्रेमबिना मान्छे बाँच्न सक्दैन ।"[१४४]

## ५.५.८ कथोपकथन

एउटी नारीले भोगेको समाजनिर्वासनका पीडा तथा मानव र मानवेतर प्राणीबीचको प्रेममय जीवनको सम्भावना **वीणा** उपन्यासमा देखाउन खोजिएको छ । उपन्यासकी नायिका/प्रमुखपात्र वीणा पुरुषवर्गबाट श्री खोसिएकी विवश नारी हो । उसले पुरुषसँग रहनुभन्दा गुप्तवास बस्नु श्रेयस्कर ठानेकी छे । त्यसैले ऊ कुनै पनि पुरुष-कुकुरको मुखसम्म नहेर्ने प्रतिज्ञा गरेर आफ्नै घरमा दसवर्षसम्म गुप्तवास बस्छे तर उसको जीवनमा पाटे कुकुर (भुस्याहा) आएपछि भने वीणामा वैचारिक उतारचढावको स्थिति आएको छ । उपन्यासमा संयोजित छ । सामान्यतः कुकुर मानवेतर प्राणी भए पनि उसको चरित्रनिर्माणमा उपन्यासकारको आदर्श रहेको देखिन्छ । सामान्य कुकुरहरूभन्दा खास वैशिष्ट्य भएको औपन्यासिक कुकुरले वीणासँग फोनमा कुराकानी गर्नाका साथै मोटरकार पनि चलाउँछ । त्यसै गरी उसले चिन्तन र जीवनदृष्टिलाई पनि उपन्यासमा प्रस्तुत गरेको छ। नायिका वीणा र कुकुरका बीच भएको संवादको एउटा उदाहरण निम्नानुसार रहेको छ :

'टिरिर....टिरिर...' (फोनको घण्टी बज्छ) ।

'हेलो !'

'यो के हो ?' रुग्ण स्वर

'म कुकुर'

'अरुको आवाज पनि सुन्छु नि ?'

'म कुकुरकहाँ अरु को हुने ?'

'तिमी त श्रेष्ठ कुकुर हौ, अधम कुकुरहरू असङ्ख्य छन्... के तिनीहरू पनि तिम्रै छेउमा छन् ?'

'किन ? तिमी मलाई विश्वास गर्दिनौ ?'

'कसलाई गरुँ ? कसलाई नगरुँ ? लाग्छ -म स्वयम् मेरै पनि विश्वास नगरुँ ।"[१४५]

यसरी उपन्यासकारले मानव र मानवेतर प्राणीका बीचमा आलङ्कारिक संवाद सिर्जना गरेका छन् ।

## ५.६ 'द्यौराली' उपन्यासको अध्ययन

---

[१४३] **ऐजन**, पृ. ९१ ।

[१४४] गोपाल पराजुली **पूर्ववत्**, पृ. १३८

[१४५] **ऐजन**, पृ. ३७ ।

वि. सं. २०४३ को अन्त्यतिर लेखिएर २०५१ मा प्रकाशित हुने **चौराली** उपन्यास होमनाथ सुवेदीको छैटौं उपन्यास हो । यसले सुवेदीको उपन्यास लेखनयात्रामा दोस्रो चरणको आरम्भ गरेको छ । नेपाली भाषासाहित्यको उन्नयनमा समर्पित अमेरिकामा मुख्य कार्यालय रहेको प्रवासी नेपालीहरूको संस्था अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ले यसको प्रकाशन गरेको छ । सुवेदीका प्रकाशित उपन्यासहरूमध्ये **चौराली**मा प्रथमपटक भूमिकालेखन भएको छ । यसमा (अनेसास) का तत्कालीन महासचिव अच्युत श्रेष्ठको प्रकाशकीय मन्तव्यका साथै तोयनाथ भट्टराईको 'चौरालीलाई पाती' शीर्षकको समालोचनात्मक मन्तव्य पनि समाविष्ट छ । यसै गरी उपन्यासकारको लेखकीय मन्तव्य समेत रहेको **चौराली**मा मान्छेका जीवैषणाका अनन्त ईच्छा र आकाङ्क्षा तथा उसमा रहनु पर्ने कर्मशीलता नै यसको लेखनका बीज र प्रेरणाका रूपमा देखिएका छन् ।

## ५.६.१ विषयवस्तु

**चौराली** उपन्यासको शीर्षक लोकजीवनबाट लिइएको भए पनि यसको विषयवस्तु समाजमनोविज्ञानबाट ग्रहण गरिएको छ । यसमा विषयवस्तुको प्रस्तुतिभन्दा अनुभूति प्रक्षेपणमा ध्यान दिइएको पाइन्छ । विसङ्गतिबोधयुक्त कारणले नायकका सिर्जनात्मक मस्तिष्कमा उपस्थापित पहाडी चौरालीको यात्रा नै यसको विषयवस्तु बनेको छ । पहाडी उकालो समाप्त भएपछि आउने त्यो ठाउँको नाम चौराली हो जहाँ बटुवाहरूले वनदेवीलाई फूलपाती चढाएर विश्राम लिन्छन् । नेपाली समाजमा चौराली एउटा यथार्थ र आरोहणको अनन्ततालाई घटनाक्रममा अनुवाद गर्ने लौकिक दर्शन हो । भू-बनोटका प्राकृतिक विविधता र मानवीय वेग तथा शक्तिको सीमान्त सङ्क्रमणलाई मनोवैज्ञानिक भाषामा रूपान्तरित गर्दा चौरालीले जीवनका अध्यायको परिभाषा गर्दछ र प्राप्तिको एक शृङ्खलाको परिसमाप्तिलाई प्रतिबोधित गर्दछ ।[१४६] प्रस्तुत उपन्यासमा चौरालीकै केन्द्रीयतामा जीवनजगत, प्रेम र समाजको चिन्तन गरिएको छ ।

## ५.६.२ कथानक

'म' एउटा निराशाले भरिएको लेखक उपन्यासको नायक हो । उसको घर काठमाडौंको इन्द्रचोकमा छ । अहिले उसकी कान्छी आमाबाहेक उसँग परिवारका कोही पनि छैनन् । इन्द्रचोकको भीडबाट गुज्रेर घरमा आइपुगेको लेखकले आफ्नो कोठाभित्र चुरोट खाने क्रममा चुरोटको धुँवाको मुस्लो हेर्दाहेर्दै अर्धचेतन अवस्थामा पुगेको छ । उसले त्यही मुस्लोभित्रै स्वच्छ धवल हिमाल देख्न थाल्छ र त्यसैमा अन्तर्भुत हुँदै औपन्यासिक नायकका रूपमा उपस्थापित हुन्छ । अरूहरूको दुस्साहसिक र विध्वंसात्मक कार्यकलापबाट वाक्क भएर सुदूर पहाडी कन्दराको काखमा रहेको नदीको दोभानमा शान्ति प्राप्त गर्ने आशमा नायक निर्वासित हुन्छ । 'अहिंसा परमो धर्म' नभई असत्य र हिंसा परमधर्म भएको सामाजिक संरचनाबाट दिक्क भएर पन्ध्र वर्षसम्म निर्वासित भए पनि नायकले यसमा पनि कुनै अर्थ देख्दैन । बरू आफै अर्थहीन र कल्पित सत्यको पछि लागेर अकर्मण्य बन्दै गएको थाहा पाएपछि ऊ आफ्नो घरतर्फ उकालो लाग्छ । उपन्यासको अधिकांश कथा यही बाटोकै रहेको छ । बाटो विकट र पहाडी छ तर उसलाई चौरालीमा पुग्नु छ । ऊ अनवरत रूपमा हिँडिरहन्छ । धेरै चौरालीहरू आउँछन् ।

---

[१४६] शिवप्रसाद सत्याल, 'पीठ' 'विसङ्गतिबोधका अनुभवहरू', **मधुपर्क**, (वर्ष २८, अङ्क ७, पूर्णाङ्क ३१८, मङ्सिर २०५२), पृ. २२ ।

तिनीहरूलाई अतिक्रमण गर्दै नायकले आफ्नो यात्रा जारी राख्छ । द्यौरालीको यात्रालाई चुनौतीका रूपमा लिँदै ऊ उकालो चढिरहन्छ, अगाडि बढिरहन्छ । यसरी जाँदा ऊ एकदिन आफ्नी पच्चीस वर्ष पहिलेकी प्रेमिका मीनूको गाउँमा पुग्दछ । संयोगवश मीनूकै घरमा पाहुना हुन पुगेको नायकले आफ्नी प्रेमिकालाई चिनेपछि ऊ त्यही गाउँमा बसिरहन चाहन्छ । मीनूको लोग्नेको सोझोपन र रातको समयमा झाम्रे गाउने त्यहाँको प्रचलनले गर्दा दुबैको प्रेमले पुनर्ताजगी प्राप्त गरेको छ । मीनूसँगको सहवासमा नायकले आफ्नो अभीष्ट र गन्तव्य भुलेको भए पनि मीनू विवाहिता मात्र नभई श्रीमान् र छ वटा सन्तानयुक्त भएकी हुँदा गाउँमा ती दुबैको सम्बन्ध निषिद्ध मानिन्छ । मीनू र नायकबीचको अवैध सम्बन्धको गाउँमा हल्ला फैलिएपछि उसलाई त्यहाँबाट धपाइन्छ तर वर्ज्यप्रति मोहित नायकले मीनूको प्यारबाहेक अरू केही सोच्न सक्दैन । त्यसैले माथिल्लो गाउँमा मास्टरी गर्ने निहुँमा ऊ मीनूलाई भेट्न आइरहन्छ । नामशेष 'म' नायकको अस्वाभाविक प्रेमबाट आजित भएर एकदिन मीनूले आफ्नो उत्तरदायित्व श्रीमान् र सन्तानहरूप्रति रहेको भन्दै उसलाई त्यागिदिन्छे । यसपछि नायकलाई आफू साध्यको प्राप्तिमा नभई साधनमै हराएको अनुभव हुन्छ । नायकले स्थगित भएको आफ्नो यात्रा पुनः सुरु गर्छ र ऊ आफ्नो गन्तव्यतर्फ निरन्तर हिँडिरहन्छ । यसैक्रममा आफूले कष्टपूर्वक पार गरेका अगणित द्यौरालीहरू बाउन्नवीरको रूपमा रहेको देख्दा ऊ साह्रै दिक्क हुन्छ तर पनि आफ्नो यात्रा बन्द गर्दैन । जतिसुकै हिँड्दा पनि आफ्नो गन्तव्यमा नपुगेपछि उसलाई गन्तव्यसम्म नपुगी यात्रापथमै मर्छु कि भन्ने चिन्ता लाग्न थाल्छ । असङ्ख्य द्यौरालीहरू पार गर्दा पनि ऊ कहिल्यै आफ्नो समाज द्यौरालीमा पुगेर आफन्तलाई भेट्न सक्दैन । हिँड्दाहिँड्दै खुट्टा लड्खडाउँछन् र ऊ बाटोमै पछारिन्छ । त्यसपछि मर्ने बेलामा ऊ भन्छ "...अरू त कुरै छोडौं, हत्याराको हातमा सम्म पनि पुग्न सकिन । यो जिन्दगी रहरहरूको कहरबाहेक अर्को विकल्प केही रहेनछ ।"[१४७] त्यसपछि लेखक अर्धचेतनको अवस्थाबाट/लेखनको स्वप्नबाट व्युँझिन्छ । इन्द्रचोकको आफ्नो कोठामा व्युँझँदा आफूले रगत छादेको र आफ्नी कान्छीआमा पनि यहीँ रहेको थाहा पाउँछ । छाद र रगतले भिजेको पाडुलिपी लेखकले फ्याँक्न खोज्दा कान्छीआमाले त्यो सुरक्षित तवरले थन्क्याउँछिन् । यसैमा उपन्यासको कथानक टुङ्गिएको छ ।

प्रस्तुत उपन्यासमा नायकको कथाले कर्मशील मानवको जीवनसङ्घर्ष र मृगतृष्णालाई प्रस्तुत गरेको छ । मीनूको कथाले एउटी सरल र सहृदयीका ग्रामीण युवतीको आत्मकथा र नारीसुलभ भावनाई चित्रण गरेको छ । धना, बिनु, गुमानी तथा बाटुलीहरूका प्रसङ्गहरूमा प्राकृतिक जीवनको आभास पाइन्छ भने मुखियाको कथामा स्वार्थ, धोका र षडयन्त्र छन् । गुज्जरेले नेपालीहरूको रोजीरोटीको समस्या र लोकजीवनको निश्छलतालाई प्रस्तुत गरेको छ । त्यसै गरी पङ्कज (काँल्दाइ) का कथामा अहम्पना र कृतिमता आभास हुन्छ । यी सबै मिलेर उपन्यासको मूल कथानकको ढाँचा निर्माण गरेका छन् ।

### ५.६.३ पात्र/चरित्रचित्रण

चरित्रविन्यासका दृष्टिले हेर्दा लेखक तथा नामशेष 'म' पात्रलाई नायक वा प्रमुखपात्रका रूपमा लिन सकिन्छ । यसबाहेक उपन्यासमा पङ्कज (काँल्दाइ), खनाल, एउटा लेखक, गुज्जरे, चौतारे, मीनूका बाबु, मुखिया, किंबहादुर आदि खास पुरुषवर्गका रूपमा उपस्थापित छन् ।

[१४७] होमनाथ सुवेदी, **द्यौराली**, (अमेरिका : अनेसास, २०५१) पृ. १३६ ।

लेखककी कान्छी आमा मीनू, धना, बाटुली, गुमानी, सन्तू, बिनु, मञ्जुला, वीना आदि मीनूका छ वटी छोरीहरू र युवतीहरू स्त्री चरित्रका रूपमा आएका छन् । यीबाहेक मुखियाकी श्रीमती र छोरी, गोठालाहरू, युवायुवती, नारी र पुरुषहरू, दाउरे-दाउरेनी, घिमिरे, बुद्धि तामाङ आदि नाम उल्लेख भएका अन्य पात्रहरू पनि रहेका छन् । सङ्ख्यात्मक रूपमा पात्रहरू धेरै देखिए पनि चारित्रिक विकास भने नायक र मीनूको मात्र भएकाले यिनको चारित्रिक वैशिष्ट्य उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

## ५.६.३ (क) 'म' (लेखक/नायक)

नामशेष प्रथमपुरुष 'म' पात्रका रूपमा रहेको लेखक नै उपन्यासमा नायकका रूपमा उपस्थापित छ । ऊ इन्द्रचोकमा बस्ने गरेको छ । उसको उमेर करिब ५० वर्षको छ । आफ्नो कोठामा बसिरहेको बेलो अर्द्धचेतनमै हराएर ऊ औपन्यासिक नायकमा अन्तर्भूत भएको छ । नायक/लेखकले आफ्नो बाह्य स्वरूपबारे टिप्पणी गर्छ : "अधबैंसे मान्छे म, न दुब्लो, न पातलो, नीलो पाइन्ट पुरानो पोलिस्टरको यसो तलतिर दृष्टि दिएँ ...जुत्तामा पालिसको अभाव । हिँडिरहेछु, छातीमा हेरेँ, सेतो कमिजमाथि एक खैरो सुइटर अनि नीलै कोट पनि छ, मलाई शरम लाग्यो... ।"[१४८] वर्तमान अवस्थामा मान्छेले चाहेको कुरा प्राप्त नहुने तर नसोचेको कुरा आइलाग्ने विडम्बनापूर्ण स्थिति रहेको देखिन्छ । त्यसकारण विसङ्गत अवस्था भोग्न बाध्य अन्य मानिसजस्तै आफू पनि त्यही अवस्थाबाट गुज्रिरहेको ठान्ने नायकले अर्थहीन क्रियाकलापमा पनि गहन अर्थ लुकेको हुन्छ भनेको छ । पन्ध्र वर्षसम्मको अर्थहीन निर्वासनमा शून्य हात लागेकाले विसङ्गतपूर्ण भए पनि द्यौरालीमा रहेको आफ्नो समाज र परिवारसँगै रहने उद्देश्यले नायकले नदीको बगरबाट द्यौरालीतर्फको दुःसाध्य यात्रा तय गर्नपुग्छ । असह्य अस्तित्वहीनताबोधका कारण निर्वासन स्विकारेको नायक नेपाली प्रकृति र धरातल अनुरूपको देखिन्छ । नायकका दमित आकाङ्क्षाहरू अचेतन मनका माध्यमबाट व्यक्त भएका छन् । चिन्तनशील अध्येता भएको हुँदा नायकले स्थिति र पर्यावरणको पनि अध्ययन गरेको देखिन्छ । अनन्त आकाङ्क्षा र लक्ष्यहरूको प्रतीक द्यौरालीतर्फको नायकको मृत्युपर्यन्तको अनवरत यात्राले उसको कर्मशीलताको पुष्टि गर्दछ । नायकको बौद्धिक धरातल उच्च भएकाले उसले उपन्यासमा सक्रिय, गतिशील र जीवन्त भूमिका निर्वाह गरेको छ । आध्यात्मिक जीवनका विषयसुख वा मृगतृष्णा तथा भौतिकजीवनका उद्देश्य र चाहनालाई उसले प्रस्तुत गरेको छ । समग्रमा उपन्यासको नायक जीवनभोगाइका क्रममा आइपर्ने बाधा व्यवधानबाट हतास नभई निरन्तर आफ्नो उद्देश्यतर्फ लम्किरहने कर्मशील चरित्रका रूपमा उपस्थापित छ ।

## ५.६.३ (ख) मीना (मिनू)

६ वटा सन्तानकी आमा रहेकी अठ्चालीस बर्से मीनू नायककी पच्चीस वर्ष पहिलेकी प्रेमिका हो । नायकसँगको साहचर्यले गर्दा मीनूलाई नायिकाको रूपमा पनि लिन सकिन्छ र ऊ सरल, सहृदयी र निश्छल ग्रामीण नारी हो । आफ्नो लोग्ने चौतारेको मृत्युपछि देबर गुज्जरेलाई पतिका रूपमा स्विकार्न ऊ बाध्य छे । नायकले उसको बाह्यरूपको वर्णन यसरी गरेको छ : "उनी भरिएको गाग्रो बोकेकी पँधेर्नी... रातो छिर्के गुन्यूँ, कनवाने (पटुका) टेकी र घल्याक

---

[१४८] **ऐजन**, पृ. १ ।

(बर्को) लगाएकी... रैयाँ हातमा देखेँ ।"[१४९] मीनूको पहिरनमा छन्त्याल जातिको वेषभूषा झल्कन्छ । ऊ गाउँमा दुःखजिलो गरी जीवन सञ्चालन गर्ने पात्रका रूपमा देखिएकी छे । मीनूका सोचाइ, बुझाइ, बोली र व्यवहार सरल र निष्कपटी छन् । उपन्यासमा उसले प्रेमिका, पत्नी र आमाको भूमिका निर्वाह गरेकी छे । सामान्य तवरले हेर्दा पच्चीस वर्ष पुरानो भए पनि मीनूको प्रेमीप्रति सकारात्मक र हार्दिक प्रेम रहेको देखिन्छ । तर नायकको अन्धो प्रेमका कारण आफूसहित सन्तानहरूको समेत विजोग हुने स्थिति आएपछि मीनूले उसलाई त्यागिदिएकी छे । आफ्नो प्रेमीका विरुद्धमा निर्णय गर्दा गतिशील देखिएकी मीनू सन्तानप्रतिको कर्तव्यबोध भएकी नारी हो । साथै नायकले अर्की पत्नीलाई त्यागेमा अझै पनि आफूले साथ दिन सक्ने बताउने मीनूले नायकको मनमा चोट पुऱ्याउन चहान्न । तर पनि परिस्थितिको वशीभूत भएर मीनू नायकको इच्छाविपरीतको निर्णय गर्न बाध्य छे ।

नेपालीहरूका समस्यालाई केही हदसम्म प्रस्तुत गर्न खोज्ने गुज्जरे अनुकूल-प्रतिकूल चरित्रका रूपमा आएको छ । त्यसै गरी कान्छी आमाको चरित्रमा मातसुलभ वात्सल्यभाव देखिन्छ । मुखियामा अहम् भावना र अरूको लहलहैमा लागेर निर्दोष व्यक्तिमाथि अन्याय गर्ने प्रतिकूल प्रवृत्ति देखिन्छ । त्यस्तै काँल्दाई (पङ्कज) आत्मश्लाघी चरित्रको भूमिकामा, हेडमास्टर सचेतक व्यक्तिको भूमिकामा, एउटा लेखक आफ्ना रचनाको मूल्य नपाएको विवश चरित्रको भूमिकामा, धना आफ्नी बहिनीको भलो चिताउने दिदीको भूमिकामा र मीनूको बाबु धना र मीनूको संरक्षकको रूपमा उपस्थापित छन् ।

उपन्यासमा नायकबाहेक अन्य चरित्रहरूको चारित्रिक विकास पूर्णरूपमा हुन सकेको छैन । नायकका अतिरिक्त मीनूको पनि केही हदसम्म चारित्रिक विकास भएको देखिए पनि अन्य पात्रहरूले स्वकीय चारित्रिक वैशिष्ट्य प्राप्त गरेका छैनन् । नायिकाका उद्दश्य प्राप्तिमा उनीहरूले धेरथोर सहयोग पुऱ्याएका छन् । उपन्यासमा उनीहरूको स्थिति प्रतिनिधि भन्दा वैयक्तिक पात्रका रूपमा रहेको देखिन्छ । नायकीय मनोजगत्का विविध पक्षहरूको भने उपन्यासकारले साङ्गोपाङ्ग अध्ययन गरेका छन् । चरित्रविन्यासका दृष्टिले **चौराली** उपन्यासलाई विषयवस्तु अनुकूल मान्न सकिन्छ ।

## ५.६.४ परिवेश

**चौराली** उपन्यासको आदि र अन्त्यमा काठमाडौँको इन्द्रचोक सन्दर्भित भने बीच भागमा नेपालको उच्च पहाडी र हिमाली भेगको परिवेश रहेको छ । नदीको बगर, पहाडी बाटो, चौरालीहरू र डाँडापाखा छिचोल्दै एउटा पखेरामा अवस्थित मीनूको गाउँमा पुगेको नायकले त्यस ठाउँको पर्यावरणको जीवन्त चित्रण यसरी गरेको छ : "हामी खुर्सानी बारीबाट अर्को सिँढी उक्लेर आँगनमा पुगी घरको ढोकामा उक्लन थालेका रहेछौँ । त्यसबेला देखेँ घरको पिँढी चित्राले बारेको आँगनको ओल्लो कुनामा कुखुराको खोर, कुखुराका सुलीहरू बाहिर छरिएका ... ढोकाभित्र उनी पसिन् ...धिपधिपे बत्तीको उज्यालो, तीनचारओटा केटाकेटीहरू झगडा गरेको, रोएको सुनेँ ...म पिँढीमै उभिएको छु ।"[१५०] यस प्रकार उपन्यासमा ग्रामीण पर्यावरण जीवन्त बनेको देखिन्छ । "सुवेदीले यो उपन्यास अमेरिका बसेर लेखेको भए पनि यसमा नेपालका डाँडाकाँडा, पाखापखेरा, चौरालीहरू लटरम्म छन् र हिमाली भेकको बगरबाट यसको मूल

---

[१४९] **ऐजन**, पृ. २३ ।

[१५०] **ऐजन**, पृ. २५ ।

फुट्छ ।...ती नेपाली बस्ती र च्यौरालीहरूले समग्रमा सार्वभौम मान्यता पाएका छन् ।"[१५१] उपन्यासमा घटना घट्ने स्थानका बारेमा ठ्याक्कै नबताइएको भए पनि यसमा म्याग्दी जिल्लाको उत्तरी भेग हुँदै ढोरपाटनसम्मका स्थानहरूको आभास पाउन सकिन्छ । यसको परिवेशभित्र छन्त्याल जातिहरूको बस्ती र तिनका संस्कृति तथा रीतिरिवाजसँग मिल्नसक्ने वातावरण आएको देखिन्छ तर औपन्यासिक मर्म खोतल्दा भने कालातीत सार्वभौम पर्यावरणको समायोजन रहेको देखिन्छ । उपन्यासमा वस्तु, चरित्र र घटनाअनुरूपको प्राकृतिक र स्वच्छ परिवेश आएको छ । प्रकृतिचित्रणका दृष्टिले सुवेदीका अन्य उपन्यासहरूका तुलनामा यो अधिक सफल देखिन्छ । उपन्यास पढ्दा नै पाठकले पहाडी शीतल हावा र मनोरम प्राकृतिक परिवेशको अनुभूति गर्न सक्छ । प्रकृतिलाई कतै आत्मपरक रूपमा र कतै वस्तुपरक रूपमा चित्रण गरिएको छ । उकालोमा हिँड्दै गर्दा थाकेको नायकले प्रकृतिको मानवीकरण गर्दै भन्छ : "यी उत्पीडन दिइरहेका उकालो प्रहरी हुन् । ऊ त्यो च्यौराली थोरै देखिएको मात्र नेता हो । त्यसभन्दा सुदूर दबिएर बसेको देखिन्न, तर छ पक्कै त्यो दार्शनिक हो ।"[१५२] यसै गरी उपन्यासमा समाजिक, रीतिस्थिति, चालचलन तथा संस्कार संस्कृतिका कुरा पनि आएका छन् । ढिकी, जाँतो चलाउने, गोठ कुरेर बस्ने, दैनिकजसो राति रोधी बस्ने, घाँसदाउरा जानेजस्ता घटनाहरू ग्रामीण परिवेशका रूपमा आएका छन् । यसरी नै दाजुको मृत्युपछि भाउजुलाई भाइले स्याहार्ने तथा पाहुनाप्रतिको निश्छल दृष्टिकोण र सम्मानपूर्ण व्यवहार पनि यसमा उपन्यस्त छन् । तत्कालीन नेपाली समाजमा ग्रामीणस्तरका झैझगडा मिलाउन तथा दण्ड जरिवाना गर्ने र भूमि व्यवस्थासम्बन्धी कार्य गर्ने मुखिया जिम्मावाल र चौतारेजस्ता पदमा रहेका व्यक्तिहरूको प्रवृत्ति पनि उपन्यासमा देखिएको छ । यसबाहेक राजनैतिक परिवेशलाई पनि यसले समेटेको  छ । दुई ध्रुवमा विभाजित विश्व समुदाय र आफ्नो पक्षलाई सफल तुल्याउने धुनमा डरलाग्दो गरी बढ्दै गैरहेको गुटबन्दी र राजनीतिक खिँचातानीलाई पनि यसले समेटेको छ । वास्तवमा उपन्यासले तत्कालीन राजनीतिक परिवेशलाई साङ्केतिक रूपमा उल्लेख गरेको पाइन्छ । यसको नायकले आभिजात्य संस्कृतिको विरोध गर्छ भने अशिक्षित गाउँमा पुग्दा त्यहीँ विद्यालय खोलेर शिक्षा पनि दिएको छ । प्रस्तुत उपन्यासको वातावरण अन्त्यतिर दु:खद् स्थितिमा रहे पनि अन्यत्र वस्तुअनुरूप अनुकूल र जीवन्त छ ।

## ५.६.५ भाषाशैली

पूर्ववर्ती उपन्यासहरूका तुलनामा **च्यौराली**को भाषा परिष्कृत र परिमार्जित छ । पर्वते भाषिका र छन्त्याल जातिको गाउँबस्तीको बोलीचालीको भाषालाई दुरुस्तै राख्न खोज्दा यसमा केही व्याकरणिक कमीकमीजोरीहरू देखिन्छन् । विषवयवस्तु, चरित्र र परिवेश सुहाँउदो भाषामा स्थानीयता झल्काउने शब्दहरू पनि प्रयोग गरिएका छन् । हर्दुब्लो (ओढने), कनवाने (पटुका), दम्को, आटी, तिहुन, आँसी, कक्कड, पिँढी, हुद्दा, स्याङ, झाँप्रे, भालै र छोपजस्ता शब्दप्रयोगका साथै उखानटुक्का र गीतको प्रयोगले उपन्यास सजीव बनेको छ । भाषामा काव्यात्मकता पाइन्छ भने अपेक्षाकृत सरस पनि छ । संस्कृतका सूक्तिहरू "क्षणे क्षणे यन्नवतामुपैति"[१५३]

[१५१] अच्युत श्रेष्ठ, प्रकाशकीय, **च्यौराली**, (अमेरिका : अनेसास, २०५१), पृ. ख ।

[१५२] **च्यौराली**, पूर्ववत्, पृ

[१५३] **ऐजन**, पृ. ९८

"सत्यमेव जयते"[१५४] र विपर्यास सूक्ति "असत्य हिंसा परमोधर्म"[१५५] को प्रयोगका साथै अङ्ग्रेजीका शब्दहरू पूर्ववर्ती उपन्यासका तुलनामा निकै कम प्रयोग गरिएको छ । समग्रमा हेर्दा वस्तुअनुरूपको लेखकीय चिन्तनलाई व्यञ्जित गर्न सक्ने भाषाको प्रयोग उपन्यासमा भएको छ ।

## ५.६.६ द्वन्द्व

द्वन्द्वका दृष्टिकोणले **च्यौराली** त्यति सबल छैन । सामान्यतः समाजमा विद्यमान वैमनस्य र घातप्रतिघातबाट आजित भएर निर्वासन स्विकारेको नायक (म) एकान्तवासको पनि कुनै अर्थ नदेखेपछि पुनः आफ्नो परिवार र समाजतर्फ फर्कन उद्यत छ । उसले इच्छाएको समाज औसतभन्दा सौम्य र सुन्दर लाग्दछ । शक्तिप्रदर्शन गर्दै आफ्नो च्यौराली निर्माणमा तल्लीन समाजवादी तथा पुँजीवादी राष्ट्रहरूले अझैसम्म त्यो उद्देश्य प्राप्त गरेका छैनन् भनेर दुई खेमामा विभाजित शक्ति राष्ट्रहरूमा घोषित अघोषित रूपमा विद्यमान द्वन्द्वको स्थितिलाई उपन्यासमा औँल्याइएको छ। आफ्नो समाजतर्फ फर्किन उद्यत नायकले पच्चीस वर्ष पहिलेकी प्रेमिकासँग संयोगवश भेट हुँदा त्यसैसँगको उठबसमा भुलेर साध्यप्राप्तिको आफ्नो गन्तव्यलाई भुलेको छ । गाउँबस्तीमा रहेकी तथा पति सन्तानयुक्त मीनूसँगको नायकको प्रेम व्यवहारका कारण गाउँलेहरू र गुज्जरेले समेत नायकलाई गाउँ छाड्न दबाब दिन्छन् । त्यसरी नै मीनूले पनि उसलाई त्यस गाउँमा नबस्न सल्लाह दिन्छे । मीनूसँगको आफ्नो सम्बन्धका बारेमा गाउँभरि नै हल्ला फैलिएकोले त्यहाँ बस्नु आफ्नो निम्ति खतरापूर्ण रहेको थाहा पाएपछि भने नायक आफ्नो गन्तव्यतर्फ अघि बढेको छ । यसरी हेर्दा उपन्यासमा सम्भावित द्वन्द्वको स्थिति टरेर गएको छ भने नायकका मनभित्रको बेचैनी, उसको लक्ष्य, साध्य भुलेर साधनमै हराउँदाको पछुतो तथा गन्तव्यसम्म पुग्न असफल भएको कटु यथार्थबोधजस्ता कारणहरूले नायकलाई दुश्चिन्तामा फँसाएका छन् ।

## ५.६.७ विचार

**च्यौराली** उपन्यासको प्रमुख प्राप्ति यसको वैचारिक चिन्तन वा जीवनदर्शन हो । मानवीय जीवनमा देखिने असीमित चाहना र आकाङ्क्षाहरूको प्रस्तुति गर्नु उपन्यासलेखनको प्रमुख उद्देश्य रहेको छ । पहाडी फेदीमा बग्ने नदी अनि उकालो तथा पत्थरिलो बाटो, वनभोज क्षेत्र, जङ्गलका गाईगोठ, सिमसिम पानीमा भिजेका भेडाहरू, घना जङ्गल, झुम्मिएका धूपीका बोटहरू हुँदै उकालो बाटो छिचोलेर डाँडामा निक्लँदा एउटा सानो चुत्राको गाँजमा धजा बाँधेको र फूलपाती चढाइएको भौतिक अस्तित्वले च्यौरालीको देखिने स्वरूप चिनाउँछ तर उपन्यासकारद्वारा परिकल्पित च्यौराली यस्तो छ " मेरो च्यौराली जहाँ मेरो घर होस्, छरछिमेक हुन्, म हुँ, मेरा अरूहरू होऊन्, जसको साथ सर्वदा मैले ईर्ष्या, प्रेम, घृणा र भयको अन्तक्रिया प्राप्त गरेको छु । च्यौरालीको सानो गाउँ जहाँ मेरा जीवैषणाका शिशु सूर्य अवस्थित छन् मेरो लागि वैकुण्ठ त्यही हो शायद च्यौराली पनि ।[१५६] "यो कृति प्रेम, आकाङ्क्षा र द्वन्द्वको त्रिवेणी हो या जिजीविषा र वितृष्णा, यौन र आचरण, आदर्श र यथार्थ, अभीप्सा र उपलब्धिजस्ता मूर्तअमूर्त द्वैत स्थितिको जीवन्त चित्रण हो छुट्याउन कठिन देखिन्छ ।"[१५७] उपन्यासकारले

---

[१५४] **ऐजन**, पृ. ७२ ।

[१५५] **ऐजन**, पृ. ३/४ ।

[१५६] **ऐजन**, पृ. ८७ ।

[१५७] शिवप्रसाद सत्याल, 'पीठ', **पूर्ववत्**, पृ.२२ ।

घ्यौराली चढ्नु भनेको जीवनका लागि अनवरत सङ्घर्ष गर्नु हो भन्दै घ्यौरालीतर्फको यात्रामा थकाइले चुरचुर भए पनि पहाडमाथि अधिकार जमाउन प्रयत्नशील रहनुपर्छ भनेका छन् । मानिसले पूर्णताको आकाङ्क्षा राखे पनि अपूर्णतामा धैर्य लिन सक्नुपर्ने, दमनका विरुद्ध स्वयम्को आत्मघातको कुनै अर्थ नरहने, पहाडी टाकुरा र समुद्रको कि वा लेक र बेँसीको बीचमा घ्यौराली रहने र यसको अस्तित्व कालजयी हुने, मानिस प्रवृत्तिमार्गमा पूर्णतः लक्ष्यबद्ध हुन तथा निवृत्तिमार्गमा पूर्णतः निःस्पृह हुन पनि नसक्ने, प्रत्येक मान्छे एउटा घ्यौरालीको प्रतिरूप हुन सक्ने जस्ता दृष्टिकोण उपन्यासमा सन्दर्भसहित आएका छन् । मानवीय जीवनभित्र अनेक उद्देश्य र आकाङ्क्षा हुन्छन् तर ती सबै पूरा हुन सक्दैनन् भन्दै उपन्यासकार भन्छन् : "उकालो छ, उक्लेर पनि अर्को उकालो उम्रन्छ। फेरी उकालो लाग -कठिनाइ, आपत्, मुश्किल त छ तर आफैँले राजेको मुश्किल हो ... ।"[१५८] जसरी नायकका यात्रामा एकपछि अर्को घ्यौराली आएका छन् त्यसरी मानवीय आकाङ्क्षा पूरा हुनासाथ पुनः अर्को समस्या खडा हुन सक्छ भन्दै यसलाई उपन्यासकारले राजनीतिक सन्दर्भसँग जोडेका छन् । उनी भन्छन् : "पुँजीवादी महाशक्ति राष्ट्र र साम्यवादी महाशक्ति राष्ट्रहरूले त कुनै घ्यौराली स्थापना गर्न सकेका छैनन्...भत्काउन जति सजिलो छ त्यति बनाउन भैदिएको भए त आज दुनियाँमा यो सङ्कट नै किन रहन्थ्यो र ! यो ठूलाबडाको प्रश्न होइन न त सम्प्रभुताको ! केवल एक जनसाधारणको दैनिक जीवनको आस्थाहीनता र आस्थाप्राप्ति बीचको द्वन्द्व हो ।"[१५९] घ्यौरालीतर्फको यात्रामा अनवरत अगाडि बढ्दै जाँदा आफ्नो अन्त्य अवस्थासम्म पनि नायक गन्तव्यमा पुग्न सक्दैन । त्यसपछि घ्यौरालीलाई सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा दार्शनिक सन्दर्भसँगै जोडेर प्रश्न गर्छ : "सफलता घ्यौरालीको, मुक्तिको, निर्वाणको, स्वतन्त्रताको, ऐश्वर्यको अभिजात वर्ग वा सर्वहारा वर्गको, जीवन-मृत्युको, प्रेम, भय र अहम्को, अमेरिका वा रुसको के को हो ?।"

उपन्यासमा गीताको कर्मवाद, आत्मतत्त्वको व्याप्तिदेखि भौतिक जीवनका सङ्घर्षहरूसमेत समेटिएका छन् । यसमा द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट उपन्यासकार प्रभावित छन् । यसबाहेक समाजविज्ञान, दर्शन, राजनीति र संस्कृतिदेखि लिएर अत्याधुनिक वैज्ञानिक सन्दर्भहरू पनि उपन्यासमा भेटिन्छन् । "यसमा जीवनयात्रा र त्यसैमा यौनयात्राका विभिन्न चरणसमेतका सोपानहरू छन् तर उपन्यासको केन्द्रबिन्दु मानव उत्कर्ष हो ।"[१६०] भन्ने कुरा नायकको निम्न कथनबाट थाहा पाउन सकिन्छ : "मेरो दुनियाँमा नर र नारीबाहेक अरू कुनै पनि वर्गको अस्तित्व छैन । जे छ त्यो केवल मान्छे हो ।"[१६१] उपन्यासकारका शान्तिकामी, स्वतन्त्रताप्रेमी तथा समानताकाङ्क्षी स्वरहरू विकीर्ण अवस्थामा रहेको प्रस्तुत उपन्यास वैचारिक रूपमा सशक्त देखापर्छ ।

## ५.६.८ कथोपकथन

प्राग् ऐतिहासिक कालदेखि चिन्दै आएको र आध्यात्मिक दर्शनका अजेय, अनन्त ब्रह्मदेखि भौतिक सीमाका असीमित चाहनालाई सङ्केत गर्छ घ्यौरालीले । जीवनको लक्ष्य, सङ्घर्ष, अन्तहीन यात्राको धुरी, प्रकृति र समाजको प्रभात, सर्वग्रासी सम्प्रुभताको बोधक मात्र

---

[१५८] **घ्यौराली**, पूर्ववत्, ८७ ।

[१५९] **ऐजन**, पृ. १०६ ।

[१६०] तोयनाथ भट्टराई, 'घ्यौरालीलाई पाती' **घ्यौराली**, (अमेरिका : अनेसास, २०५१), पृ. ६ ।

[१६१] **घ्यौराली**, पूर्ववत्, पृ. १०६ ।

होइन लेखक, पाठक, नायक तथा उपन्यास सबै नै द्यौरालीका रूपमा उपन्यस्त छन् **द्यौराली**मा । सभ्य र सामाजिक भनाउँदाहरूको व्यवहारदेखि असन्तुष्ट औपन्यासिक नायक (म) पन्ध्र वर्षसम्म एकान्तवासमा बसेको छ । त्यसरी बस्नुमा उसले आत्मवञ्चनाबाहेक अरू कुनै औचित्य देख्दैन । त्यसैले आफ्नो पुरानै समाज द्यौरालीतर्फ फर्किने क्रममा (पच्चीस वर्ष पहिलेकी आफ्नी प्रेमीका मीनूका) पखेरामा अवस्थित एउटा बस्तीमा पुग्दछ । संयोगवश नायक मीनूकै घरमा बास बस्न पुग्छ । नायक र मीनू दुबैले एकअर्कालाई नचिनेको अवस्थामा गरिएको संवादले ग्रामीण बस्तीहरूमा बस्नेहरूको निश्छल व्यवहार/बोली एवम् परोपकारको भावलाई सङ्केत गरेको छ :

"आफू कहाँ जाने ?।"

"म द्यौराली ।"

"यो रातमा ?"

"कुन्नि ?"

"द्यौराली धेरै टाढा छ ।"

"यहाँ बास पनि त ?"

"बास बस्ने यहीँ ?"

"..."

"सन्ध्याको बेला..."

"कहाँ हामी अझै बास पनि दिन नसक्ने भएका छैनौँ ।"[१६२] उनले बीचैमा भनिन् ।

नायक मीनूको गाउँमा रहँदाका संवादहरू पूर्ववर्ती उपन्यासका तुलनामा लामालामा र छिट्टै सम्प्रेषण हुने किसिमका छन् ।

## ५.७ 'अङ्कुर' उपन्यासको अध्ययन

### ५.७.१ कथावस्तु

आकारका दृष्टिले **रत्ना** (२०४३) पछिको दोस्रो, ठूलो र प्रकाशनका दृष्टिले सातौं भए पनि सुवेदीको उपन्यासलेखनको दोस्रो चरणलाई उचाइ प्रदान गर्ने उपन्यास हो **अङ्कुर** । सुवेदीले यसको लेखन वि. सं. २०४४ मा नै गरेको भए पनि प्रकाशन भने वि. सं. २०५३ मा आएर मात्र भएको छ । आदर्शवाद र भौतिकवादका बीच द्वन्द्व देखाई पछिल्लोप्रति समर्थन देखाउनु प्रस्तुत उपन्यासलेखनको बीच र प्रेरणा देखिन्छ । उपन्यासको विषयवस्तु सामान्यतः सामाजिक भए पनि यसमा युगीन नेपाली सामाजिक विकृति, विसङ्गति र सांस्कृतिक विद्रोहको चित्रण पनि गरिएको छ । परिवर्तनकामी सत्र बर्से किशोरका मनोवैज्ञानिक व्यवहार प्रदर्शन गर्न र उसका सङ्घर्षशील तथा स्वतन्त्रप्रिय चाहनालाई मानववृद्धि र विकासका सन्दर्भमा रेखाङ्कित गर्नु पनि यसको अभीष्ट देखिन्छ ।

**अङ्कुर** उपन्यासको लेखक र नायकसमेत कैलास हो । मत्स्यपुराण वाचन र धान्याचल यज्ञका नौ दिनसम्म उसका मनोलोकमा उत्पन्न सङ्घर्ष र पारिवारिक उतारचढावको केन्द्रीयतामा रहेर उपन्यासमा क्रान्तिदर्शनको बीजारोपण गरेको पाइन्छ । परम्परागत रूपमा यज्ञमा प्राप्त सामग्रीहरू व्यक्तिविशेषमा जाने प्रवृत्तिका विरुद्ध सामाजिक चेतना जगाउनका निम्ति कैलासले पुस्तकालय स्थापन गर्न चाहन्छ । पुस्तकालय स्थापनाको कार्यमा कैलासले

---

[१६२] **ऐजन**, पृ. २३-२४ ।

विजयलगायतका परम्परावादी रूढी विचार राख्नेहरूमाथि विजय प्राप्त गरेकाले यसमा नवीन चेतनाको अङ्कुरण भएको छ । एकातिर मानववृद्धि र विकासका सन्दर्भमा बाल्यकालबाट किशोरावस्थामा पुग्दा किशोरहरूमा आङ्गिक विकासका अङ्कुर देखिएका छन् भने अर्कातिर कैलासले आरम्भ गरेको नवीन दृष्टिकोण "इति नभएर अथ हो ।" यसरी हेर्दा प्रस्तुत उपन्यासले समाजमा नयाँ परम्पराको थालनी गरेको छ भने सुवेदीको उपन्यासलेखनमा समेत यसबाट नयाँ मोड आएको देखिन्छ । वस्तु र विचारअनुसारको शीर्षक चयन गरिएकाले उपन्यासको शीर्षक प्रतीकात्मक देखिन्छ ।

## ५.७.२ कथानक

**अङ्कुर** उपन्यासको कथा नवाहका नौ दिनमा घटित घटनावलीमा आधारित भए पनि यसको कथानक क्षीण नै रहेको पाइन्छ । घटनाहरू तथा नायकका आत्मकथनलाई केलाएर हेरेमा कथानक पहिल्याउन सकिन्छ । कथानक क्षीण हुनाका साथै क्रमोच्छेद अवस्थामा रहेको हुँदा यसलाई ठम्याउन गाह्रो पर्छ । कैलासकी पितामही इन्द्रले नातिले मत्स्यपुराण बाँचेर नसुनाएमा आत्महत्या गर्ने धम्की दिएको सन्दर्भबाट कथानकको सुरुआत भएको छ । आधुनिक शिक्षा पाएको कैलास क्रान्तिकारी विचार बोक्ने सत्र बर्से किशोर हो । पितामहीले दिएको धम्की र उनीप्रतिको आफ्नो अगाध श्रद्धाका कारण कैलास अप्ठेरोमा पर्छ । आफूलाई पौरोहित्य वृत्तिको लागि प्रेरित गरिँदा भागेर काठमाडौँ पुगेको कैलास यसपटक भने पितामहीको धम्कीपूर्ण आग्रहमा मत्स्यपुराण वाचन गर्न तयार हुन्छ तर यसको बदलामा उसले हजुरआमासँग एउटा सम्झौता गर्न चाहेको हुन्छ । जसअनुसार उसले पितामहीको आग्रहलाई पूरा गर्नेछ तर याज्ञिक सम्पदा ब्राह्मणलाई वितरण नगरी पुस्तकालय निर्माणमा लगाउनु पर्ने हुन्छ । कैलासको यो प्रस्तावलाई इन्द्रादेवीले मञ्जुरी दिएपछि उसले पनि पुराणवाचन गर्ने स्वीकृति दिन्छ । त्यसैगरी याज्ञिक सम्पदा ब्राह्मणहरू र छोरीचेलीहरूलाई वितरण गरिनुपर्छ; कैलासले भनेअनुसार गरेमा त्यो परम्परा विरोधी कार्य हुनेछ भन्ने विजय (कैलासको काका) को अनुरोधलाई पनि स्विकारेर इन्द्राले लिखित रूपमै सहीछाप गरिदिन्छिन् । यो कुरा कैलासलाई थाहा हुँदैन । अन्तमा यज्ञको समाप्तिपश्चात् विजयले ब्राह्मण र चेलीबेटीहरूलाई धान्याचलका सामग्रीहरू आफ्नै तजबिजमा वितरण गर्न लागेको कुरा कैलासले थाहा पाउँछ । यसबाट उसलाई आफ्नो उद्देश्य, योजना र पराक्रममाथि नै प्रश्नचिह्न लाग्न थालेको महशुस हुन्छ । त्यसैले ऊ यज्ञस्थलमा पुगेर रिसले आगो हुँदै विजयलाई तत्काल वितरणकार्य रोक्न भन्छ । विजय भने आफ्नी आमाको लिखित सहमति प्राप्त गरेको हुनाले कैलासको आक्रोशपूर्ण धम्कीको पर्वाह नगरिकन ब्राह्मणगण, दिदीबहिनी र भान्जाभान्जीलाई याज्ञिक सम्पदा वितरण गर्नबाट रोकिन्न । त्यसबखत कैलासले आफ्नो उद्देश्य तुहिन लागेको ठानेर पहिलेदेखि नै सङ्गठित गरेका साथीहरू र शुभचिन्तकहरूको सहयोगमा त्यो सम्पदा सरस्वतीको मन्दिर (पुस्तकालय) स्थापनको निमित्त उपयोग गर्न सफल हुन्छ ।

यसरी परम्परागत धर्म र प्रचलनमाथिको नवचिन्तनको विजय भएपछि उपन्यासको कथानक टुङ्गिएको छ ।

## ५.७.३ पात्र/चरित्रविन्यास

चरित्रविन्यासका दृष्टिले हेर्दा **अङ्कुर**मा पूर्ववर्ती उपन्यासका तुलनामा धेरै पात्रहरू उपस्थापित छन् । उपन्यासको प्रमुख पात्रका रूपमा कैलास, जीवन, रूपा, विजय र इन्द्रादेवी

आएका छन् । यसै गरी अन्य पुरुष चरित्रहरूमा माधव, हिमाल, पं. खडानन्द, पं. गजानन, कुसुम, हरि, चक्रबहादुर थापा, नरबहादुर थापा, हरिकृष्ण, पं. गिरीधारीलाल, पं. चूडानाथ, पं. दयाराम, धनबहादुर भण्डारी, मधु, रणबहादुर राई, भीम आदि रहेका छन् । स्त्री चरित्रहरूमा चिनू, धना, मना, रुक्मिणी त्यसै गरी कल्पित नायिका बबी, युवतीहरू आदि रहेका छन् । प्रमुख पात्रहरूमध्ये कैलास एक पक्षमा र विजय, रूपा, श्रीराम आदि अर्को पक्षमा रहेका छन् । त्यसै गरी इन्द्रादेवी पक्ष-विपक्ष-पक्षमै देखिएकी छिन् भने जीवन चाहिँ परम्परागत मूल्य मान्यता र रिवाजको पक्षपोषण भएको कारण विपक्षमा र पुत्रस्नेहका कारण पक्षमा देखिए पनि यथार्थमा यिनी तटस्थ नै देखिन्छन् । यी पात्रहरूले उपन्यासमा आदर्श र यथार्थको प्रतिनिधित्व गरेको पाइन्छ । अन्य उपन्यासहरूमा भन्दा यसमा पात्रका चारित्रिक विशेषता, उचाइ, तौल, रूप, आकारप्रकारको पनि उल्लेख गरिएको छ । उपन्यासमा पात्रहरूको निजी विशेषताका साथै प्रतिनिधि विशेषताहरूको पनि प्रस्तुति रहेको छ । युगीन चाप-प्रतिचापबाट प्रभावित देखिने अङ्कुरका प्रमुख चरित्रहरूको चारित्रिक उद्घाटन वाञ्छनीय लागेकाले तिनका चारित्रिक वैशिष्ट्य निम्नानुसार उल्लेख गरिएको छ :

### ५.७.३ (क) कैलास

सत्र बर्से कैलास जीवन र रूपाको एकमात्र छोरा हो । उसलाई सत्र वर्षको किशोर हुनामा गौरव छ । उपन्यासमा निर्वाह गरेको भूमिकाका आधारमा उसलाई नायकका रूपमा लिन सकिन्छ । पितृरतिग्रन्थि बढी भएकाले ऊ पिताप्रति बढी आकर्षित देखिन्छ । कैलासको सामाजिक र वैयक्तिक गरी दुईवटा व्यक्तित्व देखिएका छन् । उसको आन्तरिक तथा बाह्य चरित्रचित्रणका लागि कतै उपन्यासकार उपस्थित भएका छन् भने कतै स्वयम् कैलासले आत्मचरित्र प्रकाशन गरेको छ । आफ्नो बाह्य रूपको वर्णन कैलास स्वयम् गर्दछ "मोजा लगाएँ काला बाटाका जुत्ता लगाएँ । करिब ४'७' अग्लो १३० पाउन्डको शरीर लाग्छ । म यो सत्र वर्षको उमेरमा यति हृष्टपुष्ट छु ... ।"[१६३] कैलासले परम्परागत मूल्य र मान्यतामा परिवर्तन ल्याइ स्वस्थ र प्राज्ञिक समाजको निर्माण गर्न चाहन्छ । त्यसैले पुस्तकालय स्थापनाका लागि सङ्घर्ष गरेको छ । त्यसै गरी कैलास महत्त्वाकाङ्क्षी र स्वतन्त्रकामी किशोरका रूपमा देखिएको छ । उसले सामाजिक यथास्थितिमा नरही परिवर्तनको चाहना राखेर दमनको निषेध र विकल्पको वरणका लागि सङ्घर्ष गर्न पुगेको छ । ऊ भन्छ : "यो सामाजिक मूल्य र मान्यताको आधारमा हुने इज्जत मेरा लागि दुई कौडीको पनि लाग्दैन ।"[१६४] कैलासले धर्मको आडमा व्याप्त पाखण्डको विरोध गर्दछ । आफ्नो इच्छा विपरीतको कार्य भए पनि यज्ञको आचार्य अर्थात् मत्स्यपुराणको मूल वक्ता कैलास भएको छ । ऊ मनमनै सोच्छ : "म यो यज्ञको सदस्य हैन, बरू बैरी हुँ । केवल छापामार युद्धको एक प्रयोग मात्र ।"[१६५] शोषणलाई प्रश्रय दिने कथित सामाजिक संस्कारका विरुद्ध उग्र विद्रोही स्वर ओकल्ने कैलासले आफूलाई सर्वश्रेष्ठ ठानेको छ। ।

---

[१६३] होमनाथ सुवेदी, **अङ्कुर**, (अमेरिका : अनेसास, २०५३), पृ. १७ ।

[१६४] **ऐजन**, पृ. २७ ।

[१६५] **ऐजन**, पृ. ३० ।

पुराणवाचनको कार्यलाई प्रतिक्रियावादी साहित्य, संस्कृति र कलाको प्रचारको माध्यमको रूपमा लिने कैलास सत्य, चिरायु, जय, विजय सबै मै हुँ भन्छ । मानिसमा उमेरले मात्र परिपक्वता आउने नभई प्रतिभा हुनेहरू सानै उमेरमा पनि विलक्षण हुन सक्छन् भन्दै कैलासले आफ्ना क्रियाकलापलाई सत्र बर्से किशोरको तुजुकका रूपमा नलिन बारम्बार आग्रह गर्छ । आफू नै आफ्नो नियन्ता र हर्ताकर्ता हुँ भन्ने कैलासलाई मनोवैज्ञानिक कोणबाट हेर्दा उसमा पितृरति ग्रन्थि बढी उसले आमालाई भन्दा बढी प्रेम बाबुलाई गर्दछ । कैलासमा मातृरति ग्रन्थि भएको भए पनि विकर्षित छ । कैलाश पाश्चात्य सभ्यता र संस्कृतिबाट प्रभावित र गतिशील चरित्र हो । आफूलाई सर्वहारावर्गको पक्षमा उभ्याउन चाहने कैलास भन्छ : "मभन्दा त हजारौं गुना त्यो काले नोकर पवित्र, सेव्य र नमनीय छ ।"[१६६] आफ्नो लक्ष्यप्रति प्रतिबद्ध कैलासले साध्य प्राप्तिका उपयुक्त योग्य साधनको प्रयोग गर्नमा चतुर छ र साहसी पनि छ । कतिपय सन्दर्भमा उसको भनाई र कार्यव्यापारमा अहम्‌को व्याप्ति पाइन्छ । कैलासलाई नितान्त वैयक्तिक र विशुद्ध सामाजिक गरी दुई प्रकारले प्रस्तुत गरिएकाले उसको चारित्रिक कमजोरीहरू विरोधाभासका रूपमा देखापरेका छन् ।

## ५.७.३ (ख) जीवन

उपन्यासमा कैलासको पिताका रूपमा देखिने जीवन परम्परित समाजको नेतृत्व पङ्क्तिमा रहेका प्रमुख पुरुषपात्र हुन् । ईश्वरीय सत्तापरक आदर्शको पक्षमा रहेका जीवनले न पत्नीको इच्छालाई ध्यान दिन्छन् न त छोरालाई नै साथ दिन सक्छन् । वास्तवमा उनको व्यक्तित्व द्विविधाग्रस्त देखिन्छ । यसकारण उनी यथास्थितिभन्दा माथि उठ्न सकेका छैनन् । उनी निरीह, आध्यात्मिक, स्थिर र अनुकूल-प्रतिकूल चरित्र देखिन्छन् । जीवनको पुत्रवात्सल्यका कारण उसको अनीश्वरवादी धारणा जसलाई परम्परागत मान्यताअनुसार नास्तिकतावादी भन्न सकिन्छ; लाई साथ दिन चाहन्छन् भने संस्कारका रूपमा आर्जित अन्धपरम्परालाई भरथेग गर्न पनि चाहन्छन् । यिनै मनोव्यावहारिक द्वन्द्वले गर्दा जीवनको चरित्र कहिले अनुकूल त कहिले प्रतिकूल देखिन्छ । गाउँलेहरू सबैका आदरणीय र सम्माननीय व्यक्तित्व भएर पनि आफ्नी पत्नी तथा भाइ र छोरालाई समेत नियन्त्रणमा राख्न नसक्ने कमजोर पात्रका रूपमा जीवन उपस्थापित छन् ।

## ५.७.३ (ग) विजय

प्रस्तुत उपन्यासको प्रमुख प्रतिकूल पुरुष चरित्र हो विजय । उपन्यासमा उसले शोषक र सामन्ती संस्कारको प्रतिनिधित्व गरेको छ । बाहिर हेर्दा जट्टाधारी ब्रह्मचारी अनि सदाचारी जस्तो देखिए पनि उसको भित्री मन कलुषित भावनाग्रस्त देखिन्छ । आफ्नी पूज्या भाउजूप्रति कुदृष्टि राख्ने र आफ्नो अनुकूल मात्र सोच्ने अवसरवादी चरित्र विजयमा पाइन्छ । उसमा सामन्ती सोचाइ हावी भएकाले छल, बल वा घमण्डले नै भए पनि कैलासलाई आफूभन्दा तल देखाउन खोज्छ । कुनै पनि हालतमा कैलासको उद्देश्य पूरा हुन नदिन सकेसम्म उसले प्रयास पनि गरेको छ । मत्स्यपुराणवाचन तथा धान्याचलका नौ दिनभरि नै उसले कैलासलाई विभिन्न

---

[१६६] **ऐजन**, पृ. २८ ।

बहानामा तथानाम गालीगलौज गर्छ । त्यसरी नै कैलासको उद्देश्यविपरीत याज्ञिक ऐश्वर्य छोरी-चेली र ब्राह्मणहरूलाई दिनू भन्ने इन्द्राको सहीछाप सहितको मञ्जुरीपत्र पनि हात पार्छ । यसरी उपन्यासमा विजय नै द्वन्द्वको प्रमुख कारकतत्त्वका रूपमा देखिन्छ । परम्पराको नाममा ढाँगी चरित्र प्रदर्शन गरेर र समाजमा चेतनाविरोधी कार्य गरेकोले उसले विकासात्मक कार्यहरूको सधैँ विरोध गरिरहेको देखिन्छ ।

## ५.७.३ (घ) रूपा

नायक कैलासकी आमाकी रूपमा उपस्थापित पैँतीस बर्से रूपा आमा, पत्नी र गृहिणीको भूमिका निर्वाह गर्ने नसक्ने प्रतिकूल चरित्रका रूपमा देखिएकी छिन् । रूपाले छोरालाई स्नेह र ममता अनि लोग्नेलाई प्रेम र सद्भाव दिनाको बदला देवर विजयसँग आन्तरिक रूपमा संलग्न देखिन्छिन् । उनले कैलासलाई माया गर्न खोजेकी भए पनि ऊ उपेक्षित हुनु परेको छ । त्यसरी नै श्रीमान्ले पनि आफूलाई भन्दा बढी प्रेम छोरालाई दिएकोमा निराश भएकी रूपमा आत्पपीडक प्रवृत्ति देखिएको छ । कैलासकी वाल्यावस्थामा यथोचित मातृवात्सल्य प्रदान गर्न नसक्दा पछि गएर रूपाले पुत्रस्नेहबाट वञ्चित हुनुपरेको देखिन्छ । आफ्ना कुराहरूप्रति लोग्ने छोराले वास्ता नगर्दा र देवरसँग गोप्य सम्बन्ध हुने गरेको कुरा समाजमा फैलिएपछि रूपाको मानसिक तहमा उथलपुथल मच्चिएको छ । आफ्नो घरायसी कुरालाई गोप्य रूपमा समाधान गर्न नसक्ने मुखाले र कर्कश स्वभावयुक्त रूपालाई समग्रमा असफल आमा, पत्नी तथा गृहिणीका रूपमा उल्लेख गर्न सकिन्छ ।

## ५.७.३ (ङ) इन्द्रादेवी

उपन्यासमा सबैभन्दा वयोवृद्ध चरित्रका रूपमा देखिने इन्द्रादेवीको उमेर सतसठ्ठी वर्षको छ । इन्द्रादेवी कैलासकी पितामही तथा जीवन र विजयकी माता हुन् । उनी आदर्श, मान्या हुनाका साथै नाति कैलासलाई अगाध स्नेह गर्ने नारीचरित्र हुन् । यिनैको सदिच्छाले नै नवाहव्यापी मत्स्यपुराणवाचन तथा धान्याचल यज्ञको आयोजना गरिएको छ । कैलासको विचारमा आफ्नो पक्षमा सहभागी-असहभागी र पुनः सहभागी हुने विवश, परम्परित र अन्धविश्वासी चरित्र इन्द्रादेवीमा रहेको छ ।

उपन्यासमा देखिने अन्य पात्रहरूमा श्रीराम विश्वासघाती मित्रका रूपमा पण्डितवर्ग र शङ्कर परम्पराका पोषकका रूपमा, हरिकृष्ण, हिमाल, हरी, धना, मना, शिक्षक आदि चरित्रहरू नवीन चेतनाका पक्षधरका रूपमा कैलासको पक्षमा देखिन्छन् । यसमा उपस्थापित पात्रहरूमध्ये पुगीसरी हुने कमै छन् भने अभाव र परम्परावृत्तिको भरमा आफू र परिवार धान्नुपर्ने अवस्थाका पात्रहरू पनि छन् । समग्रमा हेर्दा चरित्रविन्यासमा केही त्रुटि फेला नपर्ने होइनन् तर पूर्ववर्ती उपन्यासहरूका तुलनामा सहायक पात्रहरूको पनि आंशिक रूपमा चरित्र उद्घाटन भएको प्रस्तुत उपन्यासको पात्रचयन वस्तुअनुरूप रहेको छ ।

## ५.७.४ परिवेश

**अङ्कुर** उपन्यासको कार्यपीठिकामा पश्चिम नेपालको दुर्गम पहाडी भेगमा अवस्थित ग्रामीण क्षेत्रलाई लिइएको छ । उपन्यासभित्र सन्दर्भित हुने ठाउँहरूमा नर्मदा नदीको पश्चिमतर्फ अवस्थित पैयुँपाटा, रानीवन, डाँडापाखाहरू, खोलानाला, च्यौराली, पानीपँधेरो आदि आएका छन् । घटनाको प्रमुख केन्द्र पैयुँपाटा गाउँमा रहेको (ठूलो) घर हो । यसबाहेक मुस्ताङ जाने बाटो, आँगन, डहरो, चौर आदि स्थानहरू उपन्यासभित्र उल्लेखित छन् । सामयिक दृष्टिले

हेर्दा मत्स्यपुराण वाचन तथा धान्याचल यज्ञको अवधिका नौ दिनहरू उपन्यासमा समाविष्ट छन् । "यसका स्थान, काल र पात्रहरू मानवविकासको क्रममा किशोरावस्थाको मनोवृत्तिको अध्ययनले गर्दा सार्वजनिक र कालजयी छन् ।"[१६७] समाजविकासको लागि नायक कैलासले परम्पराविरोधी तथा अनीश्वरवादी धारणा अङ्गीकार गरेको छ । अन्धविश्वास र धार्मिकताको आडमा दिन परदिन खिइँदै गैरहेको सामाजिक तथा सांस्कृतिक अवस्थालाई परिवर्तन गरी अग्रगति प्रदान गर्ने उद्देश्य उपन्यासले लिएको देखिन्छ । अन्धविश्वास र रूढिग्रस्त सांस्कृतिक मान्यतामा अडेको भए पनि परिवर्तनको निम्ति छट्पटाएको नेपाली समाजको कथा, उपन्यासमा परिवेश बनेर आएको छ । प्रकृतिको वस्तुगत र आत्मपरक चित्रणका साथै त्यसको मानवीकरण पनि गरिएको छ । उपन्यासकारले वातावरणीय संयोजन गर्ने क्रममा कोरा वातावरणको मात्र चित्रण नगरी मानसिक वातावरणलाई समेत समेटेका छन् । जस्तै : "केराको घारी, टिमिलाको बोट, दूरबाट भाग्दै आएका बाँसका टटेलाहरू, मात्तिएर चलेको हावा... बिग्रिएको मन...उसलाई उराठ लाग्यो ।"[१६८] उपन्यासमा आन्तरिक कलह, सामाजिक शोषण, शीतयुद्ध, सशस्त्रीकरण, गुटबन्दी, अन्तर्घात तथा जनयुद्धका प्रसङ्गहरू पनि सन्दर्भित भएका छन् जसले युगीन देशीय तथा विश्व परिवेशलाई पनि समेटेको देखिन्छ ।

### ५.७.५ भाषाशैली

**अङ्कुर** उपन्यासमा आइपुग्दा सुवेदीको औपन्यासिक लेखनको भाषा प्रौढ र परिष्कृत देखापर्छ । छोरा, सरल र खिरिला वाक्यहरूमा अनुभूतिको प्रक्षेपण गरिएको छ । क्रिया र कर्ताविहीन वाक्यको प्रयोगका साथै जटिल वाक्यहरूको पनि प्रयोग गरिएको छ । उपन्यासमा सरल वाक्यदेखि लिएर आठ पङ्क्ति सम्मको लामो वाक्य पनि प्रयुक्त छ ।[१६९] संस्कृतनिष्ठ कोमल पदावली, रोमनलिपिका केही वाक्य, शब्द र पदावलीको पनि प्रयोग गरिएको छ । 'भाँड', 'पाजी', 'गधा', 'चौंच', 'उल्लू'जस्ता गालीगलौजका शब्दका साथै संस्कृत सूक्तिको प्रयोग गर्ने प्रवृत्ति यहाँ पनि देखिन्छ । **कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति, प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्र वदाचरेत्, स्त्रिया चरित्रम् पुरुषस्य भाग्यम् , दैवो नजानाति कुतो मनुष्यः, द्रव्येषु सर्वे वशाः, सर्व धर्मान् परित्यज्य मामेकं शरणं ब्रज** आदि । यसका साथै कतिपय नेपाली नैतिक आदर्शका कथनहरू पनि छन् पात्र अनुकूलको संवादको प्रयोगका साथै भाषा आलङ्कारिक पनि छ । दुर्वासा, द्रौपदी, दुर्योधन, नारद, कंश, कृष्ण आदि पौराणिक बिम्ब, मार्क्स, माओ, जङ्गे आदि ऐतिहासिक बिम्ब (तारा, चन्द्र, सूर्य, खोलानाला आदि) प्रचलित बिम्ब तथा यौन प्रतीकहरूको राम्रो संयोजनले भाषा बढी आस्वाद्य बनेको छ ।

### ५.७.६ द्वन्द्व

द्वन्द्वका दृष्टिबाट हेर्दा **अङकुर** सबल देखिन्छ । यसमा सत्र बर्से किशोरले शताब्दियौंदेखि जरा गाडेर बसेको धार्मिक तथा सांस्कृतिक मान्यताविरुद्ध विद्रोह गरेको छ । सत्रबर्से किशोरले स्थापित मान्यताका विरूद्ध विद्रोह गर्न खोजेपछि परम्पराका पक्षपतीहरू पनि आफ्नो व्यक्तिगत

---

[१६७] अच्युत श्रेष्ठ, **अङ्कुर**, प्रकाशकीय, पृ. ख ।

[१६८] **अङ्कुर**, **पूर्ववत्**, पृ १८७ ।

[१६९] **ऐजन**, पृ. ५४ ।

स्वार्थपूर्ति र वर्गरक्षाको लागि गोलबन्द भएका छन् । उपन्यसमा यसको नेतृत्व कैलासको काका विजयले गरेको छ । यसकारण **अङ्कुर** उपन्यासमा द्वन्द्वको अवस्था सिर्जना भएको छ । परम्परागत रूढिवादी मान्यता र धर्मको नाममा फैलिएको विकृतिलाई हटाउने लक्ष्य राखेको कैलासलाई इन्द्रादेवीको नातिको मुखबाट मत्स्यपुराण सुन्ने इच्छाले अप्ठेरोमा पारेको छ । आफ्नो इच्छा विपरीतको कार्य भए पनि याज्ञिक सम्पदा सरस्वतीको मन्दिर (पुस्तकालय) निर्माण कार्यमा लगाउने मौखिक आश्वासन पाएपछि कैलास पनि पुराण वाचन गर्नलाई तयार भएको छ । धेरैजसो पण्डितहरूले नपत्याएको उसको अभियानको वजयले त झन् खुलैरै विरोध गरेको छ । कैलासका पिता जीवनले छोराको उन्नति देख्न चाहेको भए पनि उसको अभियानमा साथ दिन सकेका छैनन् । इन्द्रादेवीमा पनि चरम मनोद्वन्द्व उत्पन्न भएको छ जसकारण उनी विरामी समेत परेको देखिन्छ । आफ्नो भित्री मन नातिकै पक्षमा भए पनि बाहिर भने विजयको धम्की र अनुनयको वशीभूत भएर उसलाई लिखित सहमति दिन्छिन् । यस्तो अवस्थामा सम्भावित द्वन्द्वको खतरा बढेर गएको छ । यज्ञका नौ दिनसम्म सानोतिनो कुरामा जीवनको परिवारभित्र तथा कैलास र जीवनका बीचमा पनि झगडा भैरहन्छ । यथार्थमा जसरी भए पनि कैलासलाई तल देखाउने विजयको कुत्सित मनसायले यस्तो हुन गएको छ । सानै उमेरमा पनि आफ्नो दृढ इच्छाशक्ति र साहसका अगाडि बयस्क मान्छेहरू पनि अनुगामी हुँदा कैलासमा आत्मरतिको स्थिति नदेखिएको होइन तर योजना बीचमा भाँडिने हो कि भन्ने दुश्चिन्ताले यज्ञका नौ दिनसम्म उसलाई चिमोटिरहन्छ । उद्देश्यप्राप्तिको निम्ति कैलासले आफू अनुकूलका नवचेतनाका पक्षधरहरू, शिक्षक र भू. पू. सैनिकहरू सम्मिलित एउटा दस्ता निर्माण गरेको छ । आफ्नो इच्छा र योजनाविपरीत यज्ञको अन्तिम दिन गोप्य रूपमा विजयले याज्ञिक सम्पदा बाँड्न लाग्दा क्रोधावेशमा आएको कैलासले त्यो रोक्न आग्रह गर्छ । विजयले आफ्नी आमाको लिखित सहीछाप पाएकोले कसैले केही गर्न नसक्ने भन्दै वितरणकार्य रोक्दैन । त्यसपछि कैलासले पूर्वनिर्धारित योजनाअनुसार नै आफ्ना सहयोगीहरूको सहयोगमा सम्पूर्ण धनराशिमध्ये केही ब्राह्मण, छोरी चेलीहरूलाई र धेरैजसो पुस्तकालय निर्माणमा प्रयोग गर्ने व्यवस्था मिलाउँछ । यस कार्यमा कैलासले साम, दान भेद, दण्ड आदि विविध उपायहरूको अवलम्बन गरेको छ । उपन्यासकारले कैलासको मानसिक ऊहापोह र उसले झेल्नुपरेका बाह्य द्वन्द्वको पनि सफल चित्रण गरेका छन् । यज्ञका नौ दिनसम्म उसले आफ्नो योजनामा कसरी सफल हुन सकिन्छ भन्ने बारेमा अत्यधिक चिन्तन गरेको छ । उपन्यासमा कैलासका काका विजय भतिजसँगको द्वन्द्वमा हारेका छन् भने पण्डित/ब्राह्मणहरू कैलासको दण्ड वा भेदनीतिको शिकार भएका छन् । इन्द्रादेवी संशयग्रस्त भएर निर्णय गर्न नसक्दा मनोद्वन्द्वमा फँसेकी छिन् भने उपन्यासमा रूपादेवीको आत्मपीडन पनि कम कारुणिक छैन । जीवनले कसैलाई पिर्न पनि नसक्ने र कुनै पक्षविशेषमा पनि नलाग्नाले उनलाई कसैले पनि आफ्नो पक्षतर्फको मान्दैनन् । गाउँको ठालु भएर पनि मूल्यको हुन नसक्नु जीवनको लागि पीडादायी व्यथा बनेको छ ।

यसरी **अङ्कुर** उपन्यासलाई द्वन्द्वका दृष्टिले हेर्दा प्रमुख पात्रहरूको जीवनको कुनै न कुनै पक्षलाई द्वन्द्वले समेटेको देखिन्छ । उपन्यासमा आन्तरिक तथा बाह्य दुबैखाले द्वन्द्व उत्तिकै महत्त्वपूर्ण देखिन्छ ।

## ५.७.७ विचार

**अङ्कुर** उपन्यासको मूल उद्देश्य पितृरथि ग्रन्थि (इलेक्ट्रा कम्प्लेक्स) र वयः सन्धिकाल ( एडोलेसेन्स) को चित्रण गर्नु रहेको देखिन्छ । नायक कैलासले पितृवात्सल्य बढी पाएको हुँदा

उसमा पितृरति ग्रन्थि बढी छ । उपन्यासले पितृरित ग्रन्थि बढी भएको बालक असाधारण व्यक्तित्वयुक्त हुन्छ भन्ने कुरा देखाउन खोजेको छ । वयः सन्धिकाल प्रवेश गर्न आँटेको कैलासमा विद्रोही चरित्र र जुझारू स्वभाव रहेको हुँदा उसका क्रियाकलापहरूलाई १७ बर्से किशोरको अल्लारेपन भनेर तर्किन सकिँदैन । आफ्नो लक्ष्यप्राप्तिमा प्रतिबद्ध कैलासका क्रियाकलापहरू उद्देश्यप्रति एकोन्मुख छन् । चरित्रको उद्देश्यप्रतिको एकोन्मुखताका दृष्टिले **अङ्कुर** उपन्यास सफल देखिन्छ ।

मानवीय जीवन क्रमहीन, जटिल र सङ्कुल छ तर पनि असङ्गत जीवनमा सङ्घर्ष गर्दै स्वत्व कायम गर्न सदैव प्रयास गर्नुपर्छ भन्ने विचार उपन्यासले दिन खोजेको छ । सांस्कृतिक क्रान्तिका माध्यमबाट समाजसुधारको लक्ष्य लिएको उपन्यासले सीमित व्यक्तिका हातमा पुग्ने याज्ञिक ऐश्वर्य (धनधान्य) सामाजिक उपयोगमा लगाएर समाजमा व्याप्त अज्ञानताको जालो हटाउनुपर्ने विचार राखेको छ । यसमा १७ बर्से कैलासका मनोवैज्ञानिक व्यवहारको अध्ययन तथा अचेतनका विविध ग्रन्थिहरूको विश्लेषण गरिएको छ । यसका साथै वर्गीय चेतनालाई शारीरिक वृद्धि र विकासका अनुपातमा प्रस्तुत गर्दै आध्यात्मिक ईश्वरीय सत्तापरक जीवन र द्वन्द्वात्मक भौतिकवादी व्याख्यापरक जीवनसम्बन्धी दृष्टिकोणको केन्द्रीय आवर्तमा उपन्यास घुमेको छ । सामाजिक तथा सांस्कृतिक शोषण विरुद्धको सङ्घर्ष गृहस्तरबाटै सम्भव छ तर यसको निम्ति कैलासजस्ता नवयुवकको आवश्यकता पर्दछ भन्ने उपन्यासकारको विचार रहेको छ । कैलासले आफ्नो भाग्य र भविष्यको फैसला गर्ने अधिकार व्यक्ति स्वयम् बाहेक अन्य कसैलाई छैन भन्ने दृष्टिकोण राखेको छ । विश्वसत्य, चिरायु, भविष्य, जय अनि सगरमाथाको चुचुरो पनि मै हुँ भन्दै "एकोऽहम्" को दार्शनिक धरातलमा उभिएर कैलासले भन्छ : "सर्वधर्मान् परित्यज्य मामेकं शरणं ब्रज" । आफ्नो उद्देश्य पूरा गर्न सफल कैलासले आफ्नो यो सङ्घर्ष र त्यसमा प्राप्त सफलता 'इति नभएर अथ हो' भन्दै निरन्तर सङ्घर्ष गर्दै अघि बढ्ने विचार प्रकट गरेको छ । उपन्यासमा समाज, संस्कृति, धर्मदर्शन, मनोविज्ञान, शरीरविज्ञान, मानवविज्ञान आदिको चिन्तन गरिएकाले निष्कर्षमा पुग्न कठिन देखिन्छ । तर पनि समाजसुधारात्मक क्रान्तिदर्शन, भौतिकवादको समर्थन, मानववृत्ति र विकासको अध्ययन तथा मानवोत्कर्षको अध्ययनलाई नै वैचारिक निष्कर्षका रूपमा लिन सकिन्छ ।

## ५.७.८ कथोपकथन

कथोपकथनका दृष्टिले **अङ्कुर** उपन्यास सशक्त देखिन्छ । उपन्यासकारको उपन्यासलेखनमा नयाँ मोड ल्याउन सफल प्रस्तुत उपन्यासको संवाद योजना व्यवस्थित तथा वस्तु, चरित्र र परिवेशअनुकूलको छ । परम्परागत धार्मिक मान्यता र अन्धविश्वासग्रस्त समाजलाई नयाँ दिशानिर्देश गर्ने लक्ष्यका साथ अघि बढेको कैलासमा अदम्य साहस, चातुर्य र प्रचुर तर्कशक्ति रहेको देखिन्छ । चारित्रिक प्रवृत्ति र परिस्थिति अनुकूलको ओजस्वी अभिव्यक्ति प्रयोगमा कैलास निपुण छ । कैलासभित्रको प्रतिभा र उसको साहसलाई नजर अन्दाज गर्दै उसका हरेक क्रियाकलापलाई 'अल्लारे जोस' र 'सत्र बर्से केटाको तुजुक' भनी ठान्नेहरूसँग उसले हरेक विषयमाथि तार्किक बहस गरेर आफ्नो बचाउ गरको छ । कैलासका पिता जीवनले छोराका हित चाहेको भए पनि आमा, भाइ र आफन्तहरूको विरुद्धमा उभिने आँट गरेका छैनन् । आफ्नो लक्ष्यतर्फ एकोन्मुख कैलासलाई धर्म, कूलपरम्परा र सामाजिक अन्धरूढिको आडमा सम्झाउन खोज्ने जीवनको छोरामाथि केही सीप चल्दैन । आफ्नो बाबुको

यथास्थितिवादी र किंकर्तव्यविमूढ अवस्था देख्दा बरू कैलासलाई पिताप्रति सहानुभूति जाग्छ । यसै सन्दर्भमा पितापुत्रको एउटा संवाद खण्डलाई उदाहरणका रूपमा लिन सकिन्छ :

'बाबु ! काका र मामा आफ्ना दायाँबायाँ हात हुन् । यिनको बिना यो यज्ञकार्य पनि सम्भव थिएन ।'

'असम्भव बनाउने पनि के यिनै हैनन्'

'आफ्ना हुन्'

'म तपाईँकै भाषामा भन्छु, के अर्जुनको लागि कौरवहरू बन्धु थिएनन् !'

'त्यो त कहानीको कुरा हो ।'

'हाँ ऐले त आउनु भयो नि स्वयम् किलोमा ! अनि किन ती कहानीलाई अभिजातवर्गले वर्गरक्षाको लागि विकसित गरेको हो भन्दा नाक खुम्च्याउनु हुन्छ !'

'अभिजातवर्ग भनेको के हो ? ।'[१७०]

उपर्युक्त संवाद खण्डमा पुत्रद्वारा पिता परास्त भएको देखिन्छ । कैलासले उपन्यासभित्र चरित्रअनुसारको नरम र गरम दुवैखाले अभिव्यक्ति दिने क्षमता देखाएको छ ।

## ५.८ 'यमपुरीको महल' उपन्यासको अध्ययन

उपन्यासलेखनका पछिल्लो चरणमा देखापरेको होमनाथ सुवेदीको **यमपुरीको महल** (२०६४) प्रकाशनका दृष्टिले उनको आठौँ उपन्यास हो । यसमा अप्रवासी नेपालीहरूले विदेशमा भोग्नु परिरहेको दुःख, कष्ट, भय, एकाकीपन, अनिश्चितता, असफलता तथा स्वदेश र आफन्तसँगको विछोडको पीडाबोध र तिनीहरूको मानसिकतालाई नवीन ढङ्गले प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङटन डी. सी. अमेरिकाद्वारा प्रकाशित यस उपन्यासमा मोहन सिटौलाको प्रकाशकीय मन्तव्यका साथै त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर अङ्ग्रेजी विभागका प्राध्यापक डा. गोविन्दराज भट्टराईको उपन्यासमाथिको गहन तथा सारगर्भित भूमिका रहेको छ । डायस्पोरा (आप्रवास) यससँग सम्बन्धित चेतना र वैशिष्ट्यको विहङ्गावलोकन गर्दै भट्टराईले त्यही डायस्पोरिक (आप्रवासीय) चेतना र मान्यताका आलोकमा उपन्यासको नाडी छामेका छन् ।

### ५.८.१ शीर्षक

उपन्यासकार होमनाथ सुवेदीद्वारा रचित **यमपुरीको महल** उपन्यासको शीर्षक कौतुहलपूर्ण छ । 'यमपुरी' र 'महल' शब्द नौला नभए पनि यी दुबैको संयोजनबाट शीर्षक चयन गरिएकाले शीर्षकमा नवीनता देखिएको छ । आर्थिक वैभव, भौतिक सुखसुविधा तथा सर्वशक्तिसम्पन्न राष्ट्र भएकाले पनि अमेरिकालाई आधुनिक भू-स्वर्ग भन्ने गरिन्छ । यस सन्दर्भमा उपन्यासको शीर्षक सुरलोकको महल वा अन्य कुनै नाम नराखेर **यमपुरीको महल** राख्नुले पनि थप जिज्ञासा पैदा गरेको छ । पूर्वीय धर्मदर्शन अनुसार जीवनमा गरिएका पापकर्मको प्रायश्चित्तको लागि दण्ड भोग्न जाने ठाउँको नाम हो यमपरी अर्थात् नरक । दुःख भोग्नका निम्ति पुगिने ठाउँमा रहेको महलको उपयोगिता केकति हुनसक्छ भन्ने जिज्ञासा शीर्षकले उब्जाएको छ । वास्तवमा शीर्षकलाई अभिधार्थमा नभई व्यङ्ग्यार्थमा बुझ्न सकिन्छ । प्रस्तुत उपन्यास आप्रवासी नेपाली समाज वा व्यक्तिविशेषको वास्तविक जीवनभोगाइको कथा

[१७०] **ऐजन**, पृ. ९९ ।

हो । यसमा प्रमुख चरित्र प्रेमको प्रवासको नारकीय जीवनस्मृतिलाई समेटिएको छ । उपन्यासले अमेरिकालाई यमपुर र प्रेमलाई त्यसैको एउटा एकाइ वा महलका रूपमा पनि अर्थ्याउन खोजेको छ । त्यसै गरी यमपुर भनेको समाज हो जहाँबाट 'अस्'को स्पर्श गर्न सकिन्छ । अरूहरू नरक बनेर हर एकको अस्तित्वलाई प्रमाणित गर्न खोज्दा त्यहाँ कुनै पनि प्रकारको द्वन्द्वले प्रश्रय पाउँछ । यही समाज (नरक) सँग युद्ध गर्दागर्दै व्यक्तिको जिन्दगी नै **यमपुरीको महल** (पूर्ण रूपमा विसङ्गत) बन्नपुग्छ भन्ने शाश्वत चिन्तनलाई यहाँ नयाँ सन्दर्भ जोडेर प्रस्तुत गरिएको छ । यसरी बह्वर्थक र प्रतीकात्मक शीर्षकले उपन्यासलाई कलात्मक बनाएको छ ।

## ५.८.२ विषयवस्तु

प्रस्तुत उपन्यासले परम्परागत उपन्यासलेखनमा आधारित विषयवस्तुको चयन नगरी अत्याधुनिक सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशलाई समेट्न सक्ने विषयवस्तुको चयन गरेको छ । यसमा आप्रवासी नेपालीहरूको सन्त्रस्त जीवन तथा तिनका मनोदशालाई विषयवस्तुका रूपमा समेटिएको छ । विदेशी मुलुकमा दोस्रो दर्जाको नागरिकका रूपमा बस्न बाध्य समुदायको पीडालाई उपन्यासमा प्रस्तुत गरिएको छ । अझ त्यसमा पनि तेस्रो मुलुकको अवैध कामदार जसले सर्वत्र असुरक्षित महसुस गर्दछ; को वस्तुगत तथा मनोयाथार्थिक पक्षलाई उपन्यासले उद्घाटन गरेको छ ।

## ५.८.३ संरचना

संरचनाका दृष्टिकोणले **यमपुरीको महल** नवीन हुनाका साथै यसमा प्रयोगशीलता पनि पाइन्छ । यो उपन्यासमा स्वप्नलाई वाष्पसञ्चेतना पद्धति वा चेतनप्रवाहको रूपमा प्रयोग गरिएको छ । चरित्र र अनुभूतिको घनत्वको लागि अध्याय, अनुच्छेद प्रसङ्गका असङ्गतिहरू सचेततापूर्वक नै अस्पष्ट पारिएका छन् । उपन्यासमा अध्याय वा विषयहरू विभिन्न शीर्षकमा विभाजित छन् । यसरी हेर्दा उपन्यास अठार वटा अध्याय वा शीर्षकमा विभाजित छ । यसमा पाठकको सुविधालाई ध्यानमा राखेर अध्याय नभनिकन त्यसलाई १/२/३ आदि सङ्ख्यामा राखिएको देखिन्छ । उपन्यासमा यथार्थ र स्वप्नका, जाग्रत् र सुषुप्तिका, सचेतन र अवचेतनका तह छुट्याएर प्रस्तुत गरिएका विषयहरू नौला र अर्थपूर्ण छन् । उपन्यासलाई जहीँकहीँबाट पनि आरम्भ र अन्त्य गर्न सकिन्छ । प्रत्येक विषय वा अध्यायहरूले विशेष अर्थवहन गर्ने हुँदा संरचनाविवृति भए पनि यसले उपन्यासलाई हानी पुऱ्याएको छैन । बरू यही नै संरचनागत नवीनताका रूपमा देखिएको छ । यसलाई संरचनाविहीन संरचना भन्न पनि सकिन्छ ।

## ५.८.४ कथानक

प्रस्तुत उपन्यासको कथानक सुवेदीका पूर्ववर्ती अधिकांश उपन्यासहरू जस्तै कार्यकारणयुक्त नभई छिरलिएको अवस्थामा छ । घटना र कार्यको शृङ्खलामा क्रमबद्धता छैन जसले गर्दा यसमा क्रमभङ्गताको स्थिति छ । उपन्यासको कथासार यस प्रकार रहेको छ :

एकपटक अमेरिका पुगिसकेको प्रेम एकजना पाकिस्तानीले प्रायोजन (स्पोन्सर) गर्छु भनेकाले र घरमा विवाह गरेर छाडेकी अप्सरा जस्ती श्रीमती लक्ष्मीप्रियालाई भुल्न नसकेर नेपाल फर्कन्छ । पाँचवटा सन्तान तथा आफ्ना आमाबाबुसहित श्रीमतीको भरणपोषण गर्नुपर्ने

दायित्व भएको प्रेमले अमेरिकाबाट नेपाल फर्किएपछिको एघार वर्षसम्म आफू अनुकूलको काम पाएको छैन भने उसलाई पाकिस्तानीले (स्पोन्सर) गर्दैन । प्रेमले आफ्नो पैसा देखाएर पनि अमेरिकाको भिसा पाउँदैन न त जापान वा अरबको नै पाउँछ । शिक्षित भएर पनि बेरोजगार बस्नुपर्दा; समाजले आवारा, ढाक्रे र हुतिहारा भन्दै धिक्कार्दा र बिना कमाइको घरको बासले प्रेमलाई श्रीमतीको निम्ति समेत आफू जहर भैसकेको पीडाबोध हुन्छ । एक दिन प्रेम आँगनमा पहारिलो घाममा सुतिरहेको बेला उसको हर पाट्टिन्छ । यसरी पाट्टिएको आफ्नो एक हरलाई मनोवादसहित अर्कोतर्फ फर्काउँदै गर्दा उसले स्वप्न देख्न थाल्छ । यही स्वप्नको सेरोफेरोमा उपन्यासको कथानक संरचित छ । जसअनुसार :

पश्चिम नेपालको राखू (म्याग्दी) गाउँको कुलीन परिवारमा जन्मिएको प्रेमले शिक्षा विषयमा स्नातक उत्तीर्ण गरेको हुन्छ । शिक्षण पेसा भएको प्रेम शैक्षिक हड्तालमा सहभागी हुँदा उसकी त्यही जागिर पनि खोसिन्छ । शिक्षित भएर बेराजगार बस्नुपर्दा उसलाई आलस्य र अकर्मण्यताले छोप्न थाल्छ । त्यसरी आलस्य र अकर्मण्यताले छोपिएको प्रेमलाई स्वदेशीभूमिमा बस्दाबस्दै तुच्छताको अनुभव हुँदा ऊ भन्छ : 'म भुस्याहा कुकुर सुस्तरी भुक्नसम्म सक्तिनँ ।' यस्तो पट्यारलाग्दो निकृष्ट जीवनबाट ऊ मुक्ति पाउन चाहन्छ । विवाह गरेको दस वर्षसम्म लक्ष्मीप्रियालाई आर्थिक सहयोग गर्न नसकेको र छोराछोरीहरूको समुचित भरणपोषण गर्न नसक्दा उसलाई भयङ्कर पीडाबोध हुन्छ । यस्तो अवस्थामा रहेको प्रेमलाई गाउँकै ठालु भनिने मदनबहादुर ठकुरीले 'तिम्रो साथी दीपकले काठमाडौँमा घर बनायो; तिमी केही गर्न नसक्ने अगतिलो' भनेर चोट पुऱ्याउँदा रिसाएर उसले मदनबहादुरलाई थप्पड लगाइदिन्छ । प्रेमको मनमा द्वेष, घृणा र पापजस्ता विकार उत्पन्न हुन्छन् । ऊ आफ्नो परिवेशलाई नर्क देख्न थाल्छ । देशभित्रको आफ्नो बेरोजगारपूर्ण अवस्थिति, परिवारप्रतिको दायित्व तथा मदनबहादुरजस्ता नरकहरूले दिएको पीडाबाट आहत भएर आफ्नो परममित्र थमबहादुरको सहयोगमा 'जे वन' भिसा प्राप्त गरेर प्रेम दोस्रोपटक अमेरिका पुग्छ । यसरी बल्लतल्ल दोस्रोपटक अमेरिका पुगेर बाउन्न वर्षसम्म त्यहाँ बसेको भए पनि कुनै उपलब्धि प्राप्त गर्न नसकेको प्रेमलाई अनौठो रोगले गाज्दै लान्छ । मर्ने बेलामा अस्पतालको शय्यामा मृत्युसँग सङ्घर्ष गरिरहेको अवस्थामा प्रेमले आफ्नो दु:खपूर्ण अतीतलाई स्मरण गर्न पुग्छ । (त्यही प्रेमको पूर्वस्मृति नै **यमपुरीको महल** हो ) प्रेमले अमेरिका बसाइका आफ्ना हरेक क्षणहरूलाई प्रकाशको गतिजस्तै छिटोछिटो स्मरण गर्न थाल्छ । नेपाल नफर्किकन अमेरिकामै लुकेर बस्ने उद्देश्यले आफ्ना साथीहरूबाट छेलिनको निम्ति अमेरिकाको भालुको दुलो भनिने लुरेक्याभर्नमा हराएको क्षणलाई उसले स्मरण गर्छ । 'जेवन' भिसामा अमेरिका छिरेको प्रेमको प्रवेशाज्ञाको म्याद नाघेकोले वैधानिक रूपमा उसलाई अमेरिका बस्न असम्भव हुन्छ । त्यसैले ऊ त्यही लुकेर वस्न बाध्य छ । सबवे (भूमिगत मार्ग) मा पनि उसलाई बत्ती गएको बेला मात्र स्वतन्त्रताको अनुभूति हुन्छ । परदेशमा मौलिक हक गुमाएको प्रेम परिचयहीनताको अवस्थामा यताउता गरिरहन्छ । कसैले थप्पड हाने पनि हीन भएर बाँच्नुपर्ने बाध्यतामा लुक्दै हिँडेको प्रेमलाई भारतीय मूलकी हीराले आफ्नो कारमा बसाएर वासिङ्टन डी. सी. को बलस्टिन मेट्रो सेन्टरमा पुऱ्याइदिन्छ । अमेरिकाको भूमिमा हप्तौँ, महिनौँसम्म लुकेर बस्नुपर्दा, भोकभोकै र निरुद्देश्य भई यताउता गरिरहँदा प्रेमलाई स्वदेशको, जहान, छोराछोरीहरूको एवम् आफन्तहरूको सम्झनाले सताउँछ । आफ्नो भिसाको म्याद सकिएकाले प्रहरीको फन्दामा परिएला भन्ने दुश्चिन्ताले पनि उसलाई सताइरहन्छ । भोकले, स्वदेश र आफन्तको सम्झनाले, लुकेर वस्नुपर्दाको त्रासले र आफ्नो बेवारिसे अवस्थाले प्रेम चरम दयनीय अवस्थामा पुगेको छ । केही समयपछि ऊ स्टेसनबाहिर निस्केर बेल्चाधारी कामदारका रूपमा हिउँ सोहोरेर प्राण धान्न सक्ने अवस्थामा पुग्छ । संयोगवश हिराको घरमा

हिउँ सोहोर्न पुगेको प्रेमलाई हीराले दया गरेर आफ्नो घरको भुइँतला (बेसमेन्ट) मा बस्ने व्यवस्था गरिदिन्छे । त्यसपछि प्रेमले आफ्ना जहान, छोराछोरी आफूसँग तर्सेर भागेको सपना देख्न थाल्छ । सानोतिनो काममा लगाइदिएर हीराले आफ्नै घरमा खानेबस्ने व्यवस्था गरिदिएपछि प्रेमले आफ्ना बाल्यकालीन सुखद स्मृति र पत्नीसँग रतिक्रीडामा संलग्न भएको सपना देख्न थाल्छ । यसै क्रममा हीराले उसलाई बिस्तारै माया गर्न थाल्छे भने भरतसँग परिचय गराएर उसको सेभेन एलेभेन स्टोरमा नोकरीका व्यवस्था पनि गरिदिन्छे । भरतबाट घरको बेसमेन्ट (भुइँतला) मा बस्ने अनुमति पाएको प्रेम ग्रीनकार्डको लागि (स्पोन्सर) प्रायोजन गरिदिने उसको आश्वासन पाएर झनै खुसी हुन्छ । भरतबाट सन्तानसुख नमिल्ने हुनाले र उसले आफूलाई बेबास्ता गर्न थालेकाले हीराले प्रेमलाई यौनसुख र सन्तानप्राप्तिको माध्यम बनाउँछे । यसरी हीराको अवैध पति वा प्रेमी बन्न पुगेको प्रेम हीराले 'डमी', 'फुलिस' र 'इडियट' भनेर गाली गर्दा माया नै गरेको ठान्छ । सेभेन-एलेभेन स्टोरको म्यानेजर ईश्वरीले 'डम' भन्दा उसको ईश्वरीसँग त्यही कुटाकुट हुन्छ । त्यस झगडापछि भरतले प्रेमलाई रेस्टुरेन्टमा स्थानान्तरण गरिदिन्छ । आफ्नो लागि रेस्टुरेन्ट प्रतिकूल भए पनि प्रेम त्यही काम गर्न बाध्य हुन्छ । परदेशमा सयौँ ठक्कर खाँदै तिरस्कृत भैरहँदा प्रेमले निराश भएर जहान परिवारलाई सम्झन्छ । प्रेमले आफ्नो अस्तित्व प्रमाणित गर्न चाहेका भए पनि त्यसको अभावमा स्वयम् **यमपुरीको महल** बन्दै जान्छ । समानता र वैचारिक स्वतन्त्रता भएको देश भनिए तापनि प्रेमले अमेरिकालाई यमपुरी ठान्छ । आफूले बर्सौंदेखि महिनैपिच्छे घरमा पैसा पठाउने गरेको भए पनि घरबाट पैसा पाएको वा नपाएको भन्ने एउटा खबर पनि नपाउँदा ऊ दुःखित छ । सानोतिनो कुरामा हीराले आफूलाई हकार्न थाल्नु, आफू केवल पैसाकै निम्ति बाँचिरहेको जस्तो लाग्नु, अमेरिकामा र नेपालमा समेत घर (महल) बनाउन नसक्नु, बर्सौंसम्म स्वाभिमान बेचेर हीरा र भरतको चाकडी गर्दा पनि ग्रीनकार्ड प्राप्त गर्न नसक्नु आदि कुराहरूले प्रेमलाई चिन्तित तुल्याउँछन् । वयोवृद्ध आमाबाबु, पत्नी, लक्ष्मीप्रिया सन्तानको प्रेम र स्वदेशको सम्झनाले सताइरहँदा प्रेम तत्काल नेपाल फर्कन चाहन्छ । उसको उपस्थितिलाई डरलको अपेक्षा परिवारका सम्पूर्ण सदस्यले न्यून ठान्ने हुँदा ऊ त्यसो गर्न पनि सक्दैन । परिवारका सम्पूर्ण सदस्यको आवश्यकता पूरा गर्नुपर्दा आफ्नो कमाइ न्यून हुने हुँदा प्रेमले जतिसुकै हन्डर खानु परे पनि नेपाल नफर्किने प्रण गर्छ । ऊ द्वैध मनस्थितिमा पुगेर छटपटिन थाल्छ । हीरा र आफूबीच यौनसम्बन्ध हुने गरेको कुरा थाहा पाएर भरतले हीरालाई हैरान पार्न थाल्दा ऊ झनै दुःखित हुन्छ । बर्सौंदेखि भरतको कामदार रहेको प्रेमलाई रगत छाद्ने र रगतै छेर्ने अनौठो रोगले गाँज्दै लगेपछि हीराले उसलाई एम्बुलेन्समा राखेर अस्पताल पुऱ्याउँछे । भरतले भने उसको उपचार नगरिकन उल्टो जागिरबाट निकालिदिन्छ । प्रेमको निम्ति रगत दिनु आवश्यक भएको हुँदा डाक्टरले आफन्तको खोजी गर्दछन् । डाक्टरले भरतलाई आफ्नो कामदारको निम्ति रगत दिन आग्रह गर्दा अघिल्लो रात मात्र आफूले प्रेमलाई नोकरीबाट निष्कासन गरेकाले ऊ आफ्नो कामदार होइन भन्दै भरत तर्किन्छ । त्यसै गरी प्रेमको निम्ति रगत दिन हीरालाई गुहार्दा उसले पनि इन्कार गर्छे र भरतकै पछि लाग्दछे । यसरी अभिभावक वा नजिकको मान्छे कोही नभएको बेवारिसे प्रेमको उपचारमा डा. जर्ज र नर्स जुडीले नयाँ प्रयोगका नाममा लापरबाही गर्छन् । अन्त्यमा सबैद्वारा परित्यक्त र अपहेलित प्रेम मृत्यु पर्खेर बस्न बाध्य हुन्छ । भरत र हीराको हृदयहीनता र डाक्टर र नर्सको लापरबाहीले अमेरिकाको अस्पतालमा प्रेमको मृत्यु हुन्छ । यतातिर पहारिलो घाममा हर पल्टाएर मनोवादको अवस्थामा स्वप्न देखेको प्रेम व्युँझदा घाम अस्ताचलतिर पुगिसकेका हुन्छन् । केही क्षण अघिसम्मको आफ्नो भयावह जीवनयात्रा जो महासङ्कटपूर्ण थियो; को निषेध गरी उपयुक्त विकल्पको वरण गर्ने अवसर पाएको जस्तो प्रेमलाई परम आनन्दको अनुभूति हुन्छ । चेतन

अवस्थामा आफ्नो अघिल्तिर लक्ष्मीप्रिया र सन्तानलाई पाउँदा ऊ खुसी हुन्छ । प्रेमलाई आफ्नो तीनतले धौलेघरले यमपुरीको महलको रूपमा भनिरहेझैँ लाग्छ : आज प्रत्येक मान्छे, हामीहरू अरूहरूको रगतले पोतिएका छौँ ! हामीहरू अरूहरूको प्रतिवाद गर्न प्रतिबद्ध छौँ ! हामीहरू यो यमपुरीको महल भोग्न अभिशप्त छौँ ।

प्रस्तुत उपन्यासको कथ्यमा सपनाका तहहरू छन्, सम्झनाका तहतह, तलातला छन् । नायकको विभ्रान्त अवस्थामा कथानक अघि बढेको देखिन्छ ।

## ५.८.५ पात्र/चरित्रचित्रण

प्रस्तुत उपन्यासमा मञ्चीय पात्रको रूपमा 'प्रेम' मात्र आएको छ । यस दृष्टिकोणले उपन्यासमा एउटा मात्र चरित्र छ भने बाँकी अरू सबै चरित्रहरू उसको सम्झनामा अन्वित छन् । अन्तर्क्रिया वा पारस्परिक क्रियाप्रधान नभएर उपन्यास आन्तरिक क्रियाप्रधान देखिन्छ । नेपथ्य पात्रसँग प्रेमले गरेका अन्तर्क्रिया विगतमा घटित भइसकेका र वर्तमानमा प्रेमका आन्तरिक क्रियालाई तीव्र र गतिशील बनाउने उद्देश्यले देखाइएका छन् । प्रेमको सम्झना/स्वप्नमा आएका पात्रहरूमध्ये हीरा, भरत, डा. जर्ज, नर्स, जुडी आदि उल्लेखनीय छन् । औपन्यासिक घटनाको भोक्ता, द्रष्टा तथा वक्ता प्रेम नै भएकाले उसलाई प्रमुख चरित्रका रूपमा लिन सकिन्छ । लक्ष्मीप्रिया प्रेमकी पत्नी हुन् भने हीरालाई सामान्यतः प्रतिनायिका भन्न सकिन्छ । भरत प्रतिनायकको रूपमा उपन्यस्त छ । डा. जर्ज र नर्स जुडी संवेदनहीन यन्त्रमानवजस्ता देखिएका छन् । अन्य चरित्रहरूमा विप्लव, शिव, सुन्दर, धना, गोपाल, शान्ति र कान्ति बालचरित्र हुन् । प्रेमको बाबु घननाथ, थमबहादुर, मदनबहादुर ठकुरी, दिलीप, ईश्वरी, पाठक, ज्याक, श्याम, केशव, रवीन्द्र, प्रताप, सुन्दर, कैलास आदि पुरुष चरित्रका रूपमा उपस्थित छन् । त्यसै गरी नारी चरित्रहरूमा प्रेमकी आमा, मेरी, विमला आदि रहेका छन् ।

उपर्युक्त पात्रहरूमध्ये थमबहादुर परममित्रका रूपमा चिनिएको छ । उसैका सहायताबाट प्रेमले 'जे वन' भिसा प्राप्त गरेको थियो । मदनबहादुर ठकुरी ठालुका रूपमा आएको छ । उसले प्रेमलाई लाञ्छित गर्दै अगतिलो भनेको छ । धना र गोपाल प्रेमका बालसङ्गातीका रूपमा आएका छन् । ईश्वरी सेभेन एलेभेन स्टोरको म्यानेजर तर प्रतिकूल चरित्रका रूपमा उपस्थापित छ । प्रतापले हितैषी मित्रका रूपमा आएका छन् । यसरी नै प्रेमको स्मरणमा आउनेहरूमा गिरिजा, प्रचण्ड र माधव भण्डारी होचिमिन्ह, बिन लादेन आदि आएका छन् । उपन्यासका मुख्य पात्र प्रेम, हीरा र भरतको चारित्रिक वैशिष्ट्यको उद्घाटन वाञ्छनीय लागेकोले त्यसको प्रयास गरिन्छ :

## ५.८.५ (क) प्रेम

**यमपुरीको महल** उपन्यासको नायक हो प्रेम । औपन्यासिक घटनाको द्रष्टा, भोक्ता र वक्तासमेत भएकाले उसलाई नायकको कोटिमा राख्न सकिन्छ । शिक्षा विषयमा स्नातक उत्तीर्ण उसको उमेर बहत्तर वर्षको छ । खाइपाई आएको शिक्षकको जागिर पनि हड्तालमा सहभागी हुँदा खुस्किएको प्रेम आवारा भई बेकारमा घुम्दा उसमा आलस्य र अकर्मण्यता पलाउन थाल्छ । सन्देह, घृणा र पापी विचार बढ्दै जाँदा थप आलस्य र अकर्मण्य बन्दै गएको प्रेम तुच्छताको अनुभव गर्दै भन्छ : 'म भुस्याहा कुकुर, सुस्तरी भुक्नसम्म सक्तिनँ ।'[१७१] पट्यारलाग्दो र निकृष्ट जीवनबाट मुक्ति पाउन उसलाई अमेरिका जाने इच्छा हुन्छ । अमेरिका जाने बेलामा घर छोड्दा

[१७१] **यमपुरीको महल, पूर्ववत्,** पृ. ४ ।

उसलाई लाग्छ : म मातृद्रोही हुँ । खासै अमेरिकाबाट नेपाल फर्कने विचार नभए पनि एउटा पाकिस्तानीले प्रायोजन (स्पोन्सर) गर्छु भनेकोले र घरकी नववधू लक्ष्मीप्रियाको सम्झनाले गर्दा ऊ नेपाल फर्किन्छ । पाकिस्तानीले प्रायोजन (स्पोन्सर) नगर्दा र आफ्नो पैसा देखाउँदा पनि प्रेमले अमेरिका, जापान वा अरबको पनि भिसा पाउँदैन । जहानपरिवारको उचित भरणपोषण गर्न नसक्दा समाजको आँखामा अगतिलो बनेर बस्नुपर्दाको पीडाले प्रेम मर्माहत हुन्छ । त्यसकारण आफ्नो मित्र थमबहादुरको सहयोगमा 'जेवन' भिसा प्राप्त गरेर ऊ दास्रो पटक अमेरिका पुगेको छ । पहिलो पटक नेपाल फर्किनु ठूलो गल्ती भएको ठान्ने प्रेम यस पटक त्यो गल्ती नदोहोऱ्याउने प्रण गर्छ । त्यसैले ऊ आफूसँगै गएका साथीसँग छेलिनको निम्ति अमेरिकाको भालुको दुलो भनिने लुरेक्याभर्नमा लुक्छ । अमेरिका प्रवासको आफ्नो दुर्दशा र निम्नगर्तको जीवन सम्झँदा भयङ्कर पीडाबोध हुनाका साथै उसलाई एकाकीपनले छोप्दै लाँदा प्रेम भन्छ : 'भीड थियो; तर सबै एकमा एक्लै थिए ।' द्विविधाग्रस्त मानसिकता बोकेको प्रेम बेरोजगारीले गर्दा स्वदेशमा फर्कन सक्दैन भने आफ्नो श्रमशोषण भएको जानीजानी हेपिएर, अमेरिकामा बस्न मन पनि हुँदैन तर सम्पूर्ण सपना डलरसँग टाँसिएकाले र अनन्त समस्याले गर्दा ऊ जतिसुकै हन्डर खाए पनि; अपमान सहनु परे पनि अमेरिकामै बस्ने निधो गर्छ । विदेशी भूमिमा बस्दा पाएका दुःखकष्ट, भय, चिन्ता, एकाकीपन, असफलता, अनिश्चितता आदिले विच्छिन्न अवस्थामा पुगेको प्रेमले आफूलाई कहिल्यै सुरक्षित महसुस गर्दैन । वास्तवमा प्रेमको चरित्रमा दुईवटा विपरीत कुरा पाइन्छन् । एकातिर ऊ भौतिकवादी देखिएको छ भने अर्कोतिर चरम निराशावादी पनि छ । 'न बन्धुमध्ये धनहीन जीवनम्' भन्दै पैसामा नै सबेथोक देखेर अमेरिका भासिएको प्रेम आफूले सोचेजति धन आर्जन गर्न नसकेपछि आफूले इच्छाएको महल बनाउन नसकेपछि भन्छ 'उत्पद्यन्ते प्रलीयन्ते दरिद्राणां मनोरथाः ।' धन मानवीय लक्ष्यप्राप्तिको मार्गमा साधन भए पनि उसलाई आफू त्यसैमा हराएको अनुभूति हुन्छ । जहानपरिवारको निम्ति धन आर्जन गर्दागर्दै आफ्नो सुखभोग गुमाउनु पर्ने परिस्थितिप्रति लक्षित गर्दै ऊ भन्छ : "हामी मानिस केवल कमाउन मात्र जन्मन्छौँ । कमाउँछौँ, मर्छौं, उपभोग नै गर्दैनौँ । खाली धनसञ्चयका लागि अभिशप्त छौँ ।"[१७२] प्रेमले आफ्नो जीवनलाई सर्वत्र विसङ्गत देखेको छ । महल बनाउने आफ्नो सपना अपुरो रहनु, पारिवारिक प्रेम प्राप्त गर्नबाट वञ्चित हुनु, हीराको यौनचाहना वा शारीरिक भोगको सम्पूर्तिको साधन बन्नु, शैक्षिक प्रमाणपत्रको अर्थहीनताजस्ता कुराले उसलाई बारम्बार पीडा दिइरहन्छन् । आफ्नो परिचय बोकेको स्वदेशी माटोलाई लत्याएर हिँडेपछि प्रेमको जीवन मध्यभागमा भाँचिएको छ, चुँडिएको छ जहाँबाट फेरि टुसाएर उसले नयाँ संस्कार, संस्कृति र रहनसहनमा आफूलाई रूपान्तरित गर्न खाज्छ तर त्यसमा पनि सफल नहुँदा विच्छिन्न बनेको छ ।

अरूहरूलाई देखाउनकै निम्ति भए पनि यौटा महल निर्माणको सपना बोकेको प्रेमले दिनरात चिसो, गर्मी, दुखसुख नभनीकन भुइँतला (बेसमेन्ट) र खुला आकाशमुनि रात कटाएर धन कमाउँछ तर बिडम्बना उसले न नेपालमा न अमेरिकामा नै महल निर्माण गर्न सक्छ । आफूले पठाएको पैसा घरमा पाए नपाएको खबरसम्म उसले पाउँदैन । जीवनभर लात, बात अनि घात सहेर आफ्नो स्वाभिमान बेचेर र आधुनिक अफ्रिकी दास जस्तो भएर पैसा प्रेमले कमाउँछ । तर आफ्नो मर्म र वेदनालाई पत्नी, छोराछोरीहरू र मालिक कसैले नबुझ्दा सम्पूर्ण कार्य व्यर्थ र निस्सार देखेको उसले जीवनको अन्त्यतिर भन्छ : "मलाई थाहा थियो, एक दिन

---

[१७२] **ऐजन**, पृ. ६१ ।

छोडेर हिँड्दा यो घर निरर्थक हुनेछ । म किन त्यो महल बनाउन लागेको थिएँ कुन्नि ? मेरो जीवन निस्सार रहेछ ।" अन्तिम अवस्थामा मृत्युसँग सङ्घर्ष गरिरहेको प्रेमलाई भरत र हीराले बेबारिसे अवस्थामा छोडेर हिँड्छन् । छट्पटाइरहेको अवस्थामा त्यतिबेला मृत्यु पर्खिरहेको प्रेम साह्रै व्यथित हुँदै कामना गर्छ : 'बाबा ! चेत खाएँ, मलाई त्यो यमपुरीको महल चाहिन्न । मलाई मेरै नरक पर्याप्त छ । सानो गाउँमा सानो किसानसित मिलेर दमनको विरोधमा आफ्नो जीवन्तता कायम राख्न पाए पुग्छ । केवल एकै सेकेन्ड म्याद थपिदेऊ मलाई जिउँदो नरकमै पौडिन पाए पुग्छ !'[१७३]

यसरी प्रेम औपन्यासिक घटनाको भोक्ता, गतिशील तथा बौद्धिक पात्रका रूपमा उपन्यस्त छ । प्रेमको जीवनभोगाइको केन्द्रीयतामा उपन्यास अगाडि बढेकाले ऊ उपन्यासको प्रमुख चरित्रका साथै द्रष्टा, भोक्ता र वक्ता पनि हो ।

## ५.८.५ (ख) हीरा

सामान्यतः प्रतिनायिका भन्न सकिने हीरा भारतीय मूलकी नागरिक हो । प्रेमलाई अमेरिकामा काम गरेर दुई छाक खानसक्ने व्यवस्था गरिदिएर हीराले गुन लगाएकी छे । भोकले सताइएको स्वदेश र आफन्तको सम्झनाले पीडित तथा बेवारिसे अवस्थाले चरम दयनीय अवस्थामा पुगेको प्रेमलाई आश्रय दिएर र भरतसँग परिचय गराएर भरतको सेभेन एलेभन स्टोरमा जागिरको व्यवस्था गरिदिएकी छे हीराले । वास्तवमा उपन्यासमा सुनिश्चित भविष्य नभएकी हीराको जीवन पनि विसङ्गत नै देखिन्छ । भरतबाट सन्तानसुख नमिल्ने हुँदा भरतले समेत आफूलाई वेवास्ता गर्न थालेकोले हीराले बिस्तारै प्रेमलाई माया गर्न थाल्छे । त्यतिमात्र नभई उसले प्रेमलाई यौन सुख र सन्तानप्राप्तिको माध्यम पनि बनाउन चाहन्छे । हीराको कामचलाउ पति वा प्रेमीका साथै कार्यसहायकका रूपमा रहेको प्रेम हीराले आफूलाई 'फुलिस', 'इडियट' वा 'डमी' भन्दा समेत खुसीको महसुस गर्दछ । उसले हीरालाई "माताजस्ती अन्नदाता, सहयोगी... हितैषी... संरक्षिका... आदरणीया... ।"[१७४] भनेको छ भने हीरासँगको साहचर्यको वृद्धि हुँदा आवश्यकता भन्दा बढ्ता लहसिएको प्रेम भन्छ : "हीरा नै एक मात्र कहिल्यै धर्म नछाड्ने अच्युत प्रेमपात्र हुन् । ... मेरो मरणको अन्तिम घडीमा एक थोपा पानीको बुँद हीराले नै छर्केलिन् ।"[१७५] प्रेमले हीराबाट धेरै पाउने आशा राखेको भए पनि हीराकै आफ्ना थुप्रै अन्तर्व्यथाहरू छन् । प्रेमसँगको आफ्नो यौनसम्बन्धको बारेमा थाहा पाएको भरतले तङ्ग गरिरहँदा दुःखी बनेकी हीराले प्रेमका माध्यमबाट सन्तानसुख चाहेकी छे । भरतले आफूलाई श्रीमती वा प्रेमिकाको अनिर्णित अवस्थामै आफ्नो घरमा राखेर शोषण गरिरहेको थाहा पाउँदा पनि केही गर्न नसक्ने हीरा पीडित चरित्र हो । भरतसँगको आफ्नो अनौपचारिक तथा अनिश्चित दाम्पत्यजीवन र वृद्धावस्थाले छोप्न थाल्दा हीरा चिन्तित बनेकी छे । स्त्रीलम्पटका रूपमा रहेको भरतसँगको सम्बन्ध कुनै पनि समयमा चुँडिने खतरा रहेकाले हीरा अनिश्चित अवस्थामै पनि आफ्नो जीवन भरतसँगै जिउन विवश छे । आफ्नै सन्तान हुर्काउन वा धर्मपुत्र पाल्न चाहने हीराको इच्छा पनि अधुरो नै रहेको छ । प्रेमको अन्तिम अवस्थामा जब ऊ रोगी भएर अस्पतालको शैय्यामा मृत्युसँग सङ्घर्ष गरिरहेको हुन्छ त्यतिबेला डा. जर्जले श्रीमती वा

---

[१७३] **ऐजन**, पृ. १४७ ।

[१७४] **ऐजन**, पृ. ४५ ।

[१७५] **ऐजन**, पृ. १२९ ।

प्रेमिका (?) को हैसियतले प्रेमको निम्ति रगत दिन हीरालाई आग्रह गर्छ । उसले भने प्रेमको आफूप्रतिको बर्सौवर्षको आस्था, सम्मान, प्रेम र आशालाई कुल्चदै; प्रेमलाई नाङ्गो, भाते भन्दै थुकेर भरतको पछि लाग्छे । आफ्नै जीवनमा विसङ्गत स्थिति भोग्न बाध्य हीराले प्रेमजस्तो अकिञ्चन व्यक्तिलाई संरक्षण दिँदै खानेबस्ने व्यवस्था गरिदिन्छे । तर मर्न आँटेको प्रेमलाई अन्तिम अवस्थामा उसले पीठ फर्काएकी छे । भरतसँगको आफ्नो साहचर्य कुनै पनि अवस्थामा खल्बलिन र टुट्न सक्ने अनिर्णित अवस्थामा बाँचिरहेकी हीराले आफूले पीडा सहेर पनि प्रेमलाई संरक्षण दिएर दुईछाक रोजीरोटीको व्यवस्था गरिदिएकीले उसको चरित्र धनात्मक देखिन्छ तर अन्तिम अवस्थाको रोगी प्रेमलाई सहयता पुऱ्याउनाको सट्टा तथानाम गाली गर्दै थुकेर पीठ फर्काएकीले प्रेमप्रतिका उसका यावत् व्यवहारहरू स्वार्थपूर्ण रहेको स्पष्ट हुन्छ । यसकारण मानिसलाई उपभोग्य वस्तु जसरी प्रयोग गरेर अन्तिम अवस्थामा फ्याँकिदिने पुँजीवादी प्रवृत्ति हीरामा रहेको देखिन्छ । भरतबाट आफू पीडित भए पनि आफूजस्तै प्रेमलाई सहयोग पुऱ्याउनुको साटो छोडेर हिँड्ने हीरा संवेदनशून्य यन्त्र मानवको कोटिमा झरेकी चरित्र हो ।

## ५.८.५ (ग) भरत

**यमपुरीको महल**मा भरत प्रतिनायकका रूपमा उपस्थापित छ । मजदुरहरूको श्रमशोषण गरेर मालिक बनेको उसले बसौँसम्म आफ्नो कामदारका रूपमा रहेको प्रेमलाई मर्ने बेलामा बर्खास्त गरेर निकृष्ट चरित्र प्रस्तुत गरेको छ । हीरालाई समेत विभिन्न प्रलोभनमा पारेर यौवनको सुवास छउन्जेल उपभोग गरेपछि पछि गएर उसले अनेक बहानामा मानसिक ताडना दिएको छ । आफ्नो सम्पत्तिको आडमा भरतले हीराको अस्मिता लुटेको छ । प्रेम अस्पतालमा छट्पटाइरहेको अवस्थामा हीराले डाक्टरसँग मेरो पति भरत हो भन्दा भरतले भन्छ : "मलाई कसरी श्रीमान् भन्छ्यौ ? न तिमी मेरी श्रीमती हौ न प्रेमिका ?"[१७६]

यसरी हेर्दा भरतले धनदौलतका आधारमा जोकसैको अस्मिता सजिलै लुट्न सकिन्छ भन्ने मानसिकता बोकेको छ । उपयोग गरेर काम लिइसकेपछि फ्याँकिदिने भरत समग्रमा पुँजीवादी चिन्तन र व्यवहार हावी भएको शोषक/खलचरित्र हो ।

## ५.८.६ परिवेश

**यमपुरीको महल**भित्रको परिवेश प्रेमको मानसिक परिवेशसँग सम्बन्धित भएर आएकाले भौगोलिक, सामाजिक, सांस्कृतिक परिवेशहरू गौण हुन पुगेका देखिन्छन् तर मानसिक रूपमै भए पनि प्रेमले राखूदेखि अमेरिकाको प्रवाससम्म भोगेको जीवनभोगाइका क्षणहरूमा उपस्थापित परिवेशको यहाँ उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

उपन्यासका घटना नेपालका राखू (म्याग्दी) आर्यघाट, बानेश्वर र अमेरिकाको भर्जिनिया, लुरेक्याभर्न, स्काइल्यान्ड ड्राइभ, ग्लिवरोडको एक घर, सब वे, मेट्रो सेन्टर, एडिसन रोड, वासिङ्गटन डी. सी. को एउटा अपार्टमेन्ट, सेवेन इलेभेन स्टोर, वेयर हाउस, भरतको घर, रेस्टुरेन्ट, अस्पताल आदि ठाउँहरूमा घटेका छन् । त्यसकारण प्रेमको स्मरणमा आएका अन्य स्थानहरूमा गलेश्वर, बेनी, मल्लाज, तीनमाने, ज्याम्रुक, पानअम, किब्रिज, पोटोम्याक नदी, सानन्दाह उपत्यका, न्युक्यारोल्टन, डाउनटाउन, किस्टल सिटी आदि रहेका छन् । सामयिक दृष्टिकोणले हेर्दा उपन्यासको अवधि प्रेमले विभ्रान्त अवस्थामा स्वप्न देखेर उठेको समयावधि

[१७६] **ऐजन**, पृ. १४० ।

बीचको ३-४ घण्टाको अवधि हो तर यसमो प्रेमको बीस वर्ष देखि बहत्तर वर्षसम्मको बाउन्न बर्से जीवन खण्ड समेटिएको छ । कतिपय राजनीतिक तथा अन्य घटनाहरूलाई समेत समेटेकाले सन् १९७० देखि २००६ सम्मको समय लिएको भन्न सकिन्छ तर पनि यो सार्वकालिक छ ।

काम र मामको खोजीमा नेपालीहरूको बिदेसिने प्रचलन पुरानो हो । मुनामदनको मदन होस् वा मुगलानको सुतार, बसाईंका हतभागी चरित्रहरू हुन् वा मुलुकबाहिरका चरित्रहरू । सबै चरित्रहरू मर्मान्तक पीडा सहेर विदेशी भूमिमा आफ्नो रगतपसिना बगाउन बाध्य छन् । यही लहरमा **यमपुरीको महल**को प्रेम आइपुगेको छ । प्रस्तुत उपन्यासको प्रमुख पात्र प्रेम शिक्षित मात्र नभएर शिक्षक पनि भएको व्यक्ति हो । उसको गन्तव्य अब ह्लासा, सिक्किम, दार्जिलिङ वा कुनै भारतीय उपमहाद्वीप नभई विश्वको सर्वाधिक वैभवशाली मुलुक अमेरिका बन्न पुगेको छ । समयको कालखण्डमा मानिसका बिदेसिनु पर्ने कारण धेरै हुन सक्छन् । युद्ध, प्राकृतिक प्रकोप, राजनीति, स्वेच्छा वा साहसिक कार्य गर्ने उत्प्रेरणा आदि । यस क्रममा कोही युद्धबन्दी हुन्छन् भने कोही शरणार्थी, दास, सैनिक, विद्यार्थी वा अन्य प्रकारका बन्दीहरू पनि हुन सक्छन् । वर्तमान परिप्रेक्ष्यमा नयाँ सपनाले तानेकाहरूको बिदेसिने क्रम तीव्र रहेको पाइन्छ । यसरी विभिन्न कारणले विदेसिएकाहरू स्वदेशमा फर्कन नसक्नु एउटा लामो तथा अनिर्णयको स्थिति हो । विदेसिएर स्वदेश फर्कने ठेगान नभएकाहरूले समय बित्दै जाँदा आफू रहैकै ठाउँमा एउटा ससानो समाजनिर्माण गरेका हुन्छन जसलाई आप्रवास भनिएको पाइन्छ । हो, यसरी विभिन्न कारणले विदेसिएर घर फर्कने ठेगान नभएका तिनै आप्रवासी मजदुरहरूको पछिल्लो लहरमा **यमपुरीको महल**को प्रेम सामेल हुन पुगेको छ ।

प्रस्तुत उपन्यासको अन्तर्तहमा सर्वत्र तनाव देखिए तापनि उपन्यासको मुटु एउटा आत्मचेतनाको उज्यालोले निर्मित छ । त्यो हो मानवीय आकाङ्क्षा । महत्त्वाकाङ्क्षाले छोपेपछि मानसिक असन्तुष्टि र अकर्मण्यता बढ्दै जाँदा व्यक्तिको आत्मविश्वास खण्डित हुन पुग्छ । सन्देह, घृणा तथा पापी विचारसँगै थप आलस्य र अकर्मण्यताले गाज्दै जाँदा उसलाई सुखको, शान्तिको र सम्पूर्ण मृगमरीचिकाहरूको भ्रान्ति हुन्छ । यस्तो अवस्थामा जीवनबाट भाग्नुको सट्टा असत्यता र अनित्यताभित्रै मात्र मानवसमुदायको जीवन्तता आत्मसात् गरेर नै कुनै व्यक्तिले समाजको वस्तुजगत्मा अस्मिताको आत्मचेतनाले उज्यालो छर्दछ ।[१७७] यो उपन्यास अर्धशिक्षित वा शिक्षित व्यक्तिले आधुनिक र अत्याधुनिक विकसित, साइबर संस्कृतिबाट बनेको अन्तराष्ट्रिय बजारमा प्रवेश गर्दा वा प्रवेश गर्ने सपना देख्दा उत्पन्न हुने दुःखकष्ट र आपत्तिको कथा हो । त्यसभन्दा माथि यसले आधुनिक जीवनको बँचाइलाई अर्थ्याउँछ । सुन्दर परिवेश व्याप्त रहेको स्वदेशमा बस्दाबस्दै आलस्य र अकर्मण्यताले छोपेको प्रेमलाई लाग्छ "म भुस्याहा कुकुर सुस्तरी भुक्नसम्म सक्तिनँ । मेरो आत्मामा एउटा शीतयुद्ध उधुम मचाइ रहेको थियो ।"[१७८] यस्तो निकृष्ट जीवनबाट मुक्त हुन उसलाई अमेरिका जाने मन हुन्छ । घर छोड्ने बेला उसलाई लाग्छ 'म मातृद्रोही हुँ' छिमेकी मदनबहादुर ठकुरीले काठमाडौँमा घर बनाउन नसक्ने अगतिलो नभनेको भए शायद प्रेमले उसको गालामा थप्पड हान्ने थिएन । विदेशमा सयौं ठक्कर र अपमान सहँदै निर्वासित भावना ग्रस्त भएर पनि प्रेम स्वदेश फर्कन चाहन्न । मदनबहादुर जस्ताले बनेको समाजलाई देखाउनकै लागि भए पनि उसले एउटा महल निर्माण गर्न खोज्छ

---

[१७७] गोविन्दराज भट्टराई, भूमिका, **यमपुरीको महल**, (अमेरिका : अनेसास, २०६४), पृ. त ।

[१७८] **यमपुरीको महल**, **पूर्ववत्**, पृ.४ ।

तर उसको कमाइ बजारभाउको तुलनामा जहिल्यै तल हुन्छ । यस कारण उसको महल अरूको भन्दा अग्लो हुन नपाउँदै ढल्छ । त्यसपछि उसलाई लाग्छ : एक जीवन हो स्वप्निल जीवन, जुन नबन्दै अन्त भइसकेको छ । सुन्दर सपनाहरू देखेर अमेरिका प्रेमले सडकमा बेसमेन्टमा, सेभेन एलेभेनमा, रेस्टुरेन्टमा अनि अवैध काममा आफूलाई निकृष्ट ठान्दै र हुँदै आत्मसम्मान गुमाएर अकल्पनीय दु:ख भोल्नुपुग्छ । त्यसबेला उसले सम्भन्छ : "मेरै स्वतन्त्रताको वरणको फल हो तर पलायनका रूपमा वरण गरिएको ।' ऊ भन्छ 'म टिक्न सकिन त्यहाँ, मलाई कति धोका दिन सक्छौ देउ यहाँ । के होला, मरुँला ।" उपन्यासमा धन सञ्चयका लागि अभिशप्त जीवनलाई देखाउन खोजिएको छ । स्वदेशी भूमि, जहानपरिवार र आफन्तहरूको सम्भनाले रातदिन सताइरहँदा पनि प्रेम नेपाल फर्कन्न जसकारण उसको जीवन अमेरिकामा क्षयोन्मुख बन्दै गैरहेको छ। यसको एउटै कारण हो उसका सम्पूर्ण सपनाहरू डलरमा गएर टाँसिनु । प्रेमले आफ्नो जीवनलाई सुकेको मकैको बोट जसले घोगा दिइसकको छ; सँग तुलना गरेको छ जसको अब कुनै उपयोगित छैन । आफू सन्ततिहरूको निम्ति धन कमाइदिन जन्मेको जस्तो ठान्ने उसलाई लाग्छ । जहानपरिवार र आफ्नै अनन्त समस्याले अभै पनि राखूदेखि डी. सी. सम्म डलरको कार्पेट ओछ्याउने माग गरिरहेछन् । भोक, निद्रा, विश्रामजस्ता यावत् कुरा त्यागेर अरूहरूलाई देखाउनकै निम्ति भए पनि मानिसले महल उभ्याउँछ तर त्यहाँ नारकीय यातना र निस्सारताबोध बाहेक अर्को हात लाग्दैन । प्रेम भन्छ : "दैवी होइन, समाजप्रदत्त कानुन होइन नैतिकताजन्य नरक हो यो ! मनुष्य स्वयम्को निर्माण हो, जसमा जीवन आहुति दिनुपर्छ ।"[१७९] उपन्यासमा हीरा र भरतबीचको अविश्वासपूर्ण र अनमेल वैवाहिक सम्बन्ध, हीरा र प्रेमको आआफ्नै स्वार्थपूर्ण सम्बन्ध, हीराको सन्तानहीनता र कुनै पनि समयमा तोडिन सक्ने भरतसँगको उसको सम्बन्ध, प्रेम र उसका परिवारबीचको सम्बन्धलाई देखाइएको छ । त्यसैगरी स्वदेश र आफन्तको सम्भनाले सताउँदा पनि विदेशमा पसिना बगाउनु पर्ने बाध्यता, अमेरिकाको चरम भौतिकवादी जीवनशैली, मानव र पशुको भिन्नता हराएको त्यहाँको संवेदनहीनताको स्थिति आदि कुराहरूले वर्तमान युगीन यथार्थ र मानवीय समस्यालाई देखाएका छन् । भूमण्डलीकरणको प्रभाव र नयाँ मान्यताहरूले गर्दा वर्तमानमा अघिका स्वर्ग र नरक पुनर्परिभाषित हुँदै गएका छन् । भूगोल, बदलिँदै छ भने संस्कृतिसमेत बदलिँदै जाँदा ठिमाहा संस्कृति एवम् मूल्यमान्यताहरूको विकास हुँदै गएको छ । धर्म एवम् त्यसप्रतिको धारणा र विश्वास बदलिँदै गएको छ । मातृभूमि स्वर्ग होइन नरक हुँदैछ भने डलरभूमि (वा सम्पन्न मुलुक) स्वर्ग भएको छ । त्यसकारण एक्काइसौँ शताब्दीका मजदुरहरू देशभित्र छैनन्, गरीब राष्ट्रका नागरिकहरू विदेशमा जोखिमपूर्ण काममा, अनिर्णयको स्थिति एवम् विच्छिन्न अवस्थामा दिन काट्न विवश छन् । यो वर्तमान यथार्थ हो । यसमा अमेरिकी हैकमवादी तथा प्रभुत्ववादी प्रवृत्तिका कारण इराकले भोगेको विपत्ति तथा नेपालको गृहयुद्ध पनि परिवेशका रूपमा उल्लिखित छन् । यसरी हेर्दा पर्यावरणका दृष्टिकोणले **यमपुरीको महल** आप्रवासका नेपाली मजदुरहरू त्यसभन्दा माथि एक्काइसौँ शताब्दीका मजदुरहरूको जीवनभोगाइको यथार्थ र तिनीहरूको मनोदशालाई उद्घाटन गर्न सफल देखिएको छ ।

## ५.८.७ भाषाशैली

[१७९] **ऐजन**, पृ. १४२ ।

भाषाशैलीका दृष्टिकोणले सुवेदीको यो उपन्यास मध्यमस्तरको देखिन्छ । यसमा भावाविव्यक्तिको सहज, सम्प्रेषणीय सरल भाषाको प्रयोग पनि गरिएको छ । यसमा संस्कृतका, भूमि, क्षुधार्त, ललाट आदि तत्सम शब्दहरूका साथै कसला, छपनी, छऱ्यास्स, अपजस्या, डिंगा, कसेर आदि पश्चिमोत्तर पहाडमा बोलिने ठेट शब्दहरूको प्रयोग गरिएको छ । गिनिपिग, कप्म्युटराइज्ड, डम, फुलिस, मप, ट्रयास आदि अङ्ग्रेजी शब्दका साथै कहीँकहीँ सम्पूर्ण वाक्यको पनि प्रयोग गरिएको छ ।[१८०] पाजी, डम, छुसी, उल्लूको पठ्ठो आदि गालीगलौजका शब्दको प्रयोग पनि उपन्यासमा गरिएको छ । उपन्यासका कतिपय ठाउँमा भाषिक त्रुटि पनि देखिन्छन्। यसबाहेक संस्कृतका 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।'[१८१] 'उत्पद्यन्ते प्रलीयन्ते दरिद्राणां मनोरथा : ।'[१८२] 'न बन्धुमध्ये धनहीन जीवनम् ।'[१८३] जस्ता सूक्तिहरूका साथै केही नेपाली उखानटुक्काको पनि प्रयोग गरिएको छ । विभिन्न अलङ्कारहरू तथा बिम्ब र प्रतीकको प्रयोगका साथै भाषामा काव्यात्मकता पनि छ । उपन्यासमा एकातिर पश्चिमेली नेपाली भाषिकाको प्रयोग गरिएको छ भने अर्कातिर आप्रवासी नेपालीहरूले प्रयोग गर्ने भाषिक प्रयोगले उनीहरूको जीवनशैलीलाई पनि झल्काएको पाइन्छ । यसले गर्दा उपन्यासमा दुई भाषिका र संस्कृतिको सम्मिलन भएको जस्तो देखिएको छ ।

शैलीगत दृष्टिकोणले **यमपुरीको महल** सुवेदीका पूर्ववर्ती उपन्यासहरूभन्दा पृथक् हुनाका साथै समग्र नेपाली उपन्यासलेखनको इतिहासमा नयाँ सम्भावनाको खोजी गर्न सक्ने देखिएको छ । उपन्यास संरचनागत, विषयवस्तुगत, शैलीगत, दार्शनिक दृष्टिकोणले पनि तुलनात्मक रूपमा नवीन देखिएको छ । यसले 'नेपाली उपन्यासमा अब एउटा नयाँ मोड ल्याएको स्पष्ट हुन्छ, एउटा नवीनतम डाइमेन्सन खोलेको स्पष्ट हुन्छ ।'[१८४] उपन्यासमा मुख्य चरित्र प्रेमको मन र शरीर विभाजित छ । विभ्रान्त अवस्थामा झैँ मनोलोकमा विचरण गर्दै उसको आत्मा अमेरिकामा पुग्छ फेरी म्याग्दीको राखूमा हुन्छ । यसमा पूर्वदीप्ति र पश्चदीप्ति पद्धतिको प्रयोग गरिएको छ । चेतनप्रवाह (वाष्पसञ्चेतना) पद्धति वा आन्तरिक एकालापीय शैलीको प्रयोग पनि उपन्यासमा गरिएको छ । यसमा विधामिश्रण गरिएको जस्तो पनि देखिन्छ । उपन्यासमा कतै संस्मरणको आभास हुन्छ भने कतै कविता पढेजस्तो र कतैकतै नाटकीयताको आभास पनि हुन्छ । यो उपन्यास एकचित्त र मनोयोगमा गरिएको मनोलोकको परिभ्रमण हो ।...प्रेमले गरेको वर्णनकथा वा अनुभूति-चित्र हो । सामान्य घटना र वर्णनात्मक विवरणलाई स्वैरकल्पना, स्वप्नवत्तत्व, परिकथा र मिथकीय तत्त्वसँग मिसाएर प्रस्तुत गरिने पराऔपन्यासिक विशेषता बोकेको हुँदा यसको लेखनशैली चमत्कारिक देखिन्छ । यसमा प्रेमको जीवनयथार्थलाई उसका स्वप्नसँग, कल्पनासँग अनि मिथकसँग मिसाएर प्रस्तुत गरिएको छ । त्यसैले प्रेम परदेशमा एक्लै बेसमेन्टमा झोक्राइरहेको बेला जन्मभूमि राखू पुग्दछ, पत्नीसँग संवाद गर्छ, बाबुआमालाई भेट्छ, गाउँलेसँग भलाकुसारी गर्छ, छोराछोरीलाई काखमा राख्छ तर यथार्थमा ऊ डरलाग्दो छिंडीमा एक्लै हुन्छ । भोकप्यासले सताइएको, कहीँ हिउँ खोस्रिरहेको, साथीहरूसँग झगडा

---

[१८०] **ऐजन**, पृ. ५१ ।

[१८१] **ऐजन**, पृ. ५३ ।

[१८२] **ऐजन**, पृ. ८१ ।

[१८३] **ऐजन**, पृ. १३४ ।

[१८४] गोविन्दराज भट्टराई, **यमपुरीको महल**, **पूर्ववत्**, पृ. द ।

गरिरहेको वा हीराको अघिल्तिर आफूलाई धिक्कारिरहेको अवस्थामा हुन्छ । उपन्यासमा सुरुदेखि अन्तसम्म नै चेतनप्रवाहपद्धतिको प्रयोग पनि गरिएको छ । सम्भवतः नेपाली उपन्यास साहित्यमा चेतनप्रवाह पद्धतिको साद्यन्त प्रयोग गरिएको पहिलो नेपाली उपन्यास यही हुनसक्छ ।

यसरी उपन्यासले आप्रवासी नेपालीहरू हुन् । विश्वका अन्य कुनै देशका कामदारहरू हुन् तिनको दर्दनाक पीडा र मर्मान्तक अनुभूतिलाई उद्घाटन गर्ने क्रममा अँगालेको शैली तुलनात्मक दृष्टिले नवीन र प्रयोगपरक छ ।

## ५.८.८ द्वन्द्व

प्रस्तुत उपन्यासमा आन्तरिक तथा बाह्य दुबैखाले द्वन्द्व रहेको छ । मुख्य पात्र प्रेमले आफ्नो जीवनमा भोगेका कष्टहरू र तज्जन्य चिन्ताबाट द्वन्द्वशील उसको मनस्थितिका कारण उपन्यासमा बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व प्रभावशाली देखिएको छ । यहाँ दुबैखाले द्वन्द्वको चर्चा गर्नु वाञ्छनीय देखिएकाले त्यसको उल्लेख गरिन्छ ।

### (क) आन्तरिक द्वन्द्व

उपन्यासको प्रमुख चरित्र प्रेमले शिक्षामा स्नातक उत्तीर्ण गरेर शिक्षण पेसा गरेको छ तर शैक्षिक हड्तालमा सहभागी भएका कारण जागिर खोसिएपछि बेकामको भैरहेको बेला अमेरिका पुग्छ । अरूलाई देखाउनकै लागि भए पनि महल निर्माण गर्ने स्वप्न देखेको उसले चाहे जति कमाइ गर्न सक्दैन । परदेशमा प्रवासी भएकै कारण पराधीन हुँदै आफ्नो श्रमको शोषण भएको थाहा पाएर पनि प्रेम चुप लाग्न विवश छ । यिनै कारणहरूले गर्दा ऊ मनोद्वन्द्वमा फसेको छ । प्रेमलाई जन्मभूमि नेपाल र कर्मभूमि अमेरिका दुबैले तानेका छन् । जन्मभूमि विगतका रूपमा आएको छ भने कर्मभूमि वर्तमानका रूपमा उपस्थित छ । प्रेमले जन्मभूमि छाड्न चाहँदैन तर त्यहाँको बेरोजगारीले गर्दा ऊ कर्मभूमि अमेरिका पुग्छ । उसको मन भने नेपालमै पुगिरहन्छ । कमाइबिनाको जन्मभूमिमा सधैँ बस्न उपयुक्त नभएकाले नै ऊ बिदेसिन बाध्य छ । यसरी जन्मभूमि र कर्मभूमि दुबैलाई गुमाउन नचाहने प्रेमको मानसिकता द्वन्द्वशील देखिन्छ । पैसा नै जीवनको उद्देश्य बनेको हुँदा त्यसैको प्राप्तिमा प्रेम तल्लीन छ तर सोचे जति कमाइ गर्न नसक्दा, परदेशमा अवैध नागरिकका रूपमा हेपिएर रहनु पर्दा र निम्नस्तरको जीवन बाँच्नुपर्दा प्रेम उद्विग्न छ । आफ्नो मुलथलोबाट छुट्टिएको, उखलिएको चिन्ता र परदेशमा गाँसिन नसक्नुको चिन्ताले ऊ छटपटाएको छ । बाबुआमा, पत्नी तथा छोराछोरीहरूको सम्झनाले एकातिर सताउँछ भने लक्ष्मीप्रिया र हीराको प्रेमभित्र लुकेका भिन्नता तथा नेपाल र अमेरिकाको रहनसहन, बाँच्ने तरिका र जीवनशैलीबाट पनि ऊ द्वन्द्वशील बनेको छ । प्रेमलाई उसको निरङ्कुश सिल्ली चेतनाले पनि द्वन्द्वशील बनाएको छ । त्यसैले ऊ भन्छ "म गिनिपिग, स्वतन्त्रताको दास; परवश; प्रतिबन्धित म छि :!" । आफूले गरेका कामको मूल्याङ्कन गर्दै ऊ सोच्छ : 'तर सधैँ बीचमा । म न यता न उता... बेचैनीमै स्नान गरिरहेको थिएँ । भौतिक, सुखसुविधा, आर्थिक वैभव र वैचारिक स्वतन्त्रता भएको भूस्वर्ग अमेरिकामा खिइँदै गैररहको मानवीय सम्बन्ध, यान्त्रिकता, स्वार्थपूर्ण व्यवहार तथा निम्नगर्तको आफ्नो जीवन सम्झँदा प्रेमको आस्था र विश्वासले पनि धोका खाएको छ । ऊ भन्छ : "कुन सत्य हो ? स्वर्ग वा

नरक ? अमेरिका वा नेपाल प्राचीन वा आधुनिक ? चीन वा भारत ? जीवन वा मृत्यु ? मर्त्यमै छु म द्वन्द्वमै । पुगेर स्वर्गमा पनि म छु बाँचेको केवल नरकमै ।" [१८५]

यसरी हेर्दा उपन्यासभित्र प्रेमको मनोद्वन्द्व सशक्त देखिन्छ । प्रेमको मनोद्वन्द्व भित्र उपन्यासको जीवन्तता निहीत छ । यसै सन्दर्भमा प्रतिनायिका हीराको मनोद्वन्द्व पनि उल्लेखनीय देखिन्छ ।

**(ख) बाह्यद्वन्द्व**

प्रस्तुत उपन्यास प्रेमको जीवनको कथा वा अन्तर्व्यथाको रूपमा आएको हुँदा बाह्यद्वन्द्व त्यति सबल छैन । मदनबहादुर ठकुरीले 'अगतिलो भन्दा गालामा थप्पड हान्न सक्ने प्रेम हीराले 'डमी', 'इडियट' आदि शब्दहरूले गाली गर्दा कुनै प्रतिक्रिया देखाउँदैन बरू त्यसमा प्रेमभाव देख्दछ । भरतले आफ्नो श्रम शोषण गरेको थाहा पाएर पनि प्रेम बोल्न सक्दैन तर सहकर्मी ईश्वरीसँग झगडा पर्दा भने ऊ लड्न तम्सिन्छ । प्रेम आफ्ना साथीभाइहरू वा अन्य कसैसँग विचार नमिल्दा झोक्किन्छ तर भरत र हीराले हरेक प्रकारले आफ्नो श्रम र यौनशोषण गर्दा एक शब्द बोल्न सकेको छैन । वास्तवमा **यमपुरीको महल** वर्तमान परिप्रेक्ष्यमा विदेशी भूमिमा हेपिएर, अवैध कामदारका रूपमा रहेका र एकाकीपन तथा परिचयहीनताको स्थितिमा रहेका - नेपाली) मजदुरहरूको जीवनभोगाइका यथार्थ र मनोदशालाई प्रस्तुत गर्ने उपन्यास हो । त्यसकारण पनि उपन्यासमा बाह्य द्वन्द्व सबल नहुनु स्वाभाविक पनि देखिन्छ ।

## ५.८.९ उद्देश्य

प्रस्तुत **यमपुरीको महल** उपन्यासको वैचारिक पक्ष सशक्त देखिन्छ । अमेरिकामा रहेका आप्रवासी नेपालीहरूको त्रासद, अनिश्चित एवम् विच्छिन्न जीवन र तिनीहरूका मानसिकताको चित्रण गर्नु यसको उद्देश्य हो । अझ यसले भूमण्डलीकरणको वर्तमान विश्वपरिवेशमा विभिन्न कारणले देश छाडेर विदेशमा बस्न बाध्य आप्रवासीहरू वा सुनौलो सपना बोकेर अमेरिका वा सम्पन्न मुलुकमा भासिएका अवैध मजदुरहरूको जीवनयथार्थ तिनको अनुभूतिलाई उद्घाटन गर्न खोजेको छ । **यमपुरीको महल** सिर्जनाको विचार, उद्देश्य र मनोविज्ञान बताउँदै लेखक भन्छन् : मानिस महल बनाएर सुखभोग गर्छु भन्दाभन्दै पु¥याउने साधनमैं/प्रक्रियामै हराउँछ । त्यही महलले उसलाई नारकीय यातना दिन्छ । प्रवासी जीवन बिताउँदा पाइने दुःख, कष्ट, भय, चिन्ता, एकाकीपन, असफलता, अनिश्चितता, स्वदेश र स्वजनसँगको विछोडको पीडा र अमेरिकामा बेवारिसे भएर खान नपाई बाँच्नुपर्दाको वेदनालाई उपन्यासले समेटेको छ र यही आप्रवासी चेतनालाई नै उपन्यासमा वैचारिक रूप दिइएको छ । उपन्यासमा कतिपय ठाउँमा सूक्तिमय कथनहरू पनि रहेका छन् । जस्तै : 'क्रान्ति कालको एकता सत्तामा आएपछि सधैं रहँदैन ।'[१८६] 'आज जीवन स्वयं एक विवशता हो ।'[१८७] 'यमपुरीको महल एउटा मृत्युको तयारी हो । यो नारकीय भूमिमा छ तर यसैमा जीवन्तता पनि छ ।'[१८८] 'सपनामा होइन विपनामा

---

[१८५] **ऐजन**, पृ. ८८ ।

[१८६] **ऐजन**, पृ. १२३ ।

[१८७] **ऐजन**, पृ. १३७ ।

[१८८] **ऐजन**, पृ. १४१ ।

बाँच्ने गर, स्वर्गमा भाग्ने होइन नरकलाई बदल्ने गर ।'[१८९] आदि । प्रस्तुत उपन्यासले हाम्रो बाध्य र आन्तरिक जीवनलाई हेर्ने दृष्टिकोण प्रदान गरेको छ । नायक प्रेमले मानवका रूपमा जिउनको निम्ति गरेका सङ्घर्षहरू र अस्पतालको शैय्यामा आसन्न मृत्युको अवस्थामा छटपटाइरहेको घटनाले मानवीय जीवनमृत्युका झल्का प्रस्तुत गरेका छन् । आस्तित्विक चेतनायुक्त मानवशरीर कामना, वासना, इच्छा र तृष्णाले तानिरहेको एउटा नर्कलोक हो भन्ने कुरा बुझाउन खोजिएको छ उपन्यासमा । अर्थात् स्वतन्त्रता र अस्तित्व भन्ने कुरा अरूसँगको अन्तरक्रियाबाट उत्पन्न हुने हुँदा व्यक्तिको स्वको उद्घाटनमा अरू नरकहरू अनिवार्य हुन्छन् भन्ने विचार उपन्यासले दिन खोजेको छ । यो **यमपुरीको महल** मान्छेको डार्कर साइडको जीवनको प्रक्षेपण हो, जसको अर्को पाटामा कोल्टे परेर जीवनदर्शन गर्न सके स्वतन्त्रता र संयमित मानवसमाजको उज्यालो देख्न पाइन्छ । **यमपुरीको महल**ले नेपाली उपन्यासमा अब एउटा नयाँ मोड ल्याएको, नवीनतम डाइमेन्सन खोलेको स्पष्ट हुन्छ । [१९०] उपन्यासको अन्ततिर लेखकले 'स्वर्गमा भाग्ने होइन नरकलाई बदल्ने गर' भन्दै जतिसुकै दुःख कष्ट भोग्नु परे तापनि अभाव, गरिबी र अन्धकारले छोपे पनि मातृभूमिबाट पलायन नहोऊ, स्वदेशलाई गिज्याउनुको साटो त्यसको भाग्य बदल्ने तर्फ अनुरोध गरेका छन् । दार्शनिक दृष्टिकोणबाट हेर्दा प्रस्तुत उपन्यास द्वन्द्वात्मक भौतिकवाद अनीश्वरवादी साङ्ख्यदर्शन तथा स्वतन्त्रता र सहअस्तित्वको परिप्रेक्ष्यमा सार्त्रको अनीश्वरवादी अस्तित्ववादको नजिक देखापर्छ । यसरी हेर्दा प्रथम नेपाली आप्रवासीय (डायास्पोरिक) उपन्यासका रूपमा देखिएको **यमपुरीको महल**को स्थान नेपाली साहित्यिक बाङ्मयमा सुदूर भविष्यसम्म सुरक्षित हुने देखिन्छ ।

## ५.८.१० कथोपकथन

कथोपकथन वा संवादका दृष्टिकोणले **यमपुरीको महल** सामान्य देखिन्छ । मञ्चीय चरित्र 'प्रेम' मात्र भएकाले यसमा संवाद नभई एकालापीय कथनको प्रयोग गरिएको छ । प्रेमको जीवनका निराशा, एकाकीपन, निस्सारता, द्वैध मनस्थिति, मानसिक सङ्घर्ष आदि भाव र अवस्थालाई उसका आत्मकथनले उद्घाटन गरेका छन् । उपन्यासको कथा प्रेमको अतीतको संस्मरण हो । हीराको घरको भुँइतला (बेसमेन्ट)मा आश्रय लिएर बसिरहेको प्रेमको हीरासँग प्रत्यक्षभन्दा टेलिफोनमा बढी संवाद भएको देखिन्छ । प्रेम र हीराका बीचमा भएको एउटा टेलिफोन संवादखण्ड निम्नानुसार रहेको छ :

"मेरो भन्नु केही छैन, यो घर यी विलासका सामान सबै बेकार लाग्छन् ।" उनको यस कुराले मेरो मन थामियो ।...

'मेरो लामो कथाले तिमीलाई पनि पगाल्यो कि के हो ?'

'म गलक्क परी हाँसेजस्तो गरी नबुझिने स्वरमा

'होइन' भनैं । उनले पुनः प्रश्न गरिन्

'कुन चाहिँ छोरो दिनसक्छु भनेको त ? विप्लव ?'

'कुन चाहन्छौ ? जुन तिमी रौज्छौ ? म पुल्किएको थिएँ ।'

'के अर्को विप्लव ?'

---

[१८९] **ऐजन**, पृ. १४९ ।

[१९०] गोविन्दराज भट्टराई, **यमपुरीको महल**, **पूर्ववत्**, पृ. ८ ।

'आफ्नै छोरो वा सौताको छोरो प्यारो लाग्छ तिमीलाई ।"[१९१]

उपर्युक्त संवाद खण्डमा भरतबाट हेपिएकी हीरा र उसकै माध्यमबाट अमेरिकामा नोकरी गरेर दुइछाक खान सक्ने अवस्थामा पुगेको प्रेमका बीचमा हीराको पीडा र सन्तानप्राप्तिको कामनामा सन्दर्भित भएर रागात्मक वार्तालाप भएको छ ।

### ५.८.११ दृष्टिबिन्दु

प्रस्तुत **यमपुरीको महल** उपन्यास 'म' पात्र प्रेमको अन्तर्व्यथा वा जीवनगाथा हो । पहारिलो घाममा हर फर्काएर सुतेको उसले विभ्रान्त अवस्थामा आफ्नो कथा स्वयम् वर्णन गरेको छ । त्यसैले यसमा प्रथमपुरुष वा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । केही ठाउँमा बाह्य दृष्टिबिन्दुको प्रयोग देखिए[१९२] तापनि मूलतः उपन्यासको दृष्टिबिन्दु प्रथमपरुष वा आन्तरिक नै हो ।

# छैटौँ परिच्छेद

## नेपाली उपन्यासको विकासमा होमनाथ सुवेदीको योगदान

वि. सं. २००४ सालमा म्याग्दी जिल्लाको ताकममा जन्मिएका होमनाथ सुवेदीले नेपाल र भारतका विभिन्न स्थानबाट स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् । यसबाहेक उनले बी. एड्. को अध्ययन पनि पूरा गरेका छन् । नेपालमा रहँदा लोकसाहित्य सहायक, नेपाली भाषालेखक, नेपाली पाठ्यक्रम विशेषज्ञ, रेडियो शिक्षामा नेपाली शिक्षा शिक्षण प्रशिक्षक आदि विभिन्न पदमा रही कार्य सम्पादन गरेका सुवेदी अमेरिका प्रवासपछि बेस्ट मेडिकल इन्टरनेसनल, स्प्रिङफिल्डमा विगत सत्ताइस वर्षदेखि कार्यरत छन् ।

नेपाली उपन्याससाहित्यको विकासमा होमनाथ सुवेदीको योगदानको उल्लेख गर्नुपर्दा उनको सङ्घसङ्गठनात्मक संलग्नतालाई बिर्सन मिल्दैन । विद्यार्थी अवस्थामा भारतको वृन्दावनमा रहँदादेखि नै सुवेदीले विभिन्न सङ्घसङ्गठनमा रहेर काम गरेका छन् । नेपाल फर्केपछि वि. सं. २०२६ सालमा धवलागिरि जनक्लब काठमाडौँको संस्थापक अध्यक्ष पदमा रहेर यिनले **धवलागिरि** साहित्यिक पत्रिकाको पनि सम्पादन गरेका छन् । नेपालमा रहँदा नेपाली भाषासाहित्यको सेवामूलक संस्थामा संलग्न भएकाले पनि उनलाई साहित्यतर्फ उन्मुख हुने वातावरण सिर्जना भएको देखिन्छ । वि. सं. २०३८ सालमा तालिमको सिलसिलामा अमेरिका पुगेका सुवेदी उतै बस्न थालेपछि त्यहाँका विभिन्न सङ्घसंस्थाहरूमा संलग्न रही नेपाली

---

[१९१] **ऐजन**, पृ. १२६-१२७ ।

[१९२] **ऐजन**, पृ. १२३ ।

भाषासाहित्यलाई विदेशी भूमिमा प्रचारप्रसार गर्न क्रियाशील रहेका छन् । उनी अमेरेकी नेपाली समाज (ANS) वासिङ्टन डी. सी.को उपाध्यक्ष, नेपाली भाषा समितिको अध्यक्ष तथा अखिल नेपाली अमेरिकी सङगठन (ANS) को उपाध्यक्षसमेत रहेका छन् । अन्तराष्ट्रिय नेपाली साहित्य समाज (INLS)को संस्थापक अध्यक्ष रहेका सुवेदी हाल सो संस्थाका Board of Trustees को अध्यक्षका रूपमा क्रियाशील छन् । यसैक्रममा उनले **अन्तर्दृष्टि** साहित्यिक त्रैमासिक पत्रिकाको प्रधान सम्पादक भई काम गरेका र हाल त्यसको संरक्षकसमेत रहेका छन् । त्यसबाहेक उनले अखिल नेपाली अमरिकी सङ्गठन युस्एको मुखपत्र तथा नेपाली भाषामा शिक्षा मुखपत्रको पनि सम्पादन गरेका छन् । अनेसासमार्फत विश्वनेर्टवर्कमा विभिन्न केन्द्रहरू खुलाएर त्यसमार्फत नेपाली शिक्षा कार्यक्रमलाई विश्वव्यापी रूपमा अगाडि बढाउने तथा नेपाली भाषासाहित्यको सम्बर्द्धन गर्ने क्रममा समेत सुवेदीको नेतृत्वदायी भूमिका रहेको छ ।

विभिन्न पुरस्कारहरूको स्थापनाद्वारा नेपाली भाषासाहित्यको उन्नयनमा निरन्तर क्रियाशील सुवेदीले व्यक्तिगत एवम् संस्थागत रूपमा नेपाली साहित्यको विकासका निम्ति अरूलाई प्रेरणा र प्रोत्साहन दिँदै आएका छन् । नेपाली कला, संस्कृति तथा भाषासाहित्यलाई विदेशी भूमिमा परिचित गराउनुमा होमनाथ सुवेदीको महत्त्वपूर्ण भूमिका रहेको छ ।

आधुनिक नेपाली उपन्यासको इतिहासमा वि. सं. २०४० को दशकको उत्तरार्ध नयाँ चरणको प्रारम्भका रूपमा आएको छ । पूर्ववर्ती दुई दशकमा नेपाली उपन्यासकारहरूले प्रस्तुत गरेभन्दा फरक शैली र विषयमा २०४० को दशकका उपन्यासहरू देखिन थालेको पाइन्छ । यस अवधिमा कलम चलाउने स्रष्टाहरूमा ध्रुवचन्द्र गौतम, प्रेमा शाह, रमेश विकल, सञ्जय थापा, कुमार ज्ञवाली, राजेश्वर देवकोटा, भीमचरण थापा, ध.च. गोतामे, केशवराज पिँडाली, मोदनाथ प्रश्रित सरुभक्त, बेञ्जु शर्मा, तारानाथ शर्मा, गणेश बराइली, भाष्करलगायतका स्थापित तथा कतिपय नवप्रतिभाहरू पनि रहेका छन् । नेपाली उपन्यास साहित्यको यही परिप्रेक्ष्यमा होमनाथ सुवेदीको उपन्यासलेखन तथा प्रकाशनको सुरुआत भएको छ ।

वि. सं. २०२५ देखि नै आफ्नो साहित्ययात्रा प्रारम्भ गरेका सुवेदीले उपन्यास, कथा, गजल, नाटक र निबन्ध आदि विविध विषयमा कलम चलाउँदै आए पनि मूलतः उनी उपन्यासकार हुन् । लगभग चारदशकदेखि नेपाली साहित्यमा समर्पित होमनाथ सुवेदीको साहित्यसिर्जना अमेरिकी प्रवासमा अत्यन्त उर्वरशील रहेको छ । वास्तवमा सुवेदीलाई नेपाली साहित्यकारका रूपमा स्थापित गराउनमा अमेरिका प्रवासपछिको लेखनले मद्दत पुऱ्याएको छ । नेपाली भाषासाहित्यको सेवा गर्ने पवित्र भावनाबाट प्रेरित भएर वि. सं. २०४८ मा स्थापित अन्तरार्ष्ट्रिय नेपाली साहित्य समाजका अमेरिकालगायत विश्वका विभिन्न देशमा चालीसवटा भन्दा बढी केन्द्रहरू रहेका छन् । अमेरिकालगायत विश्वका विभिन्न ठाउँमा छरिएर रहेका नेपालीहरूलाई सङ्गठित गर्दै नेपाली भाषासाहित्यको उन्नयन र कलासंस्कृतिको जगेर्नामा अनेसास प्रतिबद्ध देखिन्छ । यसले गर्दा दार्जिलिङ, सिक्किम, बनारस, भुटानजस्ता प्राचीन नेपाली साहित्यिक केन्द्रहरू विस्तार भएर वर्तमान अवस्थामा विश्वका कुनाकाप्चासम्म पुगेको पाइन्छ ।

नेपाली साहित्यका सन्दर्भमा आप्रवासीय लेखनको इतिहास धेरै लामो छैन । त्यसकारण नेपाली डायस्पोराका बारेमा स्पष्ट सैद्धान्तिक व्याख्या भएको पनि पाइँदैन ।

Diaspora (आप्रवास) शब्दले मूलतः इजरायल बाहिरका यहुदी समुदाय भन्ने प्राचीन अर्थ बुझाए पनि बीसौं शताब्दीमा आएर यसले आफ्नो घर (स्वदेश)बाट छरपस्ट भएका व्यक्ति वा समुदायलाई बुझाउन थालेको छ । यसको सम्बन्ध Dispersion (विकीर्ण/निर्वासन) सँग रहेको हुँदा कुनै पनि कारणले स्वदेश छाडेर बिदेसिन बाध्य समुदायलाई डायस्पोरा भन्न

सकिन्छ । आप्रवासीय साहित्य यसको मापदण्ड तथा अन्य विविध पक्षहरूबारे नेपाली साहित्यका समालोचकहरूबाट स्पष्ट व्याख्या नहुँदा आप्रवासीय साहित्यको सैद्धान्तिक अवधारणामा सिर्जना गरिएका कृतिहरूले पनि ओझेल पर्ने सम्भावना देखिन्छ ।

नेपालबाहिर रही सिर्जना गरिएका नेपाली उपन्यासहरूको सङ्ख्या नेपाली साहित्यमा झन्डै दुई दर्जन जति पुगेका छन् । यिनीहरूमध्ये होमनाथ सुवेदीका सम्पूर्ण उपन्यासहरू, मूलीवीर राईका **विसाइत** (२०५३), **छाल** (२०५६), **हरियो पर्खाल** (२०५८), **मृत शहर** (२०६१); शोभा भट्टराईको **अन्त्यहीन अन्त्य** (२०५८), निलकुमारी थेच्वभीको **आज फेरी बेड फेरिन्छ** (२०६१), गणेश राईका **राइफलको नालबाट जीवन नियाल्दा** (२०६२), सानुको **अर्धविराम** (२०६२), डा. दीपक खड्काको **च्यात्न नसकेको चिठी** (२०६३), मञ्चुश्री थापाको The Tutor of Love (2007 AD) सम्राट उपाध्यायको The Guru of Love (2007 AD) आदि रहेका छन् ।

उपर्युक्त उपन्यासहरूले नेपाली साहित्यमा नवीन ज्ञान तथा सञ्चेतनाको भण्डारणमा सहयोग पुऱ्याएका छन् । नेपालबाहिरको वातावरणमा रहेर सिर्जना गरिएका यी उपन्यासहरूमा स्वदेशप्रतिको ममतालाई केन्द्रबिन्दुमा राखिएको पाइन्छ ।

वि. सं. २०४३ देखि हालसम्म प्रकाशित होमनाथ सुवेदीका आठवटा उपन्यासहरूलाई तीन चरणमा वर्गीकरण गरेर हेर्दा प्रथम चरणअन्तर्गत **न्याउली** (२०४३), **रत्ना** (२०४३), **त्रिमूर्ति** (२०४४), **नजर** (२०४४), **वीणा** (२०४५) उपन्यास पर्दछन् । यी उपन्यासहरूमा सामाजिक जीवनका विसङ्गति अन्यायपूर्ण सामाजिक व्यवस्था तथा शोषक र शोषित वर्गको उपस्थापना गर्दै त्यसखाले प्रवृत्तिको अन्त्यप्रतिको आफ्नो चिन्तन र आक्रोश व्यक्त गरिएको पाइन्छ । औपन्यासिक शैलीशिल्प र कलात्मक सौन्दर्यप्राप्तिका दृष्टिले प्रथम चरणका उपन्यासहरू त्यति सफल नभए पनि यिनले व्यक्त गरेका विचारहरू र तदनुकूल विषयवस्तुका कारण उपन्यासकारको कल्पनाशीलता, वैचारिकता र दार्शनिक चिन्तनशीलता प्रकट भएको छ । वस्तु, शिल्प तथा वैचारिकताका दृष्टिले यस चरणमा प्रकाशित उपन्यासहरू उल्लेखनीय रहेका छन् ।

सुवेदीका दोस्रो चरणका उपन्यासअन्तर्गत **घौराली** २०५१) र **अङ्कुर** (२०५३) पर्दछन् । यिनीहरूमा एकातिर विषयवस्तुको प्रस्तुतिभन्दा अनुभूति प्रक्षेपणमा ध्यान दिइएको छ भने अर्कोतर्फ नेपाली समाजमा व्याप्त विकृति, विसङ्गति र सांस्कृतिक क्रान्तिको चित्रणका लागि सत्रबर्से किशोरको सङ्घर्षशील स्वभाव तथा स्वतन्त्रप्रिय चाहनालाई मानववृद्धि र विकासको सन्दर्भमा रेखाङ्कित गरिएको छ । उपन्यासमा सामान्य विषयवस्तु ग्रहण गरेर तिनलाई युगीन सन्दर्भ र नवीन चिन्तनका साथ प्रस्तुत गरिएको छ । दोस्रो चरणमा उपस्थापित चरित्रहरू उद्देश्यप्रति प्रतिबद्ध हुनाका साथै कर्मशीलताप्रति विश्वास गर्दै सङ्घर्षरत छन् । पात्रहरूको विकास ध्यान पुऱ्याइएकाले तिनीहरू सहज र स्वाभाविक प्रतीत हुन्छन् । वस्तु, परिवेश, भाषाशिल्प तथा वैचारिकतामा नयाँ आयाम थप्दै **घौराली** र **अङ्कुर** उपन्यासले प्रथम चरणका कतिपय कमजोरीहरूलाई हटाउँदै लगेका छन् । दार्शनिक चिन्तनको विकास, चरित्रहरूको लक्ष्यप्रतिको एकोन्मुखता, चातुर्य एवम् तिनका व्यावहारिकता तथा उचित निर्णयप्रक्रियाले औपन्यासिक सौन्दर्य प्राप्तिमा सहयोग पुऱ्याएका छन् ।

होमनाथ सुवेदीको उपन्यासलेखन यात्रामा तेस्रो चरणको सुभारम्भ गर्ने कृति **यमपुरीको महल** (२०६४) हो । सुवेदीका पूर्ववर्ती उपन्यासहरूभन्दा भिन्न यसमा संरचना, प्रस्तुति, वस्तु, चरित्र, परिवेश, भाषाशैली तथा उद्देश्यजस्ता तत्त्वहरूमा नवीनता पाइन्छ । पाश्चात्य साहित्यिक

जगत्मा विकसित अवस्थामा रहेको आप्रवासीय लेखनलाई नेपाली उपन्यास साहित्यमा अवतरण गराउँदै सुवेदीले यसमा अमेरिकामा अवैध कामदार वा आप्रवासीका रूपमा रहेका नेपालीहरूको जीवन भोगाइको यथार्थ, स्वदेश र आफन्तप्रतिको तिनको भावना र मनोदशालाई जीवन्त रूपमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत उपन्यासले अमेरिका वा अन्य देशहरूमा आप्रवासी वा अवैध कामदारका रूपमा हेपिएर र सेपिएर रहेका नेपालीहरूको त्रासद, अनिश्चित एवम् विच्छिन्न जीवन र तिनको मनोदशाको चित्रणलाई आफ्नो उद्देश्य बनाएको छ । मान्छेको जीवनभोगाइका विविध रूप र आप्रवासी नेपालीहरूको स्वदेशप्रतिको ममतालाई उपन्यासभित्र कुनै न कुनै रूपमा स्थान दिँदै आएका सुवेदीले उत्तरवर्ती चरणरमा आप्रवासीय चेतनालाई वैचारिक केन्द्रबिन्दु बनाउन खोजेको परिणामस्वरूप विभिन्न कारणले देश छाडेर विदेशिनेहरूको पीडादायी अनुभूति एवम् तिनीहरूको स्वदेशप्रतिको भावनालाई **यमपुरीको महल** उपन्यासले नवीन सन्दर्भसहित उपस्थापित गरेको छ । प्रस्तुत उपन्यासले सुवेदीको उपन्यासलेखनको यात्रामा तृतीय चरणको सुभारम्भ गर्नाका साथै नेपाली उपन्यास साहित्यमा पनि चिन्तनगत नवप्रवृत्तिको थालनीको सङ्केत गरेको छ । यसकारण पनि नेपाली साहित्य भण्डारमा आप्रवासीय साहित्यको उल्लेख्य कृतिका रूपमा **यमपुरीको महल**को स्थान सुरक्षित रहने देखिन्छ ।

नेपाली साहित्यका कविता, आख्यान, नाटक, निबन्ध तथा गजल विधामा समेत कलम चलाइसकेका सुवेदीले साहित्यमा व्याप्त कुनै पनि अतिवादी प्रवृत्तिबाट आफ्ना सिर्जनालाई मुक्त राखेका छन् । वास्तवमा होमनाथ सुवेदीका उपन्यासहरू नेपाली भाषामा लेखिएका भए पनि यिनमा निहीत विचारतत्त्वले विश्वमानवको प्रतिनिधित्व गरेका छन् । वाष्पसञ्चेतना पद्धतिमा लेखिएका सुवेदीका उपन्यासहरूमा भोलिका दिनमा जन्मिन सक्ने बाँकी अर्थका सम्भावनालाई स्वीकार गरिएको छ । त्यसकारण उनका उपन्यासहरूमा निहीत कतिपय सन्दर्भहरूलाई नेपाली समाज र चेतनाको सापेक्षतामा मात्र अर्थ्याइनु उपयुक्त देखिँदैन । **त्रिमूर्ति** उपन्यासको कथानकमा निहीत यौन अराजकता होस् वा **वीणा** उपन्यासमा निहीत मानव र मानवेतर प्राणीबीचको प्रणयसम्बन्ध होस् यिनीहरूले दिक्काल निरपेक्ष सार्वभौमिक चिन्तनको वकालत गर्नाका साथै प्रेमको अनिर्वचनीयतालाई प्रस्तुत गरेका छन् । यसरी नै **चौराली** उपन्यासमा निहीत दार्शनिक चिन्तनको विकास र **यमपुरीको महल** उपन्यासमा निहीत गरिब राष्ट्रका मजदुरहरूका मर्मान्तक पीडाहरूमा पनि सामाजिक अव्यवस्थाजन्य विसङ्गति र युगीन यथार्थ प्रसस्त फेला पर्दछन् ।

यसरी हेर्दा नेपालबाहिर रहेर नेपाली भाषासाहित्य र संस्कृतिको संरक्षण र सम्बर्द्धनमा समर्पित होमनाथ सुवेदीले नेपाली भाषासाहित्यको उन्नयनमा पुऱ्याएको योगदान औपन्यासिक क्षेत्रमा प्रारम्भ गरेको विषयवस्तुगत नयाँ आयाम र शैलीशिल्पगत नयाँ सम्भवनाको अन्वेषण अविस्मरणीय छ । यसका साथै नेपालबाहिर रहेर नेपाली लेखकहरूले भूमण्डलीकरणको वर्तमान युगमा बनाएको नेपाली सांस्कृतिक र साहित्यिक परिचयको खोज र अनुसन्धान हुनु आवश्यक देखिन्छ ।

# सातौँ परिच्छेद
## उपसंहार तथा निष्कर्ष

### ७.१ उपसंहार

वि. सं. २००४ साल पौष १४ गते सोमबारका दिन म्याग्दी जिल्लाको ताकममा होमनाथ सुवेदीको जन्म भएको हो । नेपाल र भारतका विभिन्न स्थानहरूमा रहेर यिनले नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् । यिनले नेपाली विषयमा बी. एड् को तालिम पनि प्राप्त गरेका छन् । नेपालमा रहँदा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, जनकशिक्षा सामग्री केन्द्र, पाठ्यक्रम विकास केन्द्र र रेडियो शिक्षा शिक्षक तालिम केन्द्रमा जागिरे जीवन बिताएका सुवेदी अमेरिका प्रवेशपछि अहिलेसम्म पनि बेस्ट मेडिकल इन्टर नेसनल, स्प्रिङ फिल्डमा सह-प्रबन्धक (ल्याब टेक्निसियन) का रूपमा कार्यरत छन् ।

होमनाथ सुवेदीले वि. सं. २०२५ देखि आफ्नो साहित्ययात्रा सुरु गरेका छन् । नेपाली छात्र सङ्घ, दिल्ली (भारत) बाट प्रकाशित हुने **हिमाल** पत्रिकामा 'अविवेक' शीर्षकको कथा प्रकाशित गरेर यिनले औपचारिक साहित्ययात्रा सुरु गरेका छन् । सुवेदीले नेपाली साहित्यका

उपन्यास, कविता/काव्य, कथा, निबन्ध, गजल आदि विभिन्न विधामा कलम चलाउँदै आएका छन् । यसबाहेक उनले विभिन्न स्थान र समयमा प्रकाशित पत्रिकाहरूमा लेखरचना, समसामयिक लेखहरूका साथै विभिन्न विधाका कृतिहरूमा भूमिकालेखन पनि गर्दै आएका छन् । होमनाथ सुवेदीका हालसम्म प्रकाशित **न्याउली**, **रत्ना**, **त्रिमूर्ति**, **नजर**, **वीणा**, **द्यौराली**, **अङ्कुर** र **यमपुरीको महल** उपन्यासहरूका आधारमा उनको उपन्यासकारिताको अध्ययन प्रस्तुत शोधपत्रमा गरिएको छ ।

यस शोधपत्रको उद्देश्य होमनाथ सुवेदीका उपन्यासहरूको विवेचना गर्ने रहेको छ । मानवीय जीवनको बहुआयामिक पक्षहरूलाई प्रस्तुत गर्ने उपन्यासको निर्माणमा सामान्यतः कथावस्तु, पात्र, चरित्र, परिवेश, कथोपकथन, भाषाशैली, द्वन्द्व र उद्देश्यजस्ता तत्त्वहरूलाई आधार मानेर उपन्यासको विश्लेषण गरिएको छ । पाश्चात्य तथा पूर्वीय उपन्यास साहित्यको विकासक्रमको विहङ्गावलोकन गर्दै नेपाली उपन्यासको ऐतिहासिक विकासक्रमलाई पनि समेटिएको छ । विषय, प्रस्तुति, शैली तथा थपपक्षहरूलाई मोटामोटीमा उपन्यास वर्गीकरणको आधार बनाइएको छ । यस क्रममा वि. सं. १८२७ मा शक्तिबल्लभ अर्यालले अनुवाद गरेको कृति **महाभारत विराटपर्व**देखि हालसम्मका नवचेतनामूलक उपन्यासलेखनलाई समेत प्रवृत्तिगत भिन्नताका आधारमा विभिन्न कालखण्डमा वर्गीकरण गरिएको छ । वि. सं. १९४६ पूर्वका संस्कृत स्रोततर्फ निर्भर अनूदित आख्यानहरूलाई प्राथमिक कालीन उपन्यास भनी नामकरण गरिएको छ । वि. सं. १९४६ को शिवदत्त शर्माद्वारा अनूदित **वीरसिक्का**को प्रकाशनसँगै आख्यानहरूमा देखिएका जासुसी, तिलस्मी र मनोरञ्जनात्मकताको बाहुल्य रहेका वि. सं. १९९० सम्मका आख्यानहरूलाई माध्यमिक कालीन आख्यानअन्तर्गत राखिएको छ । वि. सं. १९९१ मा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती**ले पूर्ववर्ती नेपाली उपन्यासलेखन परम्पराभन्दा भिन्न सामाजिक जीवनका यथार्थ घटनाहरूलाई विषय बनाउँदै कतिपय नवीन मान्यतालाई पनि उपस्थापित गर्न खोजेको छ । यही कृतिबाट नेपाली उपन्यासपरम्पराले आधुनिकताको स्पर्श गर्छ । हालसम्म गतिशील रहेको आधुनिक कालले विभिन्न समयमा अनेकखाले प्रवृत्तिहरूलाई आत्मसात् गर्दै अघि बढिरहेको छ । **रूपमती**बाट नेपाली उपन्यास साहित्यमा आदर्शोन्मुख यथार्थवादी धाराको सुरुआत भएको छ भने वि. सं. १९९३ मा प्रकाशित रूपनारायण सिंहको **भ्रमर**बाट स्वच्छन्दतावादी धाराको सुरु हुन्छ । वि. सं. २००४ मा प्रकाशित लैनिसिंह बाङ्देलको **मुलुक बाहिर**बाट सामाजिक यथार्थवादी धारा पनि आधुनिक कालअन्तर्गत समेटिएको छ । यसरी नै वि. सं. २०११ मा प्रकाशित हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे**बाट आलोचनात्मक यथार्थवादको आरम्भ हुन्छ । वि. सं. २०१६ सालमा प्रकाशित गोविन्दबहादुर मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल**बाट मनोविश्लेषणात्मक प्रवृत्ति भित्रिएको नेपाली उपन्यासपरम्परामा वि. सं. २०२१ मा प्रकाशित इन्द्रबहादुर राईको **आज रमिता छ**सँगै विसङ्गतिवादी धाराले प्रवेश पाएको छ । यही प्रवृत्तिलाई आत्मसात् गर्दै वि. सं. २०२२ मा प्रकाशित **शिरीषको फूल**ले अस्तित्ववादी धाराको सुरुआत गरेको छ । वि. सं. २०३० पछिको अवधिमा कुनै पनि प्रवृत्तिका उपन्यासले नेतृत्व लिन नसके पनि वि. सं. २००७ साल पछि टाउको उठाउन थालेको समाजवादी यथार्थवादी प्रवृत्तिलाई अँगालेर पनि उपन्यास रचना गरिएका छन् । यस प्रकारका उपन्यासमा मुक्तिनाथ तिमल्सिनाको **को अछूत ?** (२०११), डी. पी. अधिकारीको **आशमाया** (२०२५), खगेन्द्र सङ्ग्रौलाको **चेतनाको पहिलो डाक** (२०२७) आदि पर्दछन् ।

आख्यानको अन्त्यको घोषणासँगै उपन्यासको सिर्जनाधर्मितामा आएको परिवर्तन तथा यसका नवीन संरचनास्वरूप र विधाभञ्जन र विधामिश्रणको स्थिति रहेको पाइन्छ । यस

सन्दर्भमा डा. ध्रुवचन्द्र गौतमको **फूलको आतङ्क** (२०५५), **जेलिएको** (२०६२), तेराजको **सर्वजा** र नारायण वाग्लेको **पल्पसा क्याफे**जस्ता औपन्यासिक कृतिहरूलाई नवचेतनामूलक अथवा उत्तरआधुनिक चिन्तनयुक्त उपन्यासका रूपमा राखिएको छ । त्यसैले वि. सं. २०६० साल पछिको वर्तमान समय विविध धारा प्रवृत्तिहरूका उपन्यासहरूको संयुक्त समय हो भन्न ठहर गरिएको छ ।

चौथो परिच्छेदमा होमनाथ सुवेदीको औपन्यासिक प्रवृत्तिको निरूपण तथा संरचना, प्रस्तुति वस्तु, शिल्प तथा वैचारिकताका आधारमा सुवेदीका प्रकाशित उपन्यासहरूलाई चरणगत रूपमा विभाजन गरेर अध्ययन गरिएको छ । यस क्रममा सुवेदीका उपन्यासहरूलाई प्रथम चरण, द्वितीय चरण र तृतीय चरणमा विभाजन गरिएको छ । प्रथम चरणअन्तर्गत सुवेदीका **न्याउली** (२०४३), **रत्ना** (२०४३), **त्रिमूर्ति** (२०४४), **नजर** (२०४४) र **वीणा** (२०४५) पर्दछन् । प्रथम चरणका उपन्यासहरूमा सामाजिक जीवनका विसङ्गति अन्यायपूर्ण सामाजिक व्यवस्था तथा शोषक र शोषित वर्गको उपस्थापना गर्दै त्यसखाले प्रवृत्तिको अन्त्यप्रतिको चिन्ता र आक्रोश व्यक्त गरिएको छ । दोस्रो चरणका उपन्यासहरूमा **धौराली** (२०५१) र **अङ्कुर** (२०५३) पर्दछन् । दोस्रो चरणमा उपस्थापित चरित्रहरू उद्देश्यप्रति प्रतिबद्ध हुनाका साथै कर्मशीलताप्रति विश्वास गर्छन् । यिनमा दार्शनिक चिन्तनको विकास, चरित्रहरूको लक्ष्यप्रतिको एकोन्मुखता, चातुर्य एवम् तिनका व्यावहारिक तथा उचित निर्णयको प्रक्रियाजस्ता प्रवृत्तिहरू निहीत छन् । वि. सं. २०६४ मा प्रकाशित सुवेदीको **यमपुरीको महल** (२०६४) तृतीय चरणको सुरुआत गरेको छ । यसले विषय, संरचना, कथ्य, शिल्प तथा वैचारिकतामा समेत नयाँ आयाम थप्न खोजेको छ । यसमा विभिन्न कारणले देश छाडेर विदेसिनेहरूको पीडादायी अनुभूति एवम् तिनीहरूको स्वदेशप्रतिको भावनालाई जीवन्त रूपमा उपस्थापित गरिएको छ ।

पाँचौ परिच्छेदमा विविध वस्तु, शिल्प तथा वैचारिकतालाई प्रश्रय दिएर लेखिएका सुवेदीका आठवटा उपन्यासहरूका आधारमा उनका औपन्यासिक प्रवृत्तिहरूको निरूपण गरिएको छ । सुवेदीका औपन्यासिक प्रवृत्तिहरूमा सामाजिक यथार्थवादी प्रवृत्ति, विद्रोही चेतना, आप्रवासीय चेतना, अस्तित्ववादी प्रवृत्ति तथा नवचेतनावादी प्रवृत्ति रहेका छन् । समाजमा विद्यमान आर्थिक असमानता, राजनीतिक अस्थिरता, सांस्कृतिक विचलनशीलताजस्ता पक्षहरूका साथै विभिन्न कारणले विदेसिनु पर्ने नेपालीहरूको सामाजिक यथार्थलाई सामाजिक यथार्थवादी उपन्यासहरूले प्रस्तुत गरेका छन् । समाजभित्रको अव्यवस्थितिलाई समाधान गर्ने दिशामा चरित्रहरू असङ्गठित रूपमै भए पनि समाजमा व्याप्त घृणित तत्त्वहरू र तज्जन्य सामाजिक विसङ्गतिको भण्डाफोर गर्न चाहन्छन् । स्वदेशबाट टाढा विदेशमा रहनुपर्दा त्यहाँ भोग्नुपर्ने दुःखकष्ट, भय, एकाकीपन, परिचयहीनताजस्ता कारणबाट हुने पीडा र तिनबाट निर्मित चेतनाले पनि सुवेदीका उपन्यासमा ठाउ पाएका छन् । सुवेदीका प्रत्येकजसो उपन्यासमा मानवीय अस्तित्वमा देखिने सङ्कटहरू र त्यसको निवारणमा छट्पटिएको चरित्रको संवेदनाले पनि स्थान प्राप्त गरेका छन् । उपन्यासलेखनको उत्तरवर्ती चरणमा सुवेदीले विषयगत विविधता र शैलीशिल्पगत नयाँ सम्भावनाको खोजी गर्न थालेको पनि पाइन्छ । वर्तमान अवस्थामा ' उपन्यास मरिसके सूक्ष्म जीवन अन्वीक्षण गर भने सुवेदीले संम्रचना, वस्तु , पात्र, परिवेश, भासाशैली आदि पक्षहरुमा निजत्वको छाप छोडनु साथै वर्तमानमा मान्छेले भोगेको जीवन यथार्थलाई पनि देखाउन खोजेका छन् ।

पाँचौं परिच्छेदमा होमनाथ सुवेदीका हालसम्म प्रकाशित आठवटा उपन्यासहरूको अध्ययन-विश्लेषण गरिएको छ । उपन्यासहरूको विवेचनाका लागि कथावस्तु, पात्र, परिवेश, कथोपकथन, भाषाशैली, द्वन्द्व र उद्देश्यहरूलाई आधार बनाइएको छ ।

वि. सं. २०४३ मा प्रकाशित सुवेदीको प्रथम उपन्यास **न्याउली**मा वर्गविभेदको स्थिति, शोषक र शोषितहरूबीचको सङ्घर्ष, ग्रामीण नारीले आफ्नै जेठाजुबाट भोग्नुपरेको पीडा, जेलजीवन, निराशा, अस्मिताबोध तथा स्वतन्त्रताप्राप्तिका लागि न्याउलीले गरेको सङ्घर्षजस्ता घटनाबाट उपन्यास सजिएको छ । उपन्यासमा शोषक र शोषितवर्गका पात्रहरू रहेका छन् । न्याउली र मनले शोषित वर्गका पात्रहरूको प्रतिनिधित्व गर्दछन् भने श्रीकृष्णले शोषकवर्गको प्रतिनिधित्व गरेको छ । उपन्यासले सुरुमा आञ्चलिकता ग्रहण गर्न खोजे पनि उत्तरोत्तर रूपमा सार्वभौमिक परिवेश ग्रहण गरेको छ । एउटा गाउँलाई आधार मानेर सामाजिक शोषण अन्याय, अत्याचार र सहरमा जागरणको स्वर देखाइएकाले उपन्यासको परिवेश जीवन्त बनेको छ । संस्कृतका तत्सम शब्दका साथै अङ्ग्रेजीइतर अनेपाली शब्दहरूको प्रयोग पनि गरिएको छ । शास्त्रीयतामूलक संस्कृतका सूक्ति प्रयोगका साथै लोकाख्यानमूलक नेपाली उखानटुक्का पनि प्रयुक्त छन् । पूर्वावलोकन पद्धतिमा वर्णनात्मक शैली अपनाइएको छ । उपन्यासका चिन्तनमय कथन (सूक्ति) हरूपनि उपन्यासमा प्रयुक्त छन् । पात्रको मनमा असङ्गत भई सिर्जना हुने आन्तरिक द्वन्द्व पाइए पनि बाह्य द्वन्द्व पनि सशक्त रहेको छ । धार्मिक आडम्बर र नैतिकताको आवरणमा समाजमा विकृति फैलाउने पाखण्डीपनका विरुद्ध र नारीहरूको उन्मुक्ति र कल्याणको निम्ति गतिशील जनमत तयार पार्नु उपन्यासको उद्देश्य हो । उपन्यासमा केन्द्रीय कथ्यका वरिपरि घुम्ने परम्परागत प्रवृत्तिका विपरीत क्रमविहीन कथा प्रस्तुत गरेर आजको मान्छेले भोगेको जीवनयथार्थको चित्रण गर्न खोजिएको छ ।

सुवेदीको दोस्रो प्रकाशित उपन्यास **रत्ना** (२०४३) मा एउटी सरल र सहृदयी एवम् पतिभक्त नारीका जीवनमा सौता भन्ने कुरा कति घातक हुनसक्छ भन्ने कुरालाई वस्तुका रूपमा ग्रहण गरिएको छ । उपन्यासको कथानक रत्ना, कर्ण र सुनसरीको दैनिकी तथा कर्ण, रत्ना र सुनसरीका पत्रहरूमा आधारित छ । विषयवस्तु पुरानै भए पनि संरचनात्मक नवीनता उपन्यासले प्राप्त गरेको छ । कर्ण, रत्ना, सुनसरी र सुन्दर मुख्य पात्रका रूपमा उपस्थापित भए पनि रत्ना र कर्णलाई क्रमशः नायिका र नायक मान्न सकिन्छ । चतुष्कोणात्मक प्रेममा संलग्न कर्ण, रत्ना, सुनसरी र सुन्दरका माध्यमबाट उपन्यासकारले क्रमशः बहुदलीय व्यवस्था, समाजवाद, पुँजीवाद र अवसरवादलाई चित्रण गरेका छन् । उपन्यासको सुरु र अन्त्य बनारसको दशाश्वमेधघाटबाट भए पनि प्रमुख घटनास्थल काठमाडौंको लाजिम्पाटस्थित एउटा घर हो । प्रजातन्त्रप्राप्तिको चाहना, वाक्प्रतिबन्ध, राज्यसत्ताको दुरुपयोग, अधिनायकवादी प्रवृत्ति, पुँजीगत आतङ्कजस्ता प्रसङ्गहरूले वि. सं. २०४३ पूर्वको नेपाली राजनैतिक पर्यावरणलाई देखाउन खोजेको छ । दैनिकी, पत्र तथा संस्मरणात्मक प्रस्तुतिमा उपन्यास अडेकाले उपन्यासमा संवादको प्रयोग नगण्यमात्रामा पाइन्छ । कतिपय संवाद र पात्रका कार्यव्यापारमा चित्रात्मकता र नाटकीयताको आभास पनि पाइन्छ । संस्कृतका तत्सम शब्दका साथै सुगठित वाक्यविन्यासले भाषिक रमणीयता उत्पन्न भएको छ । द्वन्द्वका दृष्टिले रत्ना जेलिएको छ । यसमा वर्गीय द्वन्द्व, सौतासौताबीचको द्वन्द्व, वैयक्तिक आचरणका कारण उत्पन्न हुने मित्रहरूका बीचको आपसी द्वन्द्व तथा चरित्रहरूको मनोद्वन्द्व रहेका छन् । मूल रूपमा प्रेमको प्रतीक खडा गरेर राजनैतिक जीवनलाई प्रस्ट पार्नुका अतिरिक्त सौताविहीन नारी जीवनको कामना, शोषित, मजदुर एवम् पीडित महिलाहरूको पक्षमा आवाज उठाउनु उपन्यासको लक्ष्य रहेको छ ।

तेस्रो प्रकाशित उपन्यास **त्रिमूर्ति** (२०४४) मा सामाजिक जीवनमा सौतासौताबीचको सम्बन्ध, नारीपुरुषबीचको दाम्पत्य सम्बन्ध र प्रेमको अति आदर्शरूपलाई देखाइएको छ । उपन्यासको कथानकले तेत्तीस वर्षको अवधि समेटको भए पनि क्रमोच्छेद अवस्थामा रहेको छ। **दाजुभाइ-दिदीबहिनी** उपन्यासका लेखक कुसुमाकर खनालले जेलमा रहेको बेला एकै रातभित्र औपन्यासिक घटनाहरूको स्मरण गरेको छ । गोपाल, गुना र सन्तू प्रमुख रूपमा उपस्थापित छन् । गोपालको केन्द्रीयतामा मूल कथानक र स्वरूपको निर्माण भएकाले ऊ नायक हो । यसमा निम्न मध्यमवर्गीय परिवारको आर्थिक, सामाजिक समस्यालाई प्रस्तुत गरिएको छ । यसको परिवेशमा काठमाडौँ उपत्यकाको सेरोफेरो रहेको छ। यसमा विधवा विवाह, बाल विवाह र बहुविवाहजस्ता कानुनले प्रतिबन्ध लगाइएको कुराहरूको पनि चित्रण गरिएको छ। पूर्ववर्ती **रत्ना** उपन्यासका तुलनामा यसको भाषा सरल छ । शब्दहरू तत्समबहुल छैनन् । कतिपय औपन्यासिक सन्दर्भमा द्वन्द्वको अवस्था सिर्जना हुन खोजेको भए पनि **त्रिमूर्ति**को समाज निर्वासनको कारण त्यो टरेर गएको छ । मूलतः दमनको निषेध गरी स्वतन्त्रताको वरण गर्नु उपन्यासको उद्देश्य रहेको छ । मानिस आफ्नो मालिक आफै भएकाले विच्छिन्नताको अवस्था भोग्न विवश छ भन्ने विचार उपन्यासले दिन खोजेको छ।

सुवेदीको प्रकाशित चौथो उपन्यास **नजर** (२०४४) हो । उपन्यासमा खास घटना नभए पनि नायकका मनमा उत्पन्न भएका स्वतन्त्रताकाङ्क्षी अनभूतिहरूको व्याप्तिद्वारा यसले आकार ग्रहण गरेको छ । सामाजिक नियन्त्रण, दमन र परवशताले मानिसमा कस्ता कुण्ठा उत्पन्न हुन्छन् र तिनले उसलाई कसरी विकृतितर्फ धकेल्दछन् भन्ने कुरा उपन्यासले देखाउन खोजेको छ। मानवस्वतन्त्रताको मूलभूत अन्वेषण नै प्रस्तुत उपन्यासको कथावस्तुको बीज हो । नामशेष 'म' पात्रलाई उपन्यासमा एक ठाउँमा विनोद पनि भनिएको छ । यही 'म' पात्र नै घटनाको द्रष्टा, भोक्ता र वक्ता पनि हो । ऊ जीवनहीन भाषा, स्वरहीन यन्त्र, गतिहीन पवन र प्राणहीन मानवझैँ असङ्गतिमुलक प्रयत्नहरूको निरर्थक अभिव्यक्तिका रूपमा रहेर बाँचेको छ । बाह्य परिवेशको तुलनामा आन्तरिक परिवेश सशक्त रहेको **नजर**मा प्रजातन्त्र प्राप्ति पछि पनि मानिसले स्वतन्त्रपूर्वक जिउन नपाएको सन्दर्भ उल्लेखित छ। दमनचक्रबाट मुक्त हुन नसकेको परिवेशको चित्रण गर्नसक्ने तत्समबहुल भाषाको प्रयोग उपन्यासमा गरिएको छ । व्याकरिणक दृष्टिले केही आलोच्य भए पनि उपमा, रूपक, दृष्टान्त आदि अलङ्कारहरूको प्रयोगले भाषा जीवन्त बनेको छ । मान्छे पूर्ण स्वतन्त्र छैन, उसलाई एकपछि अर्को गर्दै परिस्थितिहरूले जेल्दै जान्छन् भन्ने दृष्टिकोण उपन्यासले प्रस्तुत गरेको छ । यसरी हेर्दा मानवीय स्वतन्त्रताको मूलभूत स्वरूपको अन्वीक्षण गर्नु यसको प्रमुख उद्देश्य रहेको छ।

आयामका दृष्टिले सुवेदीका उपन्यासहरूमा **वीणा** (२०४५) सबैभन्दा सानो उपन्यास हो । एउटी नारीपात्रले भोगेको समाज निर्वासनको पीडा तथा मानव र मानवेतर प्राणीका बीचको प्रेमको सम्भावनालाई यसमा प्रस्तुत गरिएको छ। उपन्यासको विषयवस्तु कल्पनाप्रसूत प्रेम हो भने त्यसलाई मनोसामाजिक धरातलले टेवा दिएको छ। मरेको कुकुरको लासमा स्वतः प्रतिबिम्बित भएको उपन्यासको कथालाई चेतनप्रवाह पद्धतिअनुरूप अगि बढाइएको छ । पूर्ववर्ती उपन्यासभन्दा भिन्न यमसा मानवेतर प्राणी कुकुरलाई पात्रका रूपमा उपस्थापित गरिएको छ । जीवनमा पुरुषसँगको साहचर्यमा धोका मात्र पाएकी वीणाले कुनै पनि पुरुष-कुकुरको मुखसम्म नहेर्ने प्रतिज्ञा गरेर आफ्नै घरमा दसवर्षसम्म गुप्तबास बसेकी छे तर भुस्याहा कुकुरको आगमनपछि उसको मानसिकतामा उथलपुथल आएको छ । कुनै पुरुष-कुकुरको स्पर्शसम्म नगर्ने वीणाको प्रतिज्ञा केवल आवेशको रूपमा आएको अभिव्यक्ति थियो भन्ने कुरा

उपन्यासको अन्त्यतिर बताउन खोजिएको छ । वर्तमान परिप्रेक्ष्यमा आफ्नो मालिकको सोझो चिताउनुको साटो कृतघ्न बन्दै गएको मानवीय प्रवृत्तिका बाबजुद आफ्नो आश्रयदाताको निमित्त कुकुरले भलो चिताएको छ । उदासीन तथा व्यक्तिवादी सहरिया प्रवृति खस्कदै गएका मानवीय मूल्य, स्वार्थी र अहम्पना, नारीहरूले सहनु परेको लैङ्गिक भेदभावको पीडा र वेदनालाई प्रस्तुत गर्न् औपन्यासिक वातावरण अनुकूल छ । शैलीपक्षबाट हेर्दा वीणा उल्लेखनीय छ । परम्परागत पाठकहरू वीणा उपन्यास पढ्दा झुक्किन सक्ने सम्भावना देखिन्छ । वास्तवमा अनुभुतिको घनत्वको निम्ति प्रत्यवलोकन, उपप्रत्ययवलोकनद्वारा जटिल अवस्थाको सिर्जना गर्न खोजिएको छ । यसले मानवीय जीवनको जटिल अवस्थालाई सङ्केत गरेको छ । प्रेम भन्ने कुरा मानवमनका बीचमा मात्र होइन मानव र मानवेतर प्राणीका बीचमा पनि हुनसक्छ; केवल एकले अर्कालाई बुझ्ने कोसिस गर्नुपर्छ भन्ने दृष्टि उपन्यासले दिन खोजेको छ ।

होमनाथ सुवेदीको उपन्यासलेखनमा दोस्रो चरणको सुरुआत गर्ने उपन्यास **द्यौराली** (२०५१) हो । विषयवस्तुको प्रस्तुतिभन्दा अनुभूतिको प्रक्षेपणमा ध्यान दिइएको **द्यौराली** उपन्यासमा द्यौरालीकै केन्द्रीयतामा जीवनजगत्को प्रेम र समाजसम्बन्धी चिन्तन गरिएको छ । उपन्यासमा नायकको कथाले कर्मशील मानवको जीवन सङ्घर्ष निरन्तरता र मृगतृष्णाहरूलाई प्रस्तुत गरेको छ । मीनूको कथाले एउटी सरल र सहृदयी ग्रामीण युवतीको आत्मकथा र नारीसुलभ भावनालाई चित्रण गरेको छ । गुज्जरेले नेपालीहरूको रोजीरोटीको समस्या र लोकजीवनको निश्छलतालाई प्रस्तुत गरेको छ । सामान्यतः उपन्यास दिक्कालको सीमामा बाँधिए पनि कालातीत सार्वभौम परिवेशको उपस्थापना यसमा गर्न खोजिएको छ । लोक जीवनका यथार्थ पक्षहरूको उद्घाटनमा कथोपकथन सहायक सिद्ध भएका छन् । पूर्ववर्ती उपन्यासका तुलनामा परिष्कृत र परिमार्जित भाषाको प्रयोग गरिएको छ । पर्वत भाषिकाका साथै छन्त्याल भाषाका प्रचलित शब्दहरूको प्रयोग पनि उपन्यासमा गरिएको छ । विभिन्न अलङ्कारहरू, बिम्ब र प्रतीकको पनि प्रयोग गरिएको छ । मानवीय चाहना र आकाङ्क्षाको प्रस्तुति गर्नु उपन्यासलेखनको प्रमुख उद्देश्य रहेको छ । द्यौराली चढ्नु भनेको जीवनमा अनवरत सङ्घर्ष गर्नु हो भन्दै उपन्यासकारले द्यौरालीतर्फको यात्रामा थकाइले चुरचुर भए पनि पहाडमाथि अधिकार जमाउन प्रयत्नशील रहनु पर्ने धारणा अघि सारेका छन् । यसमा जीवन यात्रा र त्यसैमा यौन यात्राका विभिन्न चरणसमेतका सोपानहरू छन् तर उपन्यासको केन्द्रबिन्दु मानव उत्कर्ष हो भन्ने कुरा पनि देखाउन खोजिएको छ ।

सुवेदीको उपन्यास लेखनयात्राको दोस्रो चरणमा प्रकाशित दोस्रो उपन्यास **अङ्कुर** (२०५३) हो । यसमा आदर्शवाद र भौतिकवादका बीचमा द्वन्द्व देखाई पछिल्लोप्रति समर्थन जनाइएको छ । उपन्यासको कथा नवाहका नौ दिनमा घटित घटनावलीमा आधारित भए पनि यसको कथानक क्षीण रहेको छ । परम्परागत रूपमा यज्ञमा प्राप्त सामग्रीहरू व्यक्ति विशेषमा जाने प्रवृत्तिका विरुद्ध यसमा सामाजिक चेतनाको जागरणका निमित्त पुस्तकालय स्थापना गर्ने अभियान थालिएको छ । कैलास, जीवन, विजय, रूपा र इन्द्रादेवी मुख्य पात्रका रूपमा उपस्थापित छन् । उपन्यासका पात्रहरूमध्ये पुगिसरी हुने कमै छन् भने अभाव र परम्परा वृत्तिमा बाँच्नुपर्ने अवस्थाका पात्रहरू हुन् । उपन्यासको कथा परिवारकेन्द्री भए पनि त्यसैमा वर्गीय द्वन्द्वको सिर्जना गरिएको छ । अन्धविश्वास र रूढिग्रस्त सांस्कृतिक मान्यतामा अडेको भए पनि परिवर्तनका निम्ति छटपटाएको नेपाली समाजको कथा औपन्यासिक परिवेश बनेर आएको छ । आन्तरिक कलह, सामाजिक शोषण, शीतयुद्ध, सशस्त्रीकरण, गुटबन्दी, अन्तर्घात तथा जनयुद्धका प्रसङ्गहरू पनि उपन्यासमा सन्दर्भित भएका छन् । यसमा पात्रअनुसारको संवाद

योजना रहेको छ । आफ्नो तर्कको बचाउ गर्न कैलासले उपन्यासमा चरित्रअनुसारको नरम र गरम दुबैखाले अभिव्यक्ति प्रकट गरेको छ । भाषा काव्यात्मक हुनुका साथै आलङ्कारिक पनि छ । धार्मिक, ऐतिहासिक तथा प्रचलित बिम्ब तथा यौन प्रतीकहरूको पनि उपन्यासमा राम्रो संयोजन भएको छ । द्वन्द्वका दष्टिले **अङ्कुर** सबल रहेको छ । उपन्यासको कथा परिवारकेन्द्री भए पनि त्यसैमा वर्गीय द्वन्द्वको सिर्जना गरिएको छ । बाह्य र आन्तरिक द्वन्द्व त्यत्तिकै रूपमा सबल रहेको उपन्यासमा मुख्य चरित्रहरूका जीवनका कुनै न कुनै पक्षलाई द्वन्द्वले समेटेको छ । उपन्यासले समाज सुधारात्मक क्रान्तिदर्शन, भौतिकवादको समर्थन, मानववृद्धि र विकासको अध्ययन तथा मानव उत्कर्षको अध्ययनलाई नै वैचारिक रूप दिन खोजेको छ ।

**यमपुरीको महल** (२०६४) ले सुवेदीको उपन्यासलेखनयात्रामा तृतीय चरणको आरम्भ गरेको छ । यसमा आप्रवासी नेपालीहरूले विदेश (अमेरिका)मा भोग्नु परिरहेको दुःख, कष्ट, एकाकीपन, परिचयहीनता, असफलता, आफन्तसँगको विछोडको पीडा र तिनका मनोदशालाई नयाँ ढङ्गबाट प्रस्तुत गरिएको छ । यसमा परम्पराभिन्न अत्याधुनिक सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशलाई समेट्न सक्ने विषयवस्तुको चयन गरिएको छ । पूर्ववर्ती उपन्यासहरूमा जस्तै यसमा पनि कथानक विकीर्ण अवस्थामा रहेको छ । उपन्यासको कथामा सपनाका तहहरू, सम्झनाका तहहरू रहेका छन् । नायकको विभ्रान्त अवस्थामा कथानक अगि बढेको छ । उपन्यासको मञ्चीय चरित्रका रूपमा प्रेम मात्र उपस्थित भएकाले अन्य सम्पूर्ण चरित्रहरू उसको सम्झनामा अन्वित हुन पुगेका छन् । त्यसकारण उपन्यास अन्तर्क्रिया वा पारस्परिक क्रियाप्रधान नभएर आन्तरिक एकालापीय प्रकृतिको छ । औपन्यासिक घटना, भोक्ता, द्रष्टा र वक्तासमेत भएकोले प्रेम उपन्यासको मुख्य पात्र वा नायक हो । हीरालाई सामान्यतः प्रतिनायिका भन्न सकिन्छ भने भरत शोषक/प्रतिनायक हो । उपन्यासको परिवेश मूलतः मानसिक परिवेशसँग सम्बन्धित छ तर त्यसैभित्र उपन्यासकारले अमेरिकी जीवनशैली, रहनसहन, बदलिँदो मानवीय चिन्तन र सांस्कृतिक मान्यताजस्ता कुराहरूलाई समाहित गरेका छन् । पर्यावरणका दृष्टिले **यमपुरीको महल** आप्रवासी नेपाली मजदुरहरू त्यसभन्दा माथि एक्काइसौँ शताब्दीका विश्वका मजदुरहरूको जीवनभोगाइका यथार्थ र तिनीहरूको मनोदशालाई उद्घाटन गर्न सफल छ । प्रेमको जीवनका एकाकीपन, द्वैधप्रवृत्ति, निराशा तथा मानसिक आरोहअवरोहजस्ता भाव र अवस्थालाई उसका आत्मकथनले उद्घाटन गरेका छन् ।

भाषागत दृष्टिले हेर्दा उपन्यास मध्यमस्तरको छ । यसमा नेपालको पश्चिमोत्तर पहाडमा बोलिने ठेट भाषाको प्रयोगका साथै अमेरिकामा रहेका आप्रवासीहरूले बोल्ने नेपाली भाषाको पनि प्रयोग गरिएको छ । भाषा सरल भैकन पनि यसले उपन्यासमा विशेष अर्थवहन गरेको छ । यसै गरी अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोगका साथै कहीँकतै पूर्ण वाक्यको पनि प्रयुक्ति छ । संस्कृतका सूक्तिहरूका साथै नेपाली उखानटुक्काको प्रयोगले उपन्यास सजीब बनेको छ । शैलीगत दृष्टिले उपन्यास उल्लेखनीय छ । संरचना, विषय, शैली दर्शन तथा पद्धतिगत दृष्टिकोणले पनि तुलनात्मक रूपमा उपन्यास नवीन देखिएको छ । आप्रवासी नेपालीहरू वा विश्वका अन्य कामदारहरूको त्रासद, अनिश्चित एवम् विच्छिन्न जीवन र तिनीहरूका मनोदशाको चित्रण गर्ने उद्देश्य **यमपुरीको महल**को रहेको छ । उपन्यासमा प्रेमले मानवका

रूपमा जिउनको निम्ति गरेका सङ्घर्षहरू, अस्पतालको शैय्यामा आसन्न मृत्युको अवस्थामा छटपटाइरहेको घटनाले मानवीय जीवन र मृत्युका झल्का प्रस्तुत गरेका छन् । आस्तित्विक चेतनायुक्त मानवशरीर कामना, वासना, इच्छा र तृष्णाले तानिरहेको एउटा नर्कलोक हो भन्दै व्यक्तिको 'स्व' को उद्घाटनमा 'अरू' नरकहरू अनिवार्य हुन्छन् भन्ने विचार उपन्यासले दिन खोजेको छ ।

छैटौँ परिच्छेदमा होमनाथ सुवेदीले नेपाली उपन्यास तथा भाषा साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको उल्लेख गरिएको छ । विद्यार्थी अवस्थादेखि नै साहित्य सृजनामा संलग्न सुवेदीले नेपाल र नेपालबाहिर रहेर विगत ४ दशकभन्दा लामो समयदेखि साहित्यका विभिन्न विधामा कलम चलाउँदै आउनुका साथै व्यक्तिगत तथा संस्थागत रूपमा नेपाली भाषासाहित्यको अनवरत सेवा गर्दै आएको कुरा उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

वि. सं. २०४३ सालदेखि नेपाली उपन्यासको लेखन एवम् प्रकाशनमा सक्रिय होमनाथ सुवेदीले हालसम्म आठवटा उपन्यासहरूको प्रकाशन गरिसकेका छन् । विविध वस्तु, शिल्पचेतना तथा वैचारिकतालाई केन्द्रबिन्दु बनाएर सुवेदीले उपन्याससिर्जना गरेका छन् । सुवेदीका प्रायजसो उपन्यासमा झिनो कथावस्तु तथा क्षीण कथानकको प्रयोग गरिएको छ । मानिसहरूमा मृतसम्बन्धको नभई जीवित जिम्मेदारीको अर्थवहन गर्न पात्रहरूलाई दार्शनिक धरातलमा उभ्याइएको छ । त्यसकारण सुवेदीका औपन्यासिक चरित्रहरू जीवित काममा लड्दछन् र जिउँदो जीवनको अर्थ खोज्छन् । औपन्यासिक चरित्रहरू प्रायः बौद्धिक तथा दार्शनिक चिन्तनयुक्त भएकाले दास्रो व्यक्तिसँगको संवादमा भन्दा मनोवाद वा आत्मकथनमा केन्द्रित रहेका छन् । शैलीगत दृष्टिले हेर्दा होमनाथ सुवेदी नेपाली उपन्यासपरम्परामा निजत्वको छाप छोड्न सफल देखिन्छन् । उपन्यासहरूको प्रकाशनसँगै उनमा नवीन शिल्पचेतनाको विकास हुँदै गएको छ । सामाजिक यथास्थितिमा परिवर्तन ल्याउन चाहने चरित्रहरू विद्रोहका प्रतिरूपकजस्ता देखिन्छन् । त्यसकारण उपन्यासमा आन्तरिक तथा बाह्य दुबैखाले द्वन्द्वले प्रश्रय पाएको छ । मानवीय मूल्य र मान्यताको स्थापनाका निम्ति अस्तित्वको खोजी गर्नु सुवेदीका उपन्यासहरूको प्रमुख अभीष्ट हो । आजको मान्छेका जीवनभोगाइका विविध रूप, तिनमा निहीत यथार्थ र आप्रवासी नेपालीहरूको स्वदेशप्रतिको ममतालाई उपन्यासभित्र स्थान दिँदै आएका सुवेदीले उत्तरवर्ती चरणमा यसैलाई वैचारिक केन्द्रबिन्दु बनाउन खोजेका छन् । वास्तवमा सुवेदीका उपन्यासलेखनको सार भनेको धनी र गरिबका बीचको दुरीलाई कम गरेर मानव मात्रलाई दमनको निषेध र विकल्पको वरण गर्ने योग्यता प्रदान गर्नु रहेको छ ।

वर्तमान अवस्थामा नेपालीहरूले भोग्नु परिरहेको विविध प्रकारका समस्याहरूको चित्रण गर्दै सार्वभौमिक समस्याको प्रस्तुति गर्न सफल होमनाथ सुवेदीका उपन्यासहरू नेपाली भाषामा लेखिएका भए पनि यिनमा निहीत विचारतत्त्वका कारण उपन्यासहरूले विश्वमानवको प्रतिनिधित्व गरेका छन् । समकालीन नवचिन्तनमा मौलिक विचारको समन्वय गरेर उपन्यास

सिर्जना गर्दै नेपाली भाषाबाट विश्वमानवको विचार प्रस्तुत गर्न सक्ने होमनाथ सुवेदी शक्तिशाली उपन्यासकार हुन् ।

# सन्दर्भगन्थसूची

## (क) पुस्तकसूची


उपाध्याय, केशवप्रसाद, 'मोतीरामको व्यक्तित्व र योगदान', **मोतीस्मृतिग्रन्थ**, काठमाडौँ : नेपाली शिक्षा परिषद्) ।

ओझा, दशरथ, **समीक्षाशास्त्र**, दिल्ली : राजपाल एन्ड सन्स, सन् १९७५, पृ. ३१ ।

चापागाइँ, निनु, **यथार्थवादी रचना : दृष्टि र विवेचना**, दिल वरदान-महिम चापागाइँ : २०५१, पृ. ७३ ।

जोशी, डा. कुमारबहादुर, **पाश्चात्य साहित्यका प्रमुख केही वाद**, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि. वि., २०३८, पृ. १९ ।

त्रिपाठी, वासुदेव र अन्य, **नेपाली वृहत् शब्दकोश**, काठमाडौँ : ने. रा. प्र. प्र., २०५५ ।

पराजुली, ठाकुरप्रसाद, 'धवलागिरिका कथाहरू र स्थानीय कथा क्षितिज', **धवलागिरिका कथाहरू**, काठमाडौँ : ने. रा. प्र. प्र., २०५३ ।

पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, (विराटनगर : २०४०) ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, ते. सं., काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

प्रधान, प्रतापचन्द्, **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन, २०४० ।

फिसर, अर्न्स्ट, **कलाकी जरुरत**, नई दिल्ली : राजकमल प्रकाशन, ई. १९९० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

बराल, कृष्णहरि र नेत्र एटम,**उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दो. सं. काठमाडौँ : साझा प्रकाशन, २०५८ ।

बेन्टन बिलियम र हेलेन हेभिङ्वे बेन्टन, संम्पा., **द न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**, भाग १३, शिकागो : दु युनिभर्सिटि अफ शिकागो, कपीराइट, ई. १९८१ ।

भट्टराई, गोविन्दराज, **उत्तरआधुनिक ऐना**, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६२ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

भट्टराई, शरद्चन्द्र शर्मा, **माध्यमिक नेपाली गद्याख्यान**, काठमाडौँ : ने. रा. प्र. प्र., २०५० ।

रांग्रा, रणवीर, **हिन्दी साहित्यको चरित्रचित्रणका विकास**, दिल्ली : भारती साहित्य मन्दिर, ई. १९६१ ।

राय, गोपाल, **उपन्यासका शिल्प**, पटना : बिहार हिन्दी ग्रन्थ अकादमी, ई. १९७३ ।

**वर्ल्ड बुक इन्साइक्लोपेडिया**, भाग २, लन्डन : फिल्ड इन्टरप्राइजेज, एजुकेसन कर्पोरेसन, कपीराइट, ई. १९९६ ।

वाइज बाटर, विलियम र एलिजाबेथ जे. सटउड (सं) **कोलम्बिया इन्साइक्लोपिडिया**, न्युयोर्क : कोलम्बिया युनिभर्सिटि प्रेस, ई १९५६ ।

शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा**, दो. सं. काठमाडौँ : अभिनव प्रकाशन, २०५६ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, ते. सं., काठमाडौँ : नवीन प्रकाशन, २०५१) ।

शर्मा, बालकृष्ण, **होमनाथ सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित शोधपत्र), त्रि. वि., कीर्तिपुर, २०५६ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **शोधविधि**, दो. सं., काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ते.सं., काठमाडौँ : साझा प्रकाशन, २०४६ ।

शर्मा, रमा, (सम्पा.), 'मोतीरामको व्यक्तित्व र योगदान' **मोतीस्मृति ग्रन्थ**, काठमाडौँ : नेपाली शिक्षा परिषद्, २०३९ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परिम्परा र प्रवृत्ति**, दो. सं., काठमाडौँ : साझा प्रकशन, २०६४ ।

**सुवेदी वंशावली**, काठमाडौँ : सुवेदी कल्याण प्रतिष्ठान, २०६३ ।

सुवेदी, होमनाथ, **न्याउली**, काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४३ ।

__________, **रत्ना,** काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४३ ।

__________, **त्रिमूर्ति**, काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४४ ।

__________, **नजर**, काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४४ ।

__________, **वीणा**, काठमाडौँ : नन्दादेवी मङ्गला प्रकाशन, २०४५ ।

__________, **चौराली**, अमेरिका : अनेसास, २०५१ ।

__________, **अङ्कुर**, अमेरिका : अनेसास, २०५३ ।

__________, **प्रवासी स्वर**, अमेरिका : अनेसास, २०५५ ।

__________, **आप्रवासका सुसेली**, अमेरिका : अनेसास, २०६३ ।

__________, **यमपुरीको महल**, अमेरिका : अनेसास, २०६४ ।

__________, **सेतो गाजल**, अमेरिका : अनेसास, २०६४ ।

__________, **चरिएको मुटु**, अमेरिका : अनेसास, २०६४ ।

**(ख) पत्रिकासूची**

**अन्तदृष्टि**, (वर्ष ३, अङ्क १, २०५१) ।

_______, (वर्ष ४, अङ्क २, २०५३) ।

_______, (वर्ष ५ र ६, अङ्क १ र २, २०५४) पृ. २४ ।

_______, (वर्ष ११, अङ्क ३-४, सन् २००३)

_______, (वर्ष १२, अङ्क ३, २०६१) ।

**गरिमा** (वर्ष २४, अङ्क ३, पूर्णाङ्क २७९, फागुन, २०६२), पृ १३४ ।

_______, (वर्ष २५, अङ्क २, पूर्णाङ्क २९०, माघ, २०६३) ।

_______, (वर्ष २५, अङ्क १२, पूर्णाङ्क ३००, मङ्सिर २०६४) ।

**गोरखापत्र**, (जेष्ठ ३०, २०४४) ।

**जनमत**, (वर्ष २४, अङ्क ११-१२, पौष २०६४) ।

**डी. सी. नेपाल डट. कम्**. (फेब्रुअरी ८, सन् २००८) ।

**धवलागिरिको सन्देश** (वर्ष १, अङ्क १, वैशाख, २०५२) ।

**नौलो बिहानी**, (वर्ष १, अङ्क ३-४, २०५४) ।

**मधुपर्क**, (वर्ष १९, अङ्क ६, कार्तिक २०४३), पृ. १३३ ।

_______, (वर्ष २८, अङ्क ७, पूर्णाङ्क ३१८, मङ्सिर २०५२), पृ. २२ ।
**रारा** साप्ताहिक (श्री ५ वीरेन्द्र ४२ औँ जन्मोत्सव विशेषाङ्क, २०४३) पृ. १०१
**श्री सूर्य** साप्ताहिक, (वर्ष १, अङ्क ८, मङ्सिर, २०५४) ।
**समीक्षा** सप्ताहिक -वर्ष २८, अङ्क ६, सङ्ख्या ८५५) ।

**हिमाल**, (वर्ष १, अङ्क १, २०२५) ।
**हिमालय टाइम्स**, (साउन २३, २०५३) ।